भाषा आन्दोलनः कसरी हुन थाल्यो नेपालमा जाति-भाषा क्षेत्रमा शासकहरुद्वारा भेदभाव ?
*-प्रा. माणिकलाल श्रेष्ठ*



# मूल्याङ्कन


विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ६९


मूल्य रु. २०/-
भारतमा भा.रु. १४/-

## उच्च नैतिकता र संस्कृतिका हिमाल रुपचन्द्र विष्ट

(रुपचन्द्रबारे थप विश्लेषण र संस्मरण)



# कस्तो प्रजातन्त्र छ क्यूबामा ?




*मेडिआ बेन्जामिनद्वारा अनुदित र सम्पादित/ खगेन्द्र संग्रौलाद्वारा अंग्रेजीबाट नेपालीमा अनुदित ।*

सम्पर्क:
**स्पेस, पाटनढोका, ललितपुर**
फोन नं. ५३०६६७ पो. ब. नं. ९६३६

# होण्डुरसकी महिलाको हृदयको आवाज !

*ल्याटिन अमेरिकी देश होण्डुरसमा भएका जनसंघर्षहरूको नेतृत्व गर्ने कुशल संगठक एल्भिया आल्भारादोको रोचक, रोमाञ्चक, प्रेरक र ज्ञानबर्द्धक आत्मकथा !*

**यसका थप आकर्षणहरू:**

◆ होण्डुरसमा भएका संघर्षको रूपरेखा । ◆ तथ्यका पानामा होण्डुरस ◆ होण्डुरसेली ऐतिहासिक समयक्रम ◆ राजनैतिक पार्टीहरू, सशक्त विरोधीहरू र प्रमुख किसान संगठनहरूको परिचय ◆ होण्डुरसलाई अमेरिकी आर्थिक तथा सैनिक सहयोग ◆ होण्डुरसमा अमेरिकी-होण्डुरसेली सैनिक संरचनाहरू

प्रख्यात अमेरिकी विद्वान नोम चोम्स्कीको आँखामा एल्भिया अल्भारादो: एल्भिया अल्भारादोका अन्तरदृष्टिहरू सरल र मर्मभेदी छन् । जसरी उनको साहस र उपलब्धि मर्मस्पर्शी छ, उसैगरी उनले दिएको किसानको जीवनको बृतान्त पनि मर्मस्पर्शी छ ।"

जनमुखी विकाससम्बन्धी अन्तर्क्रिया र सामुदायिक विकासको उत्प्रेरणाका निम्ति प्रकाशित चौमासिक

# विकास

# नेपालको शिक्षा व्यवस्थामा किन र कसरी प्रजातान्त्रीकरण गर्नु पर्दछ ?

*शिक्षा प्रणालीमा प्रजातान्त्रीकरणको प्रश्न*




**मूल्य रू. २०।- मात्र**

❑ शैक्षिक प्रजातान्त्रीकरणमा देखापरेका चुनौतिहरू
-डा. मीनबहादुर विष्ट

❑ **शिक्षा क्षेत्रमा पनि भाषाको मामिलामा राज्यको नीति पक्षपातपूर्ण छ !**
-डा. कमलप्रकाश मल्ल

❑ **शिक्षामा प्रजातान्त्रीकरण: दलितहरूले के पाए त ?**
-डा. विद्यानाथ कोइराला

❑ **शिक्षा पनि एउटा राजनीतिक कार्य हो**
-डा. पूर्णकान्त अधिकारी

◆ चतुरे कारखानाबाट उत्पादित भरियाहरू
-शरद पौडेल

**शिक्षामा सुधार: कति प्रतिबद्ध छन् पार्टीहरू ?**

*-नेपाली कांग्रेसका नेता नरहरि आचार्य, नेकपा एमालेका नेता मोदनाथ प्रश्रित र राप्रपाका नेता मोहमद मोहसिनका अन्तर्वार्ताहरू*

**नयाँ अंक बजारमा उपलब्ध छ**

***साथमा,***
प्रसिद्ध वैज्ञानिक अल्बर्ट आइन्स्टाइन, चाणक्य, प्रख्यात साहित्यकार पारिजात, पवन चामलिङका शिक्षा सम्बन्धी विचारहरू !

*शिक्षा क्षेत्रसँग सम्बन्धित शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारीदेखि शिक्षाशास्त्रीहरू र नीति-निर्माताहरूले समेत पढ्नै पर्ने विशेष अंक !*

*प्रकाशक: आविम, पो ब. न. ७७३१, काठमाडौं । फोन: ३३२२४४*

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १७, पूर्णाङ्क ६९
साउन-भदौ / २०५६



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित



**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१६१, पुतलीसडक, काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्सः ४२३५४६
पो. ब. नं. ७०५०, काठमाडौं
e-mail : mulyankan@hons.com.np


## कस्तो प्रजातन्त्र छ क्यूबामा ?

क्यूबाका राष्ट्रपति फिडेल क्यास्त्रोसँगको विशेष अन्तर्वार्ता

**हामीले जनतन्त्रको अभिव्यक्तिको हाम्रो स्वरूप फेला पारेका छौं**



**पूँजीवादी मुलुकको तुलनामा क्यूबाली समाज धेरै नै न्यायपूर्ण छ, धेरै समतामूलक छ र मानवीय छ**

*विशेष अन्तर्वार्ता क्यूबाली राजदूत श्रीमती लिक् ओल्गा चमेरो ट्रियससँग*



## उच्च नैतिकता र संस्कृतिका हिमाल रूपचन्द्र

रूपचन्द्र विष्टबारे थप विश्लेषण र थप स्मरण !


## भाषा आन्दोलन

**कसरी हुन थाल्यो नेपालमा जाति-भाषा क्षेत्रमा शासकहरूद्वारा भेदभाव ?**

◆ प्रा. माणिकलाल श्रेष्ठ
साथमा, क. पद्मरत्न तुलाधरको विचार


**हाम्रो मूल्यांकन**
फेरि आउँदैछ कालो कानून !? ४
**घटना र प्रवृत्ति**
नेपाल भारत विद्युत व्यापार सम्झौताः नेपाल नबाँधिनु नै फाइदा -दीपक ज्ञवाली १५
मेलाम्ची किनारका मानिसहरूको आवाज १६
रूपचन्द्र विष्ट स्मारक तदर्थ समितिको गठन ४४
**आत्मकथा**
सात सालको क्रान्तिको लगत्तै मैले नेपाली कांग्रेस छोडिदिएँ -क. निर्मल लामा २८
**दर्शन**
भौतिकवादी सोचले भरिपूर्ण पूर्वेली दर्शनः सांख्य ३०
**नीति / संस्कृति**
उच्च नैतिकता र संस्कृतिका हिमालः रूपचन्द्र विष्ट ३१
**व्यंग्य**
हिउँको बाघ -विमल निभा २३
**उपन्यास**
जानकी बाजेको छोराले पिटाइ खायो -इस्माली २४
**जीवनको झाँकी**
पार्टी एकताको प्रयास *(नक्सलवादी नेता क. नागभूषण पटनायकको आत्म बलिदानले भरिएको संघर्षको गाथा)* २०
**विश्व कम्युनिष्ट आन्दोलन**
माओकी छोरी फेरि राजनीतितर्फ ! २२
गोन्जालोको गिरफ्तारीपछि साइनिङ पाथका सर्वोच्च नेताहरू पनि गिरफ्तार ४४
टुपाक आमारूका नेताहरूलाई कठोर सजायँ ४४
कोलम्बियाः वामपन्थी छापामारहरूले आधा देश कब्जा गरे ४५
कुर्द नेतालाई मृत्युदण्डको सजायँ सुनाइएपछि.. ४५
**अर्थतन्त्र**
बजेटः दिशाहीनताकै अर्को नमूना १७
**अन्तर्क्रिया**
भाषा आन्दोलनः कसरी हुन थाल्यो नेपालमा जाति-भाषा क्षेत्रमा शासकहरूद्वारा भेदभाव ? -प्रा. माणिकलाल श्रेष्ठ (साथमा, क. पद्मरत्न तुलाधरको विचार) ३८
पाठकको कुरो ४६


**छाप्दा छाप्दै**



क. निर्मल लामा भोजन नलीमा क्यान्सर रोगका कारण गम्भीर रूपमा अस्वस्थ हुनु भएको छ । हामी उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।
*-मूल्यांकन*

## मूल्यांकन अब इन्टरनेटमा पनि

मूल्यांकन मासिक इन्टरनेटमा पढ्नका लागि निम्न वेभ साइटमा हेर्नुहोस्
**www.webnepal.com/mulyankan**


आवरणमा : क. फिडेल क्यास्त्रो (फोटो साभारः Time)
आवरण सज्जाः सुन्दर बस्नेत, बागबजार फोनः २५२६४५ / कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, यति आर्ट, पुतलीसडक । फोनः २४७१८२
मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

# फेरि आउँदैछ कालो कानून !?

नेपालमा गत २०५२ फागुनदेखि विभिन्न जिल्लाहरूमा ने.क.पा. माओवादीले शुरू गरेको 'जनयुद्ध' दबाउने नाममा २०५४ सालमा तात्कालीन चन्द-एमाले सरकारले कालो ऐन ल्याउन खोजेको थियो । प्रहरी-प्रशासनलाई शंका लागेको भरमा पनि नागरिकहरूलाई थुन-छेक गर्न पाउने प्रावधानयुक्त उक्त 'कालो ऐन'ले प्रहरी-प्रशासनका हातमा नांगो रूपमा अथाह स्वेच्छाचारी अधिकार प्रदान गर्न खोजेको यस घटनाका विरूद्ध त्यतिखेर विभिन्न राजनीतिक पार्टीहरू, मानवअधिकारवादी संस्थाहरू र स्वतन्त्र बौद्धिक व्यक्तिहरू समेतले आन्दोलन नै गरेका थिए । आन्दोलनको दबावले गर्दा सरकारले सो ऐन संसदमा ल्याउन सकेन । पुनः अर्को बर्ष त्यस्तै विधेयक संसदमा ल्याउन खोजियो । ब्यापक जनविरोधको कारणले त्यो प्रयत्न पनि विफल भयो । अहिले पुनः माओवादी 'जनयुद्ध'लाई दबाउने नाउँमा यस्तै अर्को 'कालो विधेयक'को मस्यौदा तयार गर्न सरकार लागेको बुझिएको छ ।

यसरी बारंबार यस्तो कालो विधेयक ल्याउन खोज्नुको कारण के देखिन्छ भने , नेपालमा देश चलाउने जिम्मा पाएका पार्टी र तिनका अगुवाहरूमा माओवादी समस्या गंभीर राजनीतिक समस्या नभएर प्रशासनिक समस्या हो भन्ने ठूलो भ्रम छ र उनीहरू प्रशासनिक डण्डाको सहारले यो समस्या हल गर्न खोज्दैछन् , जुन असंभव छ । यस्तो प्रतीत हुन्छ, उनीहरूमा प्रजातान्त्रिक मूल्य, मान्यताहरू र समस्या समाधान गर्ने प्रजातान्त्रिक बाटोउपर कुनै विश्वास छैन । यो घटनाले के पनि प्रष्ट पार्दैछ भने, २०४६ सालको जनआन्दोलनको सफलताबाट निस्तेज र पराजित भएका निरंकुश तत्वहरू माओवादी समस्याका नाममा पुनः सेना, प्रहरी र प्रशासनमार्फत यस्तो कालो विधेयक ल्याउने दवाव दिएर नेपालको पूँजीवादी प्रजातन्त्रलाई पुनः नाम मात्रको पार्ने षडयन्त्र गर्दैछन् र त्यस प्रकियामा २०४६ सालको आन्दोलन हाँक्ने अगुवाहरू समेत फस्न लागीरहेछन् ।

"नागरिक अधिकार ऐन २०१२"लाई संशोधन गर्न बनेको विधेयकको रूपमा तयार हुन लागेको सो मस्यौदाका बुँदाहरू भनी चर्चित प्रावधानहरूलाई हेर्दा यो ऐनद्वारा प्रशासनलाई निरंकुश पार्न र विरोधीहरूमाथि जथाभावी आक्रमण गर्न कांग्रेसी सरकार इच्छुक र उद्यत देखिन्छ । प्रहरीले मस्यौदा गरी गृह मन्त्रालयमा बुझाएको र कानून मन्त्रालयको समेत आवश्यक परामर्श लिइएको भनिएको सो प्रस्तावित विधेयकमा सरकारद्वारा आतंककारी कार्यमा संलग्न भनेर आशंका गरिएका जोकोहीलाई पनि बिनापूर्जी गिरफ्तार गर्न सकिने, बिनासूचना घर, पसल र सवारी साधनको खानतलासी लिन सकिने व्यवस्था गरिएको बुझिएको छ । यसो गर्दा कसैले प्रतिरोध स्वरूप बाधा विरोध गरेमा 'आवश्यक बल प्रयोग गर्ने र शंका लागेको व्यक्ति भागी वा उम्कीजाने वा पक्रन नसक्ने अवस्था देखियो भन्ने निहुँमा जोकसैमाथि पनि आवश्यक बल र हतियार समेत प्रयोग गर्ने अधिकार यसले प्रहरी-प्रशासनलाई दिएको छ ।

यो प्रावधानले मुलुकमा हाल बढ्दै गइरहेको सरकारी स्वेत-आतंकलाई वैधानिकता र निरन्तरता दिने प्रष्ट नै छ । अहिले नै पनि माओवादीसँगको मुठभेडका नाममा निर्दोष जनतालाई मार्ने काम सरकारले ब्यापक रूपमा गरिरहेछ । पचासौं ब्यक्तिहरूलाई पक्राउ गरेर बेपत्ता पारिएको छ । कतिपय राजनीतिक पार्टीहरू र मानवअधिकारबादी संस्थाहरू र बेपत्ता परिएका ब्यक्तिहरूका आफन्तहरूको पहलमा उनीहरूबारे सोधपूछ गर्दा 'तिनीहरू मारिइसके' भनी प्र.मं. कृष्णप्रसाद भट्टराई स्वयम्ले भनीरहेका छन् । अहिले नै यस्तो निरंकुश र छाडा रबैया बोकेको सरकार यदि यो 'कालो ऐन' आएमा कत्ति निरंकुश र छाडा बन्ला ? सहजै अनुमान गर्न सकिन्छ ।

पीडित ब्यक्तिहरूको पक्षमा बोल्नेलाई समेत एक वर्ष कैद वा २ हजार जरिवाना हुने वा दुवै सजाय हुने र आशंका लागेको ब्यक्ति विदेशमा भएतापनि उसलाई सजाय हुने भन्ने प्रस्तावित कानूनी प्रावधानहरूले नागरिकको वाक तथा प्रकाशन स्वतन्त्रतालाई र हिंडडुल गर्ने हकलाई समेत कुंठित गर्ने प्रष्ट नै छ । कसैले आतंककारी तथा विध्वंसात्मक कार्य गरेमा वा सो कार्य गर्न प्रोत्साहन दिएमा वा विवश गराएमा वा सो कार्य गर्न लगाउनका लागि एकभन्दा बढी ब्यक्ति जम्मा गरेमा नागरिक अधिकार हनन भएको मानिने र सो गरेबापत कारबाही हुने भन्ने व्यवस्थाले त यदि यो विधेयक पास भई ऐन बनेमा मुलुकमा कहीँकतै शान्तिपूर्ण जुलूस वा सभा गर्न पनि नपाइने स्थिति पैदा हुन सक्नेछ ।

यस्तो अप्रजातन्त्रिक र मनपरीतन्त्रयुक्त कानूनको सृजना गर्ने कुरामा अहिले नेपाली कांग्रेसभित्र भिनो भिन्नमत रहेको देखिन्छ । तर "दमनद्वारा माओवादी समस्या हल गर्ने" धारणा ब्यक्त गर्ने प्र.मं. भट्टराईसँग कठोर रूपमा असहमत ब्यक्तिहरू नेपाली कांग्रेसमा रहेका देखिन्नन् । एकातिर, अर्थमन्त्री महेश आचार्यको बजेट प्रस्तावमा "वीर गणेशमान शान्ति अभियान"को नाममा माओवादी पार्टी त्यागी आत्मसमर्पण गर्नेहरूलाई र माओवादीविरूद्ध सुराकी गर्नेहरूलााई मोटो रकम पुरस्कार दिने घोषणा गरी सरकार पैसाको खोलो बगाउँदैछ भने अर्कातिर, कालो कानूनद्वारा अन्ध दमनको बाटो पनि खोल्दैछ । सरकारका यी दुवै पहलहरूले माओवादी जनयुद्धको समस्यालाई राजनीतिक रूपमा हल गर्ने जरूरी दिशामा अघि बढ्नमा सरकारको अरूची र उदासिनता रहेको प्रष्ट पारेको छ । ( यसैबीच, यो पंक्ति नछापिँदै यही भाद्र १ गते नेपाली कांग्रेस केन्द्रिय समितिको ३ दिने बैठकपछि यस पार्टीले माओवादी समस्याका बारेमा तीव्र प्रतिकियासहितको विज्ञप्ति जारी गरेको छ । ने. का. ले यस बैठकमार्फत् औपचारिक रूपमा सरकारलाई माओवादी जनयुद्ध दबाउन 'आवश्यक प्रशासनिक, राजनीतिक र कानूनी कदम चाल्न' निर्देश गरेको छ । तर यसले अनौपचारिक र गोप्य रूपमा भने छिट्टै कालो ऐन ल्याउन अन्हाएको कुरा बुझिएको छ । )

प्रस्तावित कालो ऐनबारे प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको आधिकारिक धारणा बाहिर आएको छैन । यसको यो मौनता पनि आलोच्य रहेको छ ।

यस स्थितिमा, हामीलाई लाग्छ- संभावित कालो ऐनको प्रस्तावका विरूद्ध मुलुकका सबै जनपक्षीय शक्ति र ब्यक्तिहरू एकताबद्ध भई यसको सशक्त विरोध हुनु जरूरी छ । एमालेले यसमा रूची नराख्नु उसकै निम्ति समेत हानीकारक छ । कारण, स्वेच्छाचारी ऐन-कानून बन्नु भनेको सत्ताबाहिरका सबैका लागि हानीकारक कुरा हो । हिजो चन्द-एमाले सरकारको पालामा मानवअधिकारको पक्षमा खडा भएका कतिपय कांग्रेसीहरू पनि यसका विरूद्ध चाहिँ नजुट्ने हो भने यो उनीहरूको अवसरवादी र अनैतिक भूमिका ठहरिनेछ । कालो ऐन रोक्नु र माओवादी समस्याको समाधान राजनीतिक रूपले खोज्नु नै आज मुलुकका जिम्मेवार सबैको एउटा महत्वपूर्ण दायित्व हो भन्ने हामीलाई लाग्छ । ❑



# कस्तो प्रजातन्त्र छ क्यूबामा ?

◆ दीपक वैद्य

क्यूबामा समाजवाद छ, सन् १९५९ देखि नै । तर क्यूबाली समाजवाद अचम्मको छ । विशेष गरी, प्रजातन्त्रको मामलामा क्यूबामा जनतालाई आफ्ना प्रतिनिधि चुन्ने मात्र हक छैन, तिनीहरूलाई कुनै पनि बेला फिर्ता बोलाउने हक पनि छ । संसारका अधिकाश पूँजीवादी प्रजातन्त्रमा यो हक जनतालाई प्राप्त छैन । क्यूबाको समाजवादको अर्को विशेषता के छ भने, त्यहाँ जनतामाथि लागु हुने कुनै पनि कानून पार्टीले र सरकारले सिधै संसदबाट पास गरेर लागु गर्दैन, पहिले त्यो जनताबीच छलफलका लागि लगिन्छ । जसमाथि लागु गर्ने हो, तिनीहरूले त्यसमाथि व्यापक छलफल गरेपछि उनीहरूमध्ये बहुसंख्यकको सहमति भयो भने मात्र उनीहरूको आलोचना-सुझाव, संशोधन- सबैलाई समेटेर मात्र कानून बनाइन्छ र लागु गरिन्छ ।

पोहोर साल, क्यूबाली कम्युनिष्ट पार्टीले क. फिडेल क्यास्त्रोकै प्रस्तावमा मजदूरहरूमाथि पनि उनीहरूको ज्यालामा आयकर लगाउनेबारे कानून बनाउने निर्णय पारित गऱ्यो । तर तुरुन्तै कानून बनाईहालिएन । पहिले यो प्रस्ताव मजदूरहरूबीच छलफलको लागि लगियो । छलफलको दौरानमा बहुसंख्यक मजदूरहरूले यो प्रस्तावको विरोध गरे । मजदूरहरूले यो प्रस्तावको विरोध गरेपछि फिडेल क्यास्त्रो स्वंयमले आयकरसंबन्धी कानून बनाउने यो निर्णय फिर्ता लिनुभयो । यस्तो छ- क्यूबाको कम्युनिष्ट पार्टी र सरकारको निर्णय-प्रक्रिया । यो निर्णय-प्रक्रियालाई - "प्रत्यक्ष प्रजातन्त्र" भन्ने गरिएको छ ।

निर्णयको अति-केन्द्रिकरण छैन- क्यूबाको समाजवादमा । निर्णय जसमाथि लागु हुने हो, उनीहरूको सहभागितामा व्यापक विचार-द्वन्दपछि मात्र निर्णय लागु गर्ने प्रणाली त्यहाँ छ । क्यूबाको समाजवादको विशेषता नै यही देखिन्छ कि त्यहाँ जननालाई भिन्न मत राख्ने व्यापक स्वतन्त्रता छ । कुनै पनि तहको पदाधिकारीलाई त्यहाँ खुलेआम आलोचना गर्न पाइन्छ ।

क्यूबाको समाजवादको विशेषताबारे नेपाल र भारतका लागि क्यूबाका राजदूत श्रीमती लिक भोल्गा चमेरो ट्रियसको दावी छ - "क्यूबाको चुनावमा पैसाको कुनै खेल हुँदैन, जस्तो पूँजीवादी संसदको चुनावमा हुन्छ । उम्मेदवारले त्यहाँ कुनै पैसा खर्च गर्न पाइँदैन । हरेक उम्मेदवारको लागि सबै पैसा त्यहाँको सरकारले खर्च गर्छ । जनताहरू आफूलाई मन परेको उम्मेदवार चुन्न स्वतन्त्र छन् । चाहे कम्युनिष्ट हो वा होइन , त्यसले क्यूबामा कुनै मतलव राख्दैन । तपाई योग्य, इमान्दार र जनमुखी हुनुहुन्छ भने, तपाई क्याथोलिक वा बुद्धमार्गी भए पनि तपाईलाई स्थानीय जनताले चुन्न सक्छन् । यदि तपाईले संतोषजनक काम गर्नु भएन भने चुन्ने जनताले तपाईलाई कुनै पनि बेला फिर्ता बोलाउन सक्छन् । हरेक तीन महीनामा चुनिएको मान्छे अनिवार्य रूपमा जनताबीच रहन जानैपर्छ । जनताहरू त्यतिखेर आफ्ना जनप्रतिनिधिलाई आफ्ना समस्या बताउँछन् । यहाँ स्कूल राम्रो चलेन, त्यहाँ पूल भएन, त्यहाँ बाटो भएन आदि आदि । जन प्रतिनिधिले जनताको कुरा सुन्नै पर्छ र संबन्धित मंत्रालयमा वा विभागमा त्यो समस्या पुऱ्याउनै पर्छ । जनताको गुनासोको कुनै वास्ता गर्नु भएन भने निर्वाचक जनताले इमर्जेन्सी मिटिङ बोलाउँछन् र तपाईंको सट्टा अर्कैलाई चुन्छन् । सबै तहमा जनप्रतिनिधि चुन्ने र फिर्ता बोलाउने अधिकार क्यूबामा जनतालाई छ - "चाहे त्यो राष्ट्रिय तहमा होस् अथवा जिल्ला



## विशेष अन्तर्वार्ता क्यूबाली राजदूत श्रीमती लिक् भोल्गा चमेरो ड्रियससँग

*मूल्याङ्कन- यति चर्को नाकाबन्दी, यति भयानक अन्तर्राष्ट्रिय प्रचारवाजी सबैका बावजूद, क्यूबा कसरी एकतावद्ध भएर टिकिरहेको छ ?*

-किनकि, हामीसित अत्यन्त सक्षम र बुद्धिमत्तापूर्ण नेतृत्व र नेता छ । किनकि, क्यूबाली जनता राजनीतिक रुपले अत्यन्त सचेत छन् । किनकि, हाम्रो राजनीतिक प्रणाली अत्यन्त जनमुखी र प्रजातान्त्रिक छ । किनकि, क्यूबाली जनता देशभक्त छन् ।

क्यूबाली जनता क्रान्तिमा विश्वास गर्छन् । क्रान्तिले नै उनीहरुलाई अधिकारसंपन्न बनाएको छ, आत्मसम्मान दिएको छ र उन्नत जीवन स्तर सुनिश्चित पारेको छ । निःशुल्क स्वास्थ्य, निःशुल्क शिक्षा, आधारभूत आवश्यकताहरुको ग्यारेण्टी- सबै हामीलाई क्रान्तिले नै दिएको हो ।

हामीलाई के थाहा छ भने, हामी एकताबद्ध रहेनौं भने हामी अमेरिकाको नव-उपनिवेशमा बदलिनेछौं, जस्तो हामी १९५८ सम्म थियौं । यो हामीलाई पटक्कै मंजुर छैन । अमेरिका ९० मील मात्र पर छ भनेर हामी अत्यन्त सचेत छौं ।

क्यूबाली जनताको लागि कुनै विकल्प छैन- या त स्वतन्त्रता या मृत्यु । हामी बरु मृत्यु रोज्छौं, तर उपनिवेश हुन हाम्रो मंजुरी छैन । हामी यसमा स्पष्ट छौं ।

*मूल्यांकन : संपूर्ण पूँजीवादी विश्व यो प्रचार गर्दैछ कि क्यूबामा प्रजातन्त्र छैन, त्यहाँ आधारभूत नागरिक अधिकार छैन, मानव अधिकार छैन, त्यहाँ फिडेल क्यास्त्रोको तानाशाही छ, कम्युनिष्ट पार्टीको एकदलीय तानाशाही छ । वास्तवमा, क्यूबामा कस्तो किसिमको प्रजातन्त्र छ ? कस्तो मानव अधिकार र नागरिक अधिकार छ ? प्रकाश पारिदिनु हुन्छ कि ?*



- हामी के दावीसाथ भन्छौं भने, विश्वमा त्यस्तो कुनै मुलुक छैन, जहाँ क्यूबामा भन्दा ज्यादा प्रजातन्त्र र मानव अधिकार होस् ।

हामी जति ज्यादा दलीय भयो, उति त्यहाँ प्रजातन्त्र छ भन्ठान्दैनौं । प्रजातन्त्रको पर्याय दलीयता होइन । पार्टीको संख्याले प्रजातन्त्रको नापजोख हुँदैन, हाम्रो यही विश्वास छ ।

प्रजातन्त्रको मूलभूत विशेषता त सामाजिक न्याय र समानता हो, आधारभूत मानव अधिकार र नागरिक अधिकारको सुनिश्चितता हो, राज्यको संपूर्ण नीति निर्णयमा जनताको सहभागिता र सर्वोच्चता हो । तपाई कुनै खास व्यवस्थामा खानै पाउनुहुन्न, बाँच्नै पाउनुहुन्न, विरामी पर्दा ओखतीमूलो गर्नै पाउनु हुन्न, शिक्षा पाउनै हुन्न र ओत नै पाउनुहुन्न भने तपाईलाई के फरक हुन्छ- तपाई चिडियाखानामा हुनुहुन्छ कि राजनीतिक सत्तामा ?

अति विकसित भनिएकै पूँजीवादी मुलुकमा जनताले सामाजिक न्याय र समानता पाइरहेका छैनन् । त्यहाँ सबैले काम पाउँदैनन्, सबै स्कूल जान पाउँदैनन्, सबैले स्वास्थ्य सेवा पाउँदैनन्, सबैको बास हुन्न त्यहाँ, सबैले समानतापूर्वक बाँच्नै पाउँदैनन् त्यहाँ । तर क्यूबामा त्यस्तो छैन । त्यहाँ हरेकलाई काम पाउने हक संविधानले नै सुनिश्चित गरिदिएको छ । अति विकसित भनिएको मुलुकमा भैँ क्यूबामा कुनै न नागरिक बेरोजगार छैन । कोही मगन्ते छैनन् । कसैले घरवारविहीन र भोको भएर सडकमा सुत्नु परेको छैन । त्यहाँ सबैलाई निःशुल्क शिक्षा प्राप्त गर्ने हक छ । सबैले, गाउँका कुनाकुनाका मान्छेले समेत, त्यहाँ निःशुल्क स्वास्थ्यसेवा पाउन सक्छन् । त्यसैले, पूँजीवादी मुलुकको तुलनामा क्यूबाली समाज धेरै नै न्यायपूर्ण छ, धेरै समतामूलक छ र मानवीय छ । संसारको कुनै समाज क्यूबाभन्दा बेसी मानवीय छैन ।

आधारभूत मानव अधिकार भनेको सबै नागरिकले न्यायपूर्वक र समतामूलक ढंले बाँच्न पाउने अधिकार हो, काम माम र बास पाउने अधिकार हो, हेरचाह र स्वास्थ्यसेवा प्राप्त गर्ने अधिकार हो, शिक्षा प्राप्त गर्ने अधिकार हो, र आफ्नो अधिकार के हो, त्यो थाहा पाउने अधिकार हो । अमेरिकाकै तुलना गर्ने हो भने पनि यो अधिकार त्यहाँभन्दा निकै ज्यादा क्यूबामा छ ।

तपाईलाई थाहै होला, अमेरिकामा ५ प्रतिशत मानिस पूर्णतया बेरोजगार छन् । लाखौं मानिस सडकमा मगन्ते छन् । १४ प्रतिशत मानिस गरीबीको रेखामुनि छन् र ती आधारभूत मानव अधिकारविनाको पशुसरहको जिन्दगी बाँच्छन् । काम, बास, स्वास्थ्य र शिक्षा नागरिकको आधारभूत हकको रुपमा छैन त्यहाँ, जस्तो क्यूबामा छ । लाखौं मानिस त्यहाँ सडकमै जन्मन्छन्, त्यहीं हुर्कन्छन् र विना हेरचाह, विना स्वास्थ्य उपचार सडकमै मर्छन् । आर्थिक वाध्यताले लाखौं मानिस त्यहाँ बेश्यावृत्ति गर्न समेत वाध्य छन् । तर क्यूबामा यस्तो छैन । अनि के का आधारमा यी पूँजीवादी मुलुकहरु हल्ला मच्चाउँछन् कि क्यूबामा मानव अधिकार छैन ?

नागरिक अधिकारकै कुरा गर्ने हो भने पनि क्यूबामा त्यो पर्याप्त मात्रामा छ । त्यहाँ हरेक नागरिकले आफूले ठीक ठानेको कुरा बोल्न सक्छन्, लेख्न सक्छन् । त्यहाँ लिंग, वर्ण, धर्म र आस्थाका आधारमा कुनै नागरिकमाथि भेदभाव गरिन्न । त्यहाँ हरेक नागरिकले समान, प्रत्यक्ष र गोप्य मतदानद्वारा सांसद र शासकहरु चुन्न पाउँछन् । जनता वा जनप्रतिनिधिद्वारा नचुनिएको कोही पनि मान्छे क्यूबामा शासक हुन पाउँदैन । विकसितभन्दा विकसित पूँजीवादी मुलुकमा

# पूँजीवादी मुलुकको तुलनामा क्यूबाली समाज धेरै नै न्यायपूर्ण छ, धेरै समतामूलक छ र मानवीय छ

**संपूर्ण पूँजीवादी विश्व यो प्रचार गर्दैछ कि क्यूबामा प्रजातन्त्र छैन, त्यहाँ आधारभूत नागरिक अधिकार छैन, मानव अधिकार छैन**

समेत नभएको अधिकार पनि क्यूवामा छ, त्यो हो- चुनिएको कुनै पनि सांसद वा जनप्रतिनिधिलाई निर्वाचक जनताले चाहेको वेलामा फिर्ता बोलाउने अधिकार ।

क्यूबामा सरकारले कुनै पनि निर्णय सिधैं जनतामाथि लाद्दैन । एउटा सानो करप्रस्ताव र कानून समेत त्यहाँ जबर्दस्ती जनतामाथि लादिँदैन । निर्णयको रुप लिनुअघि जनताले हरेक सरकारी प्रस्तावमा छलफल गर्ने र आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने पर्याप्त मौका पाउँछन् । यस्तो प्रकारको प्रत्यक्ष सहभागितामुखी प्रजातन्त्र क्यूबामा छ ।

केही समयअघि मजदूरहरुले पनि पानीको महशुल तिर्नु पर्ने गरियो । केही समयपछि मजदूरहरुले पनि आयकर तिर्नु पर्ने गरियो । तर यसो गर्नु अघि सरकारले हरेक कारखाना कारखानामा, क्षेत्र क्षेत्रमा यसबारे छलफल गरायो । सबैले आ-आफ्नो दृष्टिकोण राखे । छलफलबाट के निक्लियो भने, मजदूरहरु पानीको महशुल तिर्न मंजुर छन् । तर आयकर तिर्न चाहिं सहमत भएनन् । यही निस्कर्ष मुताविक पानीको महशुल लगाइयो । आयकरको प्रस्ताव सारकाले फिर्ता लियो । यतिसम्म कि विद्युत महशुल नै बढाउनु पर्‍यो भने पनि सरकारले जनताबीच छलफल नगराइकन ,उनीहरुको मत नबुझीकन त्यो निर्णय जनताबीच लाद्दैन । विगतमा सरकाले विदेशी लगानी भित्र्याउने र डलर प्रचलनमा ल्याउने निर्णय गर्‍यो । यी दुवै निर्णय जनताबीच व्यापक छलफल गराएर उनीहरुको मंजुरीमा मात्र लागू गरिए ।

यसरी, क्यूबामा किसान, मजदूर, महिला र संपूर्ण जनताहरु राज्यको प्रत्येक महत्वपूर्ण नीति निर्णयमा प्रत्यक्ष सहभागी हुन पाउँछन् । जसले निर्णय लागु गर्ने हो, उसको सहभागिता र सहमतिविनाको कुनै कानून र निर्णय कहिल्यै जबर्दस्ती लादिँदैन, क्यूबामा ।

हाम्रो समाजवादी प्रजातन्त्रको विशेषता के पनि छ भने, क्यूबामा कोही पनि मान्छे गैर-कानूनी ढंगले थुनामा छैन । कोही मानिस जेलमा मरेका छैनन् । जेलमा कसैलाई यातना दिइन्न । गएको ४० बर्षमा क्यूबामा कोही एउटा नागरिक पनि बेपत्ता भएको छैन । प्रत्येक नागरिक कहाँ छ, त्यसको पत्तो हामीसित छ । संसारको कुन पूँजीवादी मुलुकमा यस्तो व्यवस्था छ, के उनीहरु भन्न सक्छन् ?

त्यसैले, क्यूबामा प्रजातन्त्र र मानव अधिकार छैन भन्ने कुरामा कुनै तुक छैन । यो पूँजीवादी सरकारहरुको क्यूबाबारे भ्रम फिँजाउने अभियान मात्रै हो । अमेरिकाको यो अभियान निकै छनौटपूर्ण देखिन्छ । तपाई अमेरिकाको पिट्ठु हुनुहोस्, जतिसुकै मानव अधिकारको हनन् गरेपनि, जतिसुकै क्रूर तानाशाह भए पनि उसले तपाईको विरुद्ध केही बोल्दैन । चिलीमा पिनोशेको कुख्यात तानाशाही विरुद्ध ऊ केही बोल्दैन । फिलीपिन्समा मार्कोसको बदनाम तानाशाही विरुद्ध पनि उसले केही बोलेन । बिगतमा क्यूबामा बतिस्ताको खुँखार तानाशाही विरुद्ध पनि ऊ केही बोलेन । तर वर्तमान समाजवादी क्यूबा विरुद्ध चाहिँ ऊ खूब हल्ला चलाउँछ ।किनकि, वर्तमान क्यूबा अमेरिकाको पुच्छर बन्न तयार छैन । वर्तमान क्यूबा अमेरिकाको पैतालामुनि दबिएर बस्न तयार छैन । किनकि क्यूबा समाजवादी देश हो र अमेरिकाको वा कुनै पूँजीवादी शक्तिको हालहुकूम उसले मान्दैन ।

क्रान्तिअघि क्यूबामा ५० प्रतिशत भन्दा पनि ज्यादा मानिस बेरोजगार थिए । अहिले बेरोजगारीको अन्त गरिएको छ ।

क्रान्तिअघि क्यूबामा ४० प्रतिशत मान्छे निरक्षर थिए । अहिले क्यूबामा कोही निरक्षर छैन । क्यूबाली क्रान्तिले पाँचै बर्षभित्रै देशबाट निरक्षरता उन्मूलन गरेको थियो ।

क्रान्तिअघि स्वास्थ्य सेवा खालि आधा जनसंख्याले मात्र पाउनसकेका थिए । अहिले संपूर्ण जनताले देशको कुनाकाप्चासम्म निःशुल्क स्वास्थ्यसेवा पाउन सकेका छन् । प्रत्येक १५ हजार जनतामा एउटा डाक्टर भाग लाग्थ्यो त्यतिखेर । अहिले हरेक १७६ जनतालाई एउटा डाक्टर पुग्छ । बिश्वकै सबभन्दा बेसी प्रतिव्यक्ति डाक्टर भएको मुलुक क्यूवा भएको छ ।

क्रान्तिअघि क्यूबामा महिला र पुरुषबीच व्यापक असमानता थियो । अहिले त्यो असमानताको अन्त गरिएको छ ।

क्रान्तिअघि क्यूबामा बतिस्ताको क्रूर तानाशाहीतन्त्र थियो । अहिले क्यूबामा प्रत्यक्ष सहभागितामुखी प्रजातन्त्र छ । जनता सर्वाधिकारसंपन्न भएका छन् ।

तर पनि पूँजीवादी मुलुकहरु र तिनका प्रचार यन्त्रहरु चिच्याउँछन् -क्यूबामा प्रजातन्त्र छैन । यो त पूर्वाग्रही अन्धाहरुले मात्र भन्नसक्ने कुरा हो ।

हो, क्यूबामा बहुदलीय व्यवस्था छैन । तर क्यूबामा क्रान्तिअघि त बहुदलीय व्यवस्था थियो । त्यसले काम गरेन, त्यसैले, हामीले हाम्रा राष्ट्रिय नायक होसे मार्टीको बाटो समातेका हौं । होसे मार्टीले एउटै मात्र पार्टी बनाउनु भयो - क्यूबाको क्रान्तिकारी पार्टी । अहिले हामीले पनि त्यही मार्ग अनुशरण गरेका हौं , हाम्रो देशको निम्ति सबैभन्दा उपयुक्त, प्रजातन्त्र यही नै हो ।

मूल्यांकन : तपाईंहरुको ब्यवस्थामा चुनावमा पैसाको खेल कत्तिको हुन्छ ?

-हाम्रो कुनै पनि तहको चुनावमा पैसाको कुनै खेल हुनेगर्दैन, जस्तो पूँजीवादी संसदको वा भूईतहको चुनावमा हुने गर्छ । पैसाको खेल हुन नदिनका लागि हामीले एउटा प्रणाली के विकास गरेका छौं भने, त्यहाँ चुनावमा ब्यक्तिले ब्यक्तिगत खर्च गर्नै पर्दैन । संपूर्ण चुनावी खर्च राज्यले ब्यहोर्छ । प्रचार-प्रसार राज्यको खर्चमा, राज्यको प्रचारयन्त्रले नै गरिदिन्छ । यो प्रणालीले गर्दा हाम्रो प्रणालीमा भ्रष्टाचारको एउटा मुख्य मुहान नै बन्द गरिएको छ । पूँजीवादी ब्यवस्थामाजस्तो उम्मेदवार बन्न र चुनिन क्यूबामा तपाई धनी हुनु जरुरी नै छैन । योग्य हुनुमात्र जरुरी छ ।

*मूल्यांकन : अनि चुनिएकाहरुलाई ती बदमास भएर निक्ले भने निर्वाचक जनताले फिर्ता बोलाउने काम चाहिं कसरी गर्छन् त ?*

-हाम्रो संवैधानिक कानूनमा के ब्यवस्था गरिएको छ भने, यदि कुनै पनि तहको निर्वाचक जनतालाई उसले निर्वाचित गरेको जनप्रतिनिधिले ठीक ढंगले काम गरिरहेको छैन भन्ने महशुस हुन्छ भने एउटा प्रस्ताव पारित गरेर उसलाई कुनै पनि वेला फिर्ता बोलाउने हक छ । गएको नेशनल एसेम्वलीमा नै यस्तो पटकपटक भएको छ ।

गरिन्छ के भने, तपाई नेशनल एसेम्वली वा लेजिस्लेटिभ एसेम्वलीको सदस्य हुनुहुन्छ , तपाईले ठीकसित काम गर्नु भएन वा वेठीक काम गर्नुभयो भन्ने निर्वाचक जनतालाई लाग्यो भने ठोस आरोपसहित संवन्धित तहका निर्वाचक जनता एक ठाउँमा भेला हुन्छन् । आएको प्रस्तावबारे एनीहरुले विस्तृतमा छलफल गर्छन् र मतदान गर्छन् बहुसंख्यकलाई प्रस्ताव ठीक छ भन्ने लाग्यो भनेनिर्वाचक प्रतिनिधि फिर्ता हुन्छ । उनीहरु पुन : अर्को जनप्रतिनिधि चुन्छन् ।

हेरक तहको जनप्रतिनिधि सभामा यस्तो गर्न सकिने प्रणाली छ ।

*मूल्यांकन : हरेक नीति निर्णय र कानूनमा जनताहरुले आफू सहभागी भएर निर्णय गर्ने प्रणाली चाहिं कस्तो छ ?*

-कुनै पनि महत्वपूर्ण नीति निर्णय वा कानूनलाई सरकारले पहिला मस्यौदा गर्छ । त्यसपछि त्यो जन संगठन वा श्रमिकहरुको संगठनमार्फत भूइँ तहसम्म छलफलको लागि पठाइन्छ । मजदूर संवन्धी छ भने मजदूरहरुको भूँइ तहसम्म, महिला संवन्धी छ भने उनीहको भूँइ तहसम्म, आम प्रकारको छ भने सबै जनसंगठन वा श्रमिक वर्गको संगठनको भूँइ तहसम्म त्यसलाई छलफलको लागि पठाइन्छ । कार्खाना कार्खाना वा बस्ती बस्तीमा त्यसबारे छलफल हुन्छ । उनीहरु त्यसमाथि आलोचनात्मक टिप्पणी गर्छन् । विरोध वा संशोधन प्रस्ताव छ भने त्यो पास गर्छन् । परिमार्जन प्रस्ताव छ भने त्यो पनि पास गर्छन् । जब देशभरि छलफल सकिन्छ, संपूर्ण सुझाव, टिप्पणी, संशोधन र परिमार्जन प्रस्ताव, वा विरोध राज्य परिषदमा पठाइन्छ । राज्य परिषद भनेको हाम्रो मन्त्री परिषद हो । राज्य परिषदले एउटा आयोग नै बनाएको हुन्छ, जसले यी संपूर्ण प्रस्तावमाथि विस्तृतमा विश्लेषण र अध्ययन गर्छ र राज्य परिषदमा विचारार्थ पेश गर्छ । राज्य परिषदले यसमाथि ठोस निर्णय लिन्छ र त्यो निर्णय-हाम्रो जनप्रतिनिधि सभा-नेशनल एसेम्वलीमा विचारार्थ पेश गर्छ र त्यसले त्यसको बहुमतले त्यो प्रस्तावलाई पारित गरेपछि बल्ल त्यो कानून बन्छ । यसप्रकार - राज्य परिषदबाट नीति निर्णयको ठोस मस्यौदा प्रस्ताव, त्यो प्रस्ताव जन संगठन वा श्रमिक वर्गको संगठन मार्फत- भूँइ तहसम्म छलफलको लागि लाने प्रणाली, त्यसपछि त्यो पुनः राज्य परिषदमा आलोचनात्मक टिप्पणीसहित फिर्ता र अन्तमा जनताको राष्ट्रिय जन प्रतिनिधिसभामा निर्णयार्थ प्रस्तुति र निर्णय ,- यही प्रक्रिया हो, जसबाट हाम्रो देशमा हरेक मस्यौदा विधयेक र नीति निर्णय कानून बन्ने गर्छ ।

*मूल्यांकन : स्थानीय तहमा चाहिं नीति निर्माण कसरी हुन्छ ?*

-स्थानीय तहमा पनि नीति निर्णय गर्ने प्रणाली लगभतग यस्तै हो । स्थानीय तहमा स्थानीय सरकार हुन्छ । आफ्नो तहमा चाहिने संपूर्ण नीति निर्णय, नियम, नियम-कानून त्यही स्थानीय सरकारले मस्यौदा गर्छ । शिक्षा र स्वास्थ्यसंवन्धी विषयमा मात्र स्थानीय सरकारले कुनै नीति निर्णय, नियम कानून बनाउन सक्दैन । यो आधारभूत कुरा हो र यसबारे केन्द्रिय सरकारले मात्र नीति निर्णय गर्छ । बाँकी सारा विषयमा उसले नीति निर्णय गर्नसक्छ । स्कूल राम्रो चलेको छ कि छैन, अस्पताल राम्रो चलेको छ कि छैन , त्यो सबै हेर्ने दायित्व चाहिं स्थानीय सरकारको हो । स्थानीय तहमा पनि भुइँ तहसम्म छलफल गराएर मात्र कुनै पनि नीति निर्णय, नियम पारित हुन्छ । प्रक्रिया विल्कूलै उही हो ।

हाम्रो देशमा विकेन्द्रित निर्णय प्रणाली छ । सबै निर्णय केन्द्रबाट हुने गर्दैनन् । स्थानीय तहमा स्थानीय सरकारसित काफी स्वयत्तता र स्वतन्त्रता हुन्छ । आफूलाई बदलिँदो वास्तविकता मुताविक चाहिने संपूर्ण नीति नियमहरु बनाउन उनीहरु स्वतन्त्र छन्, शिक्षा र स्वास्थ्यमा बाहेक । सिंगै राष्ट्रको अप्ठेरो समयमा पनि स्थानीय सरकारहरु केन्द्रिय सरकारलाई कुनै समस्याबारे स्थानीय हल प्रस्तुत गरेर मद्दत गरिरहेको हुन्छन् । ❑

## क्रान्तिअघि क्यूबामा ४० प्रतिशत मान्छे निरक्षर थिए । अहिले क्यूबामा कोही निरक्षर छैन ।

र नगरपालिकामा वा स्थानीय निकायमा । यस्तो प्रजातन्त्र क्यूबामा छ ।"

क्यूबाली राजदूतलाई - त्यहाँ त आधारभूत मानव अधिकार र नागरिक अधिकार छैन भनिन्छ नि त भनेर मुल्याङ्कनले सोध्दा- उहाँले दावीपूर्वक भन्नुभयो - "यो भनाइमा कुनै तुक छैन । हाम्रो देशमा गैरकानूनी प्रक्रियाबाट कोही पनि मानिस जेलमा कैद छैन । कोही पनि मानिस जेलमा मरेका छैनन् । जेलमा कसैलाई यातना दिइन्न । गएको ४० बर्षमा क्यूबामा कोही मानिस बेपत्ता भएका छैनन् । प्रत्येक नागरिक कहाँ छ, त्यसको पत्तो हामीसित छ । क्यूबामा हरेकलाई आफ्नै ढंगले सोच्ने र बोल्ने अधिकार छ । संसारको कुन पूँजीवादी देशमा यस्तो व्यवस्था छ, के उनीहरू भन्न सक्छन् ?"

"मानव अधिकार भनेको बाँच्न पाउने अधिकार हो, हेरचार र स्वास्थ्य उपचार प्राप्त गर्ने अधिकार हो, शिक्षा प्राप्त गर्ने अधिकार हो र आफ्नो अधिकार के हो भनेर थाहा पाउने अधिकार हो । सवैभन्दा विकसित भनिएकै मुलुकमा सवैजना काम पाउँदैनन् । अमेरिकामै ४ प्रतिशत मानिस पूर्ण बेरोजगार छन्, यूरोपमा १० प्रतिशत । तर विकसित भनिएको मुलुकमा भैं क्यूवामा कोही मानिस बेरोजगार छैन । त्यहाँ हरेक नागरिकलाई काम पाउने हक संविधानले नै दिएको छ । त्यहाँ कोही मगन्ते छैनन्, कसैले घरवारविहीन भएर सडकमा सुत्नु परेको छैन । अमेरिकाजस्तो विकसित भनिएकै मुलुकमा पनि सवैजना स्कूल जान पाउँदैनन्, सवैजना समानतापूर्वक बाँच्न पाउँदैनन् । क्यूबामा त्यस्तो छैन । सवैलाई निःशुल्क शिक्षा प्राप्त गर्ने हक क्युबामा छ । सबैले त्यहाँ निःशुल्क स्वास्थ्य सेवा पाउन सक्छन् । त्यहाँ सवैलाई समानतापूर्वक बाँच्ने हक छ । त्यसैले, आधारभूत मानव अधिकारको कुरा गर्ने हो भने, संसारको कुनै समाज क्यूबाभन्दा वेसी मानवीय छैन ।"

*क्यूबामा ४० बर्षदेखि अमेरिकाले कडा आर्थिक नाकावन्दी लागु गरेको छ । खानेकुरा र ओखतीसमेत बाहिरबाट छिर्न मुश्किल छ त्यहाँ । तथापि गएको आधा शताब्दीमा क्यूबाले गरेको सामाजिक प्रगति आश्चर्यजनक छ ।*

"क्रान्तिअघि भण्डै ५० प्रतिशतभन्दा बेसी मान्छे बेरोजगार थिए, क्यूबामा । अहिले बेरोजगारीको अन्त भएको छ । त्यतिखेर ३० प्रतिशत मान्छे निरक्षर थिए । अहिले क्यूबामा कोही निरक्षर छैन । त्यतिवेला खालि आधा जनसंख्याले मात्र स्वास्थ्य सेवा पाउन सकेका थिए । अहिले क्यूबामा कुनाकाप्चासम्म निःशुल्क स्वास्थ्य सेवा उपलब्ध छ । प्रत्येक १५ हजार जनसंख्यालाई एउटा डाक्टर भाग लाग्थ्यो त्यतिखेर । अहिले १७६ जनसंख्याको लागि एउटा डाक्टर पुग्छ । विश्वकै सवैभन्दा बेसी प्रतिव्यक्तिडाक्टर भएको देश क्यूबा भएको छ । विश्वमै निकै विकसित देश हो क्यूबा, मानव अधिकारको मामलामा ।" क्यूबाली राजदूत श्रीमती भोल्गाले मूल्याङ्कनलाई बताउनुभयो ।

क्यूबामा महिलाहरूले सवै क्षेत्रमा पुरूषसरह कानूनी अधिकार पाएका छन् । क्यूबामा कानूनले छोरा र छोरीलाई केही कुरामा पनि भेदभाव गरेको छैन । छोरा र छोरी दुवैले विवाहअघि पनि त्यहाँ संपत्तिको हक पाउँछन् । विवाहपछि पनि तिनले समान रूपमा बावुको पनि संपत्ति पाउँछन् र श्रीमानको पनि । क्यूबामा १९७८ मा ल्याइएको विशेष पारिवारिक कानून छ । संपत्तिसंवन्धी सवै व्यवस्था यही कानूनले व्यवस्थित गरेको छ । अमेरिकामा पुरूषको तलव/पारिश्रमिक १०० हुँदा महिलाहरूको ७५ मात्र हुनेगर्छ, अधिकांश ठाउँमा । तर क्यूबामा महिलाहरूले ज्याला र तलव त्यति नै पाउँछन्, जति पुरूषहरूले पाउँछन् । अमेरिकामा महिला सांसदहरू खालि ११ प्रतिशत मात्र छन् । तर क्यूबामा २७.६ प्रतिशत सांसदहरू महिला छन् ।

क्यूबामा कुल सक्रिय श्रम शक्तिमध्ये ३७ प्रतिशत महिला छन् (१९९८ मा) । प्राविधिक र व्यावसायिक क्षेत्रमा त दक्ष जनशक्तिमध्ये ६४ प्रतिशत महिला छन् । (दक्ष जनशक्ति भन्नाले डाक्टर, पाइलट, इंजिनीयर, बैज्ञानिक, प्रोफेसर र अधिवक्ताहरू बुझ्नुपर्छ ) सन् १९९७ मा उच्चशिक्षा पास भएका संपूर्ण क्यूबाली स्नातकहरू मध्ये ५६ प्रतिशत स्नातकहरू महिला थिए ।

*'हामी कहिल्यै पनि तानाशाह हुनेछैनौं': जनवरी १९५९ मा हवानामा क्रान्तिको लगत्तै भाषण दिनु हुँदै ३२ वर्षीय क. फिडेल क्यास्त्रो*



यी तथ्यांकहरू आफैंले देखाएका छन्- क्यूबामा क्रान्तिपछि महिलाहरूले कति धेरै समानता हासिल गरेका छन् भन्ने कुरा । क्यूबामा पुरूषले पनि अनिवार्य रूपमा घरको काम गर्नु पर्ने कानून छ ।

क्यूबामा ४० बर्षदेखि अमेरिकाले कडा आर्थिक नाकावन्दी लागु गरेको छ । खानेकुरा र ओखतीसमेत बाहिरबाट छिर्न मुश्किल छ त्यहाँ । तथापि गएको आधा शताब्दीमा क्यूबाले गरेको सामाजिक प्रगति आश्चर्यजनक छ । राष्ट्रपति फिडेल क्यास्त्रोका अनुसार - "संसारमा सवैभन्दा बेसी प्रतिव्यक्ति डाक्टर क्युबामै छन् । सवैभन्दा वेसी प्रतिव्यक्ति प्रोफेसर र शिक्षकहरू पनि क्यूबामै छन् । सवैभन्दा बेसी प्रतिव्यक्ति कला प्रशिक्षक, खेलकूद प्रशिक्षक र शारीरिक शिक्षा प्रशिक्षकहरू पनि क्यूबामै छन् ।" (हेनुस्, Granma International, December 28, 1994)

क्यूबाको समाजवादी प्रजातन्त्रले प्रत्येक नागरिकलाई शिक्षाको हक दिएर गत ४० वर्षमा पैदा गरेको अर्को विशिष्ट उपलब्धि के देखिएको छ भने, त्यहाँ १५ जना कामदारमध्ये एक जना कामदार स्नातक छ, ८ जना कामदारमध्ये एक जना मध्यमस्तरको प्राविधिक छ ।

क्यूबाको समाजवादी प्रजातन्त्रले प्रत्येक नागरिकलाई स्वास्थ सेवाको अधिकार दिएर हासिल गरेको उपलब्धि के देखिन्छ भने, क्यूबामा शत प्रतिशत मानिसले स्वास्थ्य सेवासुविधा प्राप्त गरेका छन् । त्यस्तो कुनै एउटा गाउँ समेत छैन, जहाँ आधारभूत स्वास्थ्य सेवा नपुगेको होस् । UNDP का अनुसार त्यहाँ ९८ प्रतिशत मानिसले शुद्ध खानेपानी प्राप्त गरेका छन् । क्यूबामा ९९ प्रतिशत सुत्केरी महिलाहरूको बच्चा जन्माउने कार्य दक्ष स्वास्थ्य कार्यकर्ताद्वारा हुनेगर्छ । क्यूबाको शिशु मृत्युदर विश्वमै सवभन्दा कममध्ये पर्छ- हजार जीवित शिशुजन्ममा ७, सन् १९९८ मा । विश्वकै सवैभन्दा विकासित राष्ट्र भनिएको अमेरिकामा समेत हजार जीवित शिशुजन्ममा शिशु मृत्युदर ७ सिवाय छैन ।

यी जम्मै तथ्यतथ्यांक नियाल्दा यति छोटो अवधिमा आर्थिक नाकाबन्दीको चरम हैरानी व्यहोर्दै क्यूबाको समाजवादले हासिल गरेको प्रगति अद्भुत देखिन्छ । बिश्वको त्यस्तो कुनै पुंजीवादी प्रजातन्त्र देखिन्न, जसले यति छोटो अवधिमा यति ज्यादा मानव र नागरिक अधिकार तथा सामाजिक प्रगति आफ्ना जनतालाई उपलब्ध गराएको होस् । ❑



## क्यूबाका राष्ट्रपति फिडेल क्यास्ट्रोसँगको विशेष अन्तर्वार्ता

# हामीले जनतन्त्रको अभिव्यक्तिको हाम्रो स्वरूप फेला पारेका छौँ

सोभियत संघ लगायत पूर्वी युरोपमा समाजवादको पतन भएपछि विश्वभरि अजंगअजंगका सवालहरू उठेका छन् - के अव समाजवादी प्रजातन्त्रको (जनतन्त्रको) वर्तमान र भविष्य छैन त ?

समाजवादी क्युवाका करिस्मापूर्ण नेता क. फिडेल क्यास्त्रो भन्नु हुन्छ - समाजवादी प्रजातन्त्रको मृत्यु भएको छैन, अमेरिकी साम्राज्यवादको घेराबन्दी, आक्रमण र युद्धका अनेकौं धम्कीहरूका बावजूद क्युबामा समाजवादी प्रजातन्त्र अस्तित्वमा छ । त्यहाँ त्यस्तो प्रजातन्त्र जीवित छ, जसले युरोपको चार शताब्दी लामो पूँजीवादले अहिलेसम्म प्राप्त गर्न नसकेका मानव कल्याणकारी उपलब्धिहरूलाई आत्मसात गरिरहेको छ ।

यस अंकमा हामीले विश्वभरिका जनतालाई मोहित पार्ने खालको क्युवाली समाजवादी प्रजातन्त्रका अन्तर-कुन्तर खोतल्ने प्रयासमा क. फिडेल क्यास्त्रोसंग भएको विचारोत्तेजक र जीवन्त कुराकानीको प्रमुख अंश प्रस्तुत गर्दैछौं । ल्याटिन अमेरिकाका अत्यन्त चर्चित र प्रख्यात दुईजना राजनेताहरू क. फिडेल क्यास्त्रो र क. टोमास बोर्गबीच भएको यो कुराकानी प्रजातन्त्रका विविध आयामहरूमाथि केन्द्रित छ ।

## फिडेल क्यास्त्रो

सोभियत संघलगायत पूर्वी युरोपमा समाजवादको पतनको लगत्तै भएको यस कुराकानीमा पूँजीवादी प्रजातन्त्रको मुखुण्डोलाई च्यात्दै क. फिडेल क्यास्त्रोले समाजवादी प्रजातन्त्रको पक्षमा बलियोसंग वकालत गर्नु भएको छ । क. क्यास्त्रोले पूँजीवादी प्रजातन्त्रलाई नांगेभार पार्ने क्रममा क्युबाको विशिष्ट खालको जनताको प्रजातन्त्रको मूल मर्म,त्यसका चुनावी प्रक्रियाहरूका बारेमा क. टोमास बोर्गलाई बताउनु भएको छ ।

यो रचना हामीले *Face to Face with Fidel Castro* नामक कितावबाट लिएका हौं । यसको अनुवाद साहित्यकार खगेन्द्र संग्रौलाले गर्नु भएको हो । १९९० को दशकमा ल्याटिन अमेरिकाबाट प्रकाशित भएका महत्वपूर्ण कितावहरूमध्ये निकै चर्चित यो किताब क. टोमास बोर्गले क. क्यास्त्रोसंग १९९२ को अप्रिल १९ देखि २० सम्म कुराकानी गरेर तयार गर्नु भएको हो ।

टोमास वोर्ग ल्याटिन अमेरिकाका चर्चित नेताहरूमध्ये एक हुनुहुन्छ । निकारागुआको क्रान्तिका नायकका रूपमा प्रख्यात टोमास बोर्ग सान्दिनिष्टा नेशनल लिवरेशन फ्रन्ट (FSLN) का एक मात्र जीवित संस्थापक हुनुहुन्छ । FSLN को नेतृत्वमा भएको सान्दिनिष्टा क्रान्तिपछि बनेको निकारागुआको क्रान्तिकारी सरकारमा १९७९ देखि १९९० सम्म गृहमन्त्री हुनुभएका बोर्ग प्रख्यात कवि तथा लेखक पनि हुनुहुन्छ ।

क. क्यास्त्रोका नजीकका मित्रका रूपमा रहेका क. बोर्गले पत्रकारिताको कुशलता प्रयोग गर्दै लिनुभएको अन्तर्वार्तामा निहित समाजवादी प्रजातन्त्र र त्यसका मूल्य-मान्यता एवं चुनावी प्रक्रियाहरुले हामी नेपालीहरूलाई पनि उत्तेजित पार्न सक्छन् । यो अन्तर्वार्ता पूर्वी युरोपमा समाजवादको पतनपछिको अन्धकारको युगमा आफ्ना समाजवादी मूल्य-मान्यतालाई नवीकरण गर्ने उद्देश्यले क. बोर्गले क. क्यास्त्रोजस्ता क्रान्तिकारी चिन्तक तथा नेतासंग लिनु भएको हो । नेपालका सदन, सडक र "जंगल" मा समेत रहेका सवै वामपन्थीहरूलाई पनि यो अन्तर्वार्ता निकै उपयोगी हुनसक्छ भन्ने आशासहित यसलाई यहाँ प्रस्तुत गर्दैछौं ।

*-'मूल्यांकन'*

**टोमास बोर्गः** *फिडेल, तपाईंको दृष्टिमा जनतन्त्रको अर्थ के हो ?*

**फिडेल क्यास्त्रोः** लिङ्कनले एक पटक साह्रै छोटोमा ब्याख्या गर्नुभएझैं जनतन्त्र भनेको जनताको, जनताद्वारा र जनताका लागि कायम हुने सरकार हो ।

मेरो दृष्टिमा जनतन्त्रको अर्थ के हो भने यस परिपाटीअन्तर्गत सरकारहरूको जनतासँग नङ-मासुको सम्बन्ध हुन्छ, जनताबाटै तिनको उदय हुन्छ, तिनले जनताको समर्थन प्राप्त गर्छन् र तिनले जनता र जनहितको निमित्त काम गर्दै र संघर्ष गर्दै आफूलाई तीप्रति पूर्ण रूपले समर्पित गर्दछन् । जनतन्त्रको अर्थ स्वाधीनता, स्वतन्त्रता, राष्ट्रिय गरिमा तथा सम्मान लगायत नागरिकहरूका सबै अधिकारहरूको प्रतिरक्षा हो । मेरो विचारमा जनतन्त्र भनेको पुरूष र महिलाबीच भ्रातृत्व तथा सच्चा समानता हो र सबै पुरूष तथा महिलाका साथै यस धर्तीमा जन्म लिने प्रत्येक मानवको निम्ति समान अवसर हो ।

पूँजीवादी बुर्ज्वा जनतन्त्रमा यीमध्ये कुनै पनि तत्वहरू हुँदैनन् । हैन, अल्पसंख्याको हातमा असीमित सम्पत्ति भएको र अरूहरूका हातमा केही पनि नभएको देशमा तिनीहरूले कसरी जनतन्त्रका कुरा गर्न सकेका होलान् ? भिखारी र खरबपतिको बीचमा कस्तो समानता वा भ्रातृत्व हुनसक्छ ? गरीबहरू, अधिकारच्यूत गरिएकाहरू र शोषितहरूलाई कस्तो अधिकार हुन्छ ? पूँजीवादको यो अधिकारको कुरा भनेको पुरानो छल-कपट हो, पुरानो किस्सा हो, पुरानो कथा हो । तिनले सम्पत्तिका सबै श्रोतहरू, प्रचार-प्रसारका साधनहरू र अरू सबै चीज एक वर्गका हातमा रहने प्रभुत्वशाली प्रणाली खडा गरेका छन्, जुन वर्गले भेदभाव कायम गर्दै बाँकी समाजलाई कुनै पनि प्रकारको वास्तविक सहभागिताबाट र आफ्ना अधिकारहरूको उपभोग गर्ने कुनै पनि वास्तविक सम्भावनाबाट बहिष्कृत गर्छ । ... ...

...अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुबै स्तरमा शोषणकारी व्यवस्था कायम छ । संयुक्त राष्ट्र संघले कसरी पश्चिमा धारणाहरूलाई प्रतिबिम्बित गर्छ, हेर्नोस्त । संयुक्त राष्ट्र संघमा कस्तो जनतन्त्र छ ? झण्डै १८० वटा स्वाधीन देशहरू राष्ट्र संघका सदस्य छन् – सोभियत संघको विघटन भएदेखि यता त्यो संख्यामा बृद्धि भएको छ । तर पाँचवटा देशका हातमा मात्र भिटो प्रयोग गर्ने अधिकार छ । ती भिटो प्राप्त सदस्यहरूमध्ये एउटा बाहेक सबै संयुक्त राष्ट्र संघमा कुनै कुरामा सहमत भए भने सुरक्षा परिषद्मा भएको त्यही एउटा देशले बाँकी देशहरूको चाहना विरूद्ध भिटो प्रयोग गर्नसक्छ । अनि त्यसलाई तिनले जनतन्त्र भन्ने गरेका छन् । हैन, आज विश्वस्तरमा कस्तो जनतन्त्र छ ? के त्यसको प्रतिरक्षा गर्न सकिन्छ ? ... ...

आज राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा जनतन्त्र छैन । जनताहरूको प्रतिनिधित्व गर्ने बढी प्रजातान्त्रिक सूत्रहरूको खोजी गरेर राष्ट्र संघका संरचनाहरूमा परिवर्तन गर्नुपर्छ, तर भिटोको शाश्वत अधिकार पाएकाहरूमध्ये एउटासम्मले यस कुराको विपक्षमा मतदान गर्‍यो भने पनि खेल खत्तम हुन्छ अनि तपाईंले चाहिं त्यहाँ सुधार गर्न खोजे बापत मूल्य चुकाउनु पर्ने हुन्छ । संयुक्त राज्य अमेरिका संयुक्त राष्ट्र संघ तथा सुरक्षा परिषद्का संयन्त्रहरूलाई आफ्नो प्रभुत्व कायम गर्ने औजारहरूमा परिणत गर्दै त्यसमाथि क्रमशः नियन्त्रण कायम गर्दै आएको छ – जुन त्यसको प्रजातान्त्रीकरण गर्ने कुराको उपहास हो । यो स्थिति साँच्ची नै चिन्ताको विषय हो ।

**टोमास बोर्गः** *यहाँले क्यूबाको व्यवस्था अरू कुनै पनि व्यवस्थाभन्दा बढी जनतान्त्रिक छ भन्नुभयो । किन ?*

**फिडेल क्यास्त्रोः** सामाजिक असमानताको बीचमा, सामाजिक अन्यायको बीचमा, धनी र गरीबमा विभाजित भएका समाजहरूमा सच्चा जनतन्त्र हुनै सक्दैन । जनतन्त्र त समाजवादमा मात्र हुनसक्छ । जनतन्त्रको सर्वोच्च रूप साम्यवाद हुनेछ, तर हामी अझै त्यहाँ पुगेका छैनौं ।

म के कुरा स्वीकार गर्छु भने यी तथाकथित जनतान्त्रिक स्वरूपहरू अन्य युगहरूमा थोपरिएका शोषक वर्गीय प्रभुत्वका स्वरूपहरूभन्दा बढी मानवीय छन्, यिनीहरू निरङ्कुश राजतन्त्रहरू र सामन्तवादभन्दा बढी उन्नत छन् र यिनीहरू विगत शताब्दीमा जति उन्नत थिए, केही मात्रामा त्योभन्दा पनि उन्नत छन्, म यो कुरालाई इन्कार गर्दिनँ । सम्पत्तिको अलि बढी मात्रामा वितरण भएको छ र जनसंख्याको एक खण्डलाई जोगाउने तथा केही कल्याणकारी कार्य गर्ने, बेरोजगारीको क्षतिपूर्तिको माध्यमबाट गरीब र शोषितहरूका अति नाजुक स्थितिहरूलाई केही न केही मत्थर पार्ने नीतिहरू कायम रहेका छन् । तर यी सबै चीज सामाजिक क्रान्तिप्रतिको डरका नतिजाहरू हुन् र यसको ठूलो भागचाहिं समाजवादको उदयको नतिजा नै हो ।

समाजवादको उदय भएदेखि यता बुर्ज्वा समाजहरू क्रान्तिकारी आन्दोलन र सामाजिक परिवर्तनलाई रोक्ने प्रयासमा मरिमेटेर लागेका छन्, उनीहरू अचाक्ली गरीबीलाई सीमित तुल्याउन खोजिरहेका छन् । उनीहरूसँग अजङ्ग ठूला श्रोतहरू भएका हुनाले उनीहरूले ती श्रोतहरूका केही अंशहरूको पुनर्वितरण गर्न सक्छन् । फ्रान्स, स्पेन, संयुक्त राज्य अमेरिका र जर्मनीसँग बेरोजगारीको केही क्षतिपूर्ति दिने र केही कल्याणकारी आयोजनाहरू दिने औकात छ । उनीहरूसँग सबभन्दा चर्को आवश्यकता भएका वर्गहरूको स्थितिमा सुधार ल्याउनका निमित्त प्रयोग गर्न सकिने श्रोतहरू छन् । तर तेस्रो विश्वका देशहरूसँग के श्रोतहरू छन् र ? बेरोजगारीको क्षतिपूर्ति दिन, बसोबासका अवस्थाहरूमा सुधार गर्न, स्वास्थ्यमा सुधार गर्न, शिक्षामा सुधार गर्न र गरीबहरूको जीवनलाई होलो-हलुङ्गो पार्नका निमित्त ल्याटिन अमेरिकी देशहरूसँग के श्रोतहरू छन् र ?

*सामाजिक असमानताको बीचमा, सामाजिक अन्यायको बीचमा, धनी र गरीबमा विभाजित भएका समाजहरूमा सच्चा जनतन्त्र हुनै सक्दैन ।*



ल्याटिन अमेरिकालाई नै हेर्नोस्: त्यहाँ जनतन्त्रबारे जति बढी कुरा हुन्छन्, कङ्गालीहरूका फोहोर बस्तीहरू पनि त्यति नै बढी छन्, अनि करोडौं मानिसहरू निरक्षर छन्, करोडौं मानिसहरू बेरोजगार छन् र करोडौं मानिसहरू औषधोपचारबाट वञ्चित छन् । अनि अन्तर्राष्ट्रिय मुद्रा कोषले चालेका कदमहरूले र अरू त्यस्तै संस्थाहरूका कदमहरूले स्थितिमा सुधार ल्याउनुको सट्टा झन्झन् बिगार गरेका छन् । ल्याटिन अमेरिकाका कतिपय देशहरूमा कुल जनसंख्यामध्ये १० प्रतिशत मानिसहरूले आम्दानीको ५० प्रतिशत मुठ्याउँछन् । यस्ता अवस्थाहरूमा तपाई कसरी जनतन्त्रका कुरा गर्न सक्नुहुन्छ ?

अझ त्यसमाथि, साम्राज्यवाद र अरू उच्च विकसित पूँजीवादी देशहरूले शोषण र प्रभुत्वको विश्व व्यवस्था खडा गरेका छन् । तीमध्ये कुनैलाई संकट पर्नगयो भने तिनले वित्तीय हिसाबले एकअर्कालाई भरथेग गर्दछन् । डलरलाई समस्या पर्‍यो भने येन, डच मार्क र स्टर्लिन पाउण्ड डलरको उद्धार गर्न आउँछन्, अनि लिरालाई उद्धार गर्न स्टर्लिन पाउण्ड र फ्र्याङ्क आउँछन् । आपसमा भरथेग गर्नको निमित्त नै यो व्यवस्था खडा गरिएको हो, तर तेस्रो विश्वलाई कसले भरथेग गर्छ ? अर्जेन्टिनेली आउस्त्रल, बोलिभियाली पेसो, मेक्सिकाली पेसो, भेनेजुएलाली बोलिभार र तेस्रो विश्वको अरू कुनै देशको मुद्रामाथि समस्या आइलाग्दा को आउँछ सहायता गर्न ? त्यसलाई कसले भरथेग गर्छ ?

त्यसैले विश्वव्यापी राजनीतिक वा आर्थिक जनतन्त्र भन्ने चीज छँदैछैन । सच्चा राष्ट्रिय जनतन्त्र भन्ने चीज छँदैछैन – राजनीतिक वा आर्थिक जनतन्त्र छैन र समानता छैन ।

सबै बुर्ज्वा पूँजीवादी समाजहरू फ्रान्सेली क्रान्तिको विचारधाराको उदय भएपछि स्थापित भएका हुन् । मार्क्सवादीहरूले तथा मार्क्स स्वयंले सधैं भनेझैं सामन्ती शासनतन्त्रको दाँजोमा त्यो कुरा अघिल्तिरको लामो पाइलो थियो । त्यस क्रान्तिले स्वतन्त्रता, समानता र भ्रातृत्वसम्बन्धी मूलभूत सिद्धान्तहरूको घोषणा गर्‍यो । हैन, ती वर्ग समाजहरूमा कस्तो साँचीको स्वतन्त्रता हुनसक्छ ? गरीबहरू र सारा अधिकारबाट च्यूत गरिएकाहरूले कस्तो स्वतन्त्रता पाउँछन् ? वर्ग समाजमा कस्तो समानता र भ्रातृत्व हुनसक्छ ?

पूँजीवादी समाज जनतान्त्रिक हुन सक्दैन किनकि त्यो समाज त बर्बर संघर्ष, जनतामाझ समानता तथा भ्रातृत्वको अभावको सर्वोच्च अभिव्यक्ति हो । त्यसकारण म पूँजीवादी व्यवस्थाभित्र जनतन्त्रको परिकल्पना गर्न सक्दिनँ । म त समाजवादी व्यवस्थाभित्र मात्र जनतन्त्रको परिकल्पना गर्न सक्छु, जुन व्यवस्थाको स्वरूप देशविशेषका अवस्थाहरू सुहाउँदिलो हुने गरी एक वा अर्को खालको हुनसक्छ । जुन संसारमा साँच्ची नै शान्तिको राज चल्छ त्यो न्यायपूर्ण समाजमा जनतन्त्रले अभिव्यक्तिका बढी स्वरूपहरू ग्रहण गर्नसक्छ । जुन संसारमा सबभन्दा शक्तिशाली साम्राज्यवादी शक्तिको प्रभुत्वको राज चल्छ र जनताको सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता तथा स्वाधीनतालाई ध्वाँस दिइन्छ त्यहाँ जनतन्त्रले अभिव्यक्तिका बढी स्वरूपहरू ग्रहण गर्न सक्दैन ।

हामीले जनतन्त्रको अभिव्यक्तिको हाम्रो स्वरूप फेला पारेका छौं, र यो स्वरूप हाम्रा अवस्थाहरूमा आदर्श रूपले सुहाउँदिलो छ भन्ने हामीलाई लागेको छ । तीस वर्षभन्दा बढी समयदेखि यसको प्रभावकारिताको प्रदर्शन भएको छ, र मलाई के लाग्छ भने जनता राजनीतिक दृष्टिले जागरूक र एकताबद्ध नभएका भए अथवा जनता हजार टुक्रामा छिन्नभिन्न भएका भए अरू कुनै देश पनि नाकाबन्दी, ध्वाँस, अतिक्रमणकारी कार्य र समाजवादी शिविरलाई ढाल्ने भयङ्कर प्रहारहरू र सोभियत संघको विलोपजस्ता घटनाहरूको सामु यति दरिलो भएर खडा रहन सक्ने थिएन । त्यसकारण, हाम्रालागि मुख्य चीज एकता हो ।

यस कुराले मार्क्सवादी सिद्धान्तसँग पनि मेल खान्छ किनकि मार्टीले क्रान्ति गर्नको निमित्त पार्टी निर्माण गरे । हामीसँग पनि क्रान्तिको प्रतिरक्षा गर्ने पार्टी छ ।

सामान्य शब्दावलीमा मैले यहाँलाई बताउन सक्ने कुरा यही नै हो । म निम्नानुसार यस कुराको सार खिचन सक्छु : पूँजीवादभित्र सच्चा जनतन्त्र हुनै सक्दैन, जनतन्त्र त समाजवादभित्र मात्र हुनसक्छ ।

**टोमास बोर्गः** *के पूर्वी युरोपका देशहरू यही कारणले अर्थात त्यहाँ जनतन्त्र नहुनाको कारणले गर्दा*

*ढलेका हुन् त ?*

**फिडेल क्यास्त्रोः** पूर्वी युरोपका देशहरू मूलतः कृत्रिम ढङ्गले सिर्जना गरिएका थिए । तिनीहरू क्रान्तिकारी परिवर्तनका उपज थिएनन् । तर पनि मलाई लाग्छ, युरोपेली समाजवादी देशहरूमा कैयौं अधिकारहरूको ग्यार्यान्टी गरिएको थियो, जुन अधिकारहरूको ग्यारेन्टी पश्चिमा पूँजीवादी देशहरूमा गरिएको छैन । मलाई के लाग्छ भने तिनीहरूका सारा कम्जोरीहरूका बाबजूद युरोपेली समाजवादी देशहरूमा त्यस्ता एक हजार पक्षहरू थिए, जुन पक्षहरू विश्वका अन्य भागहरूमा हामीले देखे-जानेका कुराहरूभन्दा निकै नै बढी मानवीय थिए ।

युरोपेली समाजवादी देशहरू पतन हुनाको मुख्य कारण त्यहाँ सच्चा क्रान्ति नहुनु नै हो । त्यस बाहेक, मेरो दृष्टिमा, नेतृत्व तहमा असंख्य गल्तीहरू भएका थिए, र नेताहरू र जनसमूहमाझ, नेता र जनतामाझ अजङ्ग ठूला खाडलहरू थिए – त्यसो हुनाको कारण कि त राजनीतिक नेताहरूले कहिल्यै पनि जनतासँग नङ-मासुको सम्बन्ध कायम राख्ने कुराको चाँजो मिलाउन सकेनन् अथवा कुनै एक समयमा कायम भएको त्यस्तो सम्बन्ध तिनले गुमाए ।

ती प्रक्रियाहरू विचारधारात्मक कमजोरीहरू तथा उपेक्षाको पनि शिकार भए, विकासलाई बढावा दिने पूँजीवादी संयन्त्रहरूको प्रयोगको पनि शिकार भए । यस कुराको व्याख्या गर्न लामो समय लाग्ला । क्रान्तिका प्रथम केही वर्षहरूमा चे ग्वेभाराले यस विषयमा सोचविचार गर्नुभयो र उहाँले ती संयन्त्रहरूको प्रयोग गर्ने कुराको दृढतासाथ विरोध गर्नुभयो । उपभोक्ता समाजहरूलाई आदर्शीकरण गरिनु र उपभोग नै झण्डैजसो प्रमुख लक्ष्य बन्नुमा यस कुराको निकै नै हात रहेको हो, उनीहरू आफ्नो क्रान्ति, आफ्ना राजनीतिक मानकहरू र सिद्धान्तहरूबाट पन्छिए र उनीहरूले उपभोगलाई नै व्यवहारतः समाजको प्रमुख उद्देश्य बनाए ।


टोमास, तपाईंलाई एकदमै राम्ररी थाहा छ, अमेरिकी अतिक्रमण तथा नाकाबन्दीको शिकार भई सान्दानिस्टाले जुन बेला संकष्ट झेल्नु परेको थियो, त्यो बेला यीमध्ये धेरैजसो देशहरूले निकारागुआप्रति थोरै मात्र अन्तर्राष्ट्रिय ऐक्यबद्धता प्रकट गर्ने वा थोरै मात्र त्याग गर्ने तत्परता पनि देखाएनन् । भनाइको अर्थ के हो भने तिनीहरूको अन्तर्राष्ट्रिय जागरूकता तथा भावना लोप भइसकेको थियो । मार्क्सवादी-लेनिनवादी सोचाइका र समग्र क्रान्तिकारी सोचाइका सबभन्दा बढी प्रेरक तत्वहरूमध्ये एक तत्वको रूपमा रहेको अरू मानिसहरूप्रतिको ऐक्यबद्धताको भावना उनीहरूमा लोप भइसकेको थियो ।

ठूलो सामाजिक असमानता देखापर्‍यो र त्यो हुर्कियो । उपभोक्ता समाजहरू र विज्ञापनबाजी मार्फत पर्न गएको पश्चिमको विचारधारात्मक प्रभाव झन्झन् बढेर गयो । यी विभिन्न तत्वहरूको योगले ती समाजहरूलाई कमजोर तुल्याउँदै र अन्तर्ध्वंश गर्दै लग्यो र नतिजा स्वरूप साम्राज्यवादको निमित्त भित्रैबाट जरा उधिन्दै आफ्नो लक्ष्य प्राप्त गर्ने अवस्थाहरूको सिर्जना गर्‍यो, जुन साम्राज्यवादको स्पष्ट रणनीति थियो । यहाँनेर ध्यान दिन लायकको कुरा के हो भने साम्राज्यवादले समाजवादी देशहरूप्रति भेद नीति अँगाल्यो, अर्थात यी कुराहरूलाई स्वीकार गर्ने र खास विशेषता भएका देशहरूलाई मद्दत गर्ने नीति अँगाल्यो । अन्तर्ध्वंशको बाटो गरी समाजलाई कमजोर तुल्याउने यस कार्यले संयुक्त राज्य अमेरिका र बाँकी पश्चिमको समाजवादी शिविरलाई ध्वस्त पार्ने षड्यन्त्रलाई सुगम तुल्यायो ।

जुन कुराले युरोपेली समाजवादी देशहरूलाई नष्ट-भ्रष्ट पार्‍यो, त्यो जनतन्त्रको अभाव नभई क्रान्तिकारी सजगता, क्रान्तिकारी सिद्धान्तहरू तथा क्रान्तिकारी पद्धतिहरूको अभाव नै थियो । मलाई यस्तै लाग्छ ।

विश्वमा जनतन्त्रको अभाव हुनु नै सामाजिक परिवर्तनको प्रस्तावना हुँदो हो त पूँजीवाद पहिले नै लोप भइसक्थ्यो, किनकि पूँजीवाद त शक्ति र दमनको आधारमा विकसित भएको न हो । यसले अझै पनि ती

> *क्रान्ति विजयी भएदेखि यताका ३० वर्षमा हामीकहाँ सेना र प्रहरीको सहाराले विद्यार्थी, मजदुर र अरुहरुलाई दमन गर्नेजस्ता घटना कहिल्यै पनि घटेका छैनन् ।*



साधनहरू प्रयोग गर्ने गरेको छः विद्यार्थीहरू विरोध प्रदर्शन गर्न सडकमा उत्रिंदा विशेष प्रहरी बलले अश्रु ग्यास र दङ्गाकारी ढालहरूको प्रयोग गरी तिनलाई दबाउने गर्छ, मजदुरहरूले हडतालमा उत्रेर विरोध प्रदर्शन गर्दा प्रहरीले तिनलाई दमन गर्छ, र कङ्गाल बस्तीका बासिन्दाहरूले हालै बेलायतमा गरेझैं गरी हडतालको घोषणा गर्दा प्रहरीले तिनलाई पनि दमन गर्छ । मैले तेस्रो विश्वका देशहरूको कुरा गरेको होइन , यो कुरा त युरोपेली देशहरूकै हो । त्यहाँ प्रहरीले विद्यार्थी मजदुर र अरू नागरिकहरूमाथि दमनचक्र चलाएका समाचारहरू आइरहन्छन् ।

पूँजीवादी शासनतन्त्रलाई शक्तिको आधारमा, अति परिष्कृत तथा सुसंगठित शक्तिको आधारमा कायम गरिन्छ । त्यसले सामाजिक परिवर्तनलाई रोक्नका लागि मात्र होइन, जन विरोधहरूलाई दमन गर्नका लागि पनि शक्ति प्रयोग गर्दछ ।

क्रान्ति विजयी भएदेखि यताका ३० वर्षमा हामीकहाँ सेना र प्रहरीको सहाराले विद्यार्थी, मजदुर र अरूहरूलाई दमन गर्नेजस्ता घटना कहिल्यै पनि घटेका छैनन् । क्रान्ति भएदेखि यता क्यूबामा कहिल्यै पनि त्यसो भएको छैन किनकि हाम्रो देशमा हामीले सरकार र जनताको बीचमा एकता, एकात्मकताको भावना र ज्यादै घनिष्ट सम्बन्ध हासिल गरेका छौं ।

हैन, यो कुरा यहाँ कसरी सम्भव भएको हो र उधुमसँग प्रचारबाजी गरिने गरेका युरोपेली जनतन्त्रहरूमा चाहिं किन सम्भव नभएको हो ? ती देशहरूमा किन जनता विरूद्ध निरन्तर रूपमा बख्तरबन्द गाडीहरूमा चढेका प्रहरी, गोली हान्न प्रयोग गरिने घोडा, अश्रु ग्यास तथा कुकुरहरूको प्रयोग गर्ने गरिएको हो ? दिनदिनैजसो यस्ता घटना घटेका समाचारहरू आइरहन्छन् । तर क्रान्ति भएदेखि यता हाम्रो देशमा चाहिं किन एक पटकसम्म पनि यस्ता घटना नघटेका हुन् ? यी दुईथरि व्यवस्थामध्ये कुनमा बढी भ्रातृत्व, एकता र ऐक्यबद्धता छ ? यी दुईथरि व्यवस्थामध्ये व्यवस्थालाई चालू राख्ने कार्यमा कुनमा बढी हिंसाको प्रयोग गरिन्छ ?

यस समस्यालाई सबै कोणबाट विश्लेषण गर्दा तपाईंले के कुरा चाल पाउनु हुनेछ भने तिनले जे चीजलाई जनतन्त्र भन्ने गरेका

छन्, तपाई त्यसलाई जनतन्त्र भन्न सक्नुहुन्न । मैले भनिसकेको छु, जनतन्त्रको अभाव हुनु नै सरकार पतन हुनाको कारण हुँदो हो त पूँजीवादी व्यवस्था निकै अघि पतन भइसक्थ्यो ।

**टोमास बोर्गः** *विभिन्न संचार माध्यमहरूमा, प्रगतिशील पार्टीहरूका नेताहरूले समेत पनि, क्यूबामा जनतन्त्रलाई व्यापक बनाउनु आवश्यक भएको कुराको चर्चा गरको पाइन्छ । जहाँसम्म मैले बुझेको छु, उनीहरूले मुख्यतः सरकारसँग मतभिन्नता राख्ने मानिसहरूलाई संगठित हुने र अभिव्यक्तिको आफ्नै माध्यम निर्माण गर्न पाउने सम्भावना प्रदान गरिनु पर्ने कुरातर्फ संकेत गरेझैं लाग्छ ।*

**फिडेल क्यास्त्रोः** हेर्नोस् टोमास, कसैले पनि इन्कार गर्न नसक्ने एउटा कुरा के हो भने समाजवादी देशहरूको बर्बादीको नतिजास्वरूप आइलागेको राजनीतिक-विचारधारात्मक मुक्काको कारण अन्तर्राष्ट्रिय प्रगतिवादी आन्दोलनमा निकै नै अन्यौल व्याप्त भएको छ । अर्को कुरा, एकताक मार्क्सवादी-लेनिनवादी विचारहरू, वाम विचारहरू वा यस्तै अरू कुराप्रति सहानुभूति राखे बापत पागलझैं भएर कतिपय मानिसहरू पछि हट्ने कोशिशमा लागेका हुँदा प्रगतिवादी आन्दोलनमा निकै ठूलो मात्रामा अवसरवाद देखा परेको छ । यी सारा कुराहरू ठीक यही बेला भइरहेका छन् । साम्राज्यवादी प्रचारबाजीका साथसाथै क्रान्तिकारी आन्दोलनमा हालसालै आइलागेका धक्काहरूले ठूलो अन्यौलको सिर्जना गरेका छन् ।

> हामी हाम्राभन्दा भिन्न विचार अँगाल्ने मानिसहरूको विरोधमा छैनौं । क्यूबामा मुख्य कुरा भनेको राष्ट्र अर्थात क्यूबाली जनता र साम्राज्यवादबीचको संघर्ष नै हो ।

अझ अर्को कुरा, हाम्रो देशमा जनतन्त्रले के कसरी कार्य गर्छ, हाम्रो सरकारले के कसरी कार्य गर्छ, संविधानमा के कस्ता सिद्धान्तहरू लिपिबद्ध भएका छन्, हाम्रो देशमा चुनाव के कसरी चल्छ र उम्मेदवारहरू कसरी चुनिन्छन् अर्थात मानिसहरू कसरी मनोनित हुन्छन्, तिनलाई कसले मनोनित गर्छन् र हाम्रो देशका प्रतिनिधिहरू कसले चुन्छन् भन्ने कुरा थुप्रै मानिसलाई थाहा छैन । हाम्रो देशको जनतन्त्र र यहाँका जनतान्त्रिक संस्थाहरूबारे निकै नै अनभिज्ञता छ ।

म हाम्रो जनतन्त्र परिपूर्ण छ भन्न लागेको होइन । म त्यस्तो दावी गर्न सक्दिनँ । न त वर्तमान स्थितिमा हामी आदर्शवादी गल्ती गर्न नै सक्छौं, जसबाट झन् ठूला ध्वाँसहरू, झन् ठूला जोखिमहरू र पहिले झेल्नु परेकाभन्दा झन् खराब कठिनाइहरू पैदा हुन्छन् । परिस्थितिहरू आदर्श खालका छन् भन्ने बहाना गर्दै र वर्तमान परिस्थितिहरूमा लागू गर्न नसकिने खालका नेतृत्व तथा राजनीतिक संगठनहरूका आदर्श स्वरूपहरूको सपना देख्दै हामी हाम्रो देशको स्वाधीनता र सुरक्षा वा क्रान्तिसँग खेलबाड गर्नेवाला छैनौं । तथापि, हामी हाम्रो राजनीतिक व्यवस्था तथा जनतन्त्रमा सुधार गर्नको निमित्त ठूलो प्रयास गरिरहेका छौं ।

हामी हाम्राभन्दा भिन्न विचार अँगाल्ने मानिसहरूको विरोधमा छैनौं । क्यूबामा मुख्य कुरा भनेको राष्ट्र अर्थात क्यूबाली जनता र साम्राज्यवादबीचको संघर्ष नै हो । यहाँ कुनै तेस्रो दृष्टिकोण छैन – तपाईं कि त क्रान्तिको पक्षमा हुनुहुन्छ कि त त्यसको विरोधमा हुनुहुन्छ । यहाँ कोही पनि तटस्थ छैन । हामी हाम्रा जनतामाझ प्रतिक्रियावादी, प्रति-क्रान्तिकारी, साम्राज्यवादी विचारहरू फिंजाउने छूट दिंदैनौं किनकि हामी साम्राज्यवादलाई मद्दत गर्ने वा साम्राज्यवादी अतिक्रमणकारी कार्यहरूलाई सुगम तुल्याउने अवस्थाहरूको सिर्जना गर्न सघाउन पुऱ्याउनेवाला छैनौं ।

हाम्रो देश विरूद्धको आर्थिक नाकाबन्दी, संयुक्त राज्य अमेरिकाका ध्वाँस र आक्रमणहरू, क्यूबा विरोधी अभियानहरू र क्यूबा विरूद्धको युद्धको अन्त्य होस्, अनि त्यसपछिका भिन्न अवस्थाहरूमा हामी हाम्रो देशको निमित्त भिन्दै राजनीतिक सूत्रहरूको खोजी गर्न पनि सकौंला । तर निर्णायक लडाइँको बीचमा, जीवन-मरणको लडाइँको बीचमा हामी यो कार्य गर्न सक्दैनौं, जुन लडाइँमा हामी हाम्रो देशका तथा जनताका शत्रुहरूका, क्रान्ति तथा हाम्रो देशको स्वाधीनताका शत्रुहरूका विचारहरूसँग टक्कर लिइरहेका छौं । यतिखेर क्रान्तिको अस्तित्व मात्र होइन, क्यूबाली राष्ट्रको अस्तित्व समेत पनि खतरामा छ । हामी क्रान्ति तथा हाम्रो देशलाई ध्वस्त पार्न चाहनेहरूलाई अभिव्यक्तिका माध्यमहरू दिने हदसम्म मूर्ख बन्नेवाला छैनौं । हामी यस कुरालाई यसरी हेर्छौं । यहाँ प्रतिक्रान्तिकारीहरूका लागि कुनै आम संचार माध्यम हुनेछैन, किनकि हाम्रो देशका आम संचार माध्यमहरू जनताका हुन् र ती जनताको सेवामै

## क्यूबाः एक संक्षिप्त परिचय

जनसंख्या : १ करोड १० लाख
क्षेत्रफल : १,१०९२२ कि.मि.
राजधानी : हवाना (२० लाख जनसंख्या)

### *राष्ट्र संरचना :*

◆ १४ वटा प्रान्तहरु र एउटा विशेष नगरपालिका मिलेर बनेको
◆ १४ वटा प्रान्तहरु चाहिं १६९ वटा नगरपालिकामा विभाजित
◆ स्पेनीश, अफ्रिकन, एण्टीलियन र एशियाली मूलका मान्छेहरु मिलेर बनेको राष्ट्र
◆ शहर - ७७% र गाउँ २३%
सरकारी भाषा : स्पेनीश
धर्म : राज्य धर्म छैन । क्याथोलिक, सण्टेरिया धर्म, प्रकृति पूजकहरु रहेको । बहुसंख्यक जनता प्रकृतिपूजक ।

### *राज्य व्यवस्था : समाजवादी गणतन्त्र*

◆ राष्ट्रिय सभा National Assembly सरकारको सर्वोच्च अंग
◆ राष्ट्रपति, पहिलो उप-राष्ट्रपति, ५ जना सहायक राष्ट्रपतिहरु, एकजना सचिव र २३ जना सदस्यहरु राष्ट्रिय सभाबाट निर्वाचित हुने । राष्ट्रियसभा हरेक ५ वर्षमा जनताको प्रत्यक्ष र गोप्य मतदानबाट निर्वाचित हुने
◆ नगरपालिकाको चुनाव हरेक २ वर्षको एकचोटि हुने
◆ प्रान्तीय चुनावहरु ५ वर्षको एकचोटि हुने
◆ चुनिएका प्रत्येक जनप्रतिनिधिलाई चुन्ने जनताले कुनै पनि बेला फिर्ता बोलाउन सक्ने
◆ हरेक २० हजार जनतामा एक जना राष्ट्रियसभाको सदस्य निर्वाचित हुने
◆ हरेक १० हजार जनतामा एक जना प्रान्तीयसभाको सदस्य निर्वाचित हुने र कुनै प्रान्तको जनसंख्या १५ लाखभन्दा ज्यादा छ भने हरेक १५ हजार जनसंख्याको एक जना प्रान्तीयसभाको सदस्य निर्वाचित हुने
◆ राष्ट्रियसभा : ६०१ सदस्यीय
◆ प्रान्तीयसभा : कम्तीमा ७५ सदस्यीय
◆ क्युबाको राष्ट्रपति र राज्यपरिषद चुनिने ढंग स्वीट्जरल्याण्डको जस्तो छ, जहाँ राष्ट्रपति र संघीय परिषद सिधै संसदबाट चुनिन्छ
◆ क्युबामा : सर्वोच्च अदालत र महान्यायधिवक्ता पनि राष्ट्रिय सभाद्वारा नै चुनिन्छ
◆ क्युबामा करिब ९८% जनता मतदानमा सरिक हुन्छन्

### *अर्थव्यवस्था :*

◆ १९९० अघिसम्म, समाजवादी खेमा नढल्दासम्म, क्यूबाको ८५% व्यापार समाजवादी खेमासँग हुन्थ्यो । क्युबाको ६३% चिनी, ७३% निकेल र ९५% फलफूल-समाजवादी खेमामा निर्यात हुन्थ्यो । क्युबाले ६३% खाद्यान्न, ८६% कच्चा पदार्थ, ९७% इन्धन र ८० प्रतिशत मेशीनरी र पाटपूर्जा समाजवादी खेमाबाट आयात गर्थ्यो ।
◆ समाजवादी खेमा ढलेपछि - १९९० देखि १९९४ सम्ममा क्युबाको अर्थतन्त्रमा ३५ देखि ४५ प्रतिशतसम्म ह्रास आयो ।
◆ १९९८ मा क्युबाको आर्थिक बृद्धिदर ३% रहेको छ । अर्थतन्त्रमा आएको ह्रास खत्तम भएको छ ।

### *क्यूबाको मुख्य आयस्रोत :*

❑ चिनी निर्यात - पहिलो
❑ पर्यटन -दोश्रो
❑ ओखती र बायो टेक्नोलोजी - तेश्रो
◆ समाजवादी खेमा ढलेपछि क्युबाले
-खासखास क्षेत्रमा विदेशी लगानी भित्र्याउने नीति अख्तियार गरेको छ
-कृषिमा सहकारीकरण गरेको छ
-क्युबाभित्र पनि डलरको स्वतन्त्र विनिमय हुनसक्ने गराएको छ
-स्व-रोजगारी पनि गर्न सक्ने छूट दिएको छ ।

❑❑

स्रोतहरु : - News from cuba, cuban Embassy, New Delhi, - Instituto cubano De Amistad con Los Pueblos द्वारा प्रकाशित 'Cuba' शीर्षकको पुस्तिका ◆ UNDP, Human Development Report ◆ World Bank




*क्यूबाली किसानहरूको सहकारी पसल (दायाँ) र क. फिडेल क्यास्त्रो (बायाँ)*

समर्पित छन्, ती कहिल्यै पनि प्रतिक्रान्ति र साम्राज्यवादको सेवामा अर्पित हुने छैनन् ।

नाकाबन्दी र त्यस्ता अरू कुराहरूको अन्त भएमा हामी सिद्धान्त र व्यवहार दुबै स्तरमा हाम्रो देशको लागि राजनीतिक नेतृत्वको अर्को स्वरूपबारे सोचविचार गर्न सक्नेछौं । तर बुर्जा जनतन्त्रसँग त्यसको कुनै साइनो हुनेछैन किनकि सच्चा जनतन्त्र भनेको जनताको, जनताद्वारा र जनताको लागि कायम हुने सरकार हो – त्यस्तो सरकार जसमा सबै जनता सहभागी हुन्छन् ।

क्यूबामा सरकार र जनतामाझ जति गहिरो एकात्मक सम्बन्ध छ त्यस्तो अन्त कहीं पनि छैन । हाम्रा जनता भन्न सक्छन्, "म राज्य हुँ" किनकि हाम्रा जनताका हातमा राज्यसत्ता छ – जनताका हातमा आफ्ना हितहरूको प्रतिरक्षा गर्ने हतियारहरू छन् । हाम्रा जनता सशस्त्र छन् । हाम्रो अस्तित्व कायमै छ किनकि हामीले आफ्नो प्रतिरक्षा गरेका छौं ।

इतिहासभरि जतातत्तै सरकार शक्तिको प्रतिमूर्त्ति रहिआएको छ । अहिले क्यूबाली सरकार जन-शक्तिको प्रतिमूर्त्ति भएको छ, र जनता साँच्ची नै बलवान् छन् । त्यो शक्ति नभएको भए क्यूबाली सरकारको के गति हुन्थ्यो होला ? जनता सशस्त्र नभएका भए क्यूबाली सरकारको के गति हुन्थ्यो होला ? त्यसो भएको भए यसको अस्तित्व बिलाएर जान्थ्यो ।

हामी जनतन्त्रका कुरा गरिरहेका छौं, त्यसैले हामी एउटा चुनौती जारी गर्छौं । हाम्रो देशमा धकार मात्र होइन, हतियार भिर्ने अधिकार पनि छः किसान, मजदू र र विद्यार्थीहरू सबैलाई हतियार भिर्ने अधिकार छ । युरोपमा कुनै चीजको माग गर्दा वा कुनै चीजको निम्ति परिचालित हुँदा निरन्तर रूपमा दमन गरिने गरेका मजदुर, विद्यार्थी तथा अन्य क्षेत्रका मानिसहरूलाई सशस्त्र तुल्याइयो भने के होला ? शोषक र शोषितहरू भएका यी कुनै पनि समाजहरूमा जनतालाई सशस्त्र तुल्याइयो भने के होला ? त्यसैले मैले हाम्रो देशमाझैं संसारमा अन्त कतै पनि जनता र सरकारका बीचमा यति गहिरो एकात्मक सम्बन्ध छैन भनेर भनेको हुँ । मलाई लाग्छ, जनतन्त्रको सारको र जनतन्त्रको अस्तित्व न्यायपूर्ण समाजवादी व्यवस्थामा मात्र हुनसक्छ भन्ने कुराको यो टड्कारो प्रमाण हो ।

> हाम्रा जनता भन्न सक्छन्, "म राज्य हुँ" किनकि हाम्रा जनताका हातमा राज्यसत्ता छ – जनताका हातमा आफ्ना हितहरूको प्रतिरक्षा गर्ने हतियारहरू छन् । हाम्रा जनता सशस्त्र छन् ।

**टोमास बोर्गः** *मानिसहरू नयाँ कुराको खोजी र प्रतिरक्षाबीचको अन्तर्विरोधको चर्चा गर्छन् नि.....*

**फिडेल क्यास्त्रोः** के अन्तर्विरोध रे, टोमास ?

**टोमास बोर्गः** *तपाईंको देशको प्रतिरक्षा कार्यलाई खतरामा नपारीकन परिवर्तनहरू र नयाँ कुराको खोजी गर्ने । कार्यहरू कहाँसम्म चल्न सक्छन् ? तपाईं केही परिवर्तनहरूको कुरा गर्दै हुनुहुन्थ्यो, हैन र ?*

**फिडेल क्यास्त्रोः** हो, हामी जनसत्तामा सुधार गर्दैछौं ।

**टोमास बोर्गः** *तपाईंहरू त्यस दिशातर्फ के कस्ता प्रयासहरू गरिरहनु भएको छ ?*

**फिडेल कास्त्रोः** हामीले सिर्जना गरेका कतिपय चीजहरू निकै नै उन्नत छन्, त्यसकारण हामी तिनलाई छुँदैनौं । हामी जनसत्तामा सुधार गर्दैछौं । उदाहरणको लागि, हामीले हवानामा ९३ वटा जनपरिषद्हरू निर्माण गरेका छौं ।

हवानामा १५ वटा नगरपालिकाहरू छन् । यो २१ लाख जनसंख्या भएको शहर हो । हामीले नगरपालिकाहरूमा भन्दा पनि जनआधारको नजिकका स्तरहरूमा जन परिषद्हरू निर्माण गरेका छौं र ती परिषद्हरू प्रत्येक निर्वाचन क्षेत्रका प्रतिनिधिहरूबाट बनेका छन् । यी जन परिषद्हरूका हातमा अजङ्ग ठूलो अधिकार छ । यिनका सदस्यहरू जनताले प्रत्यक्ष रूपबाट मनोनित गरेका वा चुनिएका प्रतिनिधिहरू हुन्छन्, र यिनमा जन संगठनहरू, प्रमुख उत्पादन केन्द्रहरू तथा सेवा सम्बन्धी एकाइहरू सहभागी हुन्छन् । जन परिषद्को प्रमुखले जनता, नगरपालिका सरकारको साथै प्रान्तीय तथा केन्द्रीय सरकारको प्रतिनिधित्व गर्दछ । यी परिषद्हरूका हातमा ज्यादै ठूला अधिकारहरू रहेका छन् र यी परिषद्हरू शहर र अन्य इलाकाहरूका औद्योगिक तथा व्यापारिक क्षेत्रहरूसँग नङ-मासुझैं गाँसिएका छन्, जुन क्षेत्रहरूमा सेवाहरू उपलब्ध गराइन्छन् । यो हाम्रो व्यवस्थामा सुधार गर्ने प्रक्रियामा सिर्जना भएको नयाँ संस्था हो ।

सरकारी सत्ताको सबभन्दा महत्वपूर्ण निकायको रूपमा रहेको राष्ट्रिय सभाका डेपुटीहरूको निर्वाचन प्रत्यक्ष रूपबाट गराउनु नै हामीले चाल्न लागेको मुख्य कदम हो ।

अहिलेसम्म प्रयोग गरिएको पद्धति जनतान्त्रिक थिएन भन्ने होइन, तर त्यो अप्रत्यक्ष निर्वाचन पद्धति थियो, जसअन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रका नागरिकहरूले जनसत्ताका नगरपालिका सभाहरूका प्रतिनिधिहरू चुन्दथे, अनि त्यसरी चुनिएका प्रतिनिधिहरूले जनसत्ताका प्रान्तीय सभाका प्रतिनिधिहरू चुन्दथे र ती प्रतिनिधिहरूले चाहिं जनसत्ताको राष्ट्रिय सभाका प्रतिनिधिहरू चुन्दथे । अहिले आएर यस पद्धतिमा हेरफेर गरिएको छ, जसअनुसार जनताले प्रत्यक्ष रूपबाट प्रान्तीय सभाहरूका सदस्यहरू र राष्ट्रिय सभाका डेपुटीहरू चुन्दछन् । यसबाट हाम्रो जनसत्ताको प्रणालीमा सुधार भएको छ ।

**टोमास बोर्गः** *के कम्युनिष्ट पार्टीको सदस्य नभएका मानिसहरू उम्मेदवार बन्न पाउँछन् ?*

**फिडेल क्यास्त्रोः** हजुर, अवश्य । धेरैजसो प्रतिनिधिहरू पार्टी सदस्य छैनन् । हाम्रो मनोनयन प्रणालीबारे क्यूबा बाहिरका धेरै मानिसहरू परिचित छैनन् । मनोनयन कसले गर्छ ? पार्टीले गर्दैन ।

यो बहुदलीय व्यवस्थाको भन्दा कता हो कता बढी जनतान्त्रिक पद्धति हो, किनकि निर्वाचन क्षेत्रका खास-खास इलाकामा बसोबास गर्ने सबै नागरिकहरूले उम्मेदवारहरू मनोनयन गर्छन् अनि दुईजनादेखि आठजनासम्मका उम्मेदवार मध्येबाट एकजना प्रतिनिधि चुनिन्छन् ।

प्रत्येक निर्वाचन क्षेत्रका मानिसहरूले सभा बसेर भन्छन्, "हामीलाई के लागेको छ भने फलाना-फलाना गुणहरू र विशेषताहरू भएको हुनाले श्री जो ब्लो यस निर्वाचन क्षेत्रका प्रतिनिधि हुनुपर्छ र यस

## गएको ४० बर्षमैं क्यूबाले हासिल गरेका अचम्म लाग्दा उपलब्धिहरू

**शिक्षा क्षेत्र**

-क्रान्तिको ५ बर्षभित्रै निरक्षरताको पूर्ण उन्मूलन

-शहर गाउँ-सवै क्षेत्रमा-निःशुल्क

**स्वास्थ्यसेवा**

स्वास्थ्यसेवा नपुगेको ठाउँ नै नभएको देश

◆ विश्वमै सबैभन्दा ज्यादा प्रतिनागरिक-प्राफेसर र शिक्षक भएको देश-क्यूबा

**◆ संसदमा महिला सांसद**

| अमेरिकी | क्यूबा |
|---|---|
| ११.२ % | २७.६% |

**◆ शिशु मृत्युदर**

(प्रतिहजार शिशु जन्ममा)

| अमेरिकाको | क्यूबा |
|---|---|
| १९९७ मा | १९९७ मा |
| ७ | ७ |

**◆ सरदर आयु अपेक्षा**

| अमेरिका | क्युवा |
|---|---|
| ९६ | ७५.७ |

*स्रोत Human Development Report, 1998,1995, News from cuba, राजदूतावास नयाँ दिल्ली , World Bank*

## संपूर्ण अमेरिकी महाद्वीपमा क्यूबाको स्वास्थ्य स्थिति कति उँचा छ ?

शिशु मृत्युदरप्रति १००० जीवित शिशु जन्ममा

| | १८८० | १८८७ |
|---|---|---|
| क्यानाडा | १० | ६ |
| संयुक्त राज्य अमेरिका | १३ | ७ |
| क्यूबा | २० | ७ |
| चिली | ३२ | ११ |
| भेनेजुयला | ३६ | २१ |
| अर्जेण्टिना | ३५ | २२ |
| कोलम्बिया | ४१ | २४ |
| मेक्सीको | ५१ | ३१ |
| ब्राजिल | ७० | ३४ |
| पेरू | ८० | ४० |

*स्रोत : विश्व बैंक*


निर्वाचन क्षेत्रको प्रतिनिधिका रूपमा उनलाई चुन्नुपर्छ ।" यस्तो सरसल्लाह गरेपछि तिनले उसलाई मनोनित गर्छन् ।

तिमी पार्टी सदस्य हौ कि होइनौ भनेर कसैले कसैलाई सोध्दैन, यस प्रक्रियामा पार्टीले हस्तक्षेप गर्न पाउँदैन । निर्वाचन क्षेत्रको प्रतिनिधिका रूपमा मनोनित भएको कुनै पनि मानिसको विरोधमा पार्टीले राजनीतिक अभियान छेड्न मिल्दैन । कसलाई मनोनित गर्ने हो भनी रोज्ने कार्यमा पार्टी सहभागी बन्दैन । मनोनयन गर्ने काम पार्टीले होइन जनताले नै गर्दछन्, र निर्वाचन क्षेत्रबाट ५० प्रतिशतभन्दा बढी मत पाउने प्रतिनिधि उम्मेदवार बन्दछ । उम्मेदवारहरू धेरैजना छन् र कसैले पनि ५० प्रतिशत मत पाएन भने सबभन्दा धेरै मत पाउने दुईजनाका बीचमा फेरि चुनाव हुन्छ । निर्वाचन क्षेत्रबाट हाम्रा प्रतिनिधिहरू यसरी नै चुनिन्छन् ।

यो एकदमै जनतान्त्रिक प्रणाली हो – बहुदलीय व्यवस्था अन्तर्गतको प्रणालीभन्दा धेरै नै जनतान्त्रिक प्रणाली हो, किनभने बहुदलीय व्यवस्थामा उम्मेदवारहरूको मनोनयन जनताले होइन, पार्टीले गर्ने गर्छन्, र तिनले उम्मेदवारहरूको सूचीमा सबभन्दा माथि तिनै मानिसका नाउँ राख्छन्, जसले जित्ने कुरा पक्कापक्की हुन्छ । यस प्रकार प्रतिनिधि आदि चुन्ने काम जनताले होइन पार्टीले गर्छन् किनकि पार्टीले उम्मेदवारहरू मनोनित गर्छ र उम्मेदवारहरूको सूची तयार पार्छ, जसले गर्दा कुन निर्वाचन क्षेत्रको प्रतिनिधि को हुने हो भन्ने कुरा प्रायः गणितीय तरिकाबाट पहिले नै लख काट्न सकिन्छ ।

हाम्रो हकमा भने पार्टी वा पार्टीहरूले होइन, जनताले नै उम्मेदवारहरू मनोनित गर्छन् र विजेतालाई चुन्छन् । हैन, अर्को कुन देशको प्रणाली यस्तो वा योभन्दा बढी जनतान्त्रिक छ ?

अर्को कुरा, संविधानमा सुधार गरेपछि हामीले राष्ट्रिय सभाका डेपुटीका लागि सोझै उम्मेदवार भएका मानिसहरूलाई चुन्नुभन्दा जनताले निर्वाचन क्षेत्रबाट मनोनित गरेका र चुनेका प्रतिनिधिहरूलाई नै राष्ट्रिय सभाका डेपुटीमा मनोनित गर्ने योजना बनाएका छौं । यस प्रकार, राष्ट्रिय सभाका डेपुटी बन्ने उम्मेदवार पनि पार्टीले मनोनित गर्नेछैन, निर्वाचन क्षेत्रबाट जनताले मनोनयन गरेका र चुनेका प्रतिनिधिहरू स्वतः राष्ट्रिय सभाका डेपुटीका उम्मेदवार बन्नेछन् । पार्टीले न त निर्वाचन क्षेत्रबाट



**हामी उम्मेदवारहरूको मनोनयन र निर्वाचन गर्ने अधिकार जनतालाई दिन्छौं, पार्टीलाई होइन । व्यवहारतः योभन्दा बढी जनतान्त्रिक कार्यविधि अर्को हुनै सक्दैन ।**

प्रतिनिधिहरू मनोनित गर्नेछ न त राष्ट्रिय सभाका लागि डेपुटीहरू नै मनोनित गर्नेछ । हैन, योभन्दा बढी जनतान्त्रिक कार्यविधि अन्त कतै छ ?

निर्वाचन क्षेत्रको कुनै पनि मानिसलाई प्रतिनिधि मनोनित गर्न जनता स्वतन्त्र छन्, अनि ती प्रतिनिधिहरू पनि आफूलाई मनपर्ने कुनै पनि मानिसलाई मनोनित गर्न स्वतन्त्र छन् । म यस कुराको प्रस्ताव राख्न लागेको छु र बाँकी पार्टी नेताहरूले यसलाई समर्थन गर्नु हुने नै छ । यो कुरा यसै होला भन्ने हाम्रो आशा छ । अनेकौं आयोगहरू यी सबै कुराको अध्ययनमा जुटेका छन् तर, म दोहोऱ्याएर भनूँ, जनसत्ता र हाम्रो जनतन्त्रलाई सुधार्ने प्रक्रियामा मैले प्रस्ताव राख्न लागेको कुराचाहिं यही नै हो ।

हामी उम्मेदवारहरूको मनोनयन र निर्वाचन गर्ने अधिकार जनतालाई दिन्छौं, पार्टीलाई होइन । व्यवहारतः योभन्दा बढी जनतान्त्रिक कार्यविधि अर्को हुनै सक्दैन । हामी हाम्रो सरकारमा सुधार ल्याउने कार्यमा लागिरहने छौं, र हाम्रो कार्यविधि नै संसारभरिको सबभन्दा जनतान्त्रिक कार्यविधि हुनेछ ।

स्वभावतः यसबाट के कुरा खुल्न आउँछ भने हामीलाई बहुमतको समर्थन छ । हामीले संविधान निर्माण गरेदेखि नै प्रत्येक निर्वाचन क्षेत्रका जनता आफ्ना क्षेत्रका प्रतिनिधिहरू मनोनित गर्ने र चुन्ने काम गर्दैआएका छन् । बहुसंख्यक जनता क्रान्ति विरुद्ध भएका भए यस कार्यविधिबाट क्रान्तिले आफ्नो शक्ति गुमाउँथ्यो । हामीले हाम्रो एक दलीय व्यवस्थाका निर्वाचनहरूका लागि निर्माण गरेको निर्वाचनको स्वरूप यही हो ।

के कुरा तर्कसंगत छ भने उम्मेदवारहरू मनोनित गर्दा वा रोज्दा जनताले सबभन्दा उत्तम मानिसलाई रोज्न कोशिश गर्छन्, र यीमध्ये धेरैजसो (सबैचाहिं होइन) उत्तम मानिसहरू पार्टीमा छन् । उन्नत गुणले युक्त भएका थुप्रै असल मानिसहरू पार्टीमा छैनन् । उनीहरूमध्ये केहीका दृष्टिमा पार्टी सदस्यता भनेको आफ्नो तागत खर्च हुने एउटा थप निकास, एउटा ठूलो त्याग हुनसक्छ । पार्टी सदस्य बन्नु भनेको त अझ ठूलो प्रयासप्रति, अझ बढी त्यागप्रति प्रतिबद्ध हुनु हो नि । ❑

## नेपाल-भारत विद्युत ब्यापार सम्झौता

# नेपाल नबाँधिनु नै फाइदा

**-दीपक ज्ञवाली**

नेपाली उखानले भन्छ - नदुखेको कपाल डोरी बाँधेर दुखाउनु बुद्धिमानी होइन । अहिले यो भनाइलाई संसदमा पेश हुन लागेको नेपाल-भारत विद्युत ब्यापार सम्झौताले चरितार्थ गर्दैछ । सन् १९९६ को १७ फेब्रुअरीमा काँग्रेस, राप्रपा, सद्भावना सरकारका प्रमुख शेरबहादुर देउवाको भारत भ्रमणको अवसरमा नेपालका जलश्रोत सचिव द्वारिकानाथ ढुङ्गेल र भारतीय उर्जा सचिव पि. एव्राहामले यो सम्झैंतामा आफ्ना आफ्ना सरकारका तर्फबाट सही गरेका हुन् । सोही सम्झौतालाई हुवहु लोकेन्द्रबहादुर चन्द-बामदेव गौतमको चमाले सरकारले राजिव पराजुली र यस. भेनुगोपालको वाहुली निशान सन् १९९७ को जुन ५ मा प्रदान गर्ने काम गर्‍यो । अब प्रश्न आएको छ - यसलाई संसदबाट अनुमोदन गराइनु पर्छ, पर्दैन र पर्छ भने साधारण कि दुई तिहाई वहुमतले ?

टनकपुरको सवालमा कस्तो प्रकारको सन्धिले मुलुकलाई 'ब्यापक, गम्भीर र दिर्घकालीन असर पार्छ भन्ने काइटेरिया संसदले स्वय ब्याख्या गर्नुपर्छ भन्ने सर्वोच्च अदालतको निर्णयलाई सो ब्याख्या नै नगरी खरबौं आम्दानी हुने र पश्चिमबाट सूर्य उदाउने जस्ता अतिरञ्जित प्रचारले छलेर महाकाली सन्धि गरियो । अव प्रस्तावित विद्युत ब्यापार सम्झौताले त्यो चातुर्यतासाथ छलेको प्रश्नलाई फेरि बल्झाएर ल्याएको छ । यो सम्झौतामाथि छलफल प्रारम्भ गर्नुअघि संसदले अव इमान्दारिका साथ पहिले नै सविधानको धारा १२६ को ब्याख्या सर्वोच्च अदालतको आदेश बमोजिम गर्नुपर्ने हुन्छ ।

त्यसपछि पार्टीका एक दुई जना टाठाबाठाहरूलाई राखेर कृत्रिम 'राष्ट्रिय सहमति' भएको ढोङ्ग छोडेर राजनीतिक दलहरूले विद्युत ब्यापारबारे खुला राष्ट्रिय छलफल प्रारम्भ गर्नु आवश्यक छ । सो छलफलमा निम्न प्रश्नहरूप्रति ध्यान दिइनुपर्छ :

### *(क) विद्युत ब्यापार सम्झौतावारे :-*

१) एक तहका सरकारी अधिकारीहरूले गरीसकेको सम्झौता वारम्वार दोह्र्याई दोह्र्याई गर्नु पर्ने किन (जसरी महाकालीमा पनि गरियो) ? यसो गर्दा पहिलो सही गर्ने ब्यक्तिले (यो सम्झौतामा सचिव द्वारिकानाथ ढुङ्गेलले र मकाहालीको हकमा मन्त्री प्रकाशचन्द्र लोहनीले) आवश्यक सरकारी अख्तियारी नै प्राप्त नगरी सही गरेको ठहरिदैन ? यस्तो प्रचलन संसारको अरू कुन ठाँउमा छ ?

२) सन्धिको धारा २ ले निजी क्षेत्रलाई विजुलीको मूल्य निर्धारिण गर्न पूर्ण छुट दिएको छ । यस प्रकारको ब्यापारबाट नेपालले पाउने लाभ भनेको सलामी दस्तुर (Royalty) र उत्पादन तथा विक्रीकर हुन्, जुन क्षमता र मूल्यको अनुपातमा केही प्रतिशतको अंश मात्र हो । मूल्य निर्धारणमा नेपाल सरकारको हातै नरहने हो भने नेपाल ठगिनसक्ने संम्भावना रहन्छ कि रहदैन ? (भारतलाई यो कुरा लागु हुदैन किनभने नेपाली कम्पनीले भारतमा जलविद्युत विकास गरेर नेपालमा निर्यात गर्ने प्रश्नै उठ्दैन ।)

३) धारा ३ र ५ ले त्यसरी नेपालमा विजुली उत्पादन गरी भारत निकासी गर्ने निज़ी कम्पनीलाई ऐनवमोजिम सबै सुविधा उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ । जगजाहेर छ, नेपालका विद्यमान जल विद्युतसम्बन्धी ऐनहरू अरूण ३ आउन ढिलाई हुनेहुँदा नेपालको माग आपूर्ति गर्न निजी क्षेत्रलाई आकर्षित गर्न बनाइएका हुन् । यसरी प्रदान गरिने सहुलियतहरू (कर छुट, कम रोयल्टी इत्यादि) भारतको माग आपूर्ति गर्न नेपालले दिने प्रश्नै उठ्दैन । यस्ता ऐन विद्यमान रहेको अवस्थामा र विद्युत निर्यात गर्ने नियमाबली नभएको बेलामा के यस्तो वाध्यात्मक सम्झौता गर्नु हुन्छ ?

४) यो सन्धि अनुमोदन गरेपछि नेपालले विद्युत निर्यात नियमाबली बनायो (जुन काम अहिलेसम्म भएको छैन) वा हालको जलविद्युत ऐन संसोधन गर्‍यो भने भोलि नेपालले negotiation in bad faith गरेको भन्ने आरोप लाग्नसक्छ कि सक्दैन ? अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूसंग बाझिएका राष्ट्रिय ऐननियमहरू अन्तर्राष्ट्रिय सन्धि वमोजिमै हुनुपर्छ भन्ने मान्यता भएकोले, यस विषयमा अन्तर्राष्ट्रिय अदालतमा मुद्दा पर्न सक्छ कि सक्दैन ?

५) जलश्रोत मन्त्री गोविन्दराज जोशीले जलश्रोत ऐन संसोधन गर्नुपर्ने महशुस गरिएको विचार सार्वजनिक रूपमै ब्यक्त गरिसक्नु भएको छ । यस्तो परिस्थितिमा नयाँ ऐन नबनाई सन्धिको धारा ५ जस्तो धारा भएको अन्तर्राष्ट्रिय सम्झौता गर्नु के बुद्धिमानी हुन्छ ? भइरहेको ऐनले परिकल्पना गरेको विद्युत निर्यात ब्यबस्थामा राष्ट्रिय प्रशारण ग्रिड तोकी त्यहाँबाट मात्र बिद्युत निर्यात गर्ने ब्यबस्था गर्नुले नेपालको हित बढी सुरक्षित हुदैन र ?

६) भारतको विजुली उत्पादन र वितरणसम्बन्धी ऐन कानूनको यसमा के कस्तो प्रभाव पर्छ ? भारतमा पाकिस्तानको जस्तो विजुली उत्पादनमा निजी क्षेत्रको सहभागिता अपेक्षाकृत हुन सकेको छैन । यसको प्रमुख कारण भारतको ऐनले निजी क्षेत्रलाई जलविद्युत क्षेत्रमा स्वच्छन्द अधिकार दिएको छैन । यस विषयमा भारत आफ्नो उद्योग र उपभोक्ताको हकहित सुरक्षा गर्नेबारे चनाखो हुँदाहुँदे, हामी लाटो हुनु हुन्छ ?

### *ख) जलश्रोत विकास सम्बन्धी :-*

१) भारतलाई आकर्षक हुने जल विद्युत योजनाहरू पिक-लोडलाई धान्ने खालका हुन् । त्यस प्रकारको विजुली बेस-लोड धान्ने विजुलीभन्दा उपल्लो दर्जाको भएको हुनाले त्यस्तो विजुलीको उचित मोल पाउने ब्यवस्था यस सम्झौतामा खै ?

२) भारतले इच्छाएका नेपाली जलविद्युत योजनाहरू खाली विजुली निकाल्ने run of river खाले योजना होइनन् । ती जलाशययुक्त योजनाहरू हुन्, जसबाट सिंचाई र बाढी नियन्त्रणजस्ता गैरविद्युत लाभले सम्पूर्ण योजनाको आधाभन्दा बढी भाग ओगट्न सक्छन् । त्यस लाभको बाँडफाँडबारे कुरा नमिल्दा अहिलेसम्म न पञ्चेश्वरको डि.पी.आर., न कर्णालीमा एन्रोन, न पश्चिम सेतीबारेमा कुरा अगाडि बढ्नै सक्रेका छन् । यो विद्युत व्यापार संम्झौताले ती कुराको हल गर्नसक्ने कुनै प्रावधान राखेको छैन । त्यसैले त्यस्तो अनाबश्यक सन्धि किन गर्ने ?

नेपालको हितमा यस्तो व्यापाक umbrella treaty आवश्यक छैन । बरू, project by project भारतसंग सहमतिपत्र बनाउनु मनासिव छ । अहिलेको विद्यमान तेश्रो संसदलाई यो विद्युत व्यापार सन्धि त्रुटीपूर्ण र अनावश्यक भएको ठहर गर्दै दोश्रो संसदले गरेका गल्तीहरू सच्याउने एउटा मौका मिलेको छ । यसको सदुपयोग यस संसदले कसरी गर्छ ? हेर्नु बाँकी छ । ❑



लेखक

*पार्टीका एक दुई जना टाठाबाठाहरूलाई राखेर कृत्रिम 'राष्ट्रिय सहमति' भएको ढोङ्ग छोडेर राजनीतिक दलहरूले विद्युत ब्यापारबारे खुला राष्ट्रिय छलफल प्रारम्भ गर्नु आवश्यक छ ।*


# मेलाम्ची किनारका मानिसहरूको आवाज

गोविन्द वर्तमान

**मेलाम्ची वाटर लिमिटेड र एन.सी.सी.एन.का ठेकदारहरूद्वारा मेलाम्ची किनारका बासिन्दाहरूका घरहरू भत्काइए, मिल र घट्टहरू नाश हुन थाले......**

मेलाम्ची खोलाकै किनारमा बस्ने मानिसहरू मेलाम्ची खानेपानी आयोजनाको बारेमा के सोच्दैछन् भन्ने कुरा यतिन्जेल राम्ररी बाहिर आइसकेको छैन । मेलाम्चीको पानी काठमाण्डौ ल्याएर काठमाण्डौको तिर्खालाई सदाको लागि मेटिदिने सरकारी आश्वासन चाहिं भर्को लाग्ने गरी बारम्बार सुनिने गरेको छ । यही स्थितिमा सिन्धुपाल्चोक जिल्ला विकास समिति र सिन्धु मिलन केन्द्रले एउटा विशेष अन्तरक्रियाको आयोजना गरेर जन सरोकारका धेरै विषयहरूलाई बाहिर ल्याएका छन् ।

त्यस अन्तर्क्रियामा मूल्यांकन पनि आमन्त्रित थियो र यस प्रतिनिधिले मूल्यांकनका तर्फबाट स्थानीय जनप्रतिनिधिहरूको सचेत आवाज सुन्ने सुअवसर पाएको थियो ।



मेलम्ची खोला

सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारामा साउन ६ गते भएको सो अन्तरक्रियामा मेलाम्ची किनारका जनताहरूले मेलाम्ची खानेपानी आयोजना र यससंग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले जोडिने विषयहरूमा आफ्ना खुलस्त विचारहरू व्यक्त गरेका थिए । त्यस कार्यक्रममा दातृसंस्थाका प्रतिनिधि, आयोजना संचालनमा सहभागी संस्थाहरू, स्थानीय गैरसरकारी संस्थाहरू, सम्बन्धित गाउँ विकास समितिका अध्यक्षहरू, राजनीतिक पार्टीका प्रतिनिधिहरू, अन्य सरोकारवाला व्यक्ति र निकायहरूले आफ्ना विचारहरू प्रस्तुत गरेका थिए ।

अन्तरक्रियाको विषय राखिएको थियो : मेलाम्ची खानेपानी आयोजना, सिन्धुपाल्चोकको सरोकार । जिल्ला विकास समितिका सभापति सरेश नेपालको सभापतित्वमा अन्तरक्रिया शुरू भएको थियो । कार्यक्रममा सभापति नेपालले सिन्धुपाल्चोकका जनताको समस्यातर्फ आयोजनाको ध्यान जानुपर्छ भनेर आफ्नो आसन ग्रहण गर्नु भएको थियो । त्यस्तै, उपसभापति डम्बर आर्यालले मेलाम्ची परियोजनाका सम्बन्धमा अहिलेसम्म के भइरहेछ भन्ने कुरा सिन्धुपाल्चोकका स्थानीय निकायहरूले अहिलेसम्म केही जानकारी पाएका छैनन् भनेर एउटा गंभीर उजुरी व्यक्त गर्नु भएको थियो । अतिथीहरूलाई स्वागत गर्न मंचमा प्रस्तुत हुँदा उहाँले भन्नुभयो : मेलाम्चीमा पाँच प्रतिशत मात्र पानी छोडियो भने सिन्धुपाल्चोकको जनजीवन कस्तो होला ? पानीको योगदान गरेबापत हामीलाई के प्राप्त हुन्छ भन्ने कुरा अहिलेसम्म प्रष्ट भएको छैन ।

जिविस सभापति र उप-सभापतिले शुरूमै भन्नु भएका यी कुराहरूबाट पनि थाहा हुन्छ : मेलाम्ची परियोजना संचालन गर्ने दिशामा हिंड्न खोज्दा सरकारी पक्षले स्थानीय जनतालाई कुन हदसम्म उपेक्षा गरेको छ ।

मेलाम्ची परियोजना अन्तरगत तीन चरणमा काठमाण्डौमा खानेपानी भित्र्याइने कुरा गरिएको छ । तीन चरण पूरा हुँदा दैनिक ५१ करोड लिटर पानी काठमाण्डौमा आयात हुनेछ । सरकारी पक्षको सूचना अनुसार पहिलो चरणमा मेलाम्ची खोलाको नाकोटे गाउँमा मुहान निर्माण गरी १७ करोड लिटर पानी ल्याइनेछ भने दोश्रो र तेश्रो चरणमा पनि त्यति नै पानी लार्के र यांग्री खोलाबाट सुरूङमार्गद्वारा काठमाण्डौ लगिनेछ ।

मेलाम्ची उपत्यकाका बासिन्दाहरूलाई आफ्नो आँगनको खोलाबाट राजधानी काठमाण्डौतिर पानी जान लागेकोमा त्यति चिन्ता छैन, जति उनीहरू आफ्नो पर्यावरण बिग्रने कुराबाट चिन्तित छन् । त्यो कुरा साउन ६ गते चौतारामा आइपुगेका सिन्धुपाल्चोकका प्रतिनिधिहरूबाट राम्ररी थाहा भयो । मेलाम्चीबाट यदि साटसुट्टै पानी लगियो भने त्यसपछि त्यहाँको पर्यावरणमा त्यस भूगोलका बासिन्दाहरूले ब्यहोर्नै नसक्ने किसिमका प्रतिकूल प्रभावहरू पर्न सक्छन् । त्यस्ता प्रतिकूल प्रभावहरू पर्न नदिन यस परियोजना संचालन गर्ने निकाय र दातृसंस्थाहरू पर्याप्त सजग देखिएनन् भन्ने कुरा नै साउन ६ गते चौतारामा मेलाम्ची किनारका मानिसहरूले चिन्तातुर मुद्रामा व्यक्त गरेका थिए ।

तर अन्तरक्रियामा सहभागी नर्वेजियन संस्था NORPLAN का प्रतिनिधि शुमनाथ पण्डित, IUCN का प्रतिनिधि भुवन बज्राचार्य एसियाली विकास बैंकका प्रतिनिधि ब्यारेन्ड फ्रेइलिङ्ग आदिले चाहिं मेलाम्ची खानेपानी आयोजनाबाट सबै कुरा राम्रो मात्र हुने भन्ने प्रकारका अभिव्यक्तिहरू दिएका थिए ।

मेलाम्ची खानेपानी स्थानीय सरोकार समूहका अध्यक्ष बालकृष्ण देउजाले त्यस अवसरमा निर्भिकतापूर्वक आफ्ना विचारहरू व्यक्त गर्नु भएको थियो । उहाँका भनाइहरूले दातृसंस्था र सरकारी प्रतिनिधिहरूको 'सबै कुरा राम्रो मात्र हुने' भन्ने खालका विचारहरूमाथि सशक्त हस्तक्षेप गरेर स्थानीय बासिन्दाहरूको सरोकारलाई उत्साहपूर्वक उजागर गरेको थियो । देउजाले त्यस अवसरमा भन्नुभएको थियो : "जनतालाई सतर्क र सचेत गराउन 'मेलाम्ची खानेपानी स्थानीय सरोकार समूह' को अभियान विगत तीन बर्षदेखि जारी छ । तीन बर्षअघि जब मेलाम्ची खानेपानी आयोजनाको अध्ययन सर्भेक्षणका निम्ति भनेर स्थानीय तहमा बाटो बनाउन थालियो, तबदेखि नै मेलाम्ची वाटर लिमिटेड र एन.सी.सी.एन.का ठेकदारहरूद्वारा मेलाम्ची किनारका बासिन्दाहरूका घरहरू भत्काइए, मिल र घट्टहरू नाश हुन थाले, स्थानीय पुल र पुलेसाहरू तथा बालीहरू बिगार्ने कामहरू भए ।



*अन्तर्क्रिया कार्यक्रमको एक दृश्य*

त्यसैले हामीले स्थानीय सरोकार समूह गठन गरेका हौं ।"

"वातावरण सन्तुलनका निम्ति आवश्यक पर्ने जति मेलाम्चीको पानी यहां छोडिएन भने यहां प्रशस्त समस्याहरू उत्पन्न हुनेछन् । मेलाम्ची क्षेत्रमा पनि आवास बढ्दै गएको छ । पानी जति जम्मै काठमाण्डौ लगिएमा मेलाम्चीमा फोहोरको समस्या पनि थपिनेछ । आयोजना शुरू हुनु ६ महीना अगावै सरकारले स्थानीय निकायसंग संझौता गर्नुपर्दछ । अहिले स्थानीय जनतालाई लत्याउने काम शुरू भएको छ । यस्ता आयोजनाहरू यसरी नै शुरू हुन्छन् भने नेपाली जनताले मुकदर्शक हुन छोड्नेछन् । हाम्रा आवाजहरूलाई उपेक्षा गरिनै रहने हो भने हामी पनि हरेक खाले संघर्ष गर्न तयार छौं । मेलाम्चीको समस्याबारे हामीमा परिपक्वता छ, त्यसैले पनि आफ्नो हितको रक्षार्थ हामी जस्तो संघर्ष गर्न पनि पछि पर्ने छैनौं ।"

उहाँले जोड दिएर थप्नुभयो :"यदि मेलाम्ची किनारका बासिन्दाका निम्ति चाहिने पानी मेलाम्चीमै छोडिएन भने हामी बाँध समेत भत्काइदिनेछौं ।"

त्यस दिन स्थानीय निकाय तथा जनप्रतिनिधिहरूसँग परामर्श र संझौता गरेर मात्रै परियोजना अघि बढाउनु पर्ने कुरामा प्रायः सवै स्थानीय प्रतिनिधिहरूले जोड दिएका थिए ।

श्री ५ को सरकारद्वारा गठित मेलाम्ची खानेपानी विकास समितिले खानेपानी वितरणको सिङ्गो प्रणालीलाई नै निजीकरण गर्ने जस्ता दातृसंस्थाहरूका थुप्रै शर्तहरूका अगाडि घुँडा टेकेर आयोजना संचालन गर्न खोज्दैछ । यो आयोजना एसियाली विकास बैंकको लगानी संयोजनमा हुँदैछ भने बाँध, सुरूङ, पावर हाउस नर्वेजियन अनुदानले, जलाशयहरू एसियाली विकास बैंकको ऋणले, पानी प्रशोधन जापानी अनुदानले र पानी वितरणको संजाललाई विश्व बैंकको ऋणले व्यवस्थित गर्ने प्रस्तावना अनुरूप काम गर्न खोजिएको छ । यो आयोजना अठार अरबभन्दा बढी रकम खर्च गरेर तयार गर्ने लक्ष्य राखिएको बुझिन्छ ।

२९ किलोमिटर लामो सुरूङ खनेर काठमाण्डौ ल्याइने भनिएको मेलाम्चीको पानी ४ बर्षभित्र नै काठमाण्डौ आइपुग्नेछ भन्ने किसिमको कुरा अहिले सम्बन्धित मन्त्रीहरू गर्न थालेका छन् । यस भनाईलाई स्वतन्त्र पर्यवेक्षकहरू तथा

> *"यदि मेलाम्ची किनारका बासिन्दाका निम्ति चाहिने पानी मेलाम्चीमै छोडिएन भने हामी बाँध समेत भत्काइदिनेछौं ।"*

सरकारी खेमामा नबाँधिएका जलस्रोतविद्हरूले 'हावादारी गफ' को रूपमा चर्चा गर्दैछन् । कुलेखानी जलविद्युत आयोजना र मर्स्याङ्दी जलविद्युत आयोजनाको अनुभवले के देखाएको छ भने, पानी ओसार्ने सुरूङ बर्षमा डेढ किलोमिटरभन्दा बढी तयार गर्न सकिएको छैन । मोदी खोला र खिम्तिको अनुभवमा बर्षमा २ किलो मिटरसम्म सुरूङ निर्माण गर्न सकिन्छ । त्यस हिसावले हेर्दा पनि सुरूङ निर्माण गर्ने काममा नै पन्ध्रबर्ष लाग्ने प्रबल संभावना छ । त्यसैले यसबारे मूल्याङ्कनले जलस्रोतविद् दीपक ग्वालीसंग प्रश्न गर्दा उहाँले बताउनुभयो- 'मेलाम्ची आयोजना कम्तिमा १० बर्ष र बढीमा जति वर्ष पनि लाग्न सक्ने आयोजना हो ।'

उता मेलाम्ची किनारका बासिन्दाहरूको चिन्ता भने पर्यावरणसँग नै सम्वन्धित छ । उनीहरू भन्दैछन् : मेलाम्ची खोला काठमाण्डौतिर फर्कियो भने मेलाम्ची उपत्यकामा हाल भइरहेको सिंचाई हुन सक्ने छैन । त्यसले गर्दा स्थानीय जनता त पाखामा फालिएको माछो जस्तो हुनेनै छन् ; काठमाण्डौ बासीका निम्ति पनि मेलाम्चीको मसिनो चामलको स्वाद ऐतिहासिक संझनाको रूपमा मात्रै सीमित हुनेछ । अर्को कुरा मेलाम्चीमा पानी सुकेपछि त्यहाँ घट्टहरू बन्द हुनेछन् । साना जलविद्युत आयोजनाको संभावना रहने छैन । फोहोरको प्रदुषण व्याप्त हुनेछ । वातावरण विनाशले गर्दा हुने सवै विकृतिहरू मेलाम्ची उपत्यकाले व्यहोर्नु पर्नेछ ।

त्यसैले साउन ६ को चौताराको अन्तरक्रियामा सहभागी अधिकांश स्थानीय जनप्रतिनिधिहरूले दुईटा मूख्य मागहरू उठाएका थिए । एक : मेलाम्ची खोलामा आधा पानी बाँकी छोड्नु पर्छ । दुई : श्री ५ को सरकारद्वारा गठित मेलाम्ची खानेपानी विकास समितिमा सिन्धुपाल्चोक जिल्लाका जनप्रतिनिधि र स्थानीय सरोकार समूहको प्रतिनिधित्व हुनुपर्दछ । माथिका दुई प्रमुख मागहरूका साथै मेलाम्ची किनारका मानिसहरूले राखेका अन्य उल्लेखनीय मागहरू हुन् : मेलाम्ची परियोजनाका निम्ति लिइने ऋणको भार पानीका उपभोक्ताले मात्र ब्यहोर्नु पर्ने कुरा किटान गरिनु पर्दछ । त्यस परियोजनाबाट हुने मुनाफाको १० प्रतिशत मेलाम्ची क्षेत्रको बिकासको लागि खर्च गरिनु पर्दछ ।

उपर्युक्त मागहरू पूरा भएमा मात्र मेलाम्ची उपत्यकाका बासिन्दाहरूलाई मेलाम्ची खानेपानी आयोजना सह्रानीय आयोजनाको रूपमा देखापर्नेछ ।

साउन ६ गतेको अन्तरक्रियात्मक गोष्ठीले यिनै कुराहरूलाई सूचीवद्ध गरेर १० सूत्रीय 'चौतारा घोषणा' पनि तयार गरेको थियो । साउन १३ गते काठमाण्डौमा एक पत्रकार सम्मेलनको आयोजना गरी सो 'चौतारा घोषणा' सार्वजनिक गरिएको छ । त्यो घोषणा सार्वजनिक हुने वित्तिकै कमिशनचक्रद्वारा निर्देशित केही छापाहरूले मेलाम्ची किनारका मानिसहरूको भावनालाई अपमान गर्ने प्रयास गरेको पनि देखियो । मेलाम्ची परियोजनाको सन्दर्भमा जनहितका विषयहरू उठाउनुलाई ती छापाहरूले मेलाम्ची तुहाउने प्रयासको रूपमा टिप्पणी गरे । यस्तो टिप्पणी आउन थालेपछि सिन्धु मिलन केन्द्र र सिन्धुपाल्चोक जिल्ला विकास समितिले मेलाम्ची परियोजनाका सम्वन्धमा सचेतकको भूमिका समेत पूरा गर्नु पर्ने स्थिति देखिएको छ । ❑

## घटना र प्रवृत्ति

# यसपालिको बजेट : कति सकारात्मक, कति नकारात्मक ?

२०५५/५६ को बजेटमाथि गरमागरम बहस सम्पन्न भै सकेका छन् । लामो अन्तरालपछि स्थिर एवं जिम्मेवार (?) भनिएको सरकारका तर्फबाट बजेट प्रस्तुत गरिएको कारणले पनि बजेटभित्र परेका सैद्धान्तिक वैचारिक र कार्यन्वयन पक्षमाथि छलफल चलाइनु आवश्यक थियो । नेपाली कांग्रेसको बहुमतको सरकारको यो बजेट, यसले लिएको नीति-सिद्धान्त अबका पाँच वर्षसम्म निरन्तरता पाउन सक्ने पर्याप्त संभावनाका कारणले पनि छलफल चलाइनु सान्दर्भिक र समयोचित ठान्नु पर्दछ । बजेटबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित हुनेहरू र अन्य सरोकारवालाहरूले यस पटक व्यापक रूपमा छलफल चलाए । अर्थशास्त्रीहरूले यस पटक पनि दलीय आँगनभित्रै आफूलाई संकुचित पार्ने अभ्यास गरे । अर्थात् सत्ताधारी अर्थशास्त्रीहरू 'बजेट अत्यन्त राम्रो' सर्वगुण सम्पन्न भनेर अर्थ्याउन पुगे भने प्रतिपक्षहरूले बजेटलाई कार्यन्वयन हुनै नसक्ने र सर्वत्र अँध्यारो मात्र रहेको परिभाषित गर्न पुगे । यसले गर्दा सर्वसाधारण व्यक्ति र शक्तिहरूलाई यो बजेट कस्तो हो, यसले छोटो अवधि र लामो अवधि दुवैलाई कति फाइदा पुऱ्याउने हो भन्ने कुरा बुझ्नलाई 'कठिनाइ' उपस्थित गरायो ।

### सकारात्मक पक्ष

पहिलो- बजेट भाषणको सुरूवात र भाषण गरिंदाको कलात्मक प्रस्तुतिले बजेटले सकारात्मक टिप्पणी प्राप्त गऱ्यो । बजेट भाषण भैरहेको बेला कानहरूले सुन्ने उत्सुकता राख्नु र आखाँहरूले संचारमाध्यम कहाँ छन्, बजेट आउदैछ भनेर खोज्नु जस्ता कार्य व्यापक उत्सुकताको विषय बन्न पुग्नु राम्रो कुरो हो । खासगरी, अहिले सरकारको कार्यशैली र विगतका सरकारहरूले गरेका गलत कार्यन्त्यवयनले सुस्तता उत्पन्न गरेको वेला जन-समूहमा अलिकता चासो वढ्नु उत्सुकता थपिनु बजेट भाषणले प्राप्त गरेको प्लस प्वाइन्ट हो । दोश्रो- बजेट भाषणको पहिलो प्रस्तुति खासगरी, आर्थिक स्थितिको समीक्षा

# बजेट
# दिशाहिनताकै अर्को नमूना

◆ हरि रोका

> **कांग्रेस आफ्नै विश्लेषणमा पूँजीपति वर्ग र निम्न पूँजीपति वर्गको हित संरक्षणमा उभिएको छ। तर यसपालीको बजेटले त्यो ट्र्याक गुमाएको छ।**

अन्तरगत राष्ट्रको आर्थिक सामाजिक हालत, अर्थ-राजनीतिको क्षेत्रमा देखापरेका कठिनाई, अनुशासनहीनता र नीतिहिनताका कारण मुलुकले भोगीरहेको विकराल आर्थिक कठिनाइका बारेमा नलुकाइकन प्रस्तुत गरिएकाले बजेट भाषणलाई मन पराउन थप सहयोग पुऱ्यायो । यी दुई पक्ष बजेटले प्राप्त गरेको सकारात्मक कुराहरू भित्र पर्दछन् ।


## *एघार चुनौती र चार बूँदे कार्यक्रम :*

अर्थमन्त्रीको कथन अनुसार देशले अंगीकार गरेको अर्थतन्त्रमा नीतिगत, संरचनागत र संस्थागत कमजोरी रहेका छन् । त्यस अनुसार (क) परम्परागत कृषि र न्यून उत्पादकत्व (ख) औद्योगिक-व्यापारिक क्षेत्रमा सिथिलता (ग) गरीवी र बेरोजगारीको पुनर्उत्पादन (घ) सार्वजनिक संस्थानहरू देशका निमित्त 'बोझ' सावित (ङ) वित्तीय क्षेत्रमा देखा परेको सिथिलता (च) लादिएका विकास आयोजनाहरू र वैदेशिक सहायताको दुरूपयोग (छ) सरकार र गैर सरकारी संस्थाहरू बीच समन्वयको अभाव (ज) तदर्थवादी ढंगले आयोजनाहरूको छनौट र प्रभावहीन कार्यान्वयन (झ) संस्थागत हीन प्रशासनिक कार्यक्षमता र ह्रासोन्मुख मनोवल (ञ) भ्रष्ट आचरण र अनुशासनहिनतामा बृद्धि र (ट) सालाना वृद्धि भैरहेको बजेटघाटा र राजस्व एवं खर्चमा देखिएको व्यापक असन्तुलन !

माथि उल्लेखित चुनौतीहरूलाई सच्याई कृषिमा आधुनीकीकरण, ग्रामिण विकास, सामूदायीक सहभागिता, महिला सशक्तिकरण, रोजगारी सृजना, आर्थिक सामाजिक पूर्वाधारको विकास मार्फत् गरीवी घटाउने, स्रोत र साधनको उच्चतम प्रयोग गरी आर्थिक बृद्धि गर्ने, आर्थिक सुधारलाई निरन्तरता दिने, नीजि क्षेत्रको सहभागिताको बृद्धि, विकास र प्रशासनलाई सेवामुखी बनाउने संभवत पाँच वर्षे कार्यक्रम (अघोषित रूपमा) उद्देश्यको रूपमा अर्थमन्त्रीले अगाडि सार्नु भएको छ । यी उद्देश्य परिपूर्ति गर्न यस बर्ष अर्थमन्त्रीले अगाडि सार्नु भएको छ : (क) गरीवी घटाउन- गरीवसंग विश्वेश्वर (ख) गरीवी निवारण कोष (ग) विशेष क्षेत्र विकास कार्यक्रम (घ) राष्ट्रिय युवा प्रशिक्षण कार्यक्रम र (ङ) महिला-सशक्तीकरण र विकास ! बजेटमा उल्लेख भएका अन्य कार्यक्रमहरू विगतमा स्थापित भएका मान्यताहरूलाई निरन्तरताको रूपमा लिन सकिन्छ ।

बजेट निर्माण गर्ने सैद्धान्तिक आधारभूमि-अर्थमन्त्रीले खुला बजार अर्थनीतिमा मानवीय अनुहार (Free Market Economy with Human Face) थप्ने प्रयत्न गरेको देखाउन खोज्नु भएको छ । माथिका ५ वटा कार्यक्रममा बृद्ध, विधवा र असहायहरूको भत्तामा 'एमाले'ले भन्दा थप पचास रूपैयाँ बढाएर उहाँले 'ह्यूमेन फेस'लाई समेट्ने प्रयत्न गर्नु भएको देखिन्छ ।

*अर्थमन्त्री महेश आचार्य*



## *सैद्धान्तिक कमजोरीहरू*

कुनै एउटा ब्यक्ति, समूह, राजनीतिक दल वा सरकार एकै पटक सामन्तवादी, पूँजीवादी र समाजवादी बन्न सक्तैन । उपन्यासमा एउटा ठट्यौलो पात्रलाई त्यस्तो बनाउने प्रयास गरियो भने पनि सफल हुँदैन । अहिले 'भगवान'ले राम्रो बनाउन खोजेको 'उँट' र महेश आचार्यको बजेटलाई त्यसै रूपमा लिन सकिन्छ । राप्रपाको उदारीकरण, एमालेको मिश्रित अर्थतन्त्र, कांग्रेसको खुलाबजार प्लस प्रजातान्त्रिक समाजवादी अर्थतन्त्र (जो सन् १९९० को दशकदेखि हराएको छ)लाई एकै ठाउँमा गोलमाल गरी सवैलाई बाँड्न तम्सनुले 'सैद्धान्तिक' रूपमा उहाँ भयंकर कमजोर देखिनुभएको छ । यो बजेटले सैद्धान्तिक बैचारिक हिसाबले कुन वर्गको प्रतिनिधित्व गर्छ ? सामन्त वर्ग कि पूँजीपति वर्गको ? दलाल नोकरसाही वर्गको कि पूँजीपति वर्गको ? वा निम्नपूँजीपति वर्गको ? वा श्रमजीवी सर्वहारा वर्गको ? कम्यूनिष्टहरूको नजरमा कांग्रेसले पूँजीपति र दलाल नोकरसाही पूँजीपति वर्गको पक्षपोषण गर्दछ । कांग्रेस आफ्नै विश्लेषणमा पूँजीपति वर्ग र निम्न पूँजीपति वर्गको हित संरक्षणमा उभिएको छ । तर यसपालीको बजेटले त्यो ट्र्याक गुमाएको छ । र सैद्धान्तिक वैचारिक हिसावले सामन्त वर्गदेखि सर्वहारा वर्गसम्मको हित संरक्षक हुने चेष्टा गरेको छ । यस हिसावले हेर्दा कांग्रेस-एमाले र राप्रपा बीचको विभेद समाप्त प्राय जस्तो देखिएको छ । संभवतः यिनै कारणले गर्दा प्रमुख प्रतिपक्ष र अन्य प्रतिपक्षी दलहरू संसदमा बजेट माथिको दलफलमा सिद्धान्त-नीतिगत रूपमा समग्र असंन्तुलित वितरण प्रणली भन्दा अंकगणितीय गोलमालभित्र आफूलाई सीमित राख्न पुगेका छन् । सिद्धान्तप्रतिको निष्ठा हराएकोले विगतमा सम्पन्न चुनाव सैद्धान्तिक मुद्दाविहीन हुनपुग्यो र आफूले प्रतिनिधित्व गर्ने वर्गहित संरक्षण पनि छितरियो । त्यसको प्रतिछाँया अहिले बजेटमा मुखरित हुन पुगेको छ । अहिले बजेटमा निम्न गंभीर सैद्धान्तिक एवं व्यवहारिक त्रुटीहरू देखापरेका छन् ।

(क) संरचनात्मक मुद्दाहरूलाई पहिल्याउन नसक्नु

(ख) प्राथमिकताका आधारहरू पत्तालगाउन नसक्नु

(ग) विसंगतिपूर्ण वितरणप्रणालीभित्रै अत्याधिक आकांक्षाहरू वृद्धि गर्नु र सामाजिक अन्यायहरूलाई केलाउन नसक्नु

(घ) संस्थागत विकासलाई निरूत्साहित गर्नु र

(ङ) प्रशस्त प्राविधिक त्रुटीहरूमार्फत आर्थिक नीतिहरूको घाँटी निमोठ्नु ।

देशभित्र समग्र अर्थतन्त्रभित्र विविध संरचनाहरू (Multi Structurals) हरू विद्यमान छन् । केही अर्धसामन्ती केही प्रारंभिक पूँजीवादी, नगण्य मात्रामा केही सामूदायिक (Communal), केही जीवनवृत्ति (Substantial Economy) र केही कर्पोरेट ( Corporate economy) अर्थतन्त्र राष्ट्रिय अर्थतन्त्रभित्र समेटिएका छन् । बितेका तीन दशकदेखि राज्य अर्थतन्त्रमा सार्वजनिक संस्थाहरूको भूमिका रह्यो र अहिले पनि यिनको अस्तित्व अर्थतन्त्रमा जीवित छ । देशको आर्थिक विकासमा यी आर्थिक संरचनाका विविध रूपहरूले के कति भूमिका निर्वाह गरेका छन् र राष्ट्रिय अर्थतन्त्र निर्माणमा कति सकरात्मक योगदान पुऱ्याएका छन् भन्ने कुराले महत्व राख्दछ । काम नलाग्ने संरचनाहरूलाई भत्काएर नयाँ संरचनाको विकास गर्नुलाई प्रगतिशील कदम मानिन्छ । पूँजीवादतर्फ उन्मूख शक्तिहरूले सामन्ती र अर्धसामन्ती संरचनाहरूको पूरा उन्मूलन गर्नु र गर्न खोज्नु प्रगतिशील कार्यवाही ठानिन्छ । यदि समाजवादतर्फ उन्मूख हुने हो भने अझ त्यो भन्दा अगाडि बढेर सामूहिक (Collective) र राजकीय (State sector) का आर्थिक संरचनाका ढाँचाहरू निर्माण गर्नतर्फ अग्रसर हुनपर्दछ । यी सब कुराहरूतर्फ ध्यान दिंदा हाम्रो अर्थतन्त्रका संरचनाहरू प्रगतिशील कदमतर्फ उन्मूख छन् त ? छैनन् ।

हाम्रो देशको स्थिति हेर्दा कुल ग्रार्हस्थ उत्पादनको ११ प्रतिशत हिस्सा मात्र राजस्व परिचालन भएको छ, यो अर्थतन्त्रको सबभन्दा कमजोर पक्ष हो । अन्य मुलुकहरूमा कम्तिमा ३० प्रतिशत राजस्व राज्यको कुल ग्रार्हस्थ उत्पादनबाट प्राप्त हुन्छ । अहिले कूल राजस्व परिचालनको महत्वपूर्ण हिस्सा भन्सार करबाट प्राप्त हुन्छ । यस बीचमा आर्थिक उदारीकरणका कारण देशमा हुर्कदै, फस्टाउदै गएको दलाल नोकरशाही पूँजीपति वर्गको हातमा अर्थतन्त्रको लगाम परेपछि र तिनको बहुराष्ट्रिय निगमहरू सहित

साम्राज्यवादको नव-औपनिवेशीक अभियानसँग प्रत्यक्ष वा परोक्ष सराकोर हुन पुगेपछि र छिमेकी देशमा पनि उदारवादी अर्थनीति लागू गरिएपछि भन्सार आयमा पनि कटौति हुँदै गैइरहेको छ ।

माथि उल्लेखित चुनौती अनुसार वर्तमान सरकारले या त अर्धसामन्ति संरचनाको अन्मूलन गर्दै राष्ट्रिय पूँजीपति वर्ग, जो औद्योगिक उत्पादन प्रतिस्थापनमा लागेका छन्, को पक्षमा उत्रिएर दलाल नोकरशाही पूँजीपति वर्गको घाँटी निमोठ्न भन्सार दर उच्चतम राख्नुपर्थ्यो । खासगरी, आयातीत सामाग्रीमा या त तिनको पक्षपोषण गरेर भूमिकरदेखि सर्वसाधारणले उपभोग गर्ने मध्यमवर्गीय निम्न मध्यम र सर्वहारा वर्गको घाँटी निमोठ्न कडा कदम चाल्नुपर्ने हुन्थ्यो । (जो अप्रत्यक्ष करमार्फत् केही हदसम्म शुरू भएको छ) तर वर्तमान सरकार यी दुवै कडा कदम चाल्न सक्ने सामर्थ्य राख्दैन । ऊ दलाल पूँजीपतिहरूमार्फत कमिशन लिएर व्यक्तिहरू र पार्टीलाई धनी बनाउन चाहन्छ र बजेट वितरणमुखी बनाउने काम गरेझैं गरी करोडभन्दा बढी मतदाताहरूको उग्र-महत्वकांक्षालाई बढाउन पनि चाहन्छ । यसरी दलाल पूँजीपतिहरूको श्रीबृद्धि र बहुसंख्यक जनताको पक्षपोषण गर्ने नाममा बजेटले सिद्धान्तगत र नीतिगत परिधि गुमाएको छ र माथि उल्लेखित कमजोरी र चुनौतीहरूलाई निरन्तरता दिने काम भएको छ । यसरी संरचनागत मुद्धाहरू ओझलमा परेका छन् र यथास्थितिलाई निरन्तरता दिने काम भएको छ । यस्तै स्थिति निरन्तर रूपमा रहेमा आउने दिनहरूमा परिणाम राम्रो नहुन सक्तछ ।

देशमा औद्योगिक-सामाजिक पूर्वाधारको अभाव छ । विजुली, बाटो, खानेपानी, टेलीफोन लगायत संचार-उपकरण, नहर-राजकूलो लगायत सिंचाइका विविध प्रविधि, प्राविधिक शिक्षालय आदि जस्ता आधारभूत पूर्वाधारहरूको देशमा अपर्याप्तता छ । चुनिएर छानिएर आएका जनप्रतिनीधिहरू र दलहरू र सरकारहरू प्रत्येक बर्ष विकासको 'भाँसा' बेचेर आउने गर्दछन् । पूर्वाधार विकासका निमित्त सरकारसँग निश्चित योजना छैन । प्राथमिकता छैन । आन्दोलनका रूपमा उठाउनु पर्ने विकासमा जनसहभागिताको निमित्त कुनै योजना छैन । हौसला र उत्सुकता बढाउने नीति छैन । बजेट विगतका गल्ती कमजोरीबाट पाठ सिकेर प्राथमिकताका आधार खास गरी कुन भौतिक पूर्वाधारको विकास पहिले गर्नु पर्ने हो भनेर प्राथमिकता तोक्ने र गर्ने भन्दा जन प्रतिनिधिहरूलाई र जनतालाई वेवकूफ बनाउने अभियानमा जुटेको महसूस हुन्छ ।

गरीबी निवारणको नारा अहिले संसार प्रशिद्ध उखानमा परिणत भएको छ 'गरीवसंग विश्वेश्वर' सुन्दा कांग्रेसीजन उन्मुक्त देखिन्छन् । तर गरीवी के हो ? के ले गरीवी उत्पादन भैरहेछ ? संपत्तिको उचित वितरण किन हुन सकेन ? धनी हुने, शिक्षित हुने, रोजगारी प्राप्त गर्ने परिस्थिति र मौका 'गरीव' मानिएकाहरूलाई किन्न मिलेन ? यसको उचित अनुसंधान उचित प्रयोगविधी र संसारका उदाहरणहरूलाई किन मनन् गर्न सकिएन ? विगतमा ब्याचलर डिग्री होल्डरहरूलाई ५००००/- ऋण दिने व्यवस्था किन असफल भयो भन्ने आफ्नै उदाहरणलाई किन हेरिएन ? र एउटा बदनाम र भ्रष्ट संस्कार बोकेको संस्थानको भरमा गरीवी निवारण हुन सक्तछ ? बिना संयन्त्र, विना मूल्याङ्कन, र पूर्वाधार नै तय नगरी गरीवका लागि 'विश्वेश्वर' किन उभ्याउनु भयो, अर्थमन्त्रीले ?

बर्तमान संरचनाभित्र रहेका माथि उल्लेखित संरचनाहरू मध्ये केही 'रूग्ण'लाई नष्ट नपारी गरीवी निवारण संभव नै छैन । अन्यौलग्रस्त वितरणको शिलशिला सुरू गरेर जनतालाई महत्वाकांक्षाको अग्लो पर्खालभित्र उभ्याउने तर स्वतन्त्रताको प्रत्याभूति भन्दा कैदको गहिरो खाडलभित्र भस्याउने परिस्थिति किन यो बजेट मार्फत खडा गरियो ? देश मास्ने नयाँ खाले षडयन्त्र त होइन ? चिन्ताको विषय बन्न पुगेको छ । बजेटको वितरण अहिले जुन ढंगले भएको छ, यो विगत १५ बर्षदेखिको निरन्तरता हो । विद्यमान संरचनाहरूभित्र र निर्देशित बजारमुखी अर्थतन्त्रका कारण सम्पन्न र विपन्न बीच ठूलो खाडल उम्री सकेको छ । जमिनको उचित वितरण, वितरित जमिनको उत्पादकत्व माथिको निरीक्षण, त्यस माथिको प्रभावकारी स्वामित्व, विगतको भूमिसुधार प्रकृयामा देखिएका त्रुटीगत समस्या र नयाँ ढंगले भूमि र संपत्तिको वितरणबारे कुनै कार्यक्रममार्फत् पाइला नचालिनुले बजेटको वितरणमुखी स्वभाव विगत झैं निष्प्रभावी रहनेछ । फलस्वरूप, महत्वाकांक्षा उत्पादनमूलक हुनुभन्दा उग्र तर असफल महत्वकांक्षामा रूपान्तरित भै अझ बढि सामाजिक अस्थिरता उत्पन्न हुनेछ ।

ब्यक्तिवाद कुनै पनि प्रजातान्त्रिक एवं संस्थागत विकासका विरूद्धको अभिब्यक्ति मानिन्छ । सांसदलाई आफ्नो निर्वाचन क्षेत्र विकासका नाममा बजेट बिनियोजन गर्नु र त्यो रकमलाई बृद्धि गर्दै लैजानु संस्थागत विकासका निमित्त घातक ठहर्छ । सांसद एउटा ब्यक्ति हो र विधायक हो, अर्थात् विधि निमार्णकर्ता । उसलाई 'विकासे एजेण्ट' बनाइनु कति युक्तिसंगत हुन्छ ?

सांसदको सर्म्पक सम्बन्ध जि.वि.स., गा.वि.स. संग रहनु पर्छ । ती दुवै संस्था नीतिगत-विकास कार्यान्वयनका आधारभूत खम्बाहरू हुन । तिनीहरूसंग प्रत्येक्ष-परोक्ष सम्बन्ध नराखी कार्यान्वयन गर्ने खोजिने 'विकास' संस्थागत विकासलाई कमजोर पार्नु र ब्यक्तिवादलाई प्रश्रय दिएको ठहर्छ । अहिले सांसदहरू र जि.वि.स., गा.वि.स. बीचको समन्वयको अभाव खड्किएको छ । बजेटलाई यस्ता कृयाकलापबाट जोगाएर वितरणको गलत परिभाषाबाट मुक्त पारिनुपर्थ्यो र संस्थागत-उत्पादनशील प्रकृयामा लगाइनुपर्थ्यो । त्यसो नगरिनाले संस्थागत विकासलाई कमजोर पार्ने र विकेन्द्रीकरणको सिद्धान्तलाई कमजोर बनाउने कामले बर्तमान ब्यवस्थालाई नै प्रश्नचिन्ह उठाउने ठाउँ रहन्छ कि रहन्न ?

> *आंगिक क्याम्पसहरूलाई कुन कसलाई कुन विश्वविद्यालय अन्तरगत हाल्ने भन्ने सन्दर्भमा गरिएको बन्दोवस्त कानूनी र वैधानिक स्वायत्तता माथिको हस्तक्षेप हो ।*


खासगरी, त्रि.वि.वि. अन्तरगतका आंगिक क्याम्पसहरूलाई कुन कसलाई कुन विश्वविद्यालय अन्तरगत हाल्ने भन्ने सन्दर्भमा गरिएको बन्दोवस्त कानूनी र वैधानिक स्वायत्तता माथिको हस्तक्षेप हो । दलगत हिसावले सत्ताधारी दलले देशको सर्वाङ्गीण विकासमा आफ्नो नीति कार्यक्रम लागू गर्न सक्दछ तर सविधानको वर्खीलाप जाने राष्ट्रिय महत्वका विषयहरूमा आफ्नो दलको सर्वोपरिता खोज्ने काम भयो भने प्रजातन्त्रको दलीय चरित्रको सार्वभौमिक मौलिकता समाप्त हुन्छ । र, त्यो क्रमशः निर्दलीयता वा एक दलीय चरित्रतर्फ उन्मूख हुन पुग्दछ । तसर्थ कुनै अर्थतन्त्रको नीतिगत बिषय, सीमारक्षा र राष्ट्रिय हितको पक्षमा गरिने सन्धि-संभौता एवं स्वायत्तता जस्ता विषयमा समान ध्येय राख्ने र एकत्रित जनमत बनाउने बातावरण तयार गर्नेतर्फ अग्रसर हुने कि नहुने भन्ने प्रश्न उठ्छ । बजेट अहिले नारा र सिद्धान्तमात्र नभै ब्यवहारिक कार्यान्वयनको ठूलो पाटो पनि हो । तसर्थ यस विषयमा सामूहिक चासो र कार्यान्वियनको पक्षमा फराकिलो दायरा खोज्नु आवश्यक छ छैन ? विचारणीय पक्ष हो ।

अन्तमा, खुलाबजार अर्थनीति हाम्रो जस्तो अविकसित/विकासशील मुलुकहरूमा महङ्गो र खतरनाक सावित भैरहेको छ । मेक्सिको, दक्षिण पूर्वी एशीयाली राष्ट्रहरू, ल्याटिन अमेरीकी देशहरू र रूस अहिले यी नीतिका कारण भौतिक/आर्थिक र राजनैतिक असंन्तुष्टिको ज्वालामुखीलाई सामना गर्नुपर्ने स्थितिमा उभिएका छन् । ४ अगस्त, १९९९ मा खुलाबजार अर्थतन्त्रको वाहक संस्थाको रूपमा रहेको विश्व बैंकको आयोजनामा सम्पन्न अर्थशास्त्रीहरूको एक समारोहलाई संवोधन गर्दै त्यसबैंकका निर्देशक जेराई क्यापरियोको यो भनाइलाई मनन् गर्दा राम्रै हुने थियो । उनको कथन छ,- "धेरै मुद्दाहरूमा सरकारहरू सुधार चाहन्छन र सोच्दछन् जो सजीलोसंग, सस्तो र तत्काल लागू होस्- खासगरी ब्याजदरमा अनियन्त्रण (Deregulation), प्रत्यक्ष लगानी कार्यक्रममा कमी ल्याउने काम र पूँजीगत खातामा उदारीकरण (Capital Account Liberalization) । तर यस्तो हतारोको उदारीकरणले सरकारी नियन्त्रण र निरीक्षणको अभावमा धेरै खतरनाक, अप्ठ्यारो र दूरगामी सुधारका लागि महङ्गा सावित भएका छन् र भविष्यमा संस्थागत विकासका लागि चुनौती खडा गर्ने छन् ।"

अहिले प्रतिपक्षीहरू नीतिहीन, सिद्धान्तहीन, र उद्देश्यविहीन बन्न पुगेका छन् । उनीहरूको ध्येय पनि सत्ताधारी झैं सबैलाई 'खुसी पार्ने' रहेको छ र सस्तो लोकप्रियता आर्जन गर्ने नै छ । त्यसैले प्रतिपक्षीहरूले सैद्धान्तिक प्रश्नहरूमा छलफल उठाइरहेका छैनन् । तर के यी प्रश्नहरू सदनभित्र नउठ्दैमा गंभीर विषयवस्तुहरूमाथि नजर अन्दाज गर्न मिल्छ ? हो, कांग्रेसले यस्तै बजेट ल्याँउछ, ल्यायो र अर्को प्रमुख प्रतिपक्षी पुनर्स्थापित हुँदा पनि यस्तैलाई निरन्तरता दिन्छ भन्ने हो भने अस्थिरता, अराजकता वा ठूलो परिवर्तनको संघारमा सरकार, प्रतिपक्षीहरू र संस्थागत विकास खोज्नेहरूले निकट भविष्यमै चुनौतीको सामना गर्नुपर्ने हुन्छ, जुन चुनौतीको सामना गर्न ती मध्ये कसैसँग पनि सामर्थ्य बाँकी रहने छैन । ❑

## जीवनको झाँकी

**'भारतको मुक्तिका लागि एउटा संयुक्त क्रान्तिकारी पार्टीको निर्माण गर्नु जरूरी छ'**



# पार्टी एकताको प्रयास

दर्जनौंदर्जन टुक्रामा विभाजित नक्सालवादी आन्दोलनका सबै नेताहरू मुखले यस्तै भन्थे, तर व्यवहारमा भने एकता प्रक्रिया चलाउनेबारे भने पार्टी नेताहरू एकमत हुन सकिरहेका थिएनन् । यस्तो स्थितिमा १९७९ मा लिवरेशन समूहले 'वर्तमान परिस्थिति र हाम्रो पार्टीको लाइन' नामक पार्टी एकतासम्बन्धी दस्तावेज प्रकाशन गर्ने काम गरेपछि र एकता-प्रयास थालेपछि पार्टी-एकताको नयाँ कथा शुरू भयो । त्यस दस्तावेजमा सत्यनारायण सिंहको प्रोविजनल सेन्ट्रल कमिटी (PCC) देखि माओवादी कम्युनिष्ट केन्द्र (MCC) सम्मको व्यापक नक्सालवादी दायरालाई पार्टी एकताका लागि आह्वान गरिएको थियो ।

लिवरेशन समूह र पीसीसीबीच दोहोरो बातचीत भएर १८ सूत्रीय कार्यक्रमसहित मिलीजुली काम गर्ने सहमति भइरहेको स्थितिमा पीसीसी समूह पनि दुई गुटमा विभाजित भयो, एउटा सत्यनारायण समूह, अर्को चन्द्रपुल्ला रेड्डी समूह । पीसीसी विभाजित भएता पनि लिवरेशन समूहले ती दुइवटै समूह लगायत पिपुल्सवार ग्रुप, सीओसी (शर्मा समूह), लिन प्याओवादीहरूको सेकेण्ड सेन्ट्रल कमिटी, पश्चिम बंगाल राज्य कमिटी र तमिनाडुका दुईवटा समूहहरूसँग बेग्लाबेग्लै कुराकानी चलायो ।

ठीक त्यही बेला जेलमा आजीवन कारावासको सजायँ भोगिरहेका भाकपा(माले)का पहिलो पोलिटब्यूरो जीवित सदस्य क. नागभूषण पटनायकले एउटा 'ऐतिहासिक पत्र' लेखे । सो पत्र नक्सालवादी आन्दोलनका विभाजित कम्युनिष्ट क्रान्तिकारीहरूको एकताका लागि लेखिएको थियो । पत्रमा 'आधारभूत मतभेद नहुँदानहुँदै पनि फुटेका समूहरूलाई एकता प्रयासमा सामेल हुन' उनले जोडदार माग गरेको थिए ।

'केही सवाल' नामक सो पत्रमा नक्सालवादी आन्दोलनका कमीकमजोरीहरू र त्यसका नेताहरूको घृणित गुटवाजीको आलोचना गर्दै क. नागभूषणले रोगको शैयामा रहँदारहँदै जेलको कालकोठरीबाट क्रान्तिकारी एक जुटताको लागि आह्वान गर्दै लेखेका थिए-

'हामी आज कहाँ छौं ? हामी अर्थात् भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) विभिन्न गुटहरूका रूपमा अथवा व्यक्तिगत रूपमा हामी कहाँ छौं ?

भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)सँगै भारतको क्रान्तिको उदय भयो कि अन्त्य ?

के घृणित गुटबन्दी, फुटपरस्ती, व्यक्तित्वको होडवाजी, हामी नै सबैभन्दा ज्ञानी छौं अर्थात् हामी नै सबैभन्दा सही छौं भन्ने मनोबृत्ति अथवा अमुक गुट नै सही छ र बाँकी सबै पार्टी र व्यक्तिहरू गलत मान्ने रूझान र घमण्डी प्रवृत्तिले गर्दा भारतीय क्रान्ति सम्पन्न हुनमा ढिलाइ त भइरहेको छैन ?

के भारतीय कम्युनिष्ट पार्टी (माले) का विभिन्न गुटहरूबीचको मतभेद आधारभूत रूपमा विचारधारात्मक, कार्यक्रमको आधारमा परस्पर विरोधी अनि विशुद्ध रूपले पार्टीको सन्दर्भमा मात्र हेर्ने हो भने कार्यनीतिक रूपले, एक अर्काबाट कत्तिको टाढा छन् ? एकताको लागि प्रयास नै नगरिनु र प्रयास गरियो भने पनि तुरून्तै ध्वस्त हुनाको कारण के हो ?

के एक-अर्काका बदख्वाई गर्ने र एक-अर्काका कमी-कमजोरीहरूलाई तिललाई पहाड बनाएर हेर्ने प्रवृत्तिलाई आपसी मतभेदहरू छलफल र अन्तर्क्रियाहरूद्वारा सुल्झाउन सकिन्छ भन्ने मार्क्सवादी तौरतरिकाहरूसँग मेल नखाने प्रवृत्ति हो भन्ने सोचेर छोड्न सकिँदैन र ?

क्रान्तिकारी सहनशीलतालाई व्यवहारमा ल्याउनु र एउटै विचार भएका कमरेडहरूका निम्ति ढोका खुला छोडेर, मैदानमा जुझीरहेका सबै वा धेरैभन्दाधेरै कमरेडहरूसँग बसेर कुराकानी गर्नु, आफ्ना अनुभवहरू साटासाट गर्नु र सहमति भएका विषयहरूमा मिलीजुलीकन संघर्ष गर्नु के संभव छैन त ? मिलीजुलीकन काम गर्ने लम्बाचौडा कुरो त्यसबेला खत्तम हुन्छ, जब त्यसलाई व्यवहारमा ल्याउनु पर्ने समय आउँछ र आधारभूत विचार धारात्मक मतभेदका नाममा यस्ता रोकावटहरूलाई प्राथमिकता दिइन्छ ।

के मेरा यी कुराहरू विशुद्ध आदर्शवादी लागिरहेका छन् ? यदि त्यस्तो लाग्छ भने मलाई क्षमा गर्नुहोस् । यो जेल र यस रोगशैयाले मेरो मुटुमा एक खालको पीडा जन्माइरहेको छ । मलाई थाहा छ- मानिसहरू जेलको नित्य जिन्दगीमा पनि कसरी विचारधारा, कार्यनीति र कार्यक्रमको मामिलामा अचम्म अचम्म लाग्दा विचारहरू पालेर मज्जा लिइरहेका हुन्छन् र कसरी मानिसहरू तर्क, समझदारी, जिम्मेवारी र इतिहासप्रति आफ्नो बेकारको चिन्ता गरेर बसिरहेका हुन्छन् । यसको पछाडि वस्तुपरकताभन्दा बेसी व्यक्तिगत जोड-तोड र व्यक्तित्वको टक्करको हात हुन्छ र मोटामोटी रूपमा यिनै कुराहरूले एकताको बाटोमा रोकावट ल्याइरहेको पो हो कि भन्ने शंका लागिरहेको छ । तपाईहरू सबैले व्यक्तिगत तथा व्यक्तित्व सम्बन्धी कुराहरूलाई चिहानमा गाडेर सही ढंगले मार्क्सवादी-लेनिनवादी तरीकाबाट विवादहरू सुल्झाउन इमान्दारीपूर्ण प्रयास गर्नुहुन म अपील गर्दछु ।

हाम्रासामु जे-जस्ता सवालहरू छन्, के ती सबै साँच्चिकै बढी मात्रामा विचारधारात्मक छन् ? यसको जवाफ हो- 'हो' र 'होइन', दुवै । यस स्थितिमा यसको सम्बन्ध चीनसँग जोडिदा 'हो' भन्ने जवाफ आउँछ, वर्तमान चीनको प्रश्न, चाहे जेसुकै भएतापनि, हाम्रो क्रान्ति जनयुद्ध (दीर्घकालीन) मा आधारित छ भन्ने कुरा हाम्रो आधारभूत विचारधाराको रूपमा रहेको मार्क्सवाद- लेनिनवाद र माओ त्से तुङविचारधाराबाट प्रमाणित भइरहेको

**नक्सलवादी नेता क. नागभूषण पटनायकको आत्म बलिदानले भरिएको संघर्षको गाथा**

# मृत्युशैयाबाट क. नागभूषण पटनायकको सन्देश !



***मूल्यांकनको पूर्णांक ६२ देखि हामीले जिउँदै किम्बदन्तीका नायक भएका भारतका नक्सलवादी नेता स्व. नागभूषण पटनायकको आत्मबलिदानले भरिएको संघर्षको गाथा प्रस्तुत गर्दै आएका छौं । यस क्रममा यहाँहरूले नक्सलवादी आन्दोलनमा छाएको विवाद र विभाजनमा उनको भूमिकाबारे पढ्नु भयो । यस अंकमा पढ्नु होस्: मृत्युदण्डको सजायँबाट मुक्त भएका क. नागभूषणको आत्मसमीक्षा र पार्टीलाई एकताबद्ध गर्ने आव्हानसम्बन्धी रिपोर्ट ।***

स्थितिमा 'होइन' भन्ने जवाफ पनि आउँछ । यस सिद्धान्तलाई हामीले हाम्रो देशको ठोस परिस्थितिमा लागू गर्नु पर्दछ । हाम्रो आफ्नै विशिष्ट किसिमको सांस्कृतिक प्रकृति छ, भौगोलिक, राजनीतिक अस्मिता छ, हाम्रो खास किसिमका सामाजिक-राजनीतिक संस्थाहरू, जातिप्रथा, पंचायतहरू, पूँजीवादी संसदीय प्रजातन्त्र (हुन त यो शिरदेखि पुच्छरसम्म नक्कली छ) आदि-आदि छन् ।

सबै गुटहरूले इमान्दारीपूर्वक के महसूस गर्नु पर्दछ भने, यिनीहरूमध्ये प्रत्येकले कुनै न कुनै बेला 'चुनाव बहिष्कार गर्ने', 'वर्गशत्रुलाई सफाया गर्ने लाइन', 'केवल गोप्य संगठन बनाउने' र 'कानूनी वा अर्द्ध कानूनी गतिविधिहरूलाई स्थान नदिने', 'मोर्चा संगठनहरूको निर्माणलाई इन्कार गर्ने' जस्ता कार्यनीतिक सवालहरूलाई आधारभूत विचारधाराको रणनीतिक प्रश्न मान्ने भूल गरे । यदि यिनीहरू अहिले पनि यी प्रश्नहरूमध्ये कुनैमा अडिरहेका छन् भने यिनीहरूले आफ्ना अडानहरूलाई सच्याउने समय भनेको यही बेला हो ।

अमूल्य जीवनहरू बलिदान भइसके । जो जो बलिदान भए, उनीहरूप्रति जनताको मनमा अगाध प्रेम छ । तर बलिदान मात्रले र त्यो पनि अनावश्यक बलिदानले सिर्फ बहुमूल्य रगत मात्रै विनाअर्थ बगाईदिन्छ, तर त्यसले आन्दोलनमा धक्का खाएको कारणले दुखित-पीडित भएर, हताश-निराश भएर उभिरहेका हामीहरूलाई अगाडि बढ्न खासै मद्दत गर्दैन ।

ग्रामिण अंचलहरूमा आइरहेको क्रान्तिको लहरमा हाम्फाल्ने कमरेडहरूको संख्यामा कुनै कमी आएको छैन भन्न पाउँदा मलाई गर्वको अनुभव भइरहेको छ, तर हामीहरूले ब्यापक जन समुदायको विश्वास प्राप्त गर्नुपर्दछ, किनभने जनसमुदाय बिना हामी मेरूदण्ड बिनाको मासुको थुप्रोमात्रै भइरहनेछौं ।

कमरेडहरू, म यस मृत्युशैयाबाट तपाईहरूको सम्पूर्ण क्रान्तिकारी जोशको नाममा अपील गर्दछु - क्रान्तिकारी एकताका लागि प्रयास गर्नुस् र मनोगत तत्वहरूलाई वस्तुगत समाधानसँग मिलाउनुस् । तपाईहरूलाई थाहा छ - कसरी सोभियत सामाजिक साम्राज्यवाद सीमा पारी आफ्नो शिकारको खोजीमा लागेको छ र युद्धप्रिय लुटेराझैं आफूलाई फैलाउन लागेको छ । तेश्रो बिश्वको सिद्धान्तको सचेत र व्यवहारिक प्रयोग मार्फत् नै त्यसमाथि अंकुश लगाउन सकिन्छ ।

अन्तमा, म आफ्नो बारेमा दुई शब्द भन्न चाहन्छु । मेरो जीवन देश, राष्ट्र र जनताको हितका लागि पूर्ण रूपमा समर्पित छ । म जेलमा रहुँ या बाहिर, कुनै फरक पर्ने छैन । म आत्मसमर्पण गर्नु, विवश भएर भुक्नु र हताश-निराश हुनुको साटो मर्नु निको मान्नेछु । तर पनि म भनेको एकजना सामान्य ब्यक्ति हुँ । बिश्वको इतिहासको निर्माणमा जनता र केवल जनता मात्रै प्रेरक शक्ति हो, कुनै ब्यक्ति विशेषहरू चाहीं होइनन् भन्ने कुरा माओ त्से तुङ विचारधाराले हामीलाई शिक्षा दिएको छ ।'

Frontier पत्रिकामा २५ अक्टोबर १९८० मा प्रकाशित यो सानो पत्रले नक्सालवादी आन्दोलनका विभाजित गुटहरू, त्यसका नेता र कार्यकर्ताहरूलाई अलिकति हल्लायो, केही हदसम्म ब्यूँझाउने काम गर्‍यो ।

## *'हामी निश्चय पनि एकताबद्ध हुनेछौं !'*

**-क. विनोद मिश्र**


यही पत्रको प्रतिक्रियामा लिबरेशन समूहका नेता क. विनोद मिश्रले पार्टीको तर्फबाट 'हामी निश्चय पनि एकताबद्ध हुनेछौं' नामक लेख लेखर पार्टी-एकताको निम्ति दृढतापूर्वक लागीरहने घोषणा गरे । उनले आफ्नो प्रतिक्रियामा लेखे - 'केही सवालहरू' मा कमरेड नागभूषण पटनायकद्वारा भारतका कम्युनिष्ट क्रान्तिकारीहरूलाई आपसी एकता कायम गर्नका लागि धेरै नै सशक्त अपील गरिएको छ र एउटा त्यस्तो ब्यापक रूपरेखा प्रस्तुत गरिएको छ, जसअन्तर्गत कम्युनिष्ट क्रान्तिकारीहरूले उपरोक्त उद्देश्य पूरा गर्न पहिलो पाईला चाल्न सक्दछन् ।'

क. विनोद मिश्रले आफ्नो प्रतिक्रियामा विभाजित नक्सलवादी आन्दोलनको एकताको मार्गमा रहेका जटिलता, कठिनाइ र संभावनाहरूको विवेचना गर्दै लेखेका थिए- 'कमरेड नागभूषण पटनायकको आह्वानको महत्व असीम छ । हामी अन्तस्करणबाट आशा गर्दछौं - 'सवै मार्क्सवादी लेनिनवादी शक्तिहरूले यो आह्वानको प्रत्युत्तर, भनाइ र गराइद्वारा नै दिनेछन् । क. नागभूषण, तपाई निश्चिन्त हुनुहोस्, हामी निश्चय नै एकताबद्ध हुनेछौं ।'

पत्रमा क. विनोद मिश्रद्वारा क. नागभूषणको उच्च मूल्यांकन समेत गरिएको थियो । पत्रमा लेखिएको थियो -'नागभूषण पटनायक एउटा लौह मानवको नाम हो । एउटा साहसी सर्वहारा योद्धा र सुयोग्य पार्टी नेताको नाम हो । शायद उहाँ नै अतीतको एकताबद्ध सीपीआई (एमएल) र

*भाकपा मालेका पूर्व महासचिव स्व. विनोद मिश्र*





*क. नागभूषण पटनायक एक विरोध सभालाई सम्बोधन गर्नुहुँदै*

वर्तमानको विभाजित सिपिआइ (एमएल) बीचको अन्तिम जीवित कडी हुनुहुन्छ । किनकि उहाँले पार्टीका सबै समूहहरूको गहिरो सम्मान पाइरहनु भएको छ । र, त्यसैले आफ्नो गंभीर अस्वस्थताका बावजूद, अस्वस्थताले गर्दा मृत्युको नजीक पुऱ्याइसकेता पनि उहाँ शत्रुहरूका लागि भयको निरन्तर स्रोत बनिरहनु भएको छ ।'

'अन्तमा, हामी यस अवसरमा सवै क्रान्तिकारी कमरेडहरूसँग क. नागभूषण पटनायकको रिहाइका लागि सरकारमाथि दवाब दिने उद्देश्यले देशभरि नै शक्तिशाली जनमत गोलबन्द गर्न अपील गर्दछौं । क. नागभूषण, तपाईलाई हाम्रो लालसलाम !'

क. नागभूषणको पार्टी एकतासम्बन्धी पत्र र त्यसको प्रतिक्रियामा क. विनोद मिश्रद्वारा लिखित प्रतिक्रियाले विभाजित नक्सलवादी नेता र कार्यकर्ताहरूमा हलचल मच्चाइरहेको बेला लिबरेशन समूहले १३ वटा नक्सलवादी समूहहरूको भेला बोलाउने साहस गऱ्यो ।

यही क्रममा लिवरेशन समूहकै अगुवाइमा १९८१ मा, ३० जनवरी देखि २ फेब्रुअरीसम्म कलकत्तामा १३ वटा नक्सलवादी समूहहरूको पहिलो बैठक बस्यो । क. चारू मजुमदारको जीवनकालमै विभाजित भएको भाकपा (माले) का विभिन्न घटकहरूबीच १९७१ पछि पहिलो पटक संयुक्त बैठक भएको थियो । बैठकमा चीनको सांस्कृतिक क्रान्तिको भूमिकाको मूल्यांकन गर्नुपर्ने कुरादेखि वर्गशत्रु सफायाको लाइनको आलोचना गर्ने विवाद समेत उठ्यो । 'तर अन्तमा, यस्ता केही विवादका बाबजूद पनि पछि गएर निकै भावुक भएका नेताहरूले छिट्टै नै एउटा 'जनमोर्चा निर्माण गर्ने' र पछि एउटै पार्टी बनाउने बाचा गरे । बैठकपछि १३ वटा पार्टीहरूको एउटा संयुक्त बक्तव्य समेत प्रकाशित भयो ।

नक्सवादीहरूको पार्टी–एकता सम्वन्धी यही पहिलो सफलतावारे जेलमा रहेका क. नागभूषणले पनि निकै उत्साहित हुँदै भनेका थिए– 'आज हामीले पनि निकै राम्रो संकेत देखिरहेका छौं – सबै प्रमुख समूहहरूले एक अर्काको आँखामा सिधै हेरिरहेका छन् । उनीहरूमा एक अर्काबाट सिक्ने, साथै बस्ने र सवैभन्दा अगाडि बढेर एकतातिर बढ्ने प्रबृत्तिहरू देखिंदैछन् । यो एउटा स्वस्थ विकास हो । केही दिन अगाडि मैले एकताको प्रस्ताव गरेको थिएँ, कमरेडहरूले निश्चित रूपमा धेरै नै सकारात्मक ढंगले त्यसमाथि प्रतिक्रिया व्यक्त गरेका छन् । सक्रिय व्यवहारमा उनीहरूले देखाइदिएका छन्– संघर्षमा उनीहरू एउटा आम मोर्चामा फासीवादको विरोध गर्नका लागि एकगठ हुन सक्छन् !' ❑

## विश्व कम्युनिष्ट आन्दोलन

# माओकी छोरी फेरि राजनीतितर्फ !

विश्वभरिका श्रमिकहरुका श्रद्धेय नेता तथा शिक्षक माओ त्से तुङकी छोरी फेरि एक पटक औपचारिक रुपमा राजनीतितर्फ फर्केकी छिन् । च्याङ चिङको कोखबाट जन्मेकी माओकी छोरी– लि ना– चीनको राष्ट्रिय सभामा नियुक्त भएकी छिन् । चिनियाँ संसदलाई सल्लाह दिने 'चाइनीज पिपुल्स पोलिटिकल कन्सल्टेटिभ कन्फेरेन्स' नामक राष्ट्रिय सभामा नियुक्त भएकी लिनाको सक्रिय राजनीतितर्फको पुनरागमनले गर्दा धेरैजसो मानिसहरु आश्चर्यचकित भएका छन् । स्मरणीय छ, राष्ट्रिय सभामा नियुक्त भएका २७ जना सदस्यहरूमध्ये एक लि नालाई केही वर्षसम्म सत्ताको केन्द्रबाट टाढै राखिएको थियो ।

**च्याङ चिङबाट जन्मेकी माओकी छोरी चीनको राष्ट्रिय सभामा नियुक्त**

लि नाको जन्म सन् १९४१ मा क्रान्तिकारी युद्धकालीन चीनमा भएको हो । १९३८ मा विवाह बन्धनमा बाँधिनुभएका माओ र च्याङ चिङका एकमात्र सन्तानको रुपमा उनको जन्म भएको हो । माओकी पहिलेकी पत्नीबाट जन्मेकी अर्की छोरी लि मिङसँगै, च्याङ चिङद्वारा पालिएकी लि नाको जीवन पनि राजनीतिमय देखिन्छ । राजनीतिक कार्यका क्रममा उनी चिनियाँ कम्युनिष्ट पार्टीको बेइजिङ शाखाकी उप सचिब समेत बन्न सफल भएकी थिइन् । १९७६ मा माओको दु:खद् मृत्युसँगै चीनमा छाएको प्रतिक्रान्तिकै लहरले सो पदबाट उनलाई पनि बगाएको थियो ।

१९७६ उनको लागि निकै पीडादायी भएको थियो । एकातिर, आफ्ना प्रिय पिता तथा शिक्षक माओको मृत्युसँगै छाएको प्रतिक्रान्तिको लहरसँगै उनी उप सचिवबाट हटाइन् भने अर्कोतिर, 'चिनियाँ सांस्कृतिक क्रान्तिका एक नायिकाको रुपमा देखापरकी' आफ्नी आमा च्याङ चिङलाई सत्तासीन पूँजीवादी गुटद्वारा गिरफ्तार गरियो । प्रतिक्रान्तिपछि सत्तासीन भएको तेङ शियाओ पिङको समूहले १९८१ मा च्याङ चिङलाई नाटकीय रुपमा अदालती कारवाही गरी मृत्युदण्ड दिने घोषणा गऱ्यो । विश्वभरिका न्यायप्रेमी जनताको दबाव र माओप्रति चिनियाँ जनताको अगाध आस्था देखेर भयभीत भएको उक्त समूहले पछिसम्म पनि–च्याङ चिङको सजायँलाई छिटो कार्यान्वयन गर्न सकेन । पछि उनको सजायँलाई आजीवन कारावासमा फेरेर त्यो समूहले उनलाई १९८४ देखि क्वीन चेङको सयौं वर्ष पुरानो कारागारमा नजरबन्दमा राखेको थियो । सो अवधिमा उनलाई भेट्न अनुमति पाउने एक मात्र ब्यक्तिको हैसियतले सो अवधिमा लिनाले आफ्नी आमालाई पटक पटक भेटेर सान्त्वना दिइन् । जेलको कठोर वातावरणमा आफ्नी आमाको 'हत्या वा आत्माहत्या' भएपछि उनी साह्रै नै दु:खित भइन् ।

१९७६मा बेइजिङको पार्टी उप सचिव पदबाट हटाइएकी लिनालाई १९९९ मा आएर करीव दुई दशकभन्दा बेसी समयपछि राष्ट्रिय सभामा नियुक्ति गरिएको घटना सर्वत्र जिज्ञासाको विषय भइरहेको छ । चीनको राजनितिक उथलपुथलको बारेमा अध्ययन गरिरहेका विद्वानहरुले यो नियुक्तिलाई महान नेता माओप्रति वर्तमान चिनियाँ नेतृत्वले देखाएको ओठेभक्तिको रुपमा लिएका छन् । चीनमा अहिले किसान र मजदूरहरुको असन्तुष्टी छिटफुट विद्रोहको हदसम्म विकास भैइरहेको सन्दर्भमा माओप्रति श्रद्धा ब्यक्त गर्ने किसान, मजदूर र पार्टी कार्यकर्ताहरुको आक्रोशलाई थामथुम गर्नका लागि यो नियुक्तिलाई प्रयोग गरिएको अनुमान धेरै हदसम्म बास्तविकताको नजीक देखिन्छ । पूँजीवादीहरुको चर्चित पत्रिका 'टाइम' का जेम्स वाल्शले चीनमा मनाइएको माओको शत वार्षिकीको सन्दर्भमा एउटा चोटिलो ब्यंग्य गर्दै चीनको वास्तविकतालाई यसरी उद्घाटन गरेका थिए–

'माओ चीनका जज वाशिंगटन, जेफरसन, रुसो र शेक्सपियर, लेनिन र स्तालिन सबै एक साथ हुन् । उनको स्मृतिको सम्मान गर्नु भनेको सत्ताका लागि संघर्षरत मानिसहरुका बीच आज पनि बैधताको कसी भइरहेको छ, त्यस्तो समयमा पनि, जबकि उनीहरुमध्ये धेरैजसो मानिसहरु माओको विरासतलाई नष्ट गर्ने काममा नै लागीपरेका छन् ।'

❑

# हिउँको बाघ



विमल निभा

*यो बालकथा हो । यस्ता कथा, कविता, निबन्ध, नाटक, आदिमा ठूला-वडाहरू किन ध्यान दिदैनन् ? मोटो-मोटो ओठमाथि जुङ्गा पलाउँदैमा ज्ञान पनि स्वतः अवतरित हुने अनिबार्यता हुँदैन । बढी उमेरका मूर्खहरू यो देशमा प्रशस्तै छन् । तपाई पनि यही लङ्मा पर्नुहुन्छ भने कृपया एक पटक अवश्य यो कथा वाचन ( ठूलो-ठूलो स्वरमा भए पनि केही छैन) गर्ने कष्ट गर्नुहोला ।*

कुनै एउटा जंगल ।

जंगलको दक्षिण भेकमा एउटा गुफा थियो । निष्पट्ट अँध्यारो गुफा, जहाँ प्रकाशले निर्धक्कसँग प्रवेश गर्ने कहिल्यै अनुमति पाएन । परिणामतः त्यहाँ सँधै रात परिरहन्थ्यो । रातको वासस्थल थियो त्यो गुफा । रात औ दिनको प्राकृतिक नियमको अपहेलनाले गर्दा त्यहाँ परिवर्तनले स्पर्श गर्न पाएको थिएन । सयौं वर्षदेखि जस्ताकोतस्तै । जड एवम् स्थिर । हलचलहीन गुफा । सजिलोको लागि गुफाको नाउँ राख्ने अनुमति चाहन्छु । 'रानेरा गुफा' कस्तो हुन्छ नाम ?

यो काल्पनिक नाउँको कुनै अर्थ खोज्ने प्रयत्न नगर्नु होला ।

रानेरा गुफामा परापूर्व कालदेखि एउटा बाघको बसोबास थियो । अजङ्गको बाघ । पहेंलो, नीलो र रातो रंगको संमिश्रणले निर्मित बाघ । फराकिलो शरीरभरी (टाउकोदेखि पुच्छरसम्म) काला-काला धर्साहरु विद्यमान थिए । गनेर साध्य नहुने । ऊ पाँच फुट लामो थियो । होइन, पचास फुट । यो पनि होइन, पाँच सय फुट । होइन, होइन पाँच हजार फुट । कोही-कोही बाघभक्तहरु उसलाई पाँच करोड फुट लामो पनि भन्ने गर्थे । यही कथनलाई हृदयको गहीराइदेखि विश्वास गर्ने राष्ट्रिय कविहरु यही विषयमा बहुमूल्य ग्रन्थहरुको रचना गर्ने गर्थे । सुप्रसिद्ध गायकहरु नानाभाँतिका सुरीला बाजाहरु प्रयोग गरेर राग अलाप्थे । र, कम्मरमा गजबका लचक भएका नर्तक/नर्तकीहरु नित्य नयाँ अपेराहरु प्रस्तुत गरिरहन्थे ।

सम्पूर्ण भनाइहरुको तात्पर्य के हो भने, रानेराको बाघ सामान्य प्रकारको बाघ थिएन । उसको नाउँ थियो- श्रीमान विशालाधीश अजम्मरी ब्याघ्रराज श्री...।

ऊ जंगल र जंगलको सीमाबाहिर प्रख्यात थियो । तपाईलाई अतिशयोक्ति लाग्न सक्ने भयले (मलाई त लागिरहेछ) रानेराको बाघको चरित्र चित्रण यहीं समाप्त गर्छु ।

**ऊ कुन बेला निस्कने छ र साना-साना हरिण, जरायो, चित्तल र कस्तुरीको शिकार गर्नेछ, कुनै ठेगान थिएन ।**

बाघ दिनको (अथवा रातको) एक पटक आफ्नो गुफा त्याग गरेर बाहिर निस्कन्थ्यो, जब उसलाई भोकले सताउँथ्यो । यो उसको नियमित कार्यक्रम थियो । कहिलेकाँही महिनौंसम्म पनि उसको कुनै अत्तोपत्तो हुँदैनथ्यो, जब ऊ टन्न अघाएको हुन्थ्यो ।

तर यस्तो कमै हुन्थ्यो । जंगलमा उसको हिंसाको कठोर राज्य थियो । ऊ कुन बेला निस्कने छ र साना-साना हरिण, जरायो, चित्तल र कस्तुरीको शिकार गर्नेछ , कुनै ठेगान थिएन । उसको क्रुरताको कुनै अन्त्य थिएन, जसलाई ऊ पराक्रमको रुपमा प्रचार-प्रसार गर्ने रुची राख्दथ्यो । जंगली अखवार, रेडियो र टेलिभिजन सबै संचारका माध्यमहरु यसैमा अहोरात्र ब्यस्त थिए । यसलाई ऊ जंगलको प्रजातन्त्र भन्थ्यो । तर वास्तविकता के थियो भने, जंगल भयको अथाह पोखरीमा चुर्लुम्म डुबेको थियो ।

एक दिनको (तिथि मितिको विषयमा केही भन्न सकिन्न किनभने, इतिहासकारहरु फरक-फरक दावा गर्छन् । तर यो असत्य घटनामा आधारित छैन । सत्यलाई पनि आ-आफ्नो किसिमले उपयोग गर्ने गरिन्छ । यसमा मेरो एकलौटी अधिकार छैन ।) कुरो हो, जंगलमा एउटा लामो-लामो कान भएको खरायो देखापर्‍यो । कोही उसलाई निलकान्त भन्ने गर्छन् भने कोही लालबहादुर । कोही-कोही पीताम्बर पनि भन्ने गर्छन् ।

एउटा अर्को नाउँ पनि छ- लामकाने । म कथामा यही नाउँको प्रयोग गर्नेछु । हाम्रो कथाको नयाँ पात्र लामकाने जंगलको पुरानो बासिन्दा थियो । केही वर्षअगाडि हराएको थियो । असल कुरो के हो भने, ऊ मानिसहरुको बस्तीमा पुगेको थियो । बस्तीबाट शिक्षा प्राप्त गरेर जंगल फर्केको थियो । जंगलको भयावह स्थिति अवलोकन गरेर लामकाने खरायो दुःखी थियो । उसले बाघको अत्याचारबाट पीडित, निरीह एवम् निर्दोष जनावरहरुलाई मुक्त गर्ने शपथ खायो । यही कार्यमा होमियो ।

सबभन्दा पहिले उसले एउटा गुप्त संगठन निर्माण गर्‍यो । भूमिगत रुपमा (जंगलमा भूमिगत हुनुको अर्थ दिन-दिनभरी सुत्नु र राति पनि फेरि सुत्नु होइन । सहीमा भूमिगत हुनु हो । लघु आकारका जनावरहरु भूमिमा प्वाल बनाएर बस्ने गर्छन् । तर तपाई भूमिगत शब्दको सोभ्रो अर्थमा नजानोस् । जंगलमा पनि राजनीतिको प्रभाव परिसकेको थियो ।) गतिविधि गर्न थाल्यो । सबै जनावरहरु आशावादी थिए । एकाएक एक दिन लामकाने खरायोको हत्या भयो । उसका हाडहरु यताउता फ्याँकिएका थिए । बाघका अनुचरहरु प्रफुल्लित थिए । किनभने यो उसैको देन थियो । एक पटक फेरि रानेराको बाघको शौर्य प्रमाणित भयो । दुब्लोपातलो खरायो र मोटोघाटो बाघबीच केको मुकाविला ? तर अचम्म के भयो भने, लामकानेको छरिएका हाडसँगसँगै एउटा-एउटा लामकानेको जन्म भयो । थुप्रै लामकानेहरु । जंगलभरी लामकाने नै लामकानेहरु देखिन थाले । बाघ र बाघका पक्षधरहरु ( यसमा पंडित, पहलमान, चिन्तक, ब्याजखोर, ज्योतीषी, कथावाचक, समाजसेवी, जादुगर, दलाल, वेश्या, भलादमी, बुद्धिमान, धर्मात्मा आदि पर्छन् ।)चिन्तित थिए- लामकान्हेरु किन मर्दैनन् ?




यहीबीच जंगलमा एउटा ठूलो सभा

भयो । सबै जनावरहरु भेला भए । विषय जंगलवासीहरुको समुचित कल्याणसँग सम्बन्धित थियो । सोही बखत लामकानेहरु मध्ये एउटा उभिएर गर्जन गर्न थाल्यो,- "मित्रहरु हो, अब हामीले यो बाघसँग डराउनु पर्दैन ।"

सबैले एकै स्वरमा सोधे, "किन ?"

लामकानेले जवाफमा भन्यो, "किनभने यो बलियो बाघ होइन , यसको विषयमा मैले सबथोक पत्ता लगाइसकेको छु । वास्तवमा यो त्यस्तो होइन, जस्तो देखा पर्छ । अब कसैले योसँग डराउनु पर्दैन ।"

यो सुनेर एउटा बुढो जरायो जुरुक्क उभिएर भन्यो, "यो के भनेको लामकाने ? बाघ कसरी कमजोर हुन्छ ? उसले जहिले पनि हामीलाई मारेको छ । हाम्रा सन्तनहरुको शिकार गरको छ । हामी त बलहीन जनावरहरु हौं । हामी के गर्न सक्छौं ?"

लामकानेले यस पटक जोशिलो स्वरमा भन्यो, "यसको मूल कमजोरी मैले पत्ता लगाइसकेको छु । त्यसैले मैले भनेको हुँ, अब हामीले निर्धक्क भएहुन्छ अब डर मान्नु पर्दैन ।"

सबैले सोधे, "के कमजोरी ?"

लामकानेले कान ठाडो-ठाडो पार्दै भन्यो, "मित्रहरु हो, यो हिउँको बाघ हो । यसको कुनै भविष्य छैन । हाम्रो अगाडि यो टिक्न सक्दैन । तर उसको लागि हामी सबैले एकजुट हुनुपर्छ । हाम्रो एकतामा जुन गर्मी छ, त्यसले यो पग्लन थाल्नेछ । अतः यो हिउँको बाघलाई निमिट्यान्न पार्न सम्पूर्ण साना जनावरहरु एक सूत्रमा बाँधिनै पर्छ । अरु कुनै उपाय छैन ।"

लामकानेको धाराप्रवाह वाणीले प्रभावित भएर सबैले ताली बजाए । तालीको चर्को ध्वनिले जंगलको सन्नाटालाई चिरेर ब्युँझाइदियो ।

*कथा सकियो । तर सकिएको छैन । कुनै-कुनै कथाको यस्तै प्रकृति हुन्छ । पुस्तौंसम्म चल्छ । सम्भवतः 'हिउँको बाघ' पनि यही कोटीमा पर्छ । बाघहरु भाँति-भाँतिका हुने गर्छन् । साँच्चिकैको बाघ जंगलमा समाप्तप्रायः भैइसकेको छ । बाघ विशेषज्ञहरुको यही निष्कर्ष छ । काठ, टीन, बाँस, कपडा, रबर, बेंत, आलमोनियम, सीसा, फलाम, ढुंगा, र प्लास्टीकका बाघहरु बजारमा यत्रतत्र उपलब्ध छन्, जो बच्चाहरुलाई खेल्न उपयुक्त हुन्छ । जस्तोसुकै बाघसँग खेल्न पनि अबका बालकहरु पछि पर्दैनन् । एउटा प्रकार हुन्छ- कागजको बाघ । यो बाघको अहिले पृथ्वीमा जगजगी छ । तर यिनीहरुको आयु धेरै हुँदैन । समाजिक चेतनाको शक्तिले जस्ताखाले बाघलाई पनि पछारेरै छाड्नेछ । यो अवश्यम्भावी छ ।*

*अन्तर्राष्ट्रिय बाघ-वर्षको उपलक्ष्यमा बाघको कथा हाल्न मलाई मन लाग्यो । कस्तो लाग्यो तपाईंहरुलाई ?* ☐

उपन्यास



## जिरो माइल

**धारावाहिक उपन्यास- २**

# जानकी बाजेको छोराले पिटाइ खायो

जानकीप्रसाद शर्मालाई गाउँका सबैजसोले चिन्दछन्, वल्लोपल्लो गाउँकाहरूले पनि । थाहा नपाउने र साना जातका भनिएकाहरूले 'कम्पोण्डर बाजे' भन्छन् । हुन त अस्पतालको हैन, चौकीका पियन हुन् तर मान्छेहरू 'कम्पाउण्डर' भनिदिन्छन् । बाहुनबाजे हुन्, त्यसैले पनि मानमनितो गर्छन् । जानकीबाजे पनि मान्छेको हैसियत हेरी अस्पतालमा आउनेहरूलाई आफूले गर्ने सहयोग गरिदिन्छन् । हतारमा भएका कसैलाई क्यूमा धेरै पछाडि परेको पूर्जालाई अगाडिको पालो पारिदिएर, कसैलाई 'तपाईंलाई डाक्टर साहेबले भित्र बोलाउनु भा छ' भनेर, कसैलाई औषधीको मेलो मिलाइदिएर । जानकीबाजे मान्छे मिजासिलै छन्, डाक्टरसाहेबलाई पनि रिझाएका छन्, गाउँलेहरूलाई पनि । बडो नरम बोल्छन्, मृदुभाषी । हल्का-फुल्का जजमानी पनि गर्छन् । गाउँमा परिआउने सराद्धे, न्वारन, सत्यनारायण भगवानको पूजा आदि काकाकै पालादेखि गरीआएका, गर्दैछन् । छोराको काँधमा जनै छैन । जानकीबाजेलाई यसको पनि पीरै छ । पुरेतको छोरो जनै लाउँदैन । अचेल यी लाङघाली र किराँतीहरूले गर्दा पनि अलिअलि जजमान घटेका छन् । मतवालीहरूले धर्मकर्म मान्नै छोडे । दशैंको टीको त थाप्न छोडे । अचेल फेरि क्रिश्चियनहरू पसिरहेका छन् गाउँमा । राजमार्गमा पोहोर बडेमानको घर बनाउने लाहुरे क्रिस्तान रे ! ब्रिटिश आर्मीको लाहुरे देहरादून भाक्सुको रानामगर बेलायती सेनामा गएर 'राणा' भइटोपलिरहेछ । ब्रिटिश आर्मीले पनि मान्छेको न्वारान गर्न खूब जान्या छ- राईलाई 'राय' बनाइदिन्छ र रानालाई 'राणा' । अलि अलि मान्छे त्यल्ले पनि भाँडिरहेकोछ । दैलादैलामा पुग्छन् । नानाथरीका प्रलोभन देखाउँछन्- छोराछोरीलाई स्कूल कलेजमा पढाइदिने, जागिर दिलाइदिने, देशविदेश डुलाईदिने, बिरामीको औषधीमूलो गराइदिने आदि आदि, धनको पोको फ्याँकीदिन्छन् ।

गतिला गाँठवाला जजमान काकाले लिराखेका छन्, कमजोरहरूकहाँ उनी जाँदैछन् । तीमध्ये पनि कतिपयले अरू पुरेत समाइसके । हेल्थपोष्टमा जागिर खाएदेखि अलि बेफुर्सदी जस्ता भए र जजमानहरू घट्दै गए, नत्र बाका पालामा जजमानहरू थुप्रो थिए । जजमानहरू घट्ने एउटा कारण थियो- द्वेष, अरू पुरेतहरूको द्वेष । उनीहरू भन्थे, 'अस्पतालमा दुनियाँका गोडा छुन्छ, मलमपट्टी गर्छ जानकी । त्यस्तालाई के पुज्नु पुरेत ?' 'जानकीले धर्म भाँड्यो' भन्दै जजमान भड्काउँथे, तर बिचरा जानकीबाजेलाई यो कुरा थाहा थिएन । आधुनिकीकरणले गर्दा पनि जजमानहरू घट्दै गएका हुन् भन्ने उनको धारणा थियो ।

राजमार्ग खुलेपछि चार-चौरासका मान्छेहरू गाउँमा थुप्रिनथाले । भट्टी पसलहरू बढे । मान्छेहरूमा नियमनिष्ठा टुट्दै गयो, घट्दै गयो । मान्छेहरूले लेखपढ गर्नथाले, पुरानो संस्कारलाई अन्धविश्वास र फाल्तु कुरा भन्न थाले । अरू त अरू, उनकै

अचेल क्रिश्चियनहरू इशा मसीहका पुस्तकहरू बोकेर गाउँ गाउँमा पसिरहेछन् । 'अदनको बगैंचामा आदम र हब्बा', 'याकुबले आफ्ना छोराहरूलाई आशिर्वाद दिए' 'मर्कूसको सुसमाचार', 'मत्तीको सुसमाचार', 'युहन्नाको सुसमाचार', 'दाउदको भजन' आदि नेपालीमा रूपान्तर गरिएका बाइबलका पूरक कथाख्यानहरू बोकेर गाउँका गरीबका

> ब्रिटिश आर्मीले पनि मान्छेको न्वारान गर्न खूब जान्या छ- राईलाई 'राय' बनाइदिन्छ र रानालाई 'राणा' ।

धन देख्दा 'महादेव'को त तीन नेत्र, भएपछि गरीव गाउँलेको ब्रम्ह किन नजागोस् ?


-यस्तै तर्कनाहरू मनमा खेलाउँदै जानकीबाजे ओछ्यानमा पल्टिरहेथे, आँखाबाट निन्द्रा कोसौं पर थियो । घरका अरूहरू सुतीसकेथे ।

जहानतिर हेरे र 'निदाइछ' भने, 'एकछिन त करकर गरिर'थी । छोरोको पिरलो छ, बरालियो, पढाइ पनि राम्रो गर्न सकेन, गाउँका हुल्याहाहरूको संगतमा लागिर'छ, संगत भन्या ठूलाको गर्नुपर्छ- धनमा, बुद्धिमा, ता कि मौकामा मद्दत मिलोस् , यसो दुईचार पैसा आउने इलम समाए पनि त हुन्थ्यो, खै गर्दैन ! न त घरकै काममा मद्दत गर्छ !'

"बाजे ! ए बाजे ! !"

अप्रत्याशित, अचानक केही आवाज आएजस्तो लाग्यो बाजेलाई तर रेडियो बजिरहेथ्यो- इण्डियन फिलिप्स, टोलै थर्किने गरेर, त्यसैले केही ठम्याउन सकेनन् ।

हत्तपत्त सिरानीतिर रहेको



इश्माली

*युवा कथाकार इस्मालीले लेख्नु भएको एक नयाँ उपन्यास 'जिरो माइल' लाई हामी गत अंकदेखि धारावाहिक रूपमा प्रकाशित गर्दैछौं । यसबाट पाठकहरूलाई वर्तमान नेपाली समाजको एक पक्ष बुझ्न र नेपाली साहित्यको वर्तमान लेखन-प्रवृत्तिसँग साक्षात्कार हुन मौका मिल्ने छ भन्ने हामीले ठानेका छौं । यो अंश सो उपन्यासको दोस्रो अंश हो ।*

*-मूल्यांकन*

रेडियोको आवाज मधुरो पारेर झ्यालतिर कान थापे ।

"जानकीबाजे ! ओ जानकीबाजे ! ! हैन, सुतिसकेछन् कि क्या हो ? चालचुल् केही छैन । काठाहरू कति चाँडै सुत्या होलान् !" फतफतायो बोलाउने मान्छे ।

झ्याल खालेर हेर्दै सोधे, "को हो हँ ?"

"हवाँ अफिसमा बोला छ, हिड्नुस् ।" बोलाउन आउने मान्छे कडा स्वरमा बोल्यो ।

"के भन्छ यो ?" भन्दै हातमा टर्च लिएर लुंगी मिलाउँदै जानकीप्रसाद सावधानीपूर्वक लिस्नोबाट तल ओर्लेर हेर्छन् त प्रहरी जवान, उभिरहेकोछ झंकबहादुर ।

झसङ्ग झस्के, किन आयो पुलिस ? कि फेरि मुखियासाबले गडबड गऱ्यो ?

मुखियासाहेब अर्थात् जीवछ साहले डाक्टर नभएको मौका पारी अस्पतालका औषधीहरू पसलमा लगेर बेच्ने गर्थ्यो । त्यसताका डा. आर.पी. भर्खर आएका थिए । उनलाई कसैले कुरो लाइदियो कि के भो कुन्नि, पसलमा उनले अस्पतालको दबाइ ट्याक्कै चिनीहाले । मुखियालाई तुरुन्तै केरकार पारे, मुखिया पहिले त अड्यो तर 'तिम्रो रिपोर्ट लेखेर डाइरेक्ट विभागमा पठाइदिन्छु' भनेपछि गल्यो र माफी माग्न थाल्यो । मुखियासा'बको त मान्छे रहेछन् अञ्चल अस्पतालमा । दुई महिना नपुग्दै डाक्टर आर. पीलाई सरूवा गराइदिइहाल्यो । त्यहाँदेखि मुखियासाहेबलाई कसैले छुँदा नि छुँदैनन् , चलाउँदा नि चलाउँदैनन् । मुखियासाहेब पनि धेरैजसो घरै बस्छन्, काज-साज भन्छन् । अनि डाक्टरसाहेब पनि हुँदैनन् । उनै हुन्छन् सर्वेसर्वा, डाक्टर पनि, हाकिम पनि, कम्पाउण्डर पनि र पियन पनि । तर अचेल मुखियासाहेब पनि यहीं थिए ।

"किन होला ?" नजिकै गएर नरम स्वरमा सोधे ।

"सा'बले बोलाएर ल्याउनु भन्नु भा छ " भन्यो जवानले । उसको मुखबाट ह्वास्स हस्को आयो ठर्राको, त्यसैले उनी एक डेग पछि सरे, कस्तो गन्हाउने झोल खाएछ, भन्ठान्दै ।

"के पऱ्यो होला, त्यस्तो ?" अनिष्ट आशंकाले भयभीत हुँदै दबेको स्वरमा साधे उनले ।

"ह्वीं गएछि पत्ता लाग्छ " ऊ बाउँठियो ।

"लुगा फेरेर आउँछु है त .." भन्दै उनी माथि उक्ले । जहानलाई उठाए र 'ढोका लाएर सुत्' भन्दै टर्च लिएर तल झरे ।

पटक पटक उनको पदचाप सुनेर होला, गोठमा गाईले हुँकार भऱ्यो बिस्तारै । खोरमा बाखाले कान फट्फटायो । "बस, बस ।" स्नेहिल स्वरमा बोल्दै खोरतिर र गोठतिर उनले टर्चको ज्योति देखाए । अनि आँगनमा निस्के र "लौ, जाऊँ त" भन्दै जवानको पछि लागेर सडकमा निस्के । "चुरोट खाऊँ त" भन्दै बगलीबाट 'देउराली' झिकेर एक खिल्ली जवानलाई दिए र एउटा आफूले चेपे ओठमा । सलाई आफैंले बाले र आदरसाथ जवानको चुरोट सल्काउन अनुरोध गरे । बाटामा जवानबाट कुरो खोतल्न एक दुई पटक प्रयास गरे तर जवान डगेन ।

बलम्पाकी टोलको बाटो जवानले हिंडायो । ठूलीको झुपडीनिर आइपुगेपछि जवानले मुख खोल्यो, "बाजे, अचेल त आम्दानी खुब छ रे नि !"

"हँ ...! " पहिला त उनी झस्के किनकि जवानले एक्कासी मुख खोलेथ्यो तर तुरुन्तै सम्हालिए । 'बलम्पाकी टोलको बाटो ल्याइर'छ । ठूलीको घरनिर आइपुग्या छ ।' बाजेले जवानको आशयको भेउ पाए र तोलाको जिब्रो फट्कार्दै लयालु बोलीमा चलाए - "के आम्दानी छ र बाबु ? समयकाल यै हो । महंगीले आकाश छुन लागिसक्यो । जेनतेन यो परान धानिया छ । बाबुलाई तिर्खा लागेजस्तो छ, भैहाल्छ नि । तिर्खा मेट्ने ठाउँमै पुगियो क्यारे" भन्दै उनले बगलीको दुवैतिरको गोजी टक्टक्याएर पाँच रूपियाँ दाम जवानको हातमा राखिदिँदै भने, "बाबु , म यही सडकमै पर्खिरहन्छु,



मलाई यो नर्कमा नडोऱ्याऊ ।"

"हुन्छ बाजे, हुन्छ । तपाईं हिंड्दै *गरेपनि हुन्छ । सा'बलाई* 'दिशा बस्न गइरथ्यो' भन्दिनु ।" जवानले दंग पर्दै आश्वस्त गरायो- "डराउनु पर्दैन । मैले नभेट्या भए खत्तम पार्थे । बच्यो । चौकीमा राखिदिया छ छोरालाई ।" यति भनेर ऊ लुसक्क ठूलीका झुपडीमा छिरीहाल्यो ।

जानकीबाजे लागे उकालो ।

गाउँको यो बाटो नजानिंदो उकालो थियो । राजमार्ग डाँडाको फेदीफेदीबाट गएको थियो र गाउँ डाँडाको फेदीको दक्षिणतिर थियो । बाटो सुनसान थियो र अँध्यारो पनि थियो । मान्छे नसुतीसकेका घरमा पल्याकपिलिक् बत्ती बलेको देखिन्थ्यो, कि त राजमार्गमा आक्कलझुक्कल कुद्दै गरेका रात्रीबसहरू र ट्रकहरूको हेडलाइट र ब्याकलाइटको सेतो र रातो उज्यालो देखिन्थ्यो ।

"के गऱ्या होला त त्यल्ले ? कसको के बिगार गऱ्यो त ? आजसम्म कसैको केही त बिगारेको थिएन । " सशंकित उनको मथिंगलमा शंका-उपशंका मडारिन थाल्यो । "यत्रो दुःख झेलेर त्यतिका पढाएँ तर अहं, खुट्टै टेक्दैन । न त पढाइ नै गतिलो गऱ्यो । अहँ, विवेकै छैन । पटक्कै । दाइ चाहिंको देखासिकीले भाइ पनि बिग्रीसक्यो । पढाइ छोडीछोडी बरालिएर हिंड्छ । छौंडाहरूमा फेशन पनि कस्तो कस्तो आयो ? स्कूलमा तह लाग्ला भन्या, स्कूलैलाई तह लाउने भो । स्कूलका मास्टरहरूलाई पनि थर्काछ भन्छन् । हरामदेखि राम डराउँछन् । के गर्नु ? छोराहरू पढ्लान्, ठूला होलान्, बुढेसकालमा सुख पाइएला भन्या त झन् झन् पिरलो पो थपिंदै गयो । म ताक्छु मुढो, बंचरो ताक्छ घुँडो भनेजस्तो ।" दिक्दारीमा गम खाँदै उनी प्रहरी बिटमा पुगिसकेछन् । उनी पुग्दा त झंके पनि संगसँगै जस्तो पुगीराखेको ।

"नमस्कार, हजूर !" दश औंला जोड्दै असइ पदम कट्टेलका सामु उभिए ।

"क्या हो, बाजे ? साँढेहरूलाई छाडा छोड्नु भएन नि ।" अ.स.इ. कट्टेल छेड हान्दै बोले ।

"खै हजूर, मैले त कुरै बुझिंन ।" बाजे अबुझ बन्दै याचनापूर्ण दृष्टिले अ.स.इ. तिर हेर्न थाले ।

"ए झंके, त्यो हिरोलाई ले ।"

"हस् साप् ।" सलाम ठोक्दै झंके गयो र एकजनालाई पाखुरामा समाउँदै-डोऱ्याउँदै साहेबका अगाडि उभ्याइदियो ।

"यसलाई चिन्याछ, बाजे ?" आफ्ना अगाडि उभिएको अभियुक्ततिर संकेत गर्दै सोधे थे- अ.स.इ. सोहबले ।

बाजेले हेरे, नियालेर हेरे । उनलाई देख्नासाथ अभियुक्तले मुन्टो निहुऱ्यायो । अनुहार हेरेर त उसलाई चिन्न गाह्रो थियो । मुखै बागिएछ । अष्टाबक्रको जस्तो आठै ठाउँ नभए पनि केही ठाउँमा नाकबाट रगत बगेको, ओठबाट रगत बगेको टाटा, उही दुब्लो पातलो सर्लक्क अग्लो फुकीढल प्राणी, जसलाई बीसवर्ष अगाडिदेखि उनी देख्दै आइरहेका थिए ।

"च्व ... ! च्च्व ... !! के हुलिया बनाइ'रछस् !"- आफ्नो अगाडि उभिएको प्राणीलाई छेड हान्दै भने र फेरि कट्टेल साहेबतिर फर्कदै जिज्ञासा बिसाए, "कसरी यस्तो भयो, हजूर ?"

"सोध्नुस् यसैलाई । बिनासर्जमि जंगलमा शिकार खेल्न जाँदै र' छ । बाउ यस्तो गौ-प्राणी, छोरो यस्तो हरामी !" भन्दै अ.स.इ. कट्टेलले एकदुई थान व्यंगवाण अझ चलाए तर उनले त्यतानिर ध्यान दिएनन् । अन्तमा कट्टेलले भने, "ल बाजे लैजानुस् । तपाईं आफैं कम्पाउण्डर हुनुहुन्छ । दुनियाँको इलाज गर्नुहुन्छ, यसको नि गर्नुस् र यसलाई सक्दो चाँडो हिल्ला लाईदिइ हाल्नुस् । तपाईंको मुख हेरेर मात्रै छोडिदिया हुँ, नत्र सार्वजनिक अपराधमा ....!"



*बलम्पाकी टोलको बाटो जवानले हिडायो । ठूलीको झुपडीनिर आइपुगेपछि जवानले मुख खोल्यो, "बाजे, अचेल त आम्दानी खुब छ रे नि !"*

ठीक, यही बेला पश्चिमतिर जाने दुईवटा रात्री भिडियोकोच ढाठअगाडि ब्रेक लाएर ट्याँ टि .. हर्न दिन थालेथे । खलाँसी कुदै आयो, नम्बर लेखायो- को.अ.ख. २३...। यही मौका छोपेर बाजे उठीहाले । "हवस् त हजूर" भन्दै कृतज्ञ भावले हेर्दै बिदा भए उनी र छोरालाई लिएर बाटो लागे ।

बाटोभरि छोरालाई ठुंग्दै, टोक्सदै आए- 'अस्पतालमा पियनकै जागिर पाउन पनि कत्तिको चाकरी बजाउनु पऱ्यो, क-कसकाँ भान्से लाग्नुपऱ्यो- बेगारीमा, अझ नि बिहा-वर्तमन, चाडपर्वमा भान्से बनाउन चुक्दैनन्, तर तँलाई विवेक रहेन । मेरो त्यत्रो प्रयास बालुवामा पानी खन्याएजस्तो भो । तँलाई पढाइ-लेखाइ यत्रो गराएँ, दुनियाँको यै लात र बात खानका लागि....? अब कुन मुख लिएर हिंड्छस् गाउँमा भोलिदेखि..... ?"

छोरो अभियुक्तझैं चुपचाप हिंडिरह्यो । घर आइपुग्दा रातको दोस्रो प्रहर बितीसकेथ्यो । तीन आँख्ले शिरमाथि थियो । तल्लो टोलमा कुकुर एक टंकारले भुकिरहेथ्यो । स्कूल पछाडिको बाँस झ्याँगतिरबाट स्यालको हुइँयाँ सुनिंदै थियो- सामूहिक स्वरमा ।

गोठतिर टर्चको ज्योति देखाए- गाई उग्राइरहेथ्यो आरामसाथ । जहानलाई उठाए । खोरको बाख्रो स्वामीभक्ति जाहेर गर्दै मधुर स्वरमा करायो म्याँ गर्दै । छोराको अनुहार देख्नासाथ बज्यै तर्सिन्, 'आम्मै नि !' भन्दै । अनि फत्फताउँदै पानी तताउन गइन् । बाजेले प्राथमिक उपचारको किट झिके- खाटमुनिबाट अनि स्पिरिट, कपास-प्याड ठीक पारे ।

"हेर, आज नि धोकेर आएको र' छ - कुकुर्नीको मुत !" घाउचोट मनतातो पानीले पुछ्दै, सफा गर्दै धिक्कारिन् आमाले । ऊ चुपचाप सुनिरह्यो- नतमस्तक भएर ।

विहान घाम एक जुवामाथि आउँदानआउँदै रोडदेखि बजारसम्म हल्ला फिंजिइसकेको थियो- "जानकीबाजेको छोराले टिपाइ खायो !"

"चैगुटाहरूले दनक भेटे ।"

"खुच्चिङ ! कल्ले पिट्यो हँ ?" कसैले जिज्ञासा राख्यो ।

"कल्ले ? कल्ले ? अध्यारामा अब कल्ले भन्ने ?"

"गाउँकाले त हैन, बाहिरिया कल्ले भन्ने ?"

"बाहिरियाले हाम्रै गाउँमा आएर हाम्रै गाउँकालाई पिट्नु पनि त राम्रो भएन नि । त्यो त हामी गाउँलेलाई हेप्या त हो नि ।" क्यारम खेलिरहेको शंभु हमालले क्वीन ताक्दै भन्यो ।

"भीरबाट लड्ने गोरूलाई राम राम भन्न सकिन्छ, काँध थाप्न सकिंदैन ।" मुरारीले भन्यो, "साह्रै चढ्दै गा'थिए तिनीहरू त । त्यो रोशन त झन ! बसको टिकट काट्ने भएर दुई चार पैसा खेलाउने भइरछ । मान्छे गन्दैन कसैलाई । "

चिया पसलमा, मदन-आश्रित चौतारीमा, अनि क्यारम अड्डामा मानिसहरूबीच यस्तै वार्ता हुन्थ्यो । कोही बेला त गरमागरम बहसै हुन्थ्यो पक्ष-विपक्षमा बाँडिएर र अन्तिममा कुरो छिरलिन्थ्यो ।

"पिटाइ खानुपर्ने उम्कीगए, अर्घेलो चहिँ उही भो, काठोलाई किन जानुपऱ्या नि ।" भनी सहानुभूतिसम्म प्रकट गरिदिने मानिसहरू सदासयता प्रकट गर्दै भन्थे, "बरा जानकीबाजेले बुढेसकालमा नि चैन पाउने भएनन् । एक हल गोरू पाल्या भए बरू हलो जोत्न त हुन्थ्यो ।"

देवेश्वर शान्त पनि बिहानभरि घरबाट बाहिर निस्केन । जरोले थलिएर ओछ्यान नछोडी घरभित्रै बसिरह्यो । आमा उसलाई देख्नासाथै गाली गर्न थाल्नुहुन्थ्यो । 'जरो नै आउने गरेर, अनुहारै कच्याक-कुचुक हुने गरेर कसरी कुट्न सकेका त मुर्दाहरूले ? कीरै परोस् तिनका डँडुलामा ' भन्दै सराप्नुहुन्थ्यो र छोरालाई धिक्कार्नु हुन्थ्यो, 'गतिलाको संगत भए पो मति सप्रन्थ्यो ।'

जानकीबाजे केही बोलेनन्, घोरिएर आँगनमा यताउति टहलिरहथे ।

"ब्रदर, मान्छे त चिन्यो होला नि । कुन चाहिं माइका लाल रैछ ? चिनाइदेऊ त मलाई ।" भाइ स्करपियनले पाखुराको मांशपेशी फुलाउँदै, बटार्दै भन्यो ।

"त्यति चिन्न सक्या भए त..." ग्लानी र पछुतो मिश्रित स्वरमा बोलेथ्यो ऊ ।

"अनि सोमहरू कहाँ टाप कसेथे त ? आएनन् काउण्टरमा ?"

"गधाहरू सब भागीगए नि ।"

"ट्र्यापमा पारेर भाग्ने कस्तो सोमहरू त ! म अहिल्यै तिनीहरूसँग कुरो गर्छु ।" ऊ जान भनी तम्सिगो ।

"भैगो, छोड्दे ब्रदर । अब तिनीहरूसँग पार्टनरसिप बन्द ।"

"हाम्रै ग्यांगमा बस त ।"

त्यसैबेला जानकीप्रसाद पसे कोठामा र कान्छो छोरालाई आँखा तर्दै चिढाए, "अब हजूरको पाली ।"

"आफू त छोडिन्न त्यसरी । कि म छैन कि ऊ छैन ।" खास ढाँचामा ओठमुख र आँखिभौं नचाउँदै ऊ बाहिर

## चिया पसलमा, मदन-आश्रित चौतारीमा, अनि क्यारम अड्डामा मानिसहरूबीच यस्तै वार्ता हुन्थ्यो ।

निस्क्यो ।

"कहाँ नि ? अब कुन पुरूषार्थ गर्न ? छोराको निडर व्यवहार देखेर जानकीबाजेको रीसको पारो चढ्यो ।

"जरूरी काम छ ।" भन्दै ऊ फुत्त घरबाहिर निस्क्यो ।

जानकीप्रसाद हेर्‍याहेर्‍यै भए, किंकर्तब्यविमुढ झैं । छोराहरू ठूला भइसके, गाली गरून्- आफैंलाई निल्छन् डाँकोले । कुटुन्- आफैलाई कुट्न बेर लाउँदैनन् । बस्, लाचार भएर सहिरहन्छन्, हेरिरहन्छन् । 'लालयेत् पंच वर्षाणि, दश वर्षाणि ताडयेत् । प्राप्तेषु षोडषेवर्षे, पुत्र मित्रमिवाचरेत् ।' नीति वचन सम्झन्छन् , अनि फेरि लाचार बन्छन् ।

विगत सम्झन्छन्- बाबुले सानैमा छोडेर गएथे । आमाकै काखमा हुर्के, बढे । सारा संस्कार आमाले नै सिकाउनु भयो । काकाले अंशमा ठगे अनाथ विधवा आमालाई । राम्रो राम्रो जग्गा आफ्नो भागमा पारे । राजमार्गमा जोडिएको मकैबारी काकाको, 'खोला कुद्ने धानखेत उनको, सडकमा जोडिएको घडेरी काकाको । करेसा बारीको घडेरी उनको पाँच फिटको बाटो दिएर । 'बाटो मैले सित्तैमा दिएँ' भन्ने फूर्ति उनको । बुबा नभएपछि गाउँको जजमानी उनैको भयो । गाउँका पुरेत उनै भए । गाउँलेहरू उनका जजमान भए । पंच भलाद्मीसँग उनैको संगत भयो, उनैका कुरा खाने भए, उनैको बोली बिक्ने भयो । कुलो लाग्ने खेत काकाले लिए, अकासे भरको खेत उनको भागमा पर्‍यो । काका बाठा, उडक्दै हिंड्थे, 'के गर्नु ! भाउजू, छोरा-छोरीको मुख हेरेर नराम्रो नराम्रो मैले लिएँ, राम्रो राम्रो र धेरै भाउजूलाई दिएँ ।'

उनीहरूलाई हुर्काउन बढाउन आमाले भान्से लाग्नुभयो- हमाल बाबुसाहेबकहाँ । किशोर वयको हुँदानहुँदै कर्मकाण्डको पुस्तकसँग चिनारी भयो उनको । घिमिरे बाजेसँग सहायक भई पुरेत कर्म सिक्न लगाइदिनु भयो आमाले । किनभने गाउँको मिडिल स्कूलको सात कक्षासम्मको पढाइ सकिएपछि उनी फुर्सदिलो मात्र हैन बेगार जस्तो पनि भए । बेलाबखत आमासंगै गोठालो जान्थे, घाँस दाउरा जान्थे । बस् , त्यति हो काम भनेको । गाउँमा स्वास्थ्य चौकी खुलेपछि आमाले बाबुसाहेबहरूलाई भन्सुन् गरी पियनमा जागिर लाइदिनुभयो । शुरूमा त उनी डाक्टरसाहेबलाई बिहानबेलुका बनाई-तुल्याई खुवाउँथे मात्र अर्थात् भान्से मात्रै थिए । पछि ती डाक्टरसाहेब सरूवा भएर जानलाग्दा पियनमा भर्ना गरिदिएर जानु गएथे । त्यहाँदेखि उनी पियनमै छँदैछन् । कस्तो सकसले जागिर खा' छ । अब त आमा खसेको पनि दश वर्ष भयो । कस्तो सकसले हुर्कायो यिनीहरूलाई । अहिले यी मोराहरू मेरा टाउकामा गिर खेल्छन् । पुराना दिनहरू सोच्दै- सम्झँदै जाँदा उनको मन आर्द्र भयो । अनायासै आँखा रसाएर कोस भिजाउँदै नाकको छेउ छेउ बग्दै तपक्क भुइँमा खस्यो । देवेश्वरले देख्ला भनेर उनले मुन्टो अर्कोतिर फर्काए ।

ठीक यसैबेला, देवेशले बाबुतिर हेर्‍यो । बाबुको आँखामा आँसु देखेर उसलाई ननिको लाग्यो । बुबा तुरून्तै उठेर कोठा बाहिर निस्कनु भयो । ग्लानियुक्त मनले देवेशका आँखाहरूले बुबाको पदचाप पछ्याइरहयो । बुबा कोठाबाहिर निस्केपछि उसका आँखा भुइँभित्ता चहार्दै छानाको भित्री सतहमा अडियो । छाना पनि दुईरंगी थियो । छानाको आधीजसो भाग खपडाले छाएको थियो, आधी चाहिं खरले । खपडाले छाएको पट्टि धुरीमा चुहिन्थ्यो, खपडा फुटेथ्यो पोहोरको असिनाले । बीसबाइस वटा खपडा लाग्थ्यो त्यति मिलाउन, त्यसैले मिलिरहेको थिएन । किनभने जगेडा खपडा थिएन । छानाबाट उसले आँखा अन्तै लगायो । एकै



### उपन्यास

ठाउँमा हेरिरहन पनि सक्दैनथ्यो । परेला दुख्न थाल्यो र असजिलो लाग्थ्यो । मुख सुन्निएको थियो र चोट लागेको ठाउँमा कालो दाग बसेको थियो । जिऊ करकर खाइरहेको थियो, जहाँ छोयो, त्यही दुख्ने । चुट्न पनि धुस्नु पारेर चुटे । म छुटें भन्ने थाहा हुँदाहुँदै पनि मोराहरू खोज-खबर लिन समेत नआएका । त्यस्ता मोराहरू पनि साथी ! थुइक्क मोराहरू ! त्यस्ताको पनि संगत गर्नु ! ती मोराहरूको लहलहैमा नहिंड्या भए त यस्तो दुर्गति त हुने थिएन नि । दुर्गति उस्तै, बेइज्जती उस्तै । अब कुन मुखले जानु राजमार्गतिर ? कुन मुखले गाउँमा निस्कनु ? धन्य, बुबाको मुख हेरेर छाडिदियो असइले । दण्ड जरिवाना ला' भए के गर्थे ?

सोच्दै लाँदा ऊ झसङ्ग झस्क्यो र सर्वांग काम्यो । 'धत्, त्यस्ताको संगत गर्नु ठीक छैन । उनीहरू त ठूलाबडा छन्, जेथाजिमिन छ । गाउँका बाबुसाहेब , उहिलेका जमिन्दार, अहिले पनि उनीहरूको पहुँच छ ठाउँ-ठाउँमा, कांग्रेस पार्टीमा पनि, एमाले पार्टीमा पनि, राप्रपामा पनि । मजस्तो फकीरले तिनीहरूसंग नारिन, देखासिकी गर्न सुहाउँछ ? पूँजी न सुजी उफ्रिन्छ गूजी ।"

सोच्दै एउटा ठहरमा पुग्ने प्रयास गर्थ्यो तर तुरून्तै मनको अर्को कुनाबाट प्रश्नले मुन्टो उठाउँथ्यो - "त के गर्छस् त ? तिनीहरूको संगत छोड्न सक्छस् त ? खै ? कसको संगत गर्छस् ? त्यस्तो बानीव्यवहार मिल्ने औकात सुहाउँदो को छ र ?" सोच्दै ल्याउँथ्यो, तर मनले खाएजस्तो कोही देख्दैनथ्यो । सोच्दासोच्दै उसको ठाउको भारी भयो र सिंगटा लाग्लाझैं भयो । 'धडधडी गा रैन छ ।'- स्वगत सोच्यो, अनि पछुतो मान्दै ठान्यो- बेकारै खाएँछु । रक्सी नखाएको भए पनि त यस्तो हुँदैनथ्यो होला । त्यै रक्सीको खेल हो सब । अबदेखि 'एक खान्न, दुई खान्न, तीन खान्न !' भन्दै कान पनि समायो अनि ख्वाडख्वाड खोक्न लाग्यो । खोक्दाखेरि छाती र अनुहारमा बल परेर होला, पिटाइको चोटले छाती र अनुहार दुख्न थाल्थ्यो । छातीमा दुवै हातले आड दियो । उसले हातमा चुरोटको स्पर्श अनुभव गर्‍यो । गोजीबाट चुरोट झिक्यो अनि रीसले मुर्मुरिदै - 'अबदेखि चुरोट पनि खान्न ।' भन्दै दृढोक्ति दोहोर्‍यायो स्वगत र हातमा लिएको लल्याक-लुलुक भएको चुरोट भाँचकुँच पारेर माडमुड पार्दै झयालबाट फुत्त मिल्काइदियो । यसपछि उसले आफूलाई अलि चंगा महसुस गर्‍यो । एउटा बंधनबाट मुक्ति मिलेझैं बोध भयो उसलाई । □

(२९ पेजको बाँकी)

खुलेआम काम गर्न थालें । मलाई नेकपाको काठमाडौं जिल्ला कमिटीको सदस्य बनाइयो । त्यतिखेर त्यस कमिटीको सेक्रेटरीमा अमीर भन्ने ब्यक्ति थिए । उनीपछि पि.एन. राणा जिल्ला पार्टीको सेक्रेटरी बने । म सेक्रेटरीयट सदस्य बनें । पछि म आफैं सेक्रेटरी भएँ । यो कति सालको कुरो हो, अहिले मलाई याद छैन ।

म काठमाडौं जिल्ला पार्टीको सेक्रेटरी भएपछि मेरो असिस्टेण्टको रूपमा अरविन्दनाथ रिमाल रहे । पछि पार्टीभित्र गोलमाल भयो । माझी जब राजावादी हुनथाल्यो, मैले विरोध गर्न थालें । अनि माझीले मलाई निकालेर फाल्ने षड्यन्त्र रच्यो । पार्टीको महासचिव जस्तो ब्यक्तिले फाल्ने षड्यन्त्र रचिसकेपछि मेरो बच्ने उपाय बाँकी रहेन । अब मैले के गरेर खाने भन्ने प्रश्न उब्ज्यो । ब्यापार गरेर खाउँ भने पैसा थिएन । जागीर खान जाउँ भने पुग्ने पढाई थिएन । र, त्यतिखेर मेरो दिमागमा एउटा उपाय सुझ्यो । मैले बिचार गरें- 'अब मैले पढाएर खानु पर्छ ।' त्यसैले २०१४ सालमा मैले एस.एल.सी. दिएँ । त्यसपछि २०१६ सालमा आई.ए.को जाँच दिएँ । त्यसपछि १७ साल लागिहाल्यो । म जेल परें र, पछि जेलभित्रैबाट मैले बि.ए. पास गरें ।

त्यसअधिसम्म जेलभित्र जाँच दिन पाईदैनथ्यो । मैले जाँच दिन पाउनको लागि जेलभित्र अनशन शुरू गरें । १६ दिनसम्म अनशन बसिसकेपछि, म मर्ने स्थितिमा पुगिसकेपछि मात्र बल्ल मैले जाँच दिन पाएँ । त्यसै घटनादेखि जेलमा जाँच दिन पाउने ब्यवस्था हुनथाल्यो । त्यो ब्यवस्था अहिलेसम्म पनि चलिरहेछ । जेलभित्र पनि जाँच दिन पाउँने चलन यसरी मबाट नै सुरू भएको थियो ।

जेलभित्र जेलर र, त्यहाँका कामदारीहरूसँग मेरो जहिल्यै पनि विरोध हुन्थ्यो । पाँच छ महिनाभन्दा बढी कुनै पनि जेलमा मलाई टिक्नै दिंदैनथ्यो । त्यसैले मैले धेरै जेलको हावा खानुपर्‍यो ।

मलाई सबभन्दा बढी मनपर्ने जेल नख्खु जेल थियो । त्यसैले सुरूमा मैले 'मलाई नख्खु लैजाऊ' भनें । त्यहाँ बसेको पाँच छ महिनामा नै मैले त्यहाँ 'चामलको संघर्ष' तथा अन्य विभिन्न जेल सुधारका संघर्षहरू चलाएँ । त्यसपछि मलाई त्यहाँबाट सेन्ट्रल जेलमा सरूवा गरिहालियो । सेन्ट्रल जेलमा पनि झगडा भयो । त्यहाँबाट मलाई भद्रगोल जेलमा सरूवा गरियो । यसरी मलाई छ महिना भन्दा बढी कुनै पनि जेलमा राखिएन । (क्रमशः)

□ *प्रस्तुति* : **तुल्सीदास महर्जन**

२००७ सालको क्रान्ति सुरु हुनुअघि पटनामा मलाई विश्वेश्वरप्रसाद कोइरालाले बोलाए । अनि त्यसपछि स्याङ्जा, पोखरा, बन्दीपुर, गोर्खा कब्जा गर्ने कमाण्डरको रुपमा मलाई तय गरियो । राजेश्वर देवकोटा र श्री भद्र शर्मा मेरो असिस्टेण्टको रुपमा खटाइए ।

# सात सालको क्रान्तिको लगत्तै मैले नेपाली कांग्रेस छोडिदिएँ

निर्मल लामा

म लाई नेपालको राजनीतिमा डोनस ग्राङ्गडङ्गले प्रवेश गराएको थियो । त्यसको लागि उसले मलाई विराटनगरमा बोलायो । म त्यतिखेर आठ कक्षामा पढ्थें र त्यो समयमा म हिउँदे बिदामा थिएँ । उसले मलाई बाटो खर्चको लागि ३० रूपैंया 'मनी अर्डर' गरेर पठाइदियो ।

बाफ रे ! तीस रूपैंया मैले आफ्नो खल्तीमा राख्न पाउँदा त म यति धेरै खुशी भएँ कि मैले आफूले आफूलाई नै सम्हाल्न गाह्रो जस्तो भयो । 'तीस रूपैंया ? मेरो आफ्नै पैसा ! ओ हो !' मेरो मनमा यही कुरा खेलिरह्यो र, त्यसपछि म विराटनगर आएँ ।

विराटनगर हिंड्ने बेलामा मेरी आमा, आप्पाले मलाई चेतावनी दिनुभयो "मधिसेले दिएको केही नखानू । तिनीहरूले भेद्छन् । तिनीहरूले मार्छन् ।"

बाटोमा म मधिसेहरूदेखि डरले थरथरी काम्में । तर म एक्लै नै विराटनगर आएं । यो सायद २००५/६ सालतिरको कुरो हो ।

त्यतिबेला ठूलो रेल चलेको थिएन । सानो रेल चल्थ्यो । त्यसलाई डि.एच.आर. अर्थात् 'दार्जिलिङ्ग हिमालयन रेल वे' भनिन्थ्यो । त्यो रेल सिलगुडीदेखि किसानगञ्जसम्म चल्थ्यो -छिक् छिक् छिक् गर्दै । त्यसपछि ठूलो रेल चढेर आएं । त्यहाँ ठूलो रेल पहिलोपल्ट देख्दा त म छक्क परें । तर, वास्तवमा त्यही रेल पनि धेरै ठूलो होइन रहेछ । त्यो मिटर गेजको रेल रहेछ ।

त्यसपछि म कटिहार पुगें । बाटोमा मैले केही पनि खाइँन । मधिसेहरूले छोएको खाएमा भेद्छन् भनेर मलाई ठूलो त्रास थियो । पछि म त्यसरी भोकै कटिहारबाट जोगबनी पुगें । त्यहाँ डोनस ग्राङ्गडङ्गले मलाई लिन आइराखेको थियो ।

मैले हिंड्ने बेलामा दार्जिलिङ्गबाट उसलाई 'म आउँदै छु' भनेर तार पठाएको थिएँ ।

हामी जोगबनीबाट बोर्डर पास गरेर नेपाल पस्यौं र वारिपट्टि सीमासँग जोडिएको 'बर्मा बस्ती' भन्ने ठाउँमा बस्यौं । त्यो ठाउँ जुटमीलसँग जोडिएको छ ।

त्यतिखेर डोनसका भिनाजु मोरङ्ग हाइड्रोइलेक्ट्रीको फोरम्यान थिए । उनले हामीलाई त्यहाँ बस्नको लागि बन्दोबस्त गरेका थिए । हामी त्यहाँ बस्दै गर्दाको समयमा महेन्द्र विक्रम शाह र सूर्यप्रसाद उपाध्याय त्यहाँ आए । त्यतिबेला महेन्द्र विक्रम शाह र सूर्यप्रसाद अध्यक्ष र महासचिवको रूपमा रहेका थिए । जोगबनी त्यतिखेर सानो गाउँ थियो । त्यहीं जोगबनीमा उनीहरूसँग हाम्रो राजनीतिक छलफल चल्यो । छलफलमा मैले के भनें भने- "राणाहरूसँग लड्नको निम्ति महात्मा गान्धीको 'अहिंशा परम धर्म' भन्ने कुराबाट काम चल्दैन । हामीले त हतियार उठाउनु पर्छ ।" उनीहरू मेरो कुरो सुनेर जिल्ल परे । र, मलाई कलकत्ता बोलाउने कुरो उनीहरूले गरे ।

पछि उनीहरूले मलाई सुवर्ण समशेरसित भेट गराए । त्यसपछि जनसेना गठन गर्ने काममा मलाई 'पुरन सिं, जि.वि. याक्थुम्बा, दिलमान सिंहहरूसित बसेर काम थालनी गर' भनियो । मैले दार्जिलिङ्गमा गएर जनसेनामा मानिसहरू भर्ना गर्ने काम गरें । मेरा दाजुलाई नै मैले जनसेनामा भर्ना गरेर ल्याएँ । यसरी म नेपालको राजनीतिमा प्रवेश गरें ।

२००७ सालको क्रान्तिअगाडि नेपाल प्रजातन्त्र कांग्रेस र नेपाली राष्ट्रिय कांग्रेस मिलेर नेपाली कांग्रेस बन्यो । त्यसबेला म स्याङ्जामा थिएँ । त्यहाँबाटै मैले राणाविरोधी आन्दोलन गरिराखेको थिएँ । पार्टीले मलाई त्यहीं लिन पठायो । अनि म गएँ बनारसमा । त्यहाँ मलाई नेपाली कांग्रेसको केन्द्रिय कार्यालयको कार्यालय-सचिव बनाइयो ।

भर्खरै बनेको त्यस नेपाली कांग्रेस पार्टीमा मातृकाप्रसाद कोइराला अध्यक्ष थिए । त्यस्तै महेन्द्र विक्रम शाह महासचिव थिए ।

बनारसको रामकटौरा रोडमा मातृकाप्रसाद कोइरालाको परिवार नै बसको थियो । म पनि उनीहरूसँगै बस्थें । हामी एउटै भान्सामा खान्थ्यौं ।

त्यही नै बेला मैले कमलप्रसाद कोइरालालाई कम्युनिष्ट बनाएँ । तर म आफैं भने त्यतिखेरसम्म कांग्रेस नै थिएँ ।

यस्तो, कसरी भयो, भने वास्तवमा म त दार्जिलिङ्गदेखि नै कम्युनिष्ट भइसकेको थिएँ - बिचारले । सदस्यताले होइन । किनकि म कम्युनिष्ट बिचारबाट अत्यन्त प्रभावित थिएँ । तर नेपालमा राणा शासन हटाउन अहिले कम्युनिष्ट पार्टी कमजोर छ, त्यसकारण नेपाली कांग्रेससित मिलेर काम गर्नुपर्छ भनेर मैले कांग्रेसमा बसेर काम गरेको थिएँ । मैले यो कुरो त्यतिखेर मातृका र विश्वेश्वरहरू सबैलाई बताएको थिएँ । उनीहरूले मेरो कुरालाई त्यति धेरै नराम्रो मानेनन् । 'ठीकै छ, अहिले सँगै मिलेर जाऔं ' भने उनीहरूले ।




२००७ सालको क्रान्ति सफल भइसकेपछि मैले 'अब म कम्युनिष्ट पार्टीमा जान्छु' भन्ने कुरा गरेपछि सूर्यप्रसाद उपाध्यायले मलाई के भने भने, 'म तिमीलाई एउटा लाइसेन्स दिन्छु, त्यो तिमीले कुनै ब्यापारीलाई बेच । त्यो ब्यापारी पनि म नै ब्यबस्था गरिदिन्छु । त्यसबाट तिमीलाई १५/२० हजार रूपैयाँ प्राप्त हुन्छ । त्यसलाई तिमी बैंकमा राख । त्यति भइसकेपछि तिमी जहाँ जान मन लाग्छ त्यहाँ जाऊ । पैसा नभइकन केही हुँदैन ।'- त्यतिखेर उनी खाद्यमन्त्री थिए । विश्वेश्वर त्यतिखेर गृहमन्त्री थिए । उनी मलाई सल्लाह दिन्थे - 'तपाई कमसेकम वि.ए. त पास गर्नुस् । म तपाईलाई पट्नामा मेरो साथी देवेन्द्रराजको घरमा बसेर पढ्ने बन्दोबस्त मिलाई दिन्छु ।' मैले उनीहरूलाई भनें- 'मैले वि.ए. पास गर्नको लागि पनि क्रान्ति गरेको होइन र त्यस्तै लाइसेन्स लिनको लागि पनि क्रान्ति गरेको होइन । म त कम्युनिष्ट हुनको लागि क्रान्तिमा लागेको हुँ । म कम्युनिष्ट पार्टीमा जान्छु ।'

मैले कमलप्रसादलाई कसरी कम्युनिष्ट बनाएँ भन्ने सन्दर्भमा एउटा रोचक कुरो उल्लेख गर्छु ।

त्यतिखेर बनारसमा कमलप्रसाद कोइराला स्कूलमा सायद आठ क्लास पढ्थे । उनको पूरा

परिवार त्यहीं राम कटौरा रोडमा बस्थ्यो । उनकी दिदी सविता, सायद बहिनी होलिन् कविता, भाइ सञ्जय सबै त्यहीं बस्थे ।

२००७ सालको क्रान्ति सुरू हुनुअघि पटनामा मलाई विश्वेश्वरप्रसाद कोइरालाले बोलाए । अनि त्यसपछि स्याङ्जा, पोखरा, बन्दीपुर, गोर्खा कब्जा गर्ने कमाण्डरको रूपमा मलाई तय गरियो । राजेश्वर देवकोटा र श्री भद्र शर्मा मेरो असिस्टेण्टको रूपमा खटाइए । अनि म पटनाबाट बनारस फर्के । बाटोमा ट्रेनभित्र नै मलाई ज्वरो आयो । ज्वरो पनि यति विघ्न आयो कि म ट्रेनभित्रै बेहोस भएँ । मलाई बालचन्द्र शर्मा र नरेन्द्र रेग्मीले बनारसको रामकृष्ण मिशन हस्पिटलमा भर्ना गरिदिए । त्यहाँ त म कस्तो उजण्ड थिएँ रे भने मलाई नाङ्गो राखिन्थ्यो र पाँच पाँच मिनेटमा मलाई स्पिरिटले नुहाइदिनुपर्थ्यो । एकैछिन मात्र छोडिदिए पनि म उठेर नाङ्गै हस्पिटलभरि दौडन्थें रे । त्यसरी दौडिसकेपछि मलाई समात्न नै गाह्रो पर्थ्यो रे । त्यस्तो अवस्थामा मेरो एकजना माइलो भन्ने बाग्लुङ्गको साथी चन्द्रबहादुरले मलाई 'घरमा खबर गरिदिऔं कि ?' भनेर सोधेका रहेछन् । त्यतिबेला पनि म बेहोस भए पनि जे भए पनि मैले उनलाई 'घरमा खबर नगर' भनें । किनकि मलाई त्यतिखेर घरको स्थिति थाहा थियो । घरबाट कोही आउनै सक्दैनथ्यो । घरकाहरूले केही गर्न सक्ने स्थिति नै थिएन । घरको परिवार त सुकुम्वासीको स्थितिमा बसिराखेको थियो । मैले 'घरमा खबर नगर, दिल्लीमा खबर गर ।' भन्दिएको रहेछु । अनि दिल्लीमा खबर पुगेपछि त्यहाँबाट सूर्यप्रसाद उपाध्याय प्लेनबाट बनारस आइपुगे ।

त्यसबेला टाइ-फाइडको औषधि भर्खरै मात्र बजारमा आएको थियो । इण्डियामा त्यो औषधि दिल्ली, बम्बई, मद्रास र कलकत्तामा मात्र पाइन्थ्यो । त्यो पनि एक फाइल औषधिको पाँचसय रूपियाँ पर्थ्यो । अहिले त त्यो २५/३० रूपियाँमा पाइन्छ । सूर्यप्रसाद उपाध्यायले तुरून्त कलकत्तामा प्लेनबाट मान्छे पठाएर औषधि मगाए । उनले मेरो लागि एक नर्स पनि राखिदिए, एउटी बङ्गाली बुढी । उनको पनि छुट्टै कहानी छ । मलाई डाक्टरले के भनेका थिए रे भने '९५ प्रतिशत खतम, ५ प्रतिशत मात्र आशा गर्न सकिने ।' त्यही ५ प्रतिशतमा म परें ।

म होशमा आइसकेपछिको एक दिन मेरो नजीकको एक जना विरामीले अंग्रेजी अखबार पढिरहेको मैले देखें । सायद त्यो Times of India होला । ठोकेर त भन्न सकिन्न । त्यसमा मैले 'Birganj recaptured' भन्ने खबर देखें । अनि मेरो नर्सलाई मैले त्यो खबर मलाई पढ्न देऊ भनें । उनले 'हुँदैन, डाक्टरले मनाही गरेको छ' भनिन् । मैले 'त्यसो हो भने तिमी नै मलाई पढेर सुनाऊ' भनें । उनले पढेर सुनाइन् । वीरगंज क्याप्चर गरिसकेपछि पनि राणाहरूले फेरि क्याप्चर गरेका रहेछन् । त्यो कुरो थाहा पाइसकेपछि त मलाई बसिसक्नु भएन । र, हस्पिटलबाट छुट्टि लिन मैले डाक्टरसँग झगडा गरें । तर झगडा गर्दागर्दा सात दिनपछि मात्र बल्ल मलाई हस्पिटलबाट डिस्चार्ज गरियो । त्यतिबेला म उठेर हिँड्न सक्दिनथें । ती बुढी नर्सले मलाई समातेर रिक्सामा चढाई रामकटोरा रोडमा ल्याइदिइन् । छुट्ने बेलामा उनले मलाई चार पाँच दिन पछि भेट्न आउने कुरा बताइन् । मैले 'पर्दैन' भनें । 'होइन, मैले त तिम्रो निम्ति विश्वनाथको भाकल गरेको छु, तिमीलाई त मैले विश्वनाथको मन्दिरसम्म लिएर जान्छु ।' भन्ने कुरा उनले गरिन् । म त विश्वनाथको मन्दिरमा कहिल्यै नजाने मान्छे । तर ती बुढी नर्सको अनुरोधलाई मैले टार्न सकिनँ । मैले 'हुन्छ' भने ।

नभन्दै तीन चार दिनपछि उनी मकहाँ आइन् । त्यतिखेर म उठ्न सक्ने भइसकेको थिएँ । अनि उनीसँगै म विश्वनाथ मन्दिरमा गई दर्शन गरें ।

त्यसपछि म पटना आएँ । त्यहाँ विश्वेश्वरसित कुरा गरेको त उनले मलाई कस्तोसित गाली गरे भने - 'तिमी हस्पिटल बस्नु पर्ने मान्छे, क्रान्तिमा जान्छु भन्छौ । हुँदैन यो । यस्तो हुन सक्दैन । तिमी हस्पिटलमा नै बस । म ब्यवस्था गरिदिन्छु ।' भनेर उनी जङ्गिए । मैले 'हुन्छ' भनें । तर बेलुकी म त्यहाँबाट भागेर बनारस गएँ । बनारसमा म दुई दिन बसें । त्यसपछि म लखनऊ गएँ । त्यहाँ पनि महेन्द्र विक्रम शाह र सूर्यप्रसाद उपाध्यायले मलाई गाली गरे 'मर्न खोजेको ?' भनेर ।

उनीहरूले लखनऊमा मलाई त्यहाँको सबभन्दा

> **म कस्तो मूर्ख मान्छे भने, राजापुर कब्जा गरेपछि त्यहीं कै मोहन शमशेरको पराजित ३५ जना सेनाहरू र तिनीहरूका अफिसर सुबेदार रखबहादुरलाई लिएर म सुर्खेत कब्जा गर्न हिंडें ।**

शान्दार होटल 'कपूर होटल'मा एउटा कोठा लिएर राखे । र, त्यहाँ मेरो लागि उनीहरूले डाक्टरको ब्यवस्था गरिदिए । त्यहाँ म सात आठ दिन जति बसें । त्यसपछि मैले झगडा गर्न थालें - 'म त जान्छु जान्छु' भनेर । अनि बल्ल मलाई पठाइयो - गौरीफन्टाबाट धनगढीमा । धनगढीमा त्यतिबेला केही थिएन । त्यहाँ दुई चारवटा छाप्राहरू थिए । ती छाप्राहरूलाई नै 'यो माल अड्डा, यो अदालत' भनिन्थ्यो । एउटा चाहिं अलिकति पक्की जस्तो घर थियो । त्यसलाई गोश्वरा भनिन्थ्यो । त्यसमा महेङ्र देउनारायण भन्ने ब्यक्ति बडा हाकिम रहेछ । उसलाई हाम्रा साथीहरूले मारिदिएका रहेछन् । अनि त्यहाँबाट हामी बाभनी आयौं । बाभनीबाट राजापूर कब्जा गर्यौं ।

म कस्तो मूर्ख मान्छे भने, राजापुर कब्जा गरेपछि त्यहीं कै मोहन शमशेरको पराजित ३५ जना सेनाहरू र तिनीहरूका अफिसर सुबेदार रखबहादुरलाई लिएर म सुर्खेत कब्जा गर्न हिंडें । मसँग आफ्ना मान्छेहरू कोही थिएनन् । उनीहरूले मलाई बाटोमा मारिदिन पनि त सक्थे । तर म उनीहरूलाई लिएर सुर्खेत कब्जा गर्न गएँ । यो कुरा सम्झँदा आजभोलि डर लागेर आउँछ । त्यतिबेला त के डर लाग्थ्यो र !

तर सुर्खेत हामी गएर कब्जा नै गर्नु परेन । त्यहाँका जनताहरू आफैले कब्जा गरेर मान्छेहरू लिएर बाटोमा आइराखेका रहेछन् । बीच बाटोमा भेट भयो । मैले थाहा नपाएर सबैलाई 'एक्सन लेऊ' भनेर ठीक पोजिशनमा राखिराखेको त उनीहरू कब्जा गरेर मान्छेहरू कांग्रेसलाई बुझाउन आइराखेका रहेछन् ।

यसरी मैले सात सालको क्रान्तिमा भाग लिएँ ।

सात सालको क्रान्तिको लगत्तै मैले नेपाली कांग्रेस पार्टी छोडिदिएँ । र, आठ सालमा मैले कम्युनिष्ट पार्टीमा प्रवेश गरें । मैले कम्युनिष्ट पार्टीमा प्रवेश गर्दा 'के आई सिं काण्ड' भई कम्युनिष्ट पार्टी प्रतिबन्धित भइसकेको थियो । कम्युनिष्ट पार्टी खोज्दाखोज्दा मैले पाउनै सकिनँ । मेरा एकजना साथी थिए- काशीराज उपाध्याय । अहिले उनी प्राकृतिक चिकित्सा काम गर्छन् । उनले मलाई डाक्टर एन. डि. जोशीसँग भेट गराए । एन.डि. जोशीले मलाई कम्युनिष्ट पार्टीको मान्छे लक्ष्मीनारायण हो कि को हो- सँग सम्पर्क गराए । ती मेरा क्लासफेलो थिए- दार्जिलिङ्गमा पढ्दा । उनले मलाई पुष्पलालसँग भेट गराए । पुष्पलालले मलाई भने- 'अहिले तपाईं तुरून्त नआउनुहोस् । तपाईं बामपन्थी कांग्रेस भएर काम गर्नुस् । बामपन्थी कांग्रेसको रूपमा केदारमान ब्यथित, बालचन्द्र शर्मा र दाङ्गका एकजना (के नाउँ हो बिर्से), ती तीन जना नेताहरूसँग बसेर काम गर्न उनले मलाई सल्लाह दिए । ती नेताहरूले नेपाली कांग्रेसको जनकपुर सम्मेलनमा गएर बिद्रोह गरी बामपन्थी कांग्रेस बनाएका रहेछन् । त्यो बामपन्थी कांग्रेसको केन्द्रिय समितिको सदस्य पनि भएँ म । त्यसैको काम गर्न म पोखरातिर गएँ । एकदिन अचानक केदारमान ब्यथित प्लेनबाट पोखरामा आइपुगे । त्यतिबेलासम्म गाडी चलेको थिएन । उनी त्यहाँ पुग्दा त मैले हिक्मतसँग बसेर कम्युनिष्ट पार्टीको काम गरिरहेको उनले देखे । जम्मै कुरा थाहा पाईसकेपछि उनले मलाई 'जाऊँ काठमाडौं' भने । मैले 'म किन काठमाडौं जाने ?' भनेर सोधें । उनले 'मातृकासँग मिलेर हाम्रो सरकार बन्दैछ । तपाईंको नाम पनि फूल मिनिष्टरमा छ' भने । त्यो कुरा सुनेर म त रन्थनिएँ ।

अनि काठमाण्डौं आइपुग्ने बित्तिकै 'म त थाकेको छु, मिटिङ्गमा आउँन सक्दिन' भनेर बामपन्थी कांग्रेसहरूबाट छुटेर रातभरि मैले पुष्पलाललाई खोजें र भेट्टाएँ । मैले पुष्पलाललाई 'मलाई फुल मिनिष्टर बनाउन खोजिएको छ, अब के गर्ने ?' भनेर सल्लाह लिन खोजें । उनले 'यो प्रतिक्रियावादी गठबन्धन हो । यसको तपाईं घोरघमासान विरोध गर्नुहोस्' भन्ने कुरा गरे । मैले बामपन्थी कांग्रेसको मिटिङ्गमा पुष्पलालको निर्देशन अनुसार नै मातृकाको नेतृत्वको सरकारलाई घोरघमासान विरोध गरें । त्यस मिटिङ्गमा मेरो कुरामा सहमति देखाउने मान्छेहरूको बाहुल्य नै भयो ।

भोलिपल्ट बालचन्द्र शर्माले मलाई एउटा पत्र पठाए । 'तपाईं कम्युनिष्ट भइसक्नु भएको रहेछ । कृपया, तपाईंले राजीनामा गरिदिनुस्, होइन भने हामीले कार्वाही गर्नुपर्छ ।' यस्तो कुरा त्यस पत्रमा उल्लेख थियो । मैले तुरून्त राजीनामा लेखेर पठाएँ । मलाई चाडै नै कम्युनिष्ट पार्टीमा बसेर खुल्ला काम गरूँ भन्ने लागिरहेको थियो । त्यो चाहना पूरा गर्न त्यस घटनाले महत्वपूर्ण योगदान दियो जस्तो लाग्यो ।

त्यतिबेला मैले पुष्पलाललाई काठमाडौंको लगनस्थित काशीराज उपाध्यायको घरमा भेटको थिएँ । त्यसपछि मैले कम्युनिष्ट पार्टीमा बसेर

(बाँकी २७ पेजमा)

# भौतिकवादी सोचले भरिपूर्ण पूर्वेली दर्शन

# सांख्य

प्रज्ञानरत्न

*जुन कुरा अस्तित्वमा छैन, त्यसबाट केही पनि पैदा हुँदैन, र संसारमा भएका सारा भौतिक बस्तुहरूको प्राथमिक कारण प्रकृति हो, सिर्फ प्रकृतिको मात्र कारण छैन भन्ने सांख्य दर्शनको प्रस्थापना पनि बिल्कुलै भौतिकवादी देखिन्छ ।*

सांख्य दर्शनका अनुसार संसारमा अनगिन्ती बस्तुहरू छन् र ती सारा बस्तुहरू पाँचवटा महाभूतको बेग्लाबेग्लै योगबाट बनेका छन् । पाँच महाभूतहरू भनेका - पृथ्वी, जल, तेज, वायु र आकाश हुन् ।

चार्वाक दर्शन अथवा लोकायत दर्शनमा चारवटा महाभूत - पृथ्वी, जल, तेज र वायुको मात्र उल्लेख भएको भेटिन्छ । तर सांख्य दर्शनले भने आकाशलाई पनि महाभूतकै श्रेणीमा राखेको छ । यस हिसावले यो दर्शन एक कदम अगाडि देखिन्छ ।

सांख्य दर्शनको पञ्च महाभूतको अवधारणा भौतिकवादी सारको देखिन्छ । किनभने, यो अवधारणाले संसारका यी अनगिन्ती बस्तुहरू कुनै आत्मा, परमात्माबाट पैदा भएका होइनन्, ती विभिन्न भौतिक तत्वहरूको योगबाट विकासित भएरै बनेका हुन् भन्ने सन्देश दिन्छ । भौतिक बस्तु कुनै अलौकिक शक्तिद्वारा सृष्टि गरिएको कुरो होइन, यो पदार्थकै योगहरूको बदलिएको रूप मात्रै हो भन्ने धारणा यसले दिन्छ ।

सांख्य दर्शनले 'सत्कार्यवाद'को धारणा अघि सारेको छ । सत्कार्यवादको चूरो कुरा के हो भने, भौतिक कार्य भौतिक कारणभित्र पहिले नै अन्तर्निहित हुन्छ र कार्य कारणसित मिल्दोजुल्दो हुन्छ । संसारमा जे जति कुरा भौतिक अस्तित्वमा छन्, ती सबैको अन्तिम कारण प्रकृति हो । र, प्रकृति जुन तीनवटा गुणहरूद्वारा बनेको छ, तिनै गुणहरूद्वारा भौतिक संसारका सारा बस्तुहरू पनि बनेका छन् । यही हुनाले प्रत्येक बस्तुले या त हामीलाई आनन्द पैदा गर्छ, या पीडा या बेसरोकार । प्रत्येक बस्तुले या त हामीलाई उर्जा पैदा गर्छ, या गति या अल्छयाइँ ।

विभिन्न बस्तुहरूले भरिभराउ संसार बिकसित हुनुभन्दा पहिले प्रलयको अवस्थामा प्रकृतिमा तीनवटा गुणहरू (सत्व, रज र तम) को पूर्ण सन्तुलनको स्थितिमा रहन्छन् । जब सन्तुलनको स्थितिको अन्त हुन्छ ,तब प्रकृतिको विकास वा सिर्जना प्रारम्भ हुन्छ । सांख्य दर्शनका अनुसार प्रकृतिको विकास तीनवटा गुणहरूमध्ये कुनै न कुनै गुणको प्रभुत्व वा वलशालीता कायम हुनाले र गुणहरूको असन्तुलनको स्थितिको कारणले हुन्छ । प्रकृतिकै विकासको सिलसिलामा नै अनगिन्ती बस्तुहरू पैदा हुन्छन् । सिर्जनापछि पुनः प्रलय हुन्छ । प्रलयको अवस्थामा पहिले पैदा भएका अनगिन्ती बस्तुहरू पुनः पहिलेदेखि नै विद्यमान प्रकृतिमा रूपान्तरित हुन्छन् । त्यसपछि पुनः सिर्जना शुरू हुन्छ । यस प्रकार ब्रम्हाण्डको चक्र चल्दछ ।

सांख्य दर्शनको एउटा महत्वपुर्ण कुरो के देखिन्छ भने, यसले सिर्जनाभनदा पहिले पनि प्रकृति निरन्तर रूपमा गति र रूपान्तरणको प्रक्रियामा रहेको ठान्दछ । निरन्तर रूपमा गुणहरू एकले अर्कोलाई सन्तुलनमा राख्न खोजेको ठान्दछ । यो प्रक्रियामा प्रकृति कहिल्यै स्थिर रहँदैन । परिवर्तन र क्रियाशीलता प्रकृतिको मूल सार हो । परिणाम स्वरूप, संसारमा भएका प्रत्येक बस्तुहरू, (जुन प्रकृतिकै उपज हुन् ) प्रकृतिजस्तै निरन्तर रूपमा बदलिरहेका हुन्छन् ।

सांख्य दर्शनको प्रलय-सिर्जना-प्रलय-को चक्रको अवधारणा यान्त्रिक भौतिकवादी देखिन्छ । तथापि, प्रकृति र भौतिक संसारका तमाम बस्तुहरू निरन्तर रूपमा बदलीरहेका हुन्छन्, ती एक छिन् पनि स्थिर रहदैनन् भन्ने अवधारणा वर्तमान भौतिक शास्त्र र द्वन्दवादसित मिल्दोजुल्दो देखिन्छ ।

के संसार ज्ञेय अर्थात् मान्छेले प्रयत्न गर्दा जान्न, थाहा पाउन सकिने खालको छ ? यस सवालका बारेमा पनि सांख्य दर्शनको उत्तर महत्वपूर्ण देखिन्छ ।

सांख्य दर्शनको ठम्याइ के छ भने, पञ्च महाभूतहरू र यसबाट बनेका तमाम स्थूल भौतिक बस्तुहरू ज्ञेय छन् । हाम्रा इन्द्रियहरूले यिनीहरूको अनुभूति गर्न सक्छन् । तर सूक्ष्म तत्वहरू अर्थात् तन्मात्राहरू भने ज्ञेय छैनन् । प्रकृति ज्ञेय र अनुभूतिजन्य छैन । खालि असरहरू र कार्यहरूद्वारा मात्र प्रकृतिलाई सिद्ध गर्न सकिन्छ ।

प्रकृति छ भन्नका लागि सांख्य दर्शनले अघि सारेका तर्कहरू चाखलाग्दा छन् । सांख्य दर्शन भन्दछः हाम्रो अनुभवमा आउने प्रत्येक बस्तु अरू बस्तुद्वारा पैदा भएका र अरू बस्तुप्रति निर्भर देखिन्छन् । जुन कुरा अस्तित्वमा छैन, त्यसबाट केही पनि पैदा हुदैन । प्रत्येक कुराको भौतिक कारण हुन्छ । यस प्रकार सारा भौतिक संसार कारण र कार्यहरूको क्रम हो । प्रत्येक बस्तुको कारण खोज्दै गयौं भने अर्को बस्तु कारणका रूपमा भेटिदै जान्छ । त्यसो भए यो भौतिक संसारको अस्तित्व चाहिं के कारणले भयो त ? यो कुरो या त रहस्यको विषय बन्दछ , या कुनै पहिलेदेखि अस्तित्वमा भएको बस्तुमा आएर कुरा टुगिंनुपर्छ । तर यथार्थको ज्ञान र बुझाइको विकल्प त रहस्य हुन सक्दैन । त्यसैले, सांख्य दर्शन तर्क गर्छः संसारमा भएका सारा भौतिक बस्तुहरूको प्राथमिक कारण प्रकृति हो । सबै कारण र कार्यहरूको कारण प्रकृति हो र सिर्फ प्रकृतिको मात्र कारण छैन । पैदा भएका बस्तुहरू कुनै कारणले पैदा भएका हुन्, अतः ती बस्तुहरू ती कारणप्रति निर्भर छन् । तर प्रकृतिको भने कारण छैन । त्यसैले त्यो आत्मनिर्भर छ । पैदा भएका बस्तुहरू अनगिन्ती छन् । तर प्रकृति भने एउटा छ । पैदा भएका बस्तुहरू समय र परिवेशमा सीमावद्ध छन् । तर प्रकृति भने सर्वकालीक छ र सर्वव्यापी छ ।

यो संसारमा भएका अनगिन्ती बस्तुहरू प्रकृतिका व्यक्त रूपहरू हुन् । अव्यक्त चाहिं प्रकृति हो । व्यक्त रूपहरू ज्ञेय छन् । अव्यक्त प्रकृति चाहिं अज्ञेय छ । प्रकृति ज्ञेय नभएको कारण यो अस्तित्वमा नभएर होइन, यो अति नै सूक्ष्म भएर हो ।

सांख्य दर्शनको संसारका 'सारा भौतिक बस्तुहरू र तत्वहरू ज्ञेय छन् भन्ने धारणा भौतिकवादी देखिन्छ । किनभने , भौतिकवादको एउटा मुख्य प्रस्थापना नै यही हो कि- यो संसार ज्ञेय छ । तर अव्यक्त अवस्थाको प्रकृति ज्ञेय छैन, त्यो मान्छेले प्रयत्न गरेर बुझ्न, थाहा पाउन सकिने खालको छैन भन्ने सांख्य दर्शनको प्रस्थापनामा भने असंगति देखिन्छ ।

जुन कुरा अस्तित्वमा छैन, त्यसबाट केही पनि पैदा हुँदैन, र संसारमा भएका सारा भौतिक बस्तुहरूको प्राथमिक कारण प्रकृति हो, सिर्फ प्रकृतिको मात्र कारण छैन भन्ने सांख्य दर्शनको प्रस्थापना पनि बिल्कुलै भौतिकवादी देखिन्छ ।

यसप्रकार, सांख्य दर्शनले थुप्रै भौतिकवादी प्रस्थापनाहरू अघि सार्दासार्दै पनि चेतनाको उत्पत्तिसंबन्धी यसको सोचमा भने ठूलो विरोधाभास भेटिन्छ ।

सांख्य दर्शनका अनुसार प्रकृति स्वतन्त्र रूपमा आफै भएको हो । चेतनालाई सांख्य दर्शन 'पुरूष' भन्दछ । सांख्यले अघि सारेको धारण के हो भने, जसरी प्रकृति सर्वव्यापी छ , सर्वकालीक र असिर्जित छ, त्यसरी नै पुरूष पनि सर्वव्यापी, सर्वकालीक र असिर्जित छ । जसरी प्रकृति ज्ञेय छैन, त्यसरी नै पुरूष पनि ज्ञेय छैन । तर्कका आधारमा

मात्र पुरूषलाई सिद्ध गर्न सकिन्छ । यस अर्थमा, सांख्य दर्शन द्वैतवादी दर्शन हो । किनकि, यसले प्रकृति र पुरूष दुवैको अलग अलग र स्वतन्त्र अस्तित्वलाई स्वीकार गर्छ । यसले प्रकृतिबाट पुरूष पैदा भएको वा पुरूषबाट प्रकृतिको उत्पत्ति भएको- यी दुवै अवधारणालाई स्वीकार गर्दैन ।

सांख्य दर्शनको मुख्य सीमा र दोष नै के देखिन्छ भने, यसले चेतनाको उत्पत्तिको ऐतिहासिकतालाई स्वीकार गर्दैन । अर्थात् प्रकृतिको विकास प्रकक्रियामा इतिहासको एउटा निश्चित विन्दुमा चेतना पैदा भएको कुरा यसले स्वीकार गर्दैन, यसले मान्छेको शरीर, इन्द्रिय, मन, अहंकार र बुद्धि - यी सबैलाई प्रकृतिकै विकासको उपज मान्दछ । यी सबैलाई यसले भौतिक नै ठान्दछ । तर शुद्ध चेतना वा पुरूष भने विल्कुलै बेग्लै कुरो हो भन्ने यसको ठम्म्याइ छ । यसले ठान्दछ कि-प्रकृति विल्कुलै चेतनारहित छ र, पुरूष भनेको 'स्व' हो । प्रकृति अनुभूत गर्न सकिने र गरिने कुरा हो, र पुरूष अनुभवकर्ता हो । 'स्व' भनेको शुद्ध चेतना हो, अथवा होश हो । यो कुनै बस्तु होइन, जसलाई अनुभूति वा अनुभव गर्न सकियोस् । यो कर्ता हो, कर्म कदापि होइन । कर्ता त्यो हो, जसले कर्मबारे थाहा पाउँछ । प्रकृति हमेशा गतिशील र परिवर्तनशील छ । प्रकृतिबाट पुरूष पूरापूर भिन्नै र स्वतन्त्र भएको हुनाले पुरूष चाहिँ अगतिशील र अपरिवर्तनशील छ । प्रकृति सक्रिय छ र सिर्जनशील छ । पुरूष भने विल्कुलै निस्क्रीय छ र यसले केही पनि सृष्टि गर्दैन । यो निस्क्रीय साक्षी मात्रै हो , जसरी अँध्यारो कोठामा ऐना छ भने पनि त्यस ऐनामा सामुन्ने भएका बस्तुहरू देखिन्नन् । त्यो देखिनलाई प्रकाशको आवश्यकता पर्दछ । प्रकाश भएपछि मात्रै ऐनामा बस्तु देखिन्छ । त्यस्तै इन्द्रिय, मन, महत भनेका अँधेरो कोठामा ऐना जस्तै कुराहरू हुन् । यो हुँदैमा मान्छेलाई थाहा र ज्ञान हुँदैन । चेतनारूपी बत्ती बलेपछि मात्रै इन्द्रिय, मन, महतले कुनै पनि कुरा थाहा पाउन र चिन्न सक्दछ ।

यसप्रकार, ज्ञान भन्ने कुरा कुनै पनि बस्तु इन्द्रिय र मनसित पुरूष अर्थात् चेतना जोडिएपछि मात्रै हुने कुरा हो । प्रकृतिसित पुरूषको वा चेतनाको जोडाइबिना ज्ञान हुनै सक्दैन । ज्ञानको निम्ति प्रकृतिको पनि उत्तिकै जरूरत छ, पुरूषको पनि । प्रकृतिले ज्ञानको निम्ति बस्तु प्रदान गर्दछ । र, पुरूषले प्रदत्त बस्तुलाई थाहा पाउने कार्य गर्छ ।

❑ क्रमशः





## रूपचन्द्र विष्टबारे थप विश्लेषण र थप स्मरण !

# उच्च नैतिकता र संस्कृतिका हिमाल



# रूपचन्द्र

❑ श्याम श्रेष्ठ

अधिकांश मान्छेहरू आफ्नै सुख सुविस्ताको लागि बाँच्छन् । रूपचन्द्र विष्ट त्यो मान्छेको नाम हो, जो आफ्नो सुख सुविस्ताको निम्ति जिन्दगीभर बाँचेन । जति बाँच्यो, जनताको जागरणका लागि बाँच्यो । जति काम गर्‍यो, छाप्रेहरू, श्रमिकहरू र नारीहरूको जागृतिको लागि काम गर्‍यो । जब आफूले जगाउन खोजेकाहरू ठ्याप्पै जाग्दै जागेनन् र जागेका ठानिएकाहरू पनि जाली फटाहाहरूको भरेङ बनेको महशूस भयो, रूपचन्द्रले आफू जिउनुको उपादेयता नै सिद्धिएको अनुभूति गर्नु भयो । त्यसपछि जानाजान उहाँले आफैंले आफैंलाई मार्दै लाने काम गर्नु भयो - आफ्नो शरीरले खोजेभन्दा उल्टा-उल्टा काम गरेर । गएको असार ७ गतेको उहाँको मृत्यु त्यसैको स्वाभाविक अन्तिम परिणाम मात्रै थियो ।

"मानिसलाई जगाउने मेरो काम र यो बाहेक अर्को काम मेरो छैन पनि । मैले मान्छेलाई जगाउन अनेकौं कोशिस गरें । तर मान्छे या त जाग्दै जागेनन्, जे जति जागे ती जाली फटाहालाई नै काम लागे । मान्छेभित्रको मान्छे जगाउने काममा म असफलै भएँ ।" - जीवनको अन्तिम घडीतिर पुग्दा आफ्नो जीवनभरिको कामको समीक्षा उहाँले यसरी गर्न थाल्नु भएको थियो ।

रूपचन्द्रको जीवनको अर्को कुनै अभिष्ट थिएन । मोजमज्जा, सुख सुविस्ताको निम्ति पर्याप्त स्रोत-साधन र अवसर उहाँसित उपलब्ध थियो । तर उहाँ त्यसतिर कहिल्यै लहसिनु भएन । बिनाढलपल जीवनभर सामाजिक जागरणको निम्ति समर्पण नै रूपचन्द्रको जीवनमूल्य थियो । परन्तु यस काममा आफू असफल भएको अनुभूति उहाँलाई जव भयो, तव उहाँले आफू जिइरहनु नै बेकार ठान्नु भयो । फलस्वरूप, होशपूर्वक नै उहाँले आफूलाई मृत्युको मुखतिर क्रमवद्ध ढंगले धकेल्नु भयो ।

कसरी उहाँले यो काम गर्नु भयो भन्नेबारे रूपचन्द्रको आफ्नै बयान सारै मर्मस्पर्शी छ । मर्नुभन्दा केही समयअधिका उहाँका यी शब्दहरूले संवेदनशील कुनै पनि मान्छेको हृदय छुन्छन् :

"मेरो मुख्य काम जनता जगाउने । ती नजाग्ने भइहाले । नजाग्ने मनोविज्ञान-चाहना भएकालाई जगाउन खोज्ने कुरै भएन । जब जनतालाई जगाउन नपर्ने भएपछि मेरो कामै रहेन । काम नभएपछि मैले बाँच्नुपर्ने कुनै कारण नै छैन । बाँच्नुपर्ने कारण नभएपछि मर्नुपर्‍यो । तर कसरी मर्ने ? एउटा यो पनि प्रश्न बनेर अगाडि आयो । झुण्डेर मरौं, डुबेर मरौं, या विष खाएर मरौं भने तिमीहरूलाई दुःख, पुलीसलाई दुःख, डाक्टरलाई दुःख । सर्जमीन गर्नुपर्‍यो, लाश खोज्न हिंड्नु पर्‍यो, पोष्टमार्टम गर्नुपर्‍यो । यो सब दुःख म कसैलाई पनि दिन चाहन्न । बाँचन त मिल्दै मिलेन । अनि मैले के गर्ने गरेको छु भने, जतिवेला यो पेटलाई भोक लाग्छ, त्यो बेला यसलाई खान नदिने, जति वेला निदाउन खोज्छ, त्यसवेला सुत्न नदिने, बिरामी परेर जतिवेला औषधिको माग हुन्छ, त्यतिवेला औषधि नदिएर यसलाई रक्सी दिने । अर्थात् बिस्तारै मार्दैछु म मलाई ।" *('घटना र विचार' साप्ताहिक)*

रूपचन्द्रको निराशाबाट हामीले पाठ सिक्नु छैन, किनकि निराशा भनेको यथार्थमा आधारित नभएको आशाबाट सृजना हुने कुरा हो । हाम्रा आशाहरू वस्तु र घटनाको वास्तविक गतिसित मिल्दोजुल्दो हुने गरी गतिशील हुन सक्दैनन् भने हातलाग्ने कुरा निराशा नै हुन्छ । तर यी भनाइहरूले रूपचन्द्रको जीवनको पछिल्लो चरणको निराशा मात्र व्यक्त गर्दैनन् - रूपचन्द्रको जीवनमूल्य र नैतिक सांस्कृतिक स्तर कुन उँचाइको थियो, त्यो पनि यसबाट छर्लंग हुन्छ । बाँचे सिर्फ जनताको जागरणको लागि मात्र बाँच्ने, त्यसो गर्न सकिन्न भने बरू बाँच्दै नबाँच्ने- यो उँचाइको अठोट, जीवनमूल्य र नैतिक सांस्कृतिक स्तर रूपचन्द्रमा विद्यमान थियो भन्ने कुरा यी भनाइहरूबाट छर्लंग हुन्छ ।

सिंगै देशमा समकालीन कति नेताहरूमा यो उँचाइको अठोट र जीवनमूल्य भेटिन्छ ? तुलना गरी हेरेमा मात्र रूपचन्द्रको वास्तविक उँचाइ हामीलाई अनुभूत हुन सक्छ ।





किनभने, सत्य भनेको हमेशा सापेक्ष हुन्छ र मूर्त तुलनाले मात्र सापेक्ष सत्यको उद्घाटन हुन्छ ।

व्यक्तिगत नाफा, व्यक्तिगत पूँजी-संपत्ति र व्यक्तिगत स्वार्थका निम्ति हरसंभव ढंगले मरिमेट्नु र बाँच्नु पूँजीवादी जीवनसंस्कृति हो । व्यक्तिगत शानशौकत, व्यक्तिगत हुकूमीतन्त्र र असमान र प्रतिस्पर्धाविहीन आधिपत्यका लागि मरिमेट्नु र बाँच्नु सामन्ती जीवनसंस्कृति हो । सामाजिक उन्नति, सामूहिक हित, र सामुदायिक जागरणको लागि मरिमेट्नु र बाँच्नु समाजवादी जीवनसंस्कृति हो ।

रूपचन्द्र न त सामन्ती जीवनसंस्कृति लिएर बाँच्नुभयो, न पूँजीवादी, उहाँ त संपूर्ण रूपमा सामाजिक जागरणका लागि बाँच्नु भयो । उहाँले समाजिक जागरण र उन्नतिलाई नै आफ्नो जीवनको एक मात्र उद्देश्य र काम बनाउनु भयो । जब त्यो काम बाँकी रहेन, आफ्नो जीवनलाई नै व्यर्थ ठहर्‍याउनु भयो । आफ्नो व्यक्तिगत जीवन र सामाजिक जागरणलाई उहाँले यति एकाम्य पार्नुभयो कि 'सामाजिक जागरणको काम गर्नु छैन भने बाँच्नु पनि छैन' भन्ने हदसम्म उहाँ पुग्नुभयो । रूपचन्द्रले अँगालेको र बाँचेको यो संस्कृति समाजवादी संस्कृतिको उत्कृष्ट उदाहरण हो ।

रूपचन्द्र जन्मले श्रमिक हुनुहुन्थेन । जन्मले त उहाँ कुलीन सामन्त हुनुहुन्थ्यो । मकवानपुरको घर्ती खोलाको धनाढ्य विर्तावाल हुनुहुन्थ्यो, उहाँका बुबा पदमबहादुर बिष्ट । (रूपचन्द्रको मृत्यु भएको केही दिनपछि, हालसालै मेजर पदमबहादुर बिष्ट पनि बित्नु भयो -मूल्यांकन) तर रूपचन्द्रले युवावस्थामै, १८ बर्षको उमेरमै, आफ्नो बर्गसँग 'पारपाचुके' गर्नु भयो र श्रमिक वर्गको जागरण र मुक्तिको निम्ति कम्युनिष्ट आन्दोलनमा हाम्फाल्नु भयो । रूपचन्द्रको महानता केमा देखिन्छ भने, एकचोटि श्रमिकवर्गीय आन्दोलनमा हेलिएपछि जीवनभर उहाँ त्यस लक्ष्यमा लक्पकाउनु भएन । छाप्रे र श्रमिकहरूको जागरणको निम्ति जीवनको अन्तिम घडीसम्म पनि "थाहा आन्दोलन" चलाउँदै उहाँ बित्नु भयो ।

युवावस्थादेखि ४७ बर्ष लामो अवधिसम्म, एउटा विपरीत बर्ग-स्रोतको मान्छे, सारा 'मौकाहरू'को डंगुरमा उभिएर अविचलित रूपमा छाप्रे र श्रमिकहरूको जागरणको पक्षमा टिकिरहनु भनेको चानचुने कुरो होइन । सामान्य साधनाले यो कुरो संभव हुँदैन । रूपचन्दको साधना यस अर्थमा असाधारण देखिन्छ । आफ्नो वर्ग त्याग गरेर छाप्रे र श्रमिकहरूको जागरणको निमित्त हिंड्दाको झण्डै आधा शताब्दी लामो अवधिमा बरू आफू मासिएर , भासिएर जान तयार हुनु, तर लक्ष्य र खेमामा अडिग रहिरहनु - यो अविचलित निरन्तरता नै रूपचन्द्रको महानता हो । जिउने त जिउने, तर तुच्छ व्यक्तिगत स्वार्थको लागि नजिउने, "एक अङ्गालो स्वास्नी वा लोग्ने, एक थाल भात" र जीविकाको लागि नजिउने, समाजको जागरणका लागि जिउने, उत्पीडित र श्रमिक जनताको समग्र मुक्तिको निम्ति जिउने र त्यसैमा जिन्दगीभर ध्रुव ताराझैं अडिग भएर जिउने, रूपचन्द्रको यो जीवनमूल्य समाजवादी जीवनमूल्य हो । यो जीवन मूल्यबाट हामीले शिक्षा लिनु जरूरी छ ।

> *५ सय जवान मात्रै पनि रुपचन्द्र जस्ता जागृत, समाजमुखी मान्छेहरु पैदा गर्न सक्ने हो भने हाम्रो जस्तो सानो मुलुकलाई पचासै वर्षमा धेरैहदसम्म कायापलट गर्नु सम्भव छ ।*

हामी अहिले देखिरहेछौं, 'मौका पाउनासाथ बेइमान भइहालेका नेता कार्यकर्ताहरू' हाम्रो आन्दोलनमा प्रसस्तै छन् । हिजोका 'चप्पली कमरेडहरू' आठैबर्षमा 'पजेरो कमरेड'मा बदलिएको, हिजोका छाप्रे मित्रहरू मौका पाउनासाथ महलवाला धनाढ्यमा रूपान्तरित भएका घटनाहरू हाम्रासामु छ्यास्छ्यास्ती छन् । ठूलो कुरो रहेछ, मौका पाएर पनि बेइमान नहुनु । रूपचन्द्र त्यो नैतिक उँचाइको मान्छे हो, जो मौका पाएर पनि कहिल्यै बेइमान भएन । लोकेन्द्रबहादुर र मरीचमान प्रधान मन्त्री भएका बेलामा उहाँलाई पंचायती सरकारले मन्त्री, उप-प्रधान मन्त्री बनाउने प्रलोभन समेत अघि सार्‍यो, रातारात करोडपति हुने अफर समेत अघि सार्‍यो । तर कुनै पद र पैसाले रूपचन्द्रको इमानलाई खरीद गर्न सकेन ।

रूपचन्द्रको नैतिकताको यो उँचाइबाट समस्त नेपालीहरूले शिक्षा लिनु जरूरी छ । मौका पाउनासाथ बेइमान भईहाल्ने नेता कार्यकर्ताले गर्दा नेपाल बिग्रेको हो । 'जस्तोसुकै मौका आउँदा पनि बेइमान नहुने' ५०० जवान मात्रै पनि रूपचन्द्र जस्ता जागृत, समाजमुखी मान्छेहरू नेपाली समाजमा पैदा गर्न सक्ने हो भने हाम्रो जस्तो सानो मुलुकलाई पचासै बर्षमा धेरैहदसम्म कायापलट गर्नु संभव छ ।

## *जस्तो राजनीति उस्तै जीवनशैली*

रूपचन्द्रको विशिष्टता के देखिन्छ भने, उहाँले जुन वर्गको राजनीति गर्नु भयो, त्यही बर्गको जीवन पनि बाँचन खोज्नु भयो । दोहोरो 'जीवन बाँच्ने' जीवनशैली उहाँको रहेन । राजनीति श्रमिकको गर्ने, जीवन सामन्त वा पूँजीपतिको बाँच्ने - यस्तो दोहोरो जीवनशैली उहाँको रहेन । कुरा एउटा गर्ने, काम

त्यसको ठीक विपरीत गर्ने - यस्तो दोहोरो मापदण्ड पनि उहाँको रहेन । जे बोल्ने त्यही गर्ने, जे गर्ने त्यही बोल्ने -यस्तो एकोहोरो जीवनशैली रूपचन्द्रले अँगालेको देखिन्छ ।

रूपचन्द्रले अँगाल्नु भयो- श्रमिक वर्गको राजनीति युवा अवस्थादेखि नै । श्रमिक वर्गको राजनीतिको साथसाथै उहाँले जिन्दगी पनि श्रमिक वर्गकै बाँच्न खोज्नुभयो ।

रूपचन्द्रका विद्यार्थी र जनमुखी सहकर्मी **रामनारायण विंडारी**का अनुसार "रूपचन्द्र राष्ट्रिय पंचायतको सदस्य हुँदा पनि हटौंडा आउँदा उहाँ रिक्सावाला, ठेलावाला, ड्राइभर, खलाँसी र अन्य श्रमिकहरूसित मिसिन गइरहनुहुन्थ्यो । उनीहरूलाई पर्चा बेचेर, पर्चा सुनाएर, उनीहरूका लुगामा 'थाहा' लेखेर, उनीहरूसित छलफल गरेर समय बिताउनु हुन्थ्यो । रूपचन्द्र माननीय हुँदा पनि उहाँले खाने ठाउँ तिनै ड्राइभर, खलाँसीले खाने सामान्य भट्टी नै हुन्थ्यो । कुनै महँगो रेष्टुराँमा गएर खाएको मैले कहिल्यै देखिन । कुनै महँगो रक्सी किनेर खाएको मैले देखिन ।"

रूपचन्द्रका असाध्यै मनपर्ने मित्र प्रसिद्ध वामपन्थी नेता क. **निर्मल लामा**का अनुसार- "रूपचन्द्र माननीय हुँदाकै कुरा हो, मैले एक दिन कामवश कालिमाटी जाँदा रूपचन्द्रलाई भेटें । रूपचन्द्रले मलाई कर गरेर घरमा लग्यो र खान जाउँ भन्यो । खान उसले असाध्यै साधारण भट्टीमा लग्यो । ड्राइभर, खलाँसीहरूले, रिक्सावाला, ठेलावालाहरूले, भरियाहरूले खाने ठाउँ रहेछ त्यो, रूपचन्द्रले त्यस्तो ठाउँमा पनि खपाखप भात खायो । केही पनि कुरा मीठो थिएन । तर उसले सबै कुरा निकै मीठो मानेर खायो । मैले त खानै सकिनँ । बियर मात्र खाएँ र फर्कें ।"

रूपचन्द्रसित पालुङमा एउटै स्कूलमा पढाउने, रूपचन्द्रले हेडमास्टरी छोड्नु पर्ने बाध्यता आएमा हेडमास्टरी चलाउने तयारीसाथ सो स्कूलमा गएका रूपचन्द्रका मित्र **तुल्सी थापा**को भनाइ छ : "जतिसुकै माथि पनि उठ्न सक्ने, तल पनि ओर्लन सक्ने रूपचन्द्रको जीवनशैली अचम्मको थियो । राष्ट्रिय पंचायतको सदस्य हुँदा मैले देखेको हुँ, उहाँ संसदमा खुँखार पंचहरूलाई समेत तर्कैतर्कले समातेर नतमस्तक पारिदिन सक्नुहुन्थ्यो । अत्यन्त बौद्धिक पंचहरूसमेत उहाँको तर्कशक्तिको सामुन्ने टिक्न सक्दैनथे । उता, असाध्यै पछौटे- मान्छे देख्यो कि भाग्ने चेपाङ्गहरूकहाँ जाँदा रूपचन्द्र चेपाङ्गकै तहमा आर्लेर कुरा गर्नु हुन्थ्यो । उनीहरूले बाँचेकै जीवन बाँच्न खोज्नुहुन्थ्यो । म त्यतिखेर "प्रजा विकास कार्यक्रम" अन्तर्गत चेपाङ्गहरूबीच नै काम गर्थे । एक दिन म र रूपचन्द्र सँगै चेपाङ्गहरूबीच उनीहरूको बस्तीमा गएका थियौं । चेपाङ्गहरू लगभग जंगली युगमै थिए । मान्छे देख्यो कि उनीहरू भागाभाग गर्थे, ढुंगा टिपेर प्रहार गर्थे । तर रूपचन्द्रले अचम्मै गर्नु भो, उहाँ देख्यो कि चेपाङ्गहरू त भुम्मिन आउँदा रहेछन् । चेपाङ्गबीच नै काम गर्ने हामीहरूसित खुलेर कुरा नगर्ने ती चेपाङ्गहरू उहाँसित चाहिँ खुलेर कुरा गर्दारहेछन् । उहाँलाई चेपाङ्गभाषा पनि राम्ररी बोल्न आउँदोरहेछ । रूपचन्द्र चेपाङ्ग बस्तीमा जाँदाखेरि चेपाङ्गै हुनुहुँदोरहेछ । यो रूपचन्द्रको महानता हो- जति माथि उक्लन पनि सक्ने, जति तल ओर्लन पनि सक्ने । माथि तल कुनै सीमा नभएको मान्छे लाग्यो मलाई रूपचन्द्र ।"



*कुनै पनि मान्छे रूपचन्द्रलाई भेट्न जाँदा उहाँले हेर्ने एउटा मुख्य कुरा हुँदोरहेछ– हातका ठेला । श्रम गरेर हातमा ठेला उठेको छ भने त्यसले सम्मान पायो, हात बडो मुलायम छ भने त्यसले गाली पायो ।*

२०४० को दशकमा रूपचन्द्रसितै गाउँगाउँ डुल्ने रूपचन्द्रका अर्का जनमुखी सहकर्मी **अजेय सुमार्गी**का अनुसार, "हरेक वर्ष ६ महीना रूपचन्द्र पूरै मकवानपुर चक्कर लाउनु हुन्थ्यो । मकवानपुरका गाउँका छाप्रेहरूबीच कुनै घर छैन होला, जहाँ रूपचन्द्र एकपटक बास नबसेको होस्, जहाँ रूपचन्द्रले केही न केही नखाएको होस् । टीम जतिसुकै ठूलो भए पनि बाँडेर कुनै पनि घरमा एकजनासिवाय बास नबस्ने, घरमा जे पाक्छ त्यही नै खाने, भाँडावर्तन आफै माझ्ने र कुनै पनि घरमा सित्तैं नखाने उहाँको जीवनशैली थियो । गाउँलेहरूले आफ्नो घरमा रूपचन्द्रहरूले खाना खाएको पैसा नलिने हुनाले उहाँ साथमा लाइटर, टर्चलाइट, कलम, कापी , शीसाकलम थुप्रै बोकर हिँड्नुहुन्थ्यो । खाइसकेपछि खाएको खर्च कति पर्‍यो होला भनेर आफैं हिसाव गरी त्यति बराबरको सामान गाउँलेहरूलाई उपहारस्वरूप दिने गर्नुहुन्थ्यो उहाँ । हामीहरू सबैको लागि यो नियम लागुहुन्थ्यो । जनमुखी राजनीति गर्नेले जनताबाट सित्तैमा एउटा सियो पनि लिनुहुन्न भन्ने उहाँको भनाई रहन्थ्यो । उहाँ आफू पनि त्यसै गर्नुहुन्थ्यो । हामीलाई पनि त्यसै गर्न लाउनुहुन्थ्यो । जनतासित रूपचन्द्र पानीमा माछो जस्तै गरी भिज्नु भएको थियो । कसरी खेती गर्ने, कसरी गाईवस्तु पाल्ने, कसरी फलफूल लगाउने ? कुनै पनि विषयमा उहाँ एकजना विज्ञ जस्तै गरी बोल्न सक्नुहुन्थ्यो । अचम्मै थियो उहाँको ज्ञानको भण्डार ।"

उहाँसित सँगै काम गर्नेहरूबाट र उहाँका सहकर्मी **राम नारायण विंडारी**बाट थप के थाहा लाग्यो भने, उहाँ गाउँमा जाँदा जाली फटाहाहरूलाई चाहिँ "तँ" भनेर संबोधन गर्नु हुँदोरहेछ, तर हातमा ठेला उठेका श्रमिकहरूलाई चाहिँ "तपाईं" भनेर भन्नुहुँदोरहेछ । "उसलाई त 'तँ' भन्ने ठाउँ नै छैन, संसारै उसले सिर्जना गरेको हो" रूपचन्द्रको तर्क यस्तो हुने गर्दोरहेछ । रूपचन्द्रले गाउँमा सभा गर्दा कुनै पनि जाली, फटाहा, नाम चलेको, गन्यमान्यलाई सभापति नराखिदो रहेछ । आफै परिश्रम गरी खाने, ठेला उठेको श्रमिक खोजेर सभापति बनाईंदो रहेछ ।

कुनै पनि मान्छे रूपचन्द्रलाई भेट्न जाँदा उहाँले हेर्ने एउटा मुख्य कुरा हुँदोरहेछ- हातका ठेला । श्रम गरेर हातमा ठेला उठेको छ भने त्यसले सम्मान पायो, हात बडो मुलायम छ भने त्यसले गाली पायो । गाउँमा सभा गर्दा नै हातमा ठेला उठेका जतिलाई सम्माननीय ठाउँमा राख्ने, हात मुलायम भएका जतिलाई अर्को ठाउँमा ।

रूपचन्द्रको जीवनशैलीमा श्रमको निश्चित र ठूलो महत्व रहेको देखिन्छ । "हरेक व्यक्तिले हातले जमीनमा श्रम गरेकै हुनुपर्छ" भन्ने उहाँको ठम्याइ रहेछ । र, उहाँ आफै पनि श्रम गर्नु हुँदोरहेछ । जीवनको विभिन्न मोडमा थुप्रै खालको श्रमिक हुनुभएको रहेछ उहाँ । उहाँ लरीको खलासी, विकासे कुखुरापालक, बाखापालक र ट्रक ड्राइभर समेत हुनुभएको रहेछ । उहाँ २०२२ सालतिर शिखरकोट गा.वि.स.को प्रधानपंच हुँदा पालुङ्गका पर्ती जमीनमा "विकास खेत"को अवधारणा ल्याएर त्यहाँ १६ देखि ६० वर्षसम्मका मानिसले श्रम गर्नुपर्ने नियम बनाउनु भएको रहेछ । 'विकास खेत' चीनको कम्युन प्रणालीबाट प्रभावित भएर ल्याइएको अवधारणा रहेछ । गाउँका पर्ती जमीनमा सबैले मिलेर "सामूहिक श्रमद्वारा सामूहिक खेती" गर्ने र त्यहाँ नमूना खालको कृषि उत्पादन गर्ने योजना बनाइएको रहेछ । जाली फटाहाहरूको षड्यन्त्रले गर्दा पछि त्यो सफल भएनछ ।

पालुङ्गमै बनाइएको 'विकास घर' पनि १६ देखि ६० वर्षका मान्छेहरूको सामूहिक श्रमको आधारमा जनताले सामूहिक हितको काम गर्ने समाजवादी अवधारणाअनुसार निर्माण गरिएको रहेछ । 'विकास घर' बनाउन शुरूमा प्रधान पंच आफैं एक्लैले ढुंगा फोडेको घटनालाई पालुङ्गमा अहिलेसम्म मान्छेहरू सम्झना गर्दारहेछन् । आफ्नो श्रीमतीलाई समेत उहाँले त्यहाँ ढुंगा बोक्न लगाउनु भएको रहेछ । यही कुराबाट उहाँको दाम्पत्य जीवनमा खट्पट शुरू भएको रहेछ ।

रूपचन्द्र २०२६ सालमा जन कल्याण मा.वि.मा हेडमास्टर हुँदा पनि प्रत्येक दिन प्रत्येक विद्यार्थीले एक पिरियड सामूहिक शारीरिक श्रम गर्नैपर्ने "चौतर्फी विकासतर्फी कार्यतालिका" बनाइएको रहेछ । विद्यार्थीहरूले त्यो कार्यतालिका मन नपराएर हडताल समेत गरेछन् । हडताल गर्नेमा राम नारायण विंडारी स्वयम् पनि हुनुहुँदोरहेछ ।

रूपचन्द्र २०३१ सालदेखि ७ वर्षसम्म दामनमा रेष्टुरेण्ट चलाएर बस्दा पनि त्यस रेष्टुरेण्टको कुक पनि आफै, वेटर पनि आफैं, भाँडा माझ्ने पनि आफै गरेर त्यो रेष्टुरेण्ट चलाइएको रहेछ । दामनमा उहाँले

# 'थाहा आन्दोलन'को ध्येय र बैज्ञानिक समाजवादको ध्येय एउटै देखिन्छ ।

केही समय त बाख्रापालन समेत गरेर बस्नुभएको रहेछ ।

२०३८ सालमा र २०४३ सालमा उहाँ राष्ट्रिय पंचायतको सदस्य हुँदा पनि उहाँले सबैभन्दा ज्यादा समय दिने- श्रमिकहरूलाई नै रहेछ । राष्ट्रिय पंचायतको सदस्य भएको मान्छे, गाउँमा जाँदा कुनै बुढी आमाले सकीनसकी मल बोकेको देखेर आफैले मल बोकेर ठाउँमा पुऱ्याइदिएको घटना समेत मकवानपुरमा घटेको रहेछ ।

यस प्रकार, रूपचन्द्रले आफूलाई एकजना सामन्तको छोराबाट एकजना जागृत श्रमिकमा पूरापूर रूपान्तरण गर्न खोजेको र गर्न सकेको देखिन्छ । उहाँले खालि राजनीति मात्र श्रमिकको बोकेको होइन, जीवनशैली पनि श्रमिककै बाँच्न खोजको देखिन्छ । रूपचन्द्रको महानता नै केमा देखिन्छ भने, उहाँले अँगीकार गरेको ध्येय र उहाँले बाँचेको जीवनशैलीमा खासै अन्तरविरोध देखिन्न । उहाँको जीवनमा कुनै पाखण्ड भेटिन्न । जस्तो ध्येय, त्यस्तै जीवन । यस मामलामा नेपालको श्रमिकवर्गीय आन्दोलनले रूपचन्द्रबाट प्रशस्तै शिक्षा लिनु जरूरी छ । किनकि हाम्रो आन्दोलनको एउटा प्रमुख समस्या भनेको यसको अधिकांश नेताहरूकै दोहोरो जीवनशैली हो । ध्येय पूर्व फर्केको, जीवनशैली पश्चिम फर्केको । ध्येय बैज्ञानिक समाजवादी, जीवनशैली सामन्तवादी वा निम्न पूँजीवादी ।

## *'थाहा सांस्कृतिक जागरणको आन्दोलन*

रूपचन्द्रको संपूर्ण जीवन-संस्कृति नियाल्दा उहाँले गर्न खोजेको सार कुरा दुईवटा देखिन्छन्: एउटा, मान्छेलाई आलोचक र जागृत बनाउने । अर्को, समाज-सुधार आन्दोलन चलाउने ।

रूपचन्द्रको 'थाहा' आन्दोलन मान्छेलाई आलोचक र जागृत बनाउने आन्दोलन हो । हरेक कुरा बुझेर मात्र गर्ने, प्रत्येक काम थाहा पाएर मात्र गर्ने, - यो सांस्कृतिक जागरण रूपचन्द्रले 'थाहा' आन्दोलनमार्फत थालनी गर्न खोजेको बुझिन्छ ।


कुनै पनि मान्छे कसैको पक्षमा नलागोस् , हरेक मान्छे सत्य र ठीकको पक्ष मात्र लागोस् ,-रूपचन्द्रले फैलाउन खोजेको संस्कृति यस्तो देखिन्छ ।

*"हामी कसैका होइनौं*
*कोही हाम्रो होइनन्*
*हामी सत्य र ठीकका*
*सत्य र ठीक हाम्रो !"*

रूपचन्द्रको यो प्रसिद्ध कवितामा उहाँले फिंजाउन खोजेको संस्कृतिको सार लुकेको देखिन्छ ।

एक्लै पनि सत्यलाई सत्य भन्न सक्ने, असत्यलाई असत्य, बेठीकलाई बेठीक भन्न सक्ने, ठीकलाई ठीक भन्न सक्ने,- यस्तो जागृत मान्छे तयार पार्ने ध्याउन्ना नै रूपचन्द्रको मुख्य ध्याउन्ना देखिन्छ । जागृत मनुष्यत्व नै रूपचन्द्रको 'थाहा' आन्दोलनको मुख्य सार देखिन्छ ।

'थाहा' आन्दोलन सारमा सांस्कृतिक जागरण आन्दोलन देखिन्छ । थाहा नपाएरै कसैको पछि लाग्ने, थाहा नपाएरै कसैको पक्ष विपक्षमा मत बनाउने, थाहा नपाएरै कुनै पन्थ अँगाल्ने,- यो कुरा सांस्कृतिक पछौटेपनको लक्षण हो । नेपालमा अहिले यही सांस्कृतिक पछौटेपन ब्याप्त छ । रूपचन्द्रले 'थाहा' आन्दोलनमार्फत् यही अन्ध अनुशरणको संस्कृति अन्त गर्नु पऱ्यो भन्नुभएको बुझिन्छ । चाहे जतिसुकै ठूलो मान्छेले भनेको होस्, चाहे जतिसुकै प्रसिद्ध पुस्तकमा लेखिएको होस्- कसैका कुरा पनि राम्ररी नबुझी, थाहा नपाई स्वीकार नगरौं । जे जति स्वीकार गरौं, राम्ररी बुझेर मात्र स्वीकार गरौं, राम्ररी थाहा पाएर मात्र अंगीकार गरौं- रूपचन्द्रले 'थाहा' आन्दोलनमार्फत् भन्न खोजेको कुरा यही हो ।



सत्य खोज्ने, ठीक काम गर्ने, असत्य र बेठीक कतैबाट आए पनि नखप्ने, यो खालको संस्कृति मान्छेमा विकास गर्नु पऱ्यो भन्ने 'थाहा आन्दोलन'को सन्देश हो । यो सन्देश सारमा मान्छेलाई जगाउनु पऱ्यो भन्ने सन्देश नै हो । परिपूर्ण होश भएको जागृत मान्छे तयार पार्नु पऱ्यो भन्ने कुरा नै यो सन्देशको सार हो । बैज्ञानिक समाजवादको चूरो कुरो पनि- परिपूर्ण होश भएको जागृत मान्छेको सुसंस्कृत समाज नै हो, जहाँ राज्यको लट्ठीबिना पनि मान्छे स्वविवेक र जागरणका आधारमा अनुशासित हुन्छ । यस परिप्रेक्ष्यमा 'थाहा आन्दोलन'को ध्येय र बैज्ञानिक समाजवादको ध्येय एउटै देखिन्छ । यस्तो प्रतीत हुन्छ, रूपचन्द्रले थाहा आन्दोलनमार्फत् आफ्नो मौलिकतासहित सर्वसाधारण नेपालीले बुझ्ने भाषामा बैज्ञानिक समाजवादको चूरो कुरा बताउने प्रयत्न गर्नु भएको हो ।

यस प्रकार, 'थाहा' आन्दोलन नेपालमा नचलाई नहुने सांस्कृतिक जागरणको आन्दोलन हो । हाम्रो आन्दोलनमा हरेक पार्टी नेतृत्वले दास-मान्छे मात्र पैदा गर्दैछ, अन्धभक्त मात्र पैदा गर्दैछ । यो वा त्यो नेताको पिछलग्गू मात्र पैदा गर्दैछ । यो परिप्रेक्षमा कसैको पछि नलाग्ने, कसैको अन्ध समर्थन नगर्ने, कसैको भक्ति नगर्ने, खालि सत्य र ठीकको मात्र पछिलाग्ने जागृत मान्छे तयार गर्ने ध्येय बोकेको 'थाहा' आन्दोलनको ठूलो महत्व छ । एक्लै पनि असत्यलाई असत्य भन्न सक्ने,

---

## रूपचन्द्रले त थाल माझ्न पो थाल्नु भयो

**रूपचन्द्रसम्बन्धी संस्मरण**

यो २०३९ सालतिरको घटना हो । रुदाने पहिलो पटक राष्ट्रिय पंचायतको सदस्य निर्वाचित भएको एक बर्षपछि म उहाँको साथ मकवानपुरको धियाँल गाउँ घुम्न निस्लेको थिएँ । धियाँल गाउँमा कस्तो घटना घट्यो भने, एकजना गाउँलेले हामीलाई उहाँको घरमा खान, बास बस्न निम्त्याउनु भयो । हामी दुवै गयौं । त्यहीं बास बस्यौं । राती खाने बेलामा गाउँलेले हामीलाई एक एक वटा मोटो ठूलो रोटी थालमा राखेर दिनु भयो । मैले भात आएपछि खाने, रोटी नखाने भनेर मेरो भागको रोटी रुदानेको थालमा मिल्काईदिएँ । रुदानेले त्यो रोटी आधा पार्नु भयो र आधा फेरि मेरो भागमा मिल्काइ दिनुभयो । मैले त्यो आधा रोटी फेरि उहाँको थालमा फर्काईदिएँ । उहाँले त्यसलाई पनि आधा पार्नु भयो र आधा मेरो भागमा पुन: मिल्काई दिनुभयो । मैले त्यो पनि फर्काएँ । रुदानेले त्यसलाई पनि आधा पारेर फेरि मेरो थालमा राखी दिनुभयो ।

मलाई लाग्यो, रुदानेले मलाई रोटी खाईदिन निकै जोड गर्नुहुँदैछ । त्यसैले, मैले त्यो एक चौथाई भागको पनि आधा रोटी मन नलागीनलागी खाएँ । त्यति खाएपछि रुदाने थाल लिएर बाहिर निक्लनुभयो । म पनि वाध्यतावश थाल लिएर निक्लें । "उहाँले त थाल माझ्न पो थाल्नु भयो । उहाँले माझेपछि मैले पनि माझ्नै पऱ्यो ।

मैले त्यतिखेर उहाँलाई सोधें- "रुदाने, भात खाइन्न अब ?"

म भात खान देलान् भन्ने प्रतीक्षामा थिएँ ।

रुदानेले भन्नु भयो - "यो बेलामा यिनीहरुलाई भात पकाउन भन्न मिल्छ ?" उनीहरुको हौसियत अनुसार उनीहरुले जे खान दिन्छन् , हामीले त्यो पो ग्रहण गर्नुपर्छ । तिम्रो लागि भनेर भात पकाऊ भन्ने सवाल नै पैदा हुँदैन । त्यसैले जे पाइन्छ ,त्यही खुशी मानेर खाऊ" - उहाँले भन्नु भयो ।

अझ कुरो बुझाउँदै उहाँले भन्नुभयो - "अझ, हामी दुवै जना एउटै घरमा बास बस्नै हुँदैनथ्यो । यसले गर्दा उनीहरुलाई घच्चा परेको छ । एउटा घरमा एक जना मान्छे, यतिसम्म मात्र धान्न सक्छन् यिनीहरुले । तिमी नयाँ मान्छे हुनाले मात्र यो अवसर दिएको । नत्र एउटा घरमा दुईतीन जना मान्छे व्यहोर्ने हैसियत नै होइन उनीहरुको । हामी त जनतालाई केही दिन आ'का मान्छे हौं, लिन आ' का मान्छे हैनौं । दिन आएका मान्छेहरुको स्वभाव, व्यवहार त्यहीं अनुकूलको हुनुपर्छ । जनतालाई अलिकता पनि घच्चा पर्ने काम उनीहरुबाट हुनुहुन्न ।"

म पहिलो चोटि यसरी गाउँ पसेको मान्छे । उहाँको कुरा सुनेर निकै चकित भएँ ।

❑ अजेय सुमार्गी

बेठीकलाई बेठीक भन्न सक्ने ज्यूँदोजाग्दो जागृत मान्छेको हाम्रो आन्दोलनमा ठूलो खाँचो छ ।

रूपचन्द्रको विशिष्टता के देखिन्छ भने, रूपचन्द्र स्वयम् एक्लै पनि असत्य र बेठीकलाई चुनौती दिने संस्कृति र साहस बोकेको ज्यूँदोजाग्दो जागृत मान्छे हुनुहन्थ्यो । उहाँ स्वयं प्रत्येक कुरालाई बुझेर, थाहा पाएर मात्र अंगीकार गर्ने होशपूर्ण मान्छे हुनुहुन्थ्यो । निष्पक्ष हुने र सत्य र ठीकको मात्र पक्ष लिने तथा सक्रिय हुने स्वभाव रूपचन्द्र स्वयम्‌को चारित्रिक विशेषता थियो । जीवनको पछिल्लो घडीमा "निष्पक्ष सक्रियताको अभ्यास" गर्ने मामलामा उहाँमा निराशावश सक्रियतामा सुस्ती आएको देखियो । यसबाहेक रूपचन्द्रले अरू बेलामा थाहा आन्दोलनलाई आफ्नै जीवनमा राम्ररी लागु गर्ने प्रयत्न गरेको देखिन्छ ।

सत्य बोल्ने संस्कृति बालकै कालदेखि प्रारम्भ गरिनुपर्छ भन्ने रूपचन्द्रको धारणा देखिन्छ । रूपचन्द्रको के कुरामा तीव्र विरोध देखिन्छ भने, बालकलाई आफ्नो अधीनमा राख्नका लागि बाबुआमाहरू असत्य कुरा गर्नेगर्छन् । एक ठाउँमा जानु छ भने अर्कै ठाउँमा जाने बताउँछन् । अस्तित्वमा नै नभएको " हाउगूजी आयो" भनेर बालकलाई तर्साउने गर्छन् । यसरी बाबुआमा स्वयम् बालकलाई फटाहा र काँतर बनाउने तालीम दिन्छन् । बेठीक यहीँबाट शुरू हुन्छ । रूपचन्द्रको भनाइ के थियो भने, बाबुआमाले बालकलाई साँचो कुरा बताउनु पर्छ, बरू केही नबताए हुन्छ, तर ढाँट कुरा चाहिँ कदापि बताउनु हुन्न । बाबुआमाकै गल्ती छ भने पनि सिधासिधा बताउन आँट गर्ने विद्रोही बालक तयार पार्नुपर्छ । यही बालक पछि गएर सरकारमा वा नेतृत्वमा बस्नेको गल्ती छ भने पनि घाँटी समाउने भएर निक्लन्छ । अहिले बालकलाई 'हाउगूजी आयो' भनेर तर्सायो भने त्यो बालक काँतर भएर निक्लन्छ । त्यसले सत्य कुरा बाल्ने साहस नै गर्न सक्दैन । सत्य कुरा बोल्न साहस नगर्नेले बेठीकको र अन्यायको अन्त्य गर्न सक्दैन र ठीकको थालनी गर्न सक्दैन । ठीकको प्रारम्भ गर्न साहसको ठूलो जरूरत हुन्छ । त्यसैले, बालकलाई भूठो कुरो गरेर कहिल्यै नतर्साऊ । 'भूत आयो', 'जोगी आयो', 'म्याऊ आयो', 'गूजी आयो' यी यस्ता बालकलाई अधीनमा लिने भूठा अभ्यासहरू पूरापूर बन्द गर । सत्य बोल्ने र सत्य खोज्ने, एक्लै पनि बेठीक विरूद्ध उभिन आँट गर्ने साहसी बालक तयार पार ।



*यतिसम्म कि, स्कूलमा उहाँलाई "हेडसर" भनेर बोलाउनु पर्दैनथ्यो । विद्यार्थीहरूले समेत सिधै 'रूपचन्द्र' भने हुन्थ्यो ।*

समाजमा सत्य र ठीकको राज्यको जग यहीँबाट तयार हुन्छ भन्ने रूपचन्द्रको धारणा थियो । रूपचन्द्रका यी धारणाहरू एकदमै मननयोग्य छन् ।

रूपचन्द्रले आफू पालुङ्गमा हेडमास्टर हुँदा स्कूलमा यही धारणालाई व्यवहारमा उतार्ने प्रयास गर्नु भएको रहेछ । रूपचन्द्रको सहयोगीको रूपमा "सह-हेडमास्टर" बनेका रूपचन्द्रका मित्र तुलसी थापा भन्नुहुन्छ- "उहाँ विद्यार्थीहरूलाई कक्षामा उभ्याउनु हुन्थ्यो । स्कूलका र शिक्षकका गल्ति कमजोरीबारे सिधासिधा कुरा भन्न लाउनुहुन्थ्यो । आफू वा कुनै पनि शिक्षकको गल्तीकमजोरी उहाँकै अगाडि उभिएर सिधासिधा भन्न पर्ने र भन्न सकिने

# तात्कालीन मालेका जिल्ला सचिवको स्वीकारोक्ति

## *"चुनाबी कारणले, उपयोगितावादी सोचका कारणले हामीले रूपचन्द्रलाई योजना बनाएरै क्रश गरेका हौँ ।"*

—सूर्यप्रसाद शर्मा—

*तात्कालीन ने.क.पा. (माले) जिल्ला सचिव*

*हाल पनि- ने.क.पा.(माले) कै जिल्ला सचिव*

गत श्रावण ७ गते हेटौंडामा रूपचन्द्र बिष्टको थाहा आन्दोलनबारे एउटा छलफल कार्यक्रम थियो- राम नारायण बिँडारी र अजेय सुमार्गीको आयोजनमा । त्यो कार्यक्रममा म पनि आमन्त्रित थिएँ, अतिथिका रूपमा ।

कार्यक्रमका सातौं बक्ता क. सूर्यप्रसाद शर्माको एउटा साहसी र इमान्दारितापूर्ण स्वीकारोक्तिले पूरै हललाई सन्न पाऱ्यो । सबैजसो पार्टीका प्रतिनिधि र शयौं सहभागीहरू स्तब्ध हुने गरी उहाँले त्यहाँ रहस्य उद्घाटन गर्नुभयो : "अरू पार्टीहरू संगसँगै त्यतिखेरको माले, पछि गएर एमाले पार्टीमा पनि उपयोगितावादी सोच हावी थियो । कुन बेला कता पाइला चाल्दाखेरि आफूलाई, आफ्नो पार्टीलाई फाइदा हुन्छ त्यहीं फर्केर पाइला चाल्नुपर्छ भन्ने सिद्धान्त त्यतिखेर माले पार्टीमा स्थापित भइसकेको थियो । को मान्छे इमान्दार हो, को मान्छेलाई अघि बढाउँदाखेरि न्याय हुन्छ, अघि नबढाउँदा अन्याय हुन्छ, यो विश्लेषण गरिरहने सोच पार्टीमा थिएन । त्यही उपयोगितावादी सिद्धान्त र सोच अनुसार हामीले के सोच्यौं भने 'मकवानपुर जिल्लामा रूपचन्द्रलाई फेरि पनि हाइलाइट गर्ने हो भने हाम्रो माले पार्टीले कुनै हालतमा पनि चुनाव जित्न सक्दैन । एक बर्षपछि चुनाव हुन्छ र क्रस गर्ने ठीक मौका यही हो' भनेर, निश्चित योजना बनाएरै हामीले रूपचन्द्रलाई क्रस गरेका हौं ।"

"हालसम्म बलियो संगठन नबनाएको कारणले रूपचन्द्र पछाडि पर्दै जानु भो । हामी उहाँलाई क्रस गर्न समर्थ भयौं ।"

क. सूर्यप्रसादले के पनि स्पष्ट पार्नुभयो भने - "रूपचन्द्र कसैका बाकसमा बन्द हुने मान्छे हुनुहुन्नथ्यो । यसै पनि आफूलाई चित्त नबुझी नबुझी अरूको पछाडि लुरूलुरू हिँड्ने मान्छेलाई उहाँ कुकुर भन्ने गर्नुहुन्थ्यो । त्यसकारण न उहाँ आफू कुकर हुनुभयो, न अरूलाई कुकुर बनाउन चाहनुभयो । २०४६ सालको जन-आन्दोलनमा उहाँको एउटा आफ्नै राजनैतिक सोच थियो - 'निर्दयी निर्दल, बहुलाहा बहुदल' भन्ने । हामी बहुदलको पक्षमा थियौं । हाम्रो पार्टीको कार्यक्रममा हाम्रो भण्डामुनि उहाँ हिँड्नु पर्छ भन्ने कुनै बाध्यता थिएन । त्यतिखेर उहाँहरूले नगरपालिकामा कार्यक्रम गर्नुभयो र त्यहीँबाट आफ्ना विचारहरूलाई अघि सार्नुभयो । हामीले सडक आन्दोलन गऱ्यौं र गोली थाप्यौं ।"

क. सूर्यप्रसादले आत्मालोचना गर्दै भन्नुभयो - "चैत्र २७ गते जब प्रजातन्त्र प्राप्त भयो, हामीले हुप्रा चौरमा आमसभा आयोजना गऱ्यौं । त्यो आमसभामा बक्ताहरू को राख्ने, को नराख्ने भन्ने बारेमा माले पार्टीका अगुवा साथीहरूबीच छलफल हुँदाखेरि रूपचन्द्रलाई बोल्न नदिने निर्णय गर्नेमा मुख्य मान्छे म थिएँ । इतिहासमा भूठो कुरो बोल्नु हुँदैन किनकि म त्यतिखेर माले पार्टीको जिल्ला सचिव थिएँ ।" रूपचन्द्रको उच्च मूल्यांकन गर्दै क. सूर्यले बताउनु भयो - "रूपचन्द्र भनेको यस्तो दार्शनिक अवधारणा लिएर अगाडि बढेको मान्छे हो, जसलाई हामी व्यावहारिक राजनीति गर्नेहरूले नाप्नै सक्दैनथ्यौं । उहाँको उचाई धेरै माथि थियो । राजनीतिमा उहाँ बाज जस्तै हुनुहुन्थ्यो , धेरै माथि पनि उड्न सक्ने, धेरै तल पनि ओर्लन सक्ने । हामी भँगेरा जस्ता तल तल उड्न सक्ने, माथि उँचाइमा जान नसक्ने । हामीले इमान्दारिताका साथ आत्मालोचना गर्नुपर्छ- हामी रूपचन्द्र जस्तो समग्र भिजन लिएर बाजको उडाइ उड्न सकेनौं । उड्ने प्रयत्न पनि गरिरहेका छैनौं ।"

अब रूपचन्द्र शारीरिक रूपमा हामीबीच हुनुहुन्न । तर क. सूर्यको आत्मालोचनाबाट के छर्लङ्ग भएको छ भने, २०४६ सालपछि, रूपचन्द्रले आन्दोलनमा बदमासी गरेको कारणले होइन, चुनावी स्वार्थका कारणले, योजनाबद्ध रूपमा तात्कालीन मालेद्वारा उहाँको चरित्र हत्या शुरू भएको थियो ।

त्यही सभामा नगरपालिकाका उपप्रमुख हरिबोल महतले प्रष्टै भन्नुभयो- "वास्तवमा सूर्यजीले एमालेलाई खुइल्याउन अघिका कुरा भन्नु भएको हो । त्यो गोपनीयता उहाँले त्यसरी खोल्नुहुने थिएन ।" क. हरिबोल एमाले पक्षधर कार्यकर्ता हुनुहुँदो रहेछ ।

यी सबै बोलाइको टेप मूल्यांकनसित सुरक्षित छ ।

◆ श्याम श्रेष्ठ

## अमृत राजथलाको संस्मरण

*उहाँका सहकर्मी कलाकार, लामो समय उहाँसँगै हिँडेको व्यक्ति।*

# उहाँ कार्यकर्ताको खुब ख्याल राख्नुहुन्थ्यो

रुपचन्द्रको टीममा म 'थाहा' लेखेर हिड्ने कलाकार थिएँ । ढुंगा ढुंगामा समेत थाहा कुँदेर हिंडिन्थ्यो । २०३८ सालदेखि २०४३ सालसम्म म उहाँको टीममा 'थाहा' लेख्दै हिंडे ।

मलाई गजब लागेको कुरा उहाँको सुताइ हो । उहाँ अति कम सुत्नुहुन्थ्यो । राती १२-१ बजेसम्म गाउँलेहरुसँग कुरा गरेर बस्नुहुन्थ्यो । फेरि ४/५ बजेतिर त उठी हाल्नुहुन्थ्यो । कतिबेला सुत्नुभयो, कतिबेला उठ्नुभयो, थाहा पाउनै गाह्रो हुन्थ्यो । हरहमेशा या त कुरा गरिरहेको देखिन्थ्यो, या पर्चा लेखिरहेको, या सोचिरहेको ।

उहाँ आफ्ना कार्यकर्ताको असाध्यै ख्याल राख्नुहुन्थ्यो । म हप्ताको दुई दिन खाना नखाने मान्छे । मैले खाना नखाने दिन जहाँ पुगे पनि फलफूल, दहीदूध जहाँबाट भएपनि जुटाएर मकहाँ आइपुग्थ्यो । कहाँबाट आउँथ्यो, कहाँबाट आउँथ्यो, मलाई अचम्म लाग्थ्यो । जुटाउने त उहाँ नै हुनुहुन्थ्यो ।

हामी विभिन्न घरमा बाँडिएर सुत्थ्यौं । जो जहाँ सुत्न गए पनि कुन कार्यकर्ताले खायो , कुनले खाएन, को कसरी सुत्यो ?- सबै कुरा उहाँलाई थाहा हुन्थ्यो । कसरी थाहा पाउनुहुन्थ्यो, मलाई अचम्म लाग्थ्यो । ❑

स्थिति उहाँले सिर्जना गर्नु भएको थियो । नभनेसम्म उहाँले सुखै दिनुहुन्नथ्यो । यतिसम्म कि, स्कूलमा उहाँलाई "हेडसर" भनेर बोलाउनु पर्दैनथ्यो । विद्यार्थीहरूले समेत सिधै 'रूपचन्द्र' भने हुन्थ्यो ।' यस्तो संस्कृतिको विकास गर्न खोज्नु भएको थियो रूपचन्द्रले स्कूलमा । पालुङ्गको त्यस स्कूलमा त्यो संस्कृतिको अवशेष अहिलेसम्म पनि बाँकी देखिन्छ ।

यो हेर्दा रूपचन्द्रले सानैदेखि तयार पार्न खोजेको मुख्य कुरा अलोचक मान्छे र आलोचक संस्कृति देखिन्छ । सत्य बोल्न र ठीक काम गर्न साहस गर्ने, ब्यूँझेको विद्रोही मान्छे तयार गर्ने नै उहाँको मूल प्रयत्न देखिन्छ । 'थाहा आन्दोलन'ले सिर्जना गर्न खोजेको मान्छे यस्तै मान्छे हो ।

## *अन्धविश्वास, व्यक्तिपूजा र कुरीतिको विरोधमा*

रूपचन्द्रको एउटा विशिष्टता के देखिन्छ भने, राम नारायण बिँडारीका अनुसार- "उहाँलाई पूर्वीय धर्म दर्शनको राम्रो ज्ञान थियो, उहाँ एकचोटि जोगी बनेर, दाह्री जुँगा पालेर, गेरू बस्त्र लगाएर, कमण्डलु बोकेर पनि हिँड्नु भयो, तर पनि उहाँले मूर्ति पूजा गर्ने, ईश्वरभक्ति गर्ने, अन्धविश्वासको पछि लाग्ने काम कहिल्यै गर्नु भएन । उहाँले पूर्वीय धर्म दर्शनलाई जीवनमा अभ्यास गर्नु भएन । खालि त्यसको ज्ञान मात्र राख्नु भयो ।"

"कार्ल मार्क्सलाई पूर्वीय धर्म दर्शनबारे सूचना ज्ञानसम्म पनि थिएन । त्यसैले, उहाँले धर्मलाई 'अफीम' भन्नुभयो । तर पूर्वीय धर्म दर्शनबारे राम्ररी ज्ञान भएको भए उहाँले यसलाई 'अफीम' कदापि भन्नुहुने थिएन । पूर्वीय धर्म दर्शनमा द्वन्दवादी र भौतिकवादी सार भएका थुप्रै कुराहरू छन्, जसलाई मार्क्सवादले नकार्नु जरूरी नै छैन ।' रूपचन्द्रको भनाइ यस्तो थियो । " -बिँडारी बताउनु हुन्छ ।

रूपचन्द्र संपूर्ण कुरीति कुथितिको विरूद्ध एक्लै पनि विद्रोह गर्न आँट गर्नुहन्थ्यो । बालखकालमा पनि इन्द्रायणी जात्रामा इन्द्रायणीकै मूर्तिमा मुतीदिने जस्तो उदण्ड विद्रोही स्वभाव उहाँमा देखिन्छ । बाहुनहरूले पकाएको भातको खँड्कुलो तानीदिने उहाँको स्वभाव देखिन्छ । यो विद्रोही प्रवृत्ति उहाँमा पछिसम्म रहेको पाइन्छ ।

उहाँका आफन्तहरूका अनुसार, उहाँ दशैमा टीका लाउनु हुन्नथ्यो । उहाँका बुबा ज्यूँदै हुनुहुन्थ्यो, तर बाबुको हातबाट टीका लाउन जाने चलन उहाँको थिएन । उहाँकी बहिनी पनि काठमाण्डू उपत्यकामा नै हुनुहुन्थ्यो, तर दिदी बहिनीको हातबाट भाइटीका लाउने चलन उहाँको थिएन । काजक्रिया उहाँ कसैको गर्नु हुन्नथ्यो । आमाको काजक्रिया पनि उहाँले गर्नु भएन ।

आफै मर्न लाग्दा पनि उहाँले छोड्नु भएको सन्देश यही थियो - "मेरो काजक्रिया नगर्नू , मेरो लाशमा धूप सिन्दुर नगर्नू ।"

रूपचन्द्रको संम्पूर्ण जीवनको सन्देश यही थियो कि, कुनै पनि प्रकारको कुथिति र अन्धविश्वास विरूद्ध विद्रोह गर । उहाँले पनि विद्रोह नै गर्नुभयो यसका विरूद्ध जिन्दगीभर । र, यसरी अरूलाई पनि विद्रोह गर्ने सन्देश छोड्नुभयो ।

उहाँका जनमुखी सहकर्मी र शिष्य अजेय सुमार्गीका अनुसार उहाँ ईश्वरभक्ति मात्र होइन, आफ्नो अन्धभक्ति पनि कदापि नहोस् भन्ने चाहनुहुन्थ्यो । कुनै पनि सभा हुँदा उहाँको भाषणमा ताली पिट्यो कि उहाँ भनक्क रिसाउनु हुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो- "किन पिट्ने ताली ? बोल्या कुरा बुझ्या हो भने पर्याप्त भइहाल्यो, ताली पिट्नु जरूरी नै भएन, नबुझ्या हो भने नबुझीकन ताली किन पिट्ने ?"

पर्चा पोष्टर बनाउँदा उहाँको पर्चा पोस्टर कुनैमा पनि उहाँको फोटो हुँदैनथ्यो । फोटो छाप्ने संस्कृतिको विरोधी हुनुहुन्थ्यो उहाँ । 'किन फोटो छाप्ने ? अनुहारलाई भोट दिने त होइन ! भोट दिने विचारलाई हो ।' उहाँको विचार यस्तो हुने गर्थ्यो," अजेय सुमार्गी बताउनु हुन्छ ।

उहाँका निकटस्थ सहकर्मीहरूका अनुसार उहाँले दुईदुई पटक चुनाव जित्नु भयो - २०३८ र २०४३ सालमा । तर उहाँले आफ्नो जितबाजीमा 'विजय यात्रा' कहिल्यै गर्नु भएन । सिन्दूर-माला समेत गर्न दिनुभएन । "सिन्दूर जात्रा गर्नु जरूरी नै छैन । चुनावमा जितेको मैले हो । त्यत्ति जितेर मैले राज्यको ढुकुटीबाट अलिकति तलवभत्ता पाउँछु । सदनमा थोरै बोल्न पाउँछु । पाउने कुरा यत्ति हो । तर खै जनताले के पाउँछन् ? खै जनताको जितवाजी भएको ? जनताले नै नजिती सिन्दूर जात्रा किन गर्ने ?" - उहाँको भनाइ यस्तो हुने गर्थ्यो ।

यसरी रूपचन्द्रले अपनाउन खोजेको संस्कृति संपूर्ण खालको अन्धविश्वास, व्यक्ति-प्रशसा र व्यक्तिपूजाविरोधी देखिन्छ । हाम्रो

# फूल उठ्या मकै त बाँकी राखिनस् "तँ राज्यै पाउँदा के गर्दोहोस् ?"

◆ धर्म राजथला ◆

*रूपचन्द्र बिष्टका सहकर्मीको सस्मरण*

म रूपचन्द्र बिष्टसँग थुप्रै वर्ष मकवानपुरका गाउँ गाउँमा घुमें । उहाँ राष्ट्रिय पंचायतको सदस्य हुँदा हरेक वर्ष महीनौं दिनसम्म मकवानपुरका गाउँ गाउँ डुल्नु हुन्थ्यो । गाउँ डुल्दा उहाँ आफैंले सिएको बोराको धेरै खल्ती भएको रूफस्याक बोकेर डुल्नु हुन्थ्यो । उहाँको रूफस्याकमा आफूलाई चाहिने सारा कुरा हुँन्थ्यो । सबै सामान ठीक ठीक ठाउँमा राख्नुहुन्थ्यो । उहाँको स्लीपीङ ब्याग पनि बोराकै हुन्थ्यो, आफैंले सिएको । उहाँ गाउँमा जाँदा शहरबाट थोत्रा लुगा संकलन गरेर ब्यागभरि बोकेर हिँड्नु हुन्थ्यो । चेपाङहरूलाई, गरीवहरूलाई त्यो लुगा बाँड्नु हुन्थ्यो ।

उहाँसँग गाउँ डुल्नुको आनन्द के थियो भने, उहाँ कार्यकर्ताको खूब ख्याल गुर्नुहुन्थ्यो । कुन कार्यकर्ताले के खानुपर्ने- त्यो समेत उहाँले याद गरेको हुन्थ्यो । मह बोकेर हिँड्नुहुन्थ्यो । कमजोर र आवश्यक मान्छेलाई उहाँले कर गरेरै मह ख्वाउने गर्नुहुन्थ्यो । खाँदाखेरिको उहाँको गुन के थियो भने उहाँसँग भएको खानेकुरा सबैलाई बराबरी बाँडेर ख्वाउनु हुन्थ्यो ।

गाउँ डुल्दा ठूलो हूल छ भने उहाँ बास दिनेलाई घच्चा पर्छ भनेर हूललाई एकै घरमा बास बस्न दिनुहुन्नथ्यो । यो घरमा तँ जा, ऊ घरमा ऊ जा भनेर उहाँ बाँडी दिनुहुन्थ्यो । एउटा घरमा बढीमा दुई जना, नत्र एक जना मान्छे मात्र पार्नु हुन्थ्यो । गाउँलेहरूले खान दियो भने पैसा नलिने, उहाँ कलम, कापी, लाइट, लाइटर थुप्रै बोकेर हिँड्ने । खाए बापत केही न केही दिएर हिँड्ने गर्नुहुन्थ्यो ।

आफू कुन घरमा सुत्ने, त्यो चाहिँ कसैलाई बताउनु हुन्नथ्यो ।

एकचोटी रा.पं.स. भएर गाउँ डुल्दाको कुरा हो- हामी मकवानपुरको दुर्गम पहाडी भेगमा पुग्यौं । बाटोमा खानेकुरा केही पाइन्नथ्यो । त्यसैले, बास बसेको घरमा मकै भुट्न लाएर हामीले त्यो साथमा बोक्यौं । एकजना साथै हिँडेको साथीले फुल उठ्या मकै जति छानेर खाइदिएछ । उहाँले थाहा पाउनु भएछ । उहाँले त्यो साथीको सातो नै लिनुभयो- हकारेर । उहाँले हकार्दै त्यो साथीलाई भन्नुभयो- "तँ आज फुल उठ्या मकै पाउँदा त छानी छानी एक्लै खान्छस्, भ्रष्टाचार गर्छस्, तैंले देशै पाइस्, राज्यै पाइस् भने के गर्दोहोस् ?"

उहाँ त यस्तो गल्ती सार्वजनिक रूपमा आम-सभामा समेत राखीदिने गर्नुहुन्थ्यो, ता कि गल्ती फेरि कहिल्यै नदोहोरियोस् । त्यसपछि उहाँले त्यो मकैलाई बराबरी बाँड्न लाउनुभयो ।

उहाँ कार्यकर्तालाई यसरी सच्च्याउनु हुन्थ्यो । उहाँले त गाली गर्दा पनि आनन्द लाग्थ्यो- यो हामीलाई नै सपार्न भन्या हो भनेर । ❑

# रूपचन्द्रको गाउँ चिन्ने अनौठो तरीका


**विश्वकान्त कलावती**

*२०२५ सालतिर पंचायती महिला संघको अंचल सभापति*


**रूदानेको महिला कार्यकर्ताको संस्मरण**

*म रूदानेबाट प्रभावित भएरै पंचायत छोडेर उहाँको जनमुखी राजनीतिमा आएकी मान्छे हुँ । जनमुखी राजनीतिमा आएपछि उहाँसँगै म पनि गाउँ गाउँ डुलेकी छु ।*

*रूदानेको गाउँ चिन्ने तरीका अचम्मको थियो ।*

*एकदिन उहाँले गाउँमा सभा गर्दै हुनुहुन्थ्यो । त्यो सभामा भेला भएका बच्चाहरू जम्मा गरेर उहाँले प्रश्न सोध्न थाल्नु भयो उहाँहरूको प्रश्न-उत्तर लगभग यस्तो थियो ।*

*"तिमीहरूलाई बजारको राम्रो लुगा मन पर्छ ?"*

*"मनपर्छ !"*

*" मीठो खानेकुरा मन पर्छ ?"*

*" मनपर्छ !"*

*"कस्तो खानेकुरा मीठो लाग्छ ?"*

*कसैले चक्लेट भने, कसैले बिस्कुट, कसैले जिलेवी, कसैले मासु !*

*" कस्ता लुगा मनपर्छ ?"*

*कसैले सर्ट, पाइन्ट, कसैले फ्रक, कसैले के भने !*

*"यो मीठो खानेकुरा, राम्रो लाउनेकुरा पाउने भए साथीको हात काट्छौ ?"*

*"धेरैले जवाफ दिए-"काट्छौं !"*

*एउटा केटोले भन्यो- "म त बरू राम्रो लाउन्न, मीठो पनि खान्न, साथीको हातचाहिँ काट्न सक्दिन !"*

*हामी यो प्रश्नोत्तर किन गरेका होला भनेर छक्क पर्यौं । बाटोमा रूदानेलाई सोध्यौं- किन बच्चालाई यस्तो प्रश्न गरेको भनेर । रूदानेले भन्नु भो- "यो त गाउँ चिन्ने तरीका हो । यो गाउँमा धेरै जाली, फटाहा, मायादया नभएका दानव मान्छेहरू रहेछन् । यी बच्चाहरूको कुनै दोष छैन । यिनका बाबुआमा निर्दयी र लोभी छन् । त्यसैले यी यस्तो बने । त्यो एउटा केटोका बाबुआमा चाहिँ ठीक छन् । हामीले त्यसलाई सम्पर्क गरे हुन्छ । बच्चाहरूलाई हेरेर गाउँ थाहा पाउन सकिन्छ । ठूलो स्वरले कराउने बच्चा छ भने- त्यो घरमा बच्चाहरूमाथि बाबु आमाको दमन छैन , स्वतन्त्रता ज्यादा छ भनेर बुझ्नुपर्छ । दबिएको आवाजमा साना स्वरले कराउने बच्चा छ भने- त्यो घरमा दमनतन्त्र खूब चलेको छ भनेरु बुझ्नुपर्छ ।" उहाँले ब्याख्या गुर्नभयो ।* ❑

# कार्यकर्ता सपार्ने रूपचन्द्रको तरीका

*गाउँमा आमसभा गर्दा- उहाँ बोल्नेलाई चाहिँ असुविधा हुने, मुखमा घाम पर्ने गरी, सुन्ने जनतालाई चाहिँ सुविधा हुनेगरी मंच खडा गर्नुहुन्थ्यो । एकदिन मंचमा बसीनसक्नु भएकोले मैले त्यसको विरोध उहाँसमक्ष प्रकट गरें । उहाँले मेरो सातो लिनु भो । मंचबाटै उहाँले मेरो भण्डाफोर गर्नुभयो- "यो केटी पछि खूब सुविधाभोगी हुन्छे । यसले मौका पाई भने सुविधा जति आफ्नो भागमा, असुविधा जति जनताको भागमा पार्छे ।" म त लाजले भुतुक्कै भएं । रीस पनि उठ्यो । तर पछि महशूस भयो- त्यो टीप्पणी त उहाँले मलाई सपार्न गर्नुभएको हो ।* ❑

समाजमा व्यक्तिपूजा र व्यक्ति प्रशंसाको संस्कार व्यापक छ । कैयन नेताहरूको प्रवृत्ति नै यही रहने गर्छ कि - कार्यकर्ताहरू आफ्नो अन्धपूजक बनून् । यो आत्म-केन्द्रित प्रवृत्तिको परिप्रेक्ष्यमा रूपचन्द्रले अपनाउन खोजेको संस्कृति निकै भिन्न र उन्नत देखिन्छ । यसबाट हामीले सिक्नु जरूरी छ ।

### *निक्यौंल*

रूपचन्द्रसित खालि उन्नत संस्कृति मात्रै थियो, नसिक्नु पर्ने केही गुण थिएनन्,- यस्तो होइन । रूपचन्द्रसित हामीले नसिक्नु पर्ने कुराहरू पनि थिए । रूपचन्द्रसित संवाद गर्नु निकै गाह्रो कुरो थियो । "तँ भाते कुकुर" भनेर दपेटीहाल्ने उहाँको स्वभाव थियो । यो उहाँबाट नसिक्नु पर्ने कुरा हो । किनकि प्रत्येक मान्छेको आफ्नो सकारात्मक कुरोमा आफूलाई अरूले स्वीकार गरीदेओस्, सम्मान गरीदेओस् भन्ने मनोविज्ञान हुन्छ । उहाँको यो स्वभाव मान्छेको यो मनोविज्ञानविरूद्धमा थियो ।

अधिकांश मान्छेलाई 'तँ' भन्ने उहाँको स्वभाव पनि त्यो सामन्ती संस्कृतिको अवशेष थियो, जुन वर्गमा उहाँ जन्मिनु हुर्किनु भएको थियो । यो उहाँबाट सिक्नु पर्ने कुरा होइन ।

दल नबनाउने, बनाउनु हुन्न भन्ने, तर दलीय प्रतिस्पर्धामा आधारित चुनाव चाहिँ लड्न खोज्ने- उहाँको यो मनोवृत्तिमा पनि विरोधाभास भेटिन्छ । पछिल्लो समयमा उहाँ स्वयम् यही विरोधाभासको शिकार हुनुभयो ।

संगठनको मामलामा उहाँको सोच र संस्कृति व्यक्तिगत स्वतन्त्रतालाई ज्यादा जोड दिने खालको रह्यो । संगठन बनायो कि आफ्नो व्यक्तिगत स्वतन्त्रता कैद हुन्छ र संगठन चाहिँ मण्डलेको साधन बन्छ भन्ने उहाँको जब्बर धारणा रह्यो । उहाँको यो धारणा व्यक्तिवादी अराजकतावादी देखिन्छ । यद्यपि, जीवनमा पटक पटक आफैंले बनाएको संगठनले आफैंलाई धोका दिएकाले, आफूले बनाएका मान्छे प्रतिकृयावादीले भटाभट किनेकाले उहाँ यो निष्कर्षमा पुगेको हुनु संभव छ ।

"निष्पक्ष सक्रियताको अभ्यास" उहाँको थाहा आन्दोलनको चूरो थियो । तर २०४६ सालको आन्दोलनपछि जब चुनावी स्वार्थमा आधारित भएर मूलतः तात्कालीन नेकपा (माले) सहित केही पार्टीले उद्देश्यमूलक ढंगले उहाँको चरित्र-हत्या गर्न थाले, उहाँ निर्णायक घडीमा आमसभामा केही नबोलेर 'चूप भाषण' गर्दै एक वर्षसम्म निस्क्रिय रहनु भयो । उहाँको 'चूप भाषण' र यो निस्क्रियता चरम आत्मघाती सावित भयो । उहाँ सक्रिय रहनुभएको स्थितिमा उहाँको मकवानपुरमा 'पत्ता साफ गर्नु' संभव र सजिलो कुरो थिएन । यसप्रकार, उहाँको "निष्पक्ष सक्रियताको अभ्यास" को आदर्श र व्यवहारमा यहाँनेर विरोधाभास भेटियो । नतिजा के भयो, जगजाहेर छ ।

तर रूपचन्द्रलाई समग्र रूपमा हेर्ने हो भने, रूपचन्द्रका यी कमीकमजोरीहरू विशाल सागरमा सानो एउटा टापु जस्तो मात्र देखिन्छ । जम्माजम्मीमा मूल्याङ्कन गर्दा - नेपाली जनमुखी राजनीतिमा रूपचन्द्रलाई 'उच्च नैतिकता र संस्कृतिको हिमाल' भन्न सकिन्छ भन्ने मलाई लाग्छ । रूपचन्द्रलाई महान समाजसुधारक भन्न सकिन्छ भन्ने पनि मलाई लाग्छ । रूपचन्द्र आफ्नो समयको नेपाली समाजको सांस्कृतिक जागरणका महारथी हुनुहुन्थ्यो । ❑

# भूल सुधार

**मूल्यांकनको गतः अंकमा प्रकाशीत रुपचन्द्र बिष्टसंबन्धी आवरण कथाको सामग्रीमा निम्न भूलहरु भएको कुरा हाम्रो पछिल्लो अनुसन्धानबाट थाहा भएकाले पाठकहरुलाई सूचित गर्न चाहन्छौं ।**

❑ **पहिलो आम चुनावमा उम्मेदवार- नैकापबाट होइन, पालुङ निर्वाचन क्षेत्र नं. ५५ बाट, ने.क.पा. समर्थित स्वतन्त्र प्रगतिशील उम्मेदवारको रुपमा ।**

◆ **हेडमास्टर : २०३१ देखि २०३४ सालसम्म भनिएकोमा त्यो होइन, २०२६-२७ साल पहिलो पटक, २०३१-३२ साल दोश्रो पटक**

**प्रधान पंचः २०२१ सालमा भनिएकोमा २०२२ सालमा**

**विकास समिति निर्माण : उहाँको प्रधान पंच कालमा भएको होइन रहेछ, यो २०३१ सालमा पा.वि.स.३१ (अर्थात पालुङ विकास समिति, २०३१) को नाममा भएको रहेछ ।**

**विकास कर-लगाएको विकास समितिले होइन रहेछ, यो शिखरकोट गाउँ पंचायतले लगाएको रहेछ ।**

❑ **विकास श्रमदान :**

**विकास श्रमदान लगाउने चलन विकास समितिको भेलाबाट पारित गराएर भएको होइन रहेछ । यो रुपचन्द्र प्रधान पंच हुँदाको समयदेखि नै लगाउन शुरु गरिएको रहेछ ।**

❑ **कवितामा गल्ती :"रुपचन्द्र बिष्टको एउटा दार्शनिक कविता" शीर्षकमा, पृष्ठ ९ मा "चार माना माटोसित तेरो नातो गाँसियो भनेर" भनिएकोमा- *गाँसियो* होइन, *नातो पर्यो* हुनुपर्ने ।**

❑ **विवाहमा निम्तो काट्दा- "आफ्नो आफैं खाने गरी" भन्ने वाक्यांश निमन्त्रणा-पत्रमा रहेनछ । सक्कल निम्ता कार्ड यस्तो रहेछ ।**

**विवाह सभाको आमन्त्रणा**

**१४ पौष ०२६, दिउसो १ बजे, घट्टेचौरमा, हाम्रो विवाह सभा हुँदैछ ।**

**त्यहाँ बाउन बाजेले वेदका पवित्र मन्त्र पढ्ने छैनन्, भतेर हुने छैन, त्यो सभा हो । दुलाहा-दुलही र अरुले बोल्ने छन् । नारी र पुरुषको समाजमा के स्थान ? दाम्पत्यसम्बन्ध कस्तो हो ? र हाम्रो दाम्पत्यसम्बन्ध आदि त्यस सभाका विषय बस्तु हुनेछन् । थाहा पाउने सबैलाई हार्दिक निम्तो गर्दछौं ।**

उमा शाह रुपचन्द्र विष्ट

❑

## अन्तर्क्रिया

### *रिट भनेको के हो ?*

म तपाईहरूको ध्यान के कुरामा आकर्षित गर्छु भने, गत जेठ १८ गतेको सर्वोच्च अदालतको निर्णय रिट आदेश हो, फैसला होइन । हाम्रो देशको कानूनमा कुनै मुद्दा भएमा त्यसको फैसला हुन्छ, अनि कसैले रिटको निवेदन दियो भने त्यसको आदेश हुनेगर्छ । यो रिट आदेश हो ।

रिट भन्ने अवधारणा इङ्गल्याण्डबाट आएको हो । युरोपका अरू देशहरू फ्रान्स, जर्मनी आदि सबै ठाउँमा स्वतन्त्र न्यायपालिका छ र त्यसले रिट आदेश दिन्छ । हामीकहाँ कसैलाई कुनै कुरा चित्त बुझेन भने 'म त रिट हाल्छु' भन्ने चलन छ । त्यो एकदम गलत कुरा हो । रिट हाल्ने कुरा होइन , पाउने कुरा हो । रिटको ठीक अनुवाद गर्ने हो भने 'हुकुम प्रमाङ्गी' हुन आउँछ । कसैको अधिकार हनन भएको छ भने उसले अदालतसंग रिट माग्न पाउँछ । तर अधिकार हनन भएको छैन भने उसले रिट माग्न पाउँदैन । रिट अनेक किसिमका हुन्छन् ।

अदालतले दिएको आदेश पालना गरिएन भने अदालतको मानहानी हुन्छ भन्ने बेलायतको मान्यता छ । तर अहिले सर्वोच्च अदालतले गरेको यो आदेशलाई जनसाधारणले कस्तो प्रकारको अवज्ञा गर्नु अदालतको मानहानी हुन्छ भन्नेबारे हामी हेरौं । जानाजान विरोधको स्वरलाई रोक्न खोज्नेहरूले निर्णयको गर्नु अदालतको मानहानी हुन्छ भनेका छन् । अर्कोतिर, अदालतको यो आदेश ठीक भएन भन्नेहरूले पनि विरोधको स्वरलाई अदालतको मानहानी भनेका छन् । त्यसैले 'अदालतको मानहानी' भनेको के हो ?- पहिला त्यतातिर जाऊँ ।

### *अदालतको मानहानी भनेको के हो ?*

अदालतले जसलाई आदेश दिएको छ, उसले त्यो आदेश मान्दिनं भन्न पाईदैन । अदालतको मानहानीको सन्दर्भमा आदेशको अवधारणा यही हो । यो पनि बेलायतमा मात्रै यस्तो हुन्छ । जर्मनी र फ्रान्समा चाहिं त अदालतको मानहानीको अर्को अवधारणा छ । हामीले लिएको चाहिं बेलायतको अवधारणा हो । बेलायतमा मानहानी भन्ने चीज दुई ठाउँमा उही किसिमले लिइएको छ । एउटा, अदालतको मानहानी र अर्को, राजमुकुटको मानहानी । दुवै क्षेत्रको मानहानी गर्न पाईदैन । बेलायतमा अदालतको मानहानी पनि दुई किसिमको मानिन्छ । एउटा, अदालतमा फैसला हुन बाँकी मुद्दालाई प्रभावित गरेमा अदालतको मानहानी

◆ **प्रा. माणिकलाल श्रेष्ठ**

# भाषा आन्दोलन

# कसरी हुन थाल्यो नेपालमा जाति-भाषा क्षेत्रमा शासकहरूद्वारा भेदभाव ?

काठमाण्डौ महानगरपालिकाले नेपाल भाषालाई र राजविराज नगरपालिका एवं धनुषा जिल्ला विकास समितिले मैथिली भाषालाई नेपाली भाषासँगै आफ्नो कार्यालयको कामकाजी भाषाको रूपमा प्रयोग गर्न थाले । यसका विरूद्ध केही व्यक्तिहरूले हालेको मुद्दामा सर्वोच्च अदालतले गत जेठ १८ गते नेपाल भाषा र मैथिली भाषालाई त्यसरी प्रयोग नगर्नू भन्ने रिट-आदेश जारी गऱ्यो । यस घटनाले नेपालमा जाति-भाषाको क्षेत्रमा शोषण र दमनमा परेका तमाम मानिसहरू र संपूर्ण न्यायप्रेमी मानिसहरूमा ठूलो प्रश्न पैदा गरेको छ । जरूरी पर्छ भने सविधान नै संशोधन गर्ने मागसहित भाषिक समानताको माग गर्दै आज आन्दोलन जारी रहेको छ । यसैबीच आगामी भाद्र ३० गते 'उपत्यका बन्द' र त्यसअघिका निम्ति थुप्रै वैचारिक र प्रतीकात्मक कार्यक्रमहरू तय गरी भाषिक अधिकार संयुक्त समिति नेपाल तथा नेपाल भाषा संघर्ष समिति अघि बढिरहेको छ । गतांकमा यस विषयमा हामीले संयुक्त समितिका संयोजक र विभिन्न पार्टी-नेताहरूका विचारहरू प्रस्तुत गरेका थियौं ।

यस पटक प्रस्तुत छः यसैसन्दर्भमा प्रा. माणिकलाल श्रेष्ठका विश्लेषण र विचारहरू । हरेक १५ दिनमा काठमाडौंमा हुने गरेको "अन्तर्क्रिया डबली" अन्तरगत जेठ २८ गतेको कार्यक्रममा प्रा. श्रेष्ठको प्रस्तुतिबाट हामीले यो सामग्री लिएका हौं । रिट आदेशको स्वरूप र सीमाबारे र जातीय एवं भाषिक क्षेत्रमा नेपालमा कसरी पक्षपात र दमन शुरूभयो भन्ने विषयमा उहाँको प्रस्तुतिलाई सो 'अन्तर्क्रिया डबली मा सहभागीहरूले निकै ज्ञानबर्धक र उपयोगी ठहऱ्याएका थिए । सोही 'डबली' मा पद्मरत्न तुलाधरले राख्नु भएको सान्दर्भिक विचारहरू पनि यसै साथ प्रस्तुत गरिएको छ ।

*- मूल्यांकन*

*राष्ट्रिय भाषाहरूलाई सरकारी कामकाजमा प्रयोग गर्न निषेध गर्ने सर्वोच्च अदालतको आदेशविरूद्ध प्रदर्शन र धर्ना*








*प्रा. माणिकलाल श्रेष्ठ*

## यो रिट आदेश कसलाई लाग्छ ? कसलाई लाग्दैन ?



*पद्मरत्न तुलाधर*

## के अंग्रेजी वा संस्कृतबारे पनि यस्तै निर्णय होला ?

हुन्छ । अर्थात् हामीकहाँ सर्वोच्च अदालतले कुनै निर्णय गर्न लागेको बेला "खबरदार यस्तो निर्णय गर्नुपर्छ, यस्तो गर्न पाईदैन" भन्यो भने त्यसो भन्नु अदालतको मानहानी हुन्छ । दोश्रो, अदालतले एउटा फैसला वा आदेश दिइसकेपछि त्यसलाई 'म मान्दिनँ' भन्न पाइँदैन ।

यसको अर्थ, अहिले सर्वोच्च अदालतले काठमाण्डौं महानगरपालिकालाई दिएको आदेश उसले 'पालन गर्दिनँ' भन्न पाउँदैन । तर पाटन उप-महानगरपालिकाले त्यही कुरो दोहो-याइदियो भने त्यसलाई रोक्न अदालतले फेरि अर्को आदेश दिनुपर्छ, अन्यथा अदालतको मानहानी ठहर्दैन । किनभने जसलाई आदेश दिइएको छ, उसले मात्र त्यसलाई मान्नुपर्छ । अरूले टिप्पणी गर्न पाइन्छ कि पाईदैन भन्ने विषयमा चाहिं, कुनै न्यायधीशले वा न्यायधीशहरूको डिभिजन बेन्चले 'घुस खाएर त्यस्तो निर्णय दियो' भन्नु अदालतको मानहानी ठहर्छ । तर 'यो निर्णयले हामीलाई यस्तो अन्याय हुनगयो' भन्नु अथवा निर्णयसम्बन्धी आफ्नो मत व्यक्त गर्नु विचार तथा अभिव्यक्ति स्वतन्त्रताअन्तगत पर्छ, अदालतको मानहानी हुँदैन । कानूनका बिशेषज्ञहरूले अदालतका निर्णयहरूबारे विश्लेषण र टीका-टिप्पणी गरिरहन्छन् ।

अदालत र राजमुकुटको मानहानीलाई बेलायतमा एउटै किसिमले लिइएको छ । दशपन्ध्र बर्षअगाडि त्यहाँ एउटा मुद्दा भएको थियो । एकजना युवकले भनेछ, "यी महारानी लिपिस्टिक लगाएर, उत्ताउलो पोशाक लगाएर फिल्म स्टारजस्ती भएर पो हिड्छिन् । यिनलाई महारानी भन्नै सुहाउँदैन ।" यसबाट महारानीको मानहानी भयो भनेर त्यो युवकलाई सरकारले समात्यो । तर अदालतमा जाँदा युवकको त्यस भनाइलाई मानहानी होइन भन्ने ठहर गरियो । महारानी फिल्म स्टारजस्तो अथवा उत्ताउलो चरित्रको जस्तो भइन् भन्नु व्यक्तिको आलोचना भयो, महारानी पदको होइन । महारानीले आत्मसम्मान राख्नुपर्छ भनेर नै त्यसो भनिएको थियो । महारानी भनेकै फिल्म स्टार भनेको भए त्यो भनाइ मानहानी हुन्थ्यो । तर 'महारानी भन्नै सुहाउँदैन फिल्म स्टारजस्ती भइन्' भन्नुले त महारानीको मर्यादालाई माथि उठाइदिएको छ । त्यसैले यो मानहानी होइन भनेर अदालतले फैसला गऱ्यो ।

त्यस्तै, अदालतको विषयमा पनि, अदालतले गरेको फैसलामा अदालत र कानूनप्रति जनताको विश्वासलाई हटाउन कसैले खोज्छ भने त्यो अदालतको मानहानी हुन्छ, तर अदालतको न्यायधीशले गरेको काममा नै अदालतको मर्यादा हनन भयो भने न्यायधीशले नै अदालतको मानहानी गरेको ठहर्छ ।

### भाषासम्बन्धी यो निर्णय के संविधानसम्मत छ ?

अदालतले गरेको यो निर्णय संविधानसम्मत छ भनेर केही बुद्धिजीवीहरूले भन्नुभएको पाइन्छ । त्यसो हो भने, सर्वोच्च अदालतले गरेको निर्णय संविधानसम्मत छ, छैन भनेर जनमत लिने त ? संविधानसम्मत छ कि छैन भनेर विचार दिनेभन्दा त्यस निर्णयले जनताको अधिकारमाथि के प्रभाव पार्छ ? त्यो मात्र हामी भन्नसक्छौं ।

म एउटा आफ्नै उदाहरण दिन्छु । नेपालमा २०१७ सालको काण्ड भयो । त्यहाँ अदालतको होइन, राजाको कुरा आयो । मलाई अधिकारीहरूले बोलाएर लगे । उनीहरूले भने- "तपाईं संविधान र कानूनको विशेषज्ञ हुनुहुन्छ, तपाईंले एउटा वक्तव्य दिनु पऱ्यो ।"

मेरो नाममा त्यहाँ एउटा वक्तव्य तयार पारिएको रहेछ । त्यहाँ "श्री ५ महाराजधिराजबाट गरिबक्सेको काम संवैधानिक हो, प्रजातान्त्रिक छ" भन्ने व्यहोरा लेखिएको थियो । मैले त्यसबेला तत्काल सोचेर भनें- "संवैधानिक छ भनेर त सही गर्छु, किनभने संविधानको दफा ५५ ले राजालाई त्यो अधिकार दिएको छ । तर यो कदम प्रजातान्त्रिक छ भन्न त म सक्दिनँ । एक करोड जनताले छानेको संसदलाई एक व्यक्तिले भत्काइदियो भने त्यो काम कसरी प्रजातान्त्रिक हुन्छ ? "

त्यस्तो जवाफ दिएपछि उनीहरूले मलाई जेल पठाए । म तीन बर्ष जेल बसें । जेलबाट निस्केको बेला फेरि उनीहरूले भने-"लौं, तपाईं राजाले गरेको काम ठीक छ भनेर लेख्नुस् ।"

"लेख्ने भए त त्यै बेला जेल जान्न थिएँ नि !" मैले जवाफ दिएँ । त्यसपछि "श्री ५ महाराजधिराजले गरिबक्सेका देशसम्बन्धी जति पनि कार्यहरू छन्, त्यसलाई म समर्थन गर्छु भनेर लेख्नुस्" भने ।

"त्यसको मतलब, राजाले गरेका कामहरू ठीक छन् कि छैनन् भनेर एक एक गरेर प्रत्येक नागरिकसंग विचार लिन जाने हो भने त्यो त राजाले गरेको कामलाई जनमत संग्रहमा लाने काम हुन्छ । यसरी त तपाईले नै राजालाई अपमान गर्नु भएको हुन्छ ।" मैले कमिश्नरलाई भनें ।

"होइन एकजनासंग मात्र विचार लिन खोजेको हो र अरूसंग लिएको छैन भने, मसंग मात्रै किन लिने ? म दिन्नँ"

त्यसो भनेपछि मलाई कर गरेनन् ।

यो कुरा मैले प्रसंङ्गवश भनेको हुँ । मुख्य कुरा के हो भने, सर्वोच्च अदालतले गरेको निर्णय संविधानसम्मत छ कि छैन भन्न सकिन्छ पनि, नसकिने होइन । तर त्यो परम्परा राम्रो हुँदैन ।

संविधानको धारा ६ उपधारा १ मा भनिएको छ- देवनागरी लिपीमा लेखिएको नेपाली भाषा राष्ट्रभाषा हो । अनि त्यसपछि सरकारी कामकाजको भाषा भनिएको छ । अहिले सर्वोच्च अदालतले दिएको आदेशले कामकाजको भाषा भन्नुको सट्टा एक मात्र कामकाजको भाषा भनीदियो । एकमात्र भनौ भने अंग्रेजीलाई रोकिएको छैन, मन्त्रालयहरू सबैले बाहिर चिट्ठीपत्र गर्दा अंग्रेजी नै चलाई आएकाछन् । त्यति मात्र होइन, पहिलेदेखि नै अनुवादको लागि भनेर पर्सियन

> जेलबाट निस्केको बेला फेरि उनीहरूले भने-"लौं, तपाईं राजाले गरेको काम ठीक छ भनेर लेख्नुस् ।"

## अन्तर्क्रिया

# काठमाण्डौका मेयर केशव स्थापितले 'सर्वोच्च अदालतलको आदेश म मान्दिनँ' भन्नुभयो भने अदालतको मानहानी होला तर अरुले विरोध गर्छ भने त्यो विरोध अदालतको मानहानी हुँदैन

भाषाको एकजना अनुवादक (जसलाई मुन्सी भन्ने चलन छ ) पनि राखिएको छ । अंग्रेजी अनुवादक र पर्सियन अनुवादक परराष्ट्र मन्त्रालयमा दरबन्दी हुनुको मतलब नै ती भाषाहरूलाई मान्यता दिइएको हो । त्यसैले सरकारी कामकाजको एकमात्र भाषा नेपाली हो भन्ने भएन । तर राष्ट्रभाषा सरकारी कामकाजको भाषा हुनेछ भनेको मतलब राष्ट्रिय भाषा चाहिं सरकारी कामकाजको भाषा हुन सक्दैन भन्ने निर्णय हुन गयो । यो कुरा संविधानमा स्पष्ट छैन । तर संविधानको व्याख्यामा अदालतले थपीदियो । अहिले सर्वोच्च अदालतले भनीदियो -"तपाईहरूको निर्णय संविधानको धारा ६(१) को विपरीत भएकोले त्यसलाई लागू नगर्नू ।"

काठमाण्डौं महानगरपालिकाको भाषासम्वन्धी निर्णयविपरीत रिट आदेश भएको छ, तर अहिलेको काठमाण्डौ महानगरपालिकाले त त्यस्तो निर्णय गरेकै थिएन । २०१५ साल बैशाख ५ गते भाषासम्वन्धी जुन निर्णय भएको थियो, त्यसलाई निरन्तरता दिने निर्णय मात्र गरिएको हो ।

महानगरपालिकाविरूद्ध रिट निवेदन दिनेवित्तिकै सर्वोच्च अदालतले महानगरपालिकासंग स्पष्टीकरण मागेको थियो । त्यसबेला जवाफ दिइयो -'हामीले कुनै नयाँ निर्णय गरेका छैनौं । २०१५ साल वैशाख ५ गते नै भएको निर्णयलाई निरन्तरता दिएको हो ।'

अहिले सर्वोच्च अदालतले गरेको आदेशमा यो कुरा पनि बडो चाखलाग्दो भाषामा लेखिएको छ । त्यसमा भनिएको छ : "०१५ सालमा नै बोर्डले पास गरीसकेको, निरन्तरता मात्रै दिएको भन्ने नगरपालिकाको जिकिर छ । ०१५ सालमा यो संविधान थिएन । यो संविधान आइसकेपछि यही संविधान लागू हुने हुनाले अब त्यो निर्णय लागू हुन सक्दैन ।"

यसको अर्थ के हो भन, हामी ०१५ सालभन्दा पनि पछाडि गयौं । ०१५ सालमा चाहिं हुनसक्ने, अहिले चाहिं नयाँ संविधान आएकोले त्यही कुरा हुन नसक्ने भयो । नेपालको इतिहासमा सवभन्दा प्रगतिशील भनिएको संविधानलाई सर्वोच्चको आदेशले झन् प्रतिगामी अथवा पछाडि फर्केको संविधान ठहऱ्याइदिएको छ । यो कुरा अहिलेको आदेशले स्पष्ट गरेको छ ।

अर्को चालखाग्दो र विचारणीय पक्ष के छ भने, त्यही आदेशमा भनिएको छ - "हाम्रो अहिलेको संविधानले सवै जातिका जनतालाई समान अधिकार दिएको छ । सवै समुदाय र सवै नागरिकलाई आ-आफ्नो भाषालाई संरक्षण तथा सम्वर्द्धन गरेर सवैलाई बराबर भाषिक अधिकार दिएको छ । तर नगरपालिका भनेको व्यक्ति पनि होइन, समुदाय पनि होइन, एउटा सरकारी निकाय हो । त्यसकारण समुदायलाई दिएको समानताको अधिकार नगरपालिकालाई लागू हुन सक्दैन ।"

यसो भनेपछि त कर्पोरेट जुरिस भएको नाताले व्यक्तिसरह सम्पत्ति आर्जन गर्न पाइन्छ, उजुरी दिन पाइन्छ भन्ने अवधारणाबाट नगरपालिकालाई अलग गर्ने काम भयो । संविधानले दिएको अवधारणामा सर्वोच्च अदालतको व्याख्याले नेपाली भाषा सरकारी कामकाजको भाषा भनेको छ । र, महानगरपालिकाले आफ्नो जवाफमा "काठमाण्डौं महानगरपालिका सरकार होइन, स्वायत्त शासनसत्ता हो; त्यसैले यसमा सरकारी नियम लागू हुन सक्दैन ।" भनेको थियो ।

यस भनाइप्रति सर्वोच्च अदालतले आफ्नो निर्णयमा भनेको छ- "नगरपालिका श्री ५ को सरकारको निकाय नभएर स्वायत्त शासनसत्ता नै हो । तर नगरपाकिालाई जति पनि अधिकार संविधानले दिएको छ, स्वायत्त शासन ऐनअनुसार सरकारको केही अधिकार नगरपालिकालाई प्रत्यायोजन गरेको छ । त्यसैले नगरपालिका सरकारी निकाय नभएता पनि यसले गरेको काम सरकारी काम हो ।"

यस भनाइले त कानूनतः देशभरि बनेका सबै संस्थाहरूले गर्ने निर्णय जति सबै सरकारी कामकाज हुनेभयो । भोलि गएर स्टेट युनिभर्सिटी पनि सरकारी कामकाज गर्ने निकाय ठहरिन सक्छ ।

सर्वोच्च अदालतको अहिलेको आदेशमा यस्तो पनि भनिएको छ : "स्थानीय निकायहरूले आ-आफ्नो इलाकाका भाषाहरूको विकास र संरक्षण गर्ने जुन अधिकार र कर्तब्य तोकिएको छ, त्यो पालन गर्न त सकिहाल्छन् ।"

सर्वोच्च अदालतको यो निर्णय २०५६ जेठ १८ गते भएको हो । ०५६ बैशाख १६ गते राजाको लालमोहर लागेर हाउसले पास गरेको एउटा स्थानीय निकाय ऐन छ, त्यसमा पहिलेको ऐनमा संसोधन गरिएको छ । पहिला स्थानीय निकायहरूले आ-आफ्नो इलाकाको भाषालाई संरक्षण र सम्वर्द्धन गर्ने भन्ने थियो । अहिलेको ऐनमा स्थानीय निकायले आ-आफ्नो क्षेत्रका भाषाहरूलाई संरक्षण, सम्वर्द्धन र प्रयोग गर्ने भन्ने लेखिएको छ । यसरी प्रयोग नै गर्ने उल्लेख गरिसकेपछि अदालतले चाहिं प्रयोग गर्न पाइन्न भन्नु यो ऐनको विपरीत हुन्छ । हुन त संविधानलाई व्याख्या गर्ने सर्वोच्च अदालतको अधिकार हो । त्यो व्याख्याको विपरीत भएमा ऐन पनि खारेज हुन्छ । यसको अर्थ, अब स्थानीय निकाय ऐनलाई पनि गैरकानूनी घोषणा गर्नुपर्ने भयो । अहिलेको स्थिति त्यहाँ पुगेको छ ।

कसैको अधिकार हनन भएको छ कि छैन हेरेर मात्रै रिटको आदेश दिने भन्ने सर्वोच्चकै कतिवटा निर्णयहरू छन् । तर त्यतातिर नहेरी सिधै आदेश दिइयो ।

हो, सरकारले वा कसैले पनि संविधानको व्याख्या गरीपाऊँ भनेर पनि सर्वोच्च अदालतमा जानसक्छ । तर अहिले सर्वोच्च अदालतमा संविधानको व्याख्या गरीमाग्न कोही पनि गएको होइन । त्यसकारण सर्वोच्च अदालतको यो व्याख्या, मेरो विचारमा, अधिकार हनन भएको व्यक्तिले मात्र रिट माग्न पाउँछ र पाउनयोग्य छ भन्ने मान्यताको विपरीत भयो । हामीले इङ्गल्याण्डको परम्परा पछ्याएको हो भने यसलाई गैरकानूनी भन्न पाइन्छ । यसबाट अदालतको मानहानी हुँदैन । यो निर्णय घोर अप्रजातान्त्रिक, फासिष्ट निर्णय हो भनेर राजनीतिक ढंगले भन्न पाइन्छ । यो निर्णय समानताको अवधारणाविपरीत भएको छ ।

हामी यो निर्णय भएपछि पनि सडकमा जानसक्छौं । देशका सवै भाषाहरूको समान अधिकार हुनुपर्दछ, त्यसैले काठमाण्डौ महानगरपालिका अथवा जुन जुन ठाउँमा जुन जुन भाषाहरू छन्, ती भाषाहरू ती ती ठाउँहरूमा प्रयोग हुन पाउनुपर्दछ भन्ने माग लिएर आन्दोलन गर्न बाटो खुला छ । अर्को कुरा, अहिले सर्वोच्च अदालतले काठमाण्डौ महानगरपालिकालाई आदेश दिएको छ भने हामीले तुरून्तै जनदबाव बढाएर पाटन र भक्तपुर नगरपालिकामा नेपाल भाषाको प्रयोग गर्न लगाउन सक्छौं ।

काठमाण्डौका मेयर केशव स्थापितले 'सर्वोच्च अदालतलको आदेश म मान्दिनँ' भन्नुभयो भने बा उहाँलाई यो आदेश नमान भनी कसैले उक्सायो भने अदालतको मानहानी होला तर अरूले 'यो आदेश अप्रजातान्त्रिक छ, यसले हाम्रो अधिकार हनन भयो' भनेर विरोध गर्छ भने त्यो विरोध अदालतको मानहानी हुँदैन , यो त आदेशको विश्लेषण मात्र हो ।

यदि संविधानको कारणले पनि यस्तो निर्णय आएको हो भने यतिखेर हामीले राजनीतिक पार्टीहरूलाई संविधान संसोधनको निम्ति आवाज उठाउन पनि भन्नुपऱ्यो । तर संविधान संसोधन नभएसम्म चूप लाग्ने पनि होइन । हरसंभव ढंगले आन्दोलन जारीराख्नुपर्छ ।

## पद्मरत्न तुलाधर

मेरो विचारमा सर्वोच्च अदालतले पूर्वाग्रही र साम्प्रदायिक भएर यो निर्णय दिएको छ । स्थानीय निकायसम्वन्धी पुरानो ऐनले पनि आ-आफ्नो क्षेत्रका भाषा, संस्कृति, धर्मको संरक्षण र सम्वर्द्धन गर्ने दायित्व स्थानीय निकायहरूलाई दिएको छ । त्यो दायित्वअनुसार पनि नगरपालिका लगायत जिविस, गाविसहरूले पनि आफ्नो क्षेत्रका भाषाहरूको सवर्द्धन, प्रवर्द्धनमा योगदान दिनुपर्दछ । भाषाको संरक्षण, संबर्द्धन भनेको ती भाषाहरूको प्रयोग गर्ने कुरा हो । स्थानीय निकायसम्वन्धी पछिल्लो ऐनमा त संरक्षण, संबर्द्धन मात्र होइन, प्रयोग नै गर्ने प्रावधान स्पष्ट उल्लेख भएको छ । सर्वोच्चले यो आदेश दिंदा स्थानीय निकायसम्वन्धी ऐनको उल्लेखसम्म गरेको छैन , बेवास्ता गरेको छ ।

त्यहाँ बहस गर्ने बकीलहरूले नेपाली भाषा देवनागरी लिपीमा सरकारी कामकाजको भाषा भनिए पनि ब्यबहारमा श्री ५ को सरकारकै विभिन्न निकायहरू, मन्त्रालयहरूले अन्य भाषाहरू प्रयोग गर्दै आएका छन् भनेर प्रमाणसहितका उदाहरण पेश गर्नु भएको थियो । जस्तो :

परराष्ट्र मन्त्रालय, वाणिज्य मन्त्रालय आदिले विभिन्न देशहरूसंग सम्पर्क गर्दा, सूचना जारी गर्दा अंग्रेजी भाषामा गर्छन् । त्यो पनि विदेशीहरूको लागि मात्र होइन, नेपालीहरूको लागि पनि । वाणिज्य विभागले एल.सि. सम्बन्धी, इम्पोर्ट लाइसेन्स सम्बन्धी आदि सूचना जारी गर्दा नेपाली नागरिकहरूकै लागि पनि अंग्रेजीमा सूचना जारी गर्छन् । त्यस्तै, विभिन्न मन्त्रालयहरूको अन्तरराष्ट्रिय संघ संस्थाहरूसंगको सम्बन्ध, सम्पर्क पनि अंग्रेजीमै हुने



सर्वोच्च अदालत

गरेको छ । स्वास्थ्य मन्त्रालयले WHO अथवा स्वास्थ्य मन्त्रालयअन्तरगत जति पनि विदेशी प्रोजेक्टहरू छन्, ती प्रोजेक्टहरूसम्बन्धी माइन्यूटहरू बकाइदा अंग्रेजी भाषामा लेख्छ । त्यस्तै, सभा समारोह हुँदा मन्त्रीहरूले बकाइदा अंग्रेजी भाषामा तयारी भाषण गर्नुपर्दछ । यी सबै कुराहरूमा वकीलहरूले सर्वोच्च अदालतको ध्यान आकृष्ट गर्नु भएको थियो । तर त्यतातिर पनि सर्वोच्च अदालतको ध्यान आकृष्ट भएन ।

संविधानले राष्ट्रिय भाषाको मान्यता पनि दिएको अवस्थामा काठमाण्डौं महानगरपालिका लगायतका निकायहरूमा नेपालका अन्य मातृभाषाहरू प्रयोग गर्न पाइन्छ भनेर वकीलहरूले जिकीर गरेका थिए । तर त्यतातिर पटक्कै ध्यान दिइएन ।

त्यस्तै, रिट निवेदक-हरूले "हामी नेपालीभाषी हौं, हामीलाई नेपाल भाषा आउँदैन, नगरपालिकाको भाषा नेपाल भाषा भएपछि हाम्रो अधिकार हनन भयो " भन्ने खालको निवेदन दिएका थिए । त्यो सरासर गलत हो भनेर वकीलहरूले पटकपटक जिकीर गरेका थिए ।

काठमाण्डौ महानगरपालिका अथवा राजविराज नगरपालिका र धनुषा जिविसको निर्णयमा नेपाली भाषालाई हटाएर अन्य भाषा प्रयोग गर्ने भन्ने कहीकतै उल्लेखै भएको थिएन । अभ्र, काठमाण्डौं महानगरपालिकाको निर्णयमा त 'नेपाली भाषाको साथै नेपाल भाषालाई पनि मान्यता दिने' भन्ने थियो । यस तथ्यलाई पनि एकदमै बेवास्ता गरियो ।

विभिन्न भाषाभाषीहरूबीच, विभिन्न जातिहरूबीच एकता सम्वर्द्धन गर्ने भाइचाराको भावना अन्तरगत नेपालको राष्ट्रिय एकता अक्षुण्ण राख्नुपर्छ भन्ने भावना नै संविधानको मूल भावना हो । सर्वोच्च अदालतको अहिलेको फैसला त्यो भावनाअन्तरगत छैन ।

संविधानमा नेपाली भाषालाई सरकारी कामकाजको भाषा भनिएको छ तर हाम्रा विभिन्न मन्त्रालय र विभागहरूले विदेशी भाषालाई पनि कामकाजको भाषा बनाएका छन् । त्यसकारण, यो व्यवहार पनि खारेज गरी पाउँ भनेर हाल नेपालभाषा र मैथिली भाषाविरूद्ध कसैले रिट निवेदन दिएजस्तै अर्को कसैले सर्वोच्चमा निवेदन दियो भने त्यतिबेला सर्वोच्च अदालतको आदेश के हुन्छ ? नेपाली भाषा मात्रै सरकारी कामकाजको भाषा हुने संवैधानिक प्राबधानले गर्दा नेपालका 'कुनै पनि राष्ट्रिय भाषा कुनै पनि सरकारी, अर्धसरकारी निकायमा आधिकारिक रूपमा प्रयोग हुन नपाउने' यो आदेश भएजस्तै सर्वोच्च अदालतले 'अंग्रेजी

> *काठमाण्डौ महानगरपालिका अथवा राजविराज-नगरपालिका र धनुषा जिविसको निर्णयमा नेपाली भाषालाई हटाएर अन्य भाषा प्रयोग गर्ने भन्ने कहीकतै उल्लेखै भएको थिएन ।*

भाषा प्रयोग गर्न पाईदैन' भनेर आदेश दिन मिल्छ कि मिल्दैन ? अहिलेको आदेशअनुसार त अब अर्को रिट पर्यो भने सर्वोच्च अदालतले सिधै 'अंग्रेजी भाषा कहीकतै पनि सरकारी वा अर्धसरकारी कामकाजमा प्रयोग हुन पाउँदैन' भन्नुपर्दछ ।

अर्को कुरा, संस्कृत भाषालाई हाम्रो संविधान र ऐन कानूनले कहीकतै कुनै किसिमको मान्यता दिएको छैन । संविधानमा नेपाली भाषालाई राष्ट्रभाषा भनेको, सरकारी कामकाजको भाषा भनेको आदिले गर्दा अब कुनै नेपाली नागरिकले 'संस्कृतलाई कुनै पनि सरकारी निकायले संरक्षण र संवर्द्धनको नाममा कतै पनि प्रयोग गर्न र त्यसको निम्ति एक पैसा पनि खर्च गर्न पाईदैन' भनेर रिट दियो भने सर्वोच्चको फैसला के हुन्छ ?

हामीलाई लाग्छ, अंग्रेजी र संस्कृतको सम्बन्धमा नेपाल भाषा र मैथिली भाषाको सम्बन्धमा आदेश आएजस्तै आदेश आउँदैन होला । त्यसकारण, हामीलाई लाग्यो - यो आदेश पूर्वाग्रहपूर्ण आदेश हो । यो आदेश साम्प्रदायिक निर्णय हो ।

नेपाली नागरिकहरूको मानव-अधिकार, भाषिक तथा जातीय अधिकार, प्रजातान्त्रिक अधिकार आदि व्यवहारमै प्रयोग गर्ने अवस्थामा सर्वोच्चको यो आदेशले सकारात्मक असर पार्दछ कि नकारात्मक ? त्यो असर प्रजातान्त्रिक हुन्छ कि अप्रजातान्त्रिक ? त्यो असर संविधानसम्मत हुन्छ कि संविधानविरूद्ध हुन्छ भन्ने कुरा सम्मानित न्यायाधीशहरूले पटक्कै सोचेको पाइदैन । यो आदेश सुनाउँदा न्यायाधीशहरूले आफूलाई संविधानको व्याख्याताको रूपमा त प्रस्तुत गरे, तर 'हामी प्रजातन्त्रवादी होइनौं, हामी जन अधिकारको पक्षधर होइनौं, हामी मानव अधिकारको वास्ता गर्दैनौं, भन्ने किसिमले पनि प्रस्तुत गरेको स्पष्टै देखियो ।

यो आदेशले भाषा र जातिका सम्बन्धमा २०४७ को संविधान नै त्रुटीपूर्ण रहेछ भन्ने देखाएको छ । सर्वोच्चको यो आदेशले के भनिदियो भने, यसको समाधान नै संविधान संसोधन हो । संविधानको संसोधनविना यो समस्याको समाधान छैन ।

सर्वोच्चको यो आदेशले राष्ट्रियता र राष्ट्रिय एकता मजबूत हुन्छ भन्नेहरू पनि एकातिर छन् । त्यस्तो भन्नेमा आफूलाई 'वामपन्थी' मान्ने केही व्यक्तिहरू पनि छन् ।

यस्तो संकीर्ण नीतिले राष्ट्रिय एकता मजबूत हुँदैन । सबै जातिबीच समानताको आधारमा मात्रै राष्ट्रिय एकता संभव हुन्छ । असमानताको स्थितिमा कतै पनि यो कुरा संभव हुँदैन ।

पार्टीहरू, राजनीतिक नेताहरू, व्यक्तिहरू नै पनि भन्न त आफूलाई प्रजातन्त्रवादी भन्छन्, अनेक सवालहरूमा उनीहरू प्रजातन्त्रको व्याख्या र वकालत गर्छन् । त्यस्तै, मार्क्सवादीहरू पनि समाजका अनेक समस्याहरू र राजनीतिको सम्बन्धमा मार्क्सवादी व्याख्या दिन्छन् । तर जब भाषा र जातिको कुरा आउँछ, तब प्रजातन्त्र पनि हराउँछ, मार्क्सवाद पनि हराउँछ । भाषा आन्दोलनमा लाग्दा मैले अनुभव गर्दै आएको एउटा कटु यथार्थ यही हो ।

मेरो एउटा आफ्नै पीडादायक अनुभव छ । म पहिलो पटक जेलमा बस्दा मेरी आमा मलाई भेट्न आउनु

भयो । त्यहाँका गार्डहरूले नेपालीमा बाहेक अरू भाषामा कुरा गर्न पाईंदैन भनेर रोके । अब कस्तो आपत ! हाम्रो घरमा नेपाल भाषाबाहेक अरू भाषा बोल्ने चलन पटक्कै थिएन । त्यसैले मेरो र आमाको बीचमा कुराकानी अवरूद्ध भयो ।

मैले सार्वजनिक रूपमा पनि भनीसकें - मेरो लागि बरू मृत्युदण्ड सह्य हुन्छ तर आमासंग अरू भाषामा बोल्ने भन्ने कुरा सह्य हुनै सक्दैन । हामीसंग पटक पटक भएका यस्ता कटु अनुभवहरू छन्, तर नेपालीभाषीहरूसंग यस्तो अनुभव छैन । त्यसैले पनि जतिसुकै प्रजातन्त्रवादी र जतिसुकै मार्क्सवादी भए पनि भाषाको कुरा आएपछि ती साथीहरूको प्रजातन्त्र र मार्क्सवाद हराउने गरेको छ ।

भनिन्छ, हाम्रो देश चार जात छत्तीस वर्णको फूलबारी हो । तर रेडियो नेपाल खोल्दा त्यो फूलबारी सुनिनु पर्ने कि नपर्ने ?

नपर्ने भएको छ ।

नेपाल टेलिभिजन हेर्दा त्यो फूलबारी देखिनु पर्ने कि नपर्ने ?

नपर्ने भएको छ ।

यो समस्याको समाधान राजनीतिक किसिमले, प्रजातान्त्रिक तरिकाले खोज्न सक्यौं भने देशको हित होला । होइन, राजनीतिक क्षेत्रबाट मार्क्सवादी र प्रजातन्त्रवादी दुवै थरिले बेवास्ता गर्ने र समाधानको जिम्मा भाषा-सहित्यको क्षेत्रमा लागेकाहरूकै मात्र काँधमा छोडिदिने हो भने यो समस्या साम्प्रदायिक आन्दोलनको रूपमा उठ्न पनि सक्छ ।

## प्रा. माणिकलाल श्रेष्ठ


म केही कुराहरू थप्न चाहन्छु । पहिलेदेखि नै नेपालमा भाषासम्वन्धी औपचारिक नीति कस्तो थियो ? भन्न चाहन्छु ।

काठमाण्डौं उपत्यकामा नेवारी बोल्न लागेको कहिलेदेखि हो भन्ने बारेमा विश्वका एकजना ठूला भाषाविद् सुनीतिकुमार चटर्जीले आजभन्दा करीब साठी बर्षअगाडि लेख्नु भएको छ -"काठमाण्डौं उपत्यकामा नेवारी भाषा १९ सय वर्षपहिलेदेखि बोलिएको प्रमाण छ । त्योभन्दा अगाडि कहिलेदेखि थियो, थाहा छैन । त्योभन्दा पहिला सायद तामाङ भाषा र नेवारी भाषाको एउटै साझा पूर्वज थियो ।"

तर लिच्छवी कालमा कहिल्यै औपचारिक रूपमा नेपाल भाषालाई मान्यता दिइएन । त्यस बेलाका सरकारी आदेशहरूका अभिलेखहरू हेर्दा ती संस्कृतमा लेखिएका पाइन्छन् । त्यसपछि मल्ल कालमा पनि शुरूमा मल्लहरूले नेपालभाषालाई दबाउनै खोजे । काठमाण्डौंका उपत्यकाका पछिल्ला मल्ल राजाहरू मात्रै आफैं नेपाल भाषा बोल्ने भए तर शुरूमा मल्लहरूले मैथिली भाषालाई पनि ल्याउन खोजे । मल्लहरूको सात सयबर्षको राजमा पाँच सय वर्ष वितिसकेपछि मात्र नेपाल भाषालाई स्थान दिएको पाइन्छ ।

वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले काठमाण्डौ उपत्यका विजय गरेपछि के नीति लिए त ?

मेरो विचारमा नेपालभाषालाई दमन गर्ने नीति पृथ्वीनारायण शाहले पनि लिएका थिएनन् । पृथ्वीनारायण शाहको पालामा अंशबण्डाका कागजहरू, तमसुकहरू सबै नेवारीमा लेखिन्थे । मल्ल कालमा नेवारीमा लेखिंदै आएको र सबै लेखन्दासहरू पनि नेवार नै भएकोले पनि त्यस्तो भएको हो । काठमाण्डौंमा काश्मीरबाट आएर बसेका मुसलमानहरूको पनि अंशबण्डाको कागज नेवारीमै लेखिएको थियो । यसबाट प्रष्ट हुन्छ- पृथ्वीनारायण शाहको पालामा नेवारीको दमन भएन ।



भाषा आन्दोलनको क्रममा न्यायाधीशहरुको पुत्ला जलाउन लागिएको दृष्य

पृथ्वीनारायण शाहपछि प्रतापसिंह शाहको पालामा त सरकारी अफिसका कागजातहरू पनि कुनै नेपालीमा, कुनै नेवारीमा छन् । उनले त सरकारी कार्यालयमा पनि नेवारी चलाए । उनी राजा भएपछि १८३२ मा नेपाल र तिब्बतबीच सन्धि भयो । त्यो सन्धिको सन्धिपत्र दुई भाषामा लेखियो- एउटा तिब्बतीमा र अर्को नेवारीमा । प्रतापसिंह शाहले नेपालको दक्षिणतिरको संवन्धमा नेपाली भाषा र उत्तरतिर नेवारी भाषा प्रयोग गरेको देखिन्छ ।

त्यसपछि श्री ५ रणबहादुर शाहले चाहिं उत्साहपूर्वक एक भाषाको नीति लागु गरे । त्यस बेलामा लिम्बूवानबाट जम्मै हिसाब लिम्बू भाषामा नै लेखेर राजालाई पठाउने र राजाको तर्फबाट पनि लिम्बू भाषामा नै जवाफ जाने चलन रहेछ । रणबहादुर शाहको पालाको एउटा रेकर्ड के छ भने, लिम्बूवानबाट कीपटको हिसाब राजालाई लिम्बू भाषामा नै लेखेर बिन्तिपत्र पठाइएको रहेछ ।

रणबहादुर शाहकहाँ त्यस्तो बिन्तिपत्र आएपछि उनले भनेछन् : "म गोर्खाली राजालाई गोर्खाली भाषामा नलेखीकन लिम्बूभाषामा चिट्ठी पठाए । आइन्दा त्यस्तो गरे भने काटी मार्नू ।"

रणबहादुरका छोरा राजेन्द्रबिक्रमको पालामा किपटलाई लेख्दा लिम्बूहरूलाई सरकारले नै लिम्बू भाषामा चिट्ठी लेख्न शुरू गऱ्यो । अर्थात् नेपाली भाषा त्यसबेला पनि आधिकारिक भाषा थिएन ।

राजेन्द्रविक्रमले बुद्धजातक कथामा आधारित 'महासत्व' भन्ने एउटा नाटक नेपाल भाषामा लेखेको छन् । राजदरवारमा राजाका छोरानातिहरूको व्रतबन्ध गर्दा अथवा विहे हुंदा मल्ल कालदेखिको चलनअनुसार हनुमानढोका दरबारभित्रको चोकमा बाहिरका जनतालाई बोलाएर नाच देखाउने गरिन्थ्यो । त्यही परम्पराअनुसार श्री ५ राजेन्द्रले नाटक लेखे । त्यो नाटक उनले नेवारीमा लेखेका थिए ।

त्यसपछि भीमसेन थापाको पालामा उनका भाइ अभयानन्द ठूला साहित्यकार थिए । उनले गद्य जति धेरैजसो नेपालीमा लेखे भने कविता जति धेरैजसो नेवारीमा लेखेका छन् । यसरी यिनीहरू पनि दुई भाषाभाषी देखिएका छन् ।

राणाहरूले चाहिँ चन्द्रशम्सेरका पालादेखि श्री ३ महाराजको हुकुम नेपालीमा सुनाउने र श्री ५ महाराजाधिराजको हुकुम चाहिँ नेवारीमा सुनाउने गरे । भ्याली पिटेर सुनाउने श्री ५ को हुकुम पनि नेपालभाषामा सुनाइन्थ्यो ।

राणाकालमा शाही घोषणा पनि नेपाली र नेवारी दुई भाषामा हुन्थे । भीमशम्सेरको राज्याभिषेक हुंदा श्री ३ महाराजको राज्याभिषेक भाषण गोरखापत्रमा नेपाली र नेवारी दुई भाषामा लेखिएको थियो ।

चन्द्रशम्सेरको बेलामा पनि देशमा 'अब सबले चर्खा चलाएर सकभर कपडाहरू आफैंले उत्पादन गर, अब इण्डियाको कपडामा हामीले निर्भर हुनु नपरोस्' भन्ने किसिमका लेख तथा कविताहरू लेखिए । ती लेख तथा कविताहरू गोरखापत्रमा नेपाली र नेवारीमा आएका छन् । यसरी, औपचारिक रूपले नेवारीलाई थुनछेक गर्ने काम त राणकालमा पनि भएन ।

**राणाहरुले चाहिँ चन्द्रशम्सेरका पालादेखि श्री ३ महाराजको हुकुम नेपालीमा सुनाउने र श्री ५ महाराजाधिराजको हुकुम चाहिँ नेवारीमा सुनाउने गरे । भ्याली पिटेर सुनाउने श्री ५ को हुकुम पनि नेपालभाषामा सुनाइन्थ्यो ।**

००७ सालको परिवर्तनपछि टंकप्रसाद आचार्य प्रधानमन्त्री हुंदा पत्रकार संम्मेलन गरेर 'सरकारको यो यो नीति हुनेछ' भनेर सुनाउनु भएको थियो । त्यसबेला 'तपाईंहरूको भाषासम्बन्धी नीति के हो ? भनेर पि.टि.आई. ले सोध्यो ।

मातृकाप्रसाद कोइरालाले एक पटक नेपालको राष्ट्रभाषा हिन्दी र नेपाली दुईटा हुनुपर्छ भन्ने कुरा गर्नु भएको थियो । त्यसैले भारतीय समाचार संस्था पि.टि.आई.ले त्यस्तो प्रश्न सोधेको थियो । त्यतिखेर 'तपाईंहरूको राष्ट्रभाषा हिन्दी कि नेपाली हुन्छ ? भन्ने प्रश्न पनि पि.टि.आई.ले गरेको थियो । ती प्रश्नहरूको जवाफमा टंकप्रसादजीले भन्नुभयो- "राष्ट्रभाषा भनेको प्रधानमन्त्रीले निर्णय गर्ने कुरा होइन, राजाले निर्णय गर्ने कुरा पनि होइन । ००७ सालमै जनप्रतिनिधि रहने संविधान-सभा बन्नेछ भनेर राजाले



जंगबहादुर राणा

**'जंगबहादुरले ल्हासाको वकीललाई लेखेको चिट्ठीमा "दुई जना केटीहरु पठाइएको छ । सकभर तिनीहरुलाई तिब्बतमा ल्हासाबाहिर बढी पैसा आउने ठाउँमा बेच्नू, नभए ल्हासामा बेचेर पैसा पठाइदिनू' भनेका थिए ।" राणाहरुले तामाङहरुलाई त्यो हदसम्म दमन गरेका थिए ।**

घोषणा गरिसकेका छन् , संविधान-सभाले नै भाषासम्बन्धी निर्णय गर्नेछ ।"

पन्ध्र सालको संविधान पनि आइनसक्दैको कुरा हो यो । त्यसबेला काठमाण्डौं नगरपालिकामा नेपालभाषालाई म्युनिसिपल भाषा, अफिसियल भाषा मान्दा कुनै च्यालेन्ज भएन । सरकारले पनि रोकेन । लागू भएर गयो । अहिलेको आदेश अनुसार पनि 'त्यो बेला ठीक थियो, अब नयाँ संविधान आएको हुनाले ठीक भएन' भनी सर्वोच्च अदालतले भन्नुले त ०४७ सालमा आएको संविधानले नै 'एक भाषाको नीति' लियो भन्ने देखिन्छ ।

मलाई त के लाग्छ भने, यहाँ राणकालदेखि नै नेपालभाषा, मैथिली भाषा, तामाङ्गभाषा र ती भाषाहरू बोल्ने जातिहरूदेखि डराएर तिनीहरूलाई विशेष रूपले दमन गर्ने नीति शाषक वर्गले लिएको छ ।

राणाहरूमा चन्द्रशम्सेरले वि.सं. १९६२ मा एउटा आदेश दिए । 'अबदेखि नेवारीमा लेखेका तमसुक र वडापत्रहरू अदालतमा प्रमाण नलिनू' भन्ने उनको आदेश थियो । त्यस बेलादेखि नेपालीमै लेख्ने चलन भयो । पृथ्वीनारायण शाहको वि.सं. १८२५ देखि चन्द्रसमशेरको बेला १९६२ सम्म अर्थात् १३७ बर्षसम्म कानूनी कागजपत्रहरू नेवारीमा लेख्ने चलन थियो । त्यसको केही बर्षपछि चन्द्रसमशेरले अर्को आदेश दिए - 'नेवारहरूलाई सेनामा भर्ना नलिनू, तामाङहरूलाई सेनामा पिपाबाहेक कुनै पनि सरकारी जागीर नदिनू ।'

चन्द्रसमशेरले नै तामाङहरूलाई त्यसरी दबाउनुको कारण एकफेरा बताएका थिए रे । चन्द्रसमशेरले त्यसबेला भनेका रहेछन् : "यो हाम्रो राजधानीको चारैतिर तामाङहरू छन् । पूर्वमा बनेपा नाघेपछि जम्मै तामाङ पश्चिममा गुरुङ मगरको इलाका नआएसम्म जम्मै तामाङ उत्तरमा सुन्दरीजलदेखि शेर्पाबस्ती नआएसम्म जम्मै तामाङ दक्षिणमा थानकोटदेखि मकवानपुर र अमलेखगंजसम्म जम्मै तामाङ छन् । फेरि तामाङ भन्ने जात जात नमान्ने जाति हो । तामाङहरूले आफूभित्र जात-प्रथा नहुलेका मात्र होइनन्, अरू जातिहरूका सम्बन्धमा पनि उनीहरू अछुत-प्रथा मान्दैनन्, छुवाछुतको धारणा उनीहरू लिंदैनन् ।"

एकताका तामाङ भाषा बोल्नेहरू नै नेपालमा सबभन्दा बढी थिए । पछि गएर मात्रै नेपाली बोल्नेहरू धेरै भएका हुन् ।

नेपालमा कुन कुन ठाउँमा कुन कुन भाषाभाषी छन् भनेर १९९७ सालमा जुद्ध समशेरले एक पटक भाषासम्बन्धी सर्भे गराएका थिए । म्याकमिलनले गरेको सर्भेको त्यो तथ्याङ्कमा सबभन्दा बढी तामाङ भाषाभाषी, त्यसपछि मैथली भाषाभाषी र तेश्रोमा नेपाली भाषाभाषी थिए । त्यसैले जाति र धर्महरूमा नबाँडिएका तामाङहरू जुर्मुराए भने राजधानी खत्तम् गर्न सक्छन्, यिनीहरूलाई कहिल्यै उठ्न दिनुहुँदैन भनेर राणाहरूले दमन-नीति लिएका थिए ।

अर्को कुरा, त्यसबेला राणाहरूले मानिसलाई बोकाएर काठमाण्डौमा मोटर ल्याए । भीमफेदीदेखि काठमाण्डौसम्म मोटर बोकेर ल्याउँदा तामाङहरू भए उनीहरूलाई खाना खान दिए पुग्थ्यो, ज्याला दिनु पर्दैनथ्यो ।

अरू काममा पनि त्यस्तै भेदभाव हुन्थ्यो ।

कृष्णबहादुर थापाका अनुसार- 'जगबहादुरले ल्हासाको वकीललाई लेखेको चिट्ठीमा "दुई जना केटीहरू पठाइएको छ । सकभर तिनीहरूलाई तिब्बतमा ल्हासाबाहिर बढी पैसा आउने ठाउँमा बेच्नू, नभए ल्हासामा बेचेर पैसा पठाइदिनू' भनेका थिए ।"

आफ्नो दरबारका केटीहरूमध्ये सकभर तामाङ नभए मगर जातका केटीहरू बेच्न पठाउँथे राणाहरू ।

राणाहरूले तामाङहरूलाई त्यो हदसम्म दमन गरेका थिए । त्यो हदको दमन चाहिं नेवार र मैथिलहरूले पनि कहिल्यै भोग्नु परेन ।

वि.स. १९९७ सालमा प्रजापरिषदले प्रजातन्त्रको लागि राणाविरोधी आन्दोलन गरेकोमा कतिले जन्मकैद, कतिले फाँसी र कतिले अन्य खालका सजायँ पाए । तर त्यही ०९७ सालको काण्डमा राजनीतिसंग सम्बन्ध नै नभएका तीन जना पनि परेका थिए । उनीहरू विशुद्ध भाषा-सेवाको कारणले पक्राउ परेका थिए ।

एक जना चित्तधर हृदय । नेवारी भाषामा कवितासंग्रह निकालेको हुनाले उहाँलाई ६ बर्ष कैदको सजायँ सुनाइयो । नेवारी भाषामा 'बर्षा' भन्ने आपत्तिजनक कविता लेखेको हुनाले सिद्धिचरणलाई बान्ह बर्ष कैद सुनाइयो । अनि फत्तेबहादुर सिंहलाई आफूले मात्र कविता लेखेको नभएर सबको कविता जम्मा गरेर नेवारीमा कवितासंग्रह निकालेकोले जन्मकैद र सर्वश्वहरणको सजायँ सुनाइयो ।

यी तीन जनालाई नेवारी भाषामा लेखेकोले त्यत्रो सजायँ गरियो ।

त्यसबेला नेवारी भाषाका नेता त योगवीरसिंह थिए । तर उनलाई चाहिं सजायँ गरिएन । त्यसको एउटा रोचक कारण छ । योगवीरले 'रानी मन्दिराको विलाप' भन्ने एउटा कविता लगायत कयौं रचनाहरू नेवारीमा लेखेका थिए । त्यसैले उनलाई पक्राइयो । पछि उनको घर खानतलासी गर्दा उनले कुनै बेला जुद्ध समशेरलाई आर्थिक सहयोग गरेको प्रमाण फेला पऱ्यो । अनि जुद्ध समशेर स्वयम्ले उनलाई छुटाए ।

पंचायतकालमा ०२६-२७ सालतिर रेडियो नेपाललाई एउटा आदेश आएको थियो । त्यो आदेश राजदरबारबाट आएको थियो : 'अबदेखि नेवारी र मैथिली भाषामा लेखिएका विज्ञापनहरू रेडियोबाट प्रसारण नगर्नू' भन्ने ।

त्यसबेला ज्याति ब्रदर्सले ('होण्डा'को नेपाल एजेण्टले) होण्डाका उत्पादनहरूको बिज्ञापन रेडियो नेपालमा दिएको थियो । बर्षौंसम्म जापानी भाषाको उक्त विज्ञापन रेडियो नेपालमा आइरहयो । अनि पछि, त्यहाँ नेवारीमा विज्ञापन पठाइयो तर 'दिन मिल्दैन' भनेर फर्काइयो ।

यसरी जापानी भाषामा लिने, नेवारीमा नलिने किन गरियो भने, विदेशी भाषामा विज्ञापन नगर्ने भनिएको थिएन, नेवारी र मैथिलीमा मात्र विज्ञापन नगर्ने भनिएको थियो ।

यसरी, किटानसाथ त्यस बेलाको सरकार नेवारी र मैथिली भाषाको विरोधमा लागिपरेको थियो ।

त्यस्तै, ०४२ सालमा लोकसेवा आयोगको राजपत्रांकित कर्मचारीहरू माथिल्लो श्रेणीमा पदोन्नति हुन एम.ए. र पि.एच. डी. गरेबापत अंक थप हुने व्यवस्थामा नेवारी र मैथिली भाषाको एम. ए. र पि इच. डी. लाई यो सुविधा नदिने निर्णय गरियो ।

यसरी, उहिलेदेखि नै विश्वबन्धु थापा जस्ता 'एक भाषा एक भेष' भन्ने अहंकारवादीहरूले जातिको दृष्टिले तामाङ र भाषाको दृष्टिले मैथिली र नेवारीलाई दबाउँदै आएको देखिन्छ ।

फासिष्ट राज्यसत्ताको एउटा चरित्र यही हो । 'एकभाषा र एक जाति'को प्रभुत्ववाद लागू गर्ने यही क्रममा सर्वोच्च अदालतको अहिलेको आदेश पनि पर्दछ । ❑


जापानमा मूल्याङ्कन

जापानमा मूल्यांकन हिमालयन फूड स्टोरको पसलहरूमा किन्न पाइन्छ

HIMALAYAN FOOD STORE

| AICHI-KEN | AICHI-KEN | SHIZUOKA-KEN |
| --- | --- | --- |
| TOYOTA-CITY | TOYOTAHASHI-CITY | HAMAMATSU-CITY |
| TEL 0565-34-3633 | TEL 0532-52-3528 | TEL 053-454-7514 |




समातिएपछि प्लेनबाट लिमातर्फ लगिँदै गरिएका क. फेलिसियानो

## गोन्जालोको गिरफ्तारीपछि

# साइनिङ पाथका सर्वोच्च नेताहरू पनि गिरफ्तार

ल्याटिन अमेरिकी देश पेरूमा पनि चिनियाँ क्रान्तिको नक्कल गर्दै जनयुद्ध संचालन गरिरहेको कट्टर माओवादी पार्टी-पेकपाका (साइनिङ पाथ) सर्वोच्च नेता क. ओस्कार रामिरेज इयूराण्डलाई पेरूको फासीवादी सरकाले गिरफ्तार गरेको छ । क. फेलिसियानोको उपनामबाट साइनिङ पाथको नेतृत्व गरिरहेका क. इयूराण्डलाई गत असार ३० गते राजधानी लिमाबाट १२५ माइल पूर्वमा रहेको हुआन्कायो क्षेत्र नजिकैको जंगलबाट गिरफ्तार गरिएको थियो । उनका साथ ३ जना महिला छापामारहरूलाई पनि गिरफ्तार गरिएको खबर छ ।



क. गोन्जालोको नामले प्रख्यात, साइनिङ पाथका अध्यक्ष तथा सर्वोच्च नेता नेता डा. अविमायल गुजमान १९९२ मा गिरफ्तार भएपछि त्यसपार्टीका सर्वोच्च नेता बनेका थिए । ४६ वर्षीय क. फेलिसियानोले आफ्नो नेतृत्वकालमा क. गोन्जालोको गिरफ्तारीपछि पार्टीभित्रै सिर्जना भएको 'दक्षिणपन्थी अवसरवादी लाइनविरूद्ध संघर्ष गर्दै पार्टीको घट्दो शक्ति र प्रभावलाई माथि उठाउने प्रयत्न गरेका थिए । यस्तो स्थितिमा उनको गिरफ्तारीले साइनिङ पाथलाई एउटा थप धक्का दिएको छ ।

स्मरणीय छ, केही समय अगाडि मात्रै क. फेलिसियानोको 'दाहिने हात मानिने', साइनिङ पाथका दोश्रा नेता क. पेद्रो डोमिङ्गो क्वीन्तेरोसलाई पनि गिरफ्तार गरिएको थियो । क. लुइसका नामले परिचित क. पेद्रोको गिरफ्तारीले गर्दा ठूलो धक्का खाएको साइनिङ पाथ आफ्ना सार्वोच्च नेता क. फेलिसियानोको गिरफ्तारीपछि कसरी अगाडि बढ्ने हो, प्रतीक्षाकै विषय भइरहेको छ ।

*(क. फेलिसियानोको गिरफ्तारीबारे बिस्तृत रिपोर्ट आगामी अंकमा प्रस्तुत गरिनेछ । उनको बारेमा थप अध्ययन गर्न चाहनुहुन्छ भने मूल्यांकनका ७ र ४१ अंकहरू हेर्नुहोला ।)* ❑

## विश्व कम्युनिष्ट आन्दोलन

# टुपाक आमारूका नेताहरूलाई कठोर सजायँ

पेरूका क्रान्तिकारीहरूको 'दुर्भाग्य'को सिलसिला चलिरहेको समयमै एकातिर साइनिङ पाथका नेता क. फेलिसियानो गिरफ्तार भएका छन् भने अर्कोतिर टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्ट (MRTA) का ८ जना छापामार नेता-कार्यकर्ताहरूलाई कठोर जेल सजायँ दिइएको खबर छ । सन् १९९५ मा एक जना उद्योगपतिलाई अपहरण गरिएको आरोपमा गिरफ्तार गरिएका ती छापामार नेता-कार्यकर्ताहरूलाई गत जेठ २८ गते बोलिभिया नामक अर्को देशमा यस्तो कठोर सजायँ सुनाइएको थियो ।

मजदूर युनियनका प्रख्यात नेता क. होसे पिमेन्टल क्यास्टिलोलाई २० वर्षको जेल सजायँ दिइएको थियो भने त्यस छापामार समूहका नेता क. हुआँ कार्लोस क्याबालेरोलाई ३० वर्षको जेल सजायँ दिने फैसला सुनाइएको थियो । अर्का नेता क. लुसियो गोन्जालेजलाई पाँच वर्षको जेल सजायँ सुनाइएको थियो । साजयँको बारेमा क. लुसियोले खुलस्त भनेका थिए- 'यो सजायँ पूरै राजनैतिक पूर्वाग्रहले पीडित छ । अमेरिकी राजदूतावासको दवावमा दिइएको यो सजायँ हामीलाई मान्य छैन ।'

स्मरणीय छ, क्यूबाली क्रान्ति र बिश्व क्रान्तिका नायक क. चे ग्वेभाराबाट प्रभावित टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्टका संस्थापक नेता क. भिक्टर पोले पनि पेरूको जेलमा आजीवन कारावारको सजायँ भोगिरहेका छन् । डिसेम्बर १९९६ देखि अप्रिल १९९७ सम्ममा राजधानी लिमास्थित जापानी राजदूतावासमाथि पाँच महिनासम्म कब्जा जमाउने टुपाक-आमारूका छापामारहरूलाई पेरूका तानाशाह फुजिमोरीले कमाण्डो सैनिक प्रयोग गरेर हत्या गरेको थियो । ❑

## घटना र प्रवृत्ति

### रूपचन्द्र विष्ट स्मारक तदर्थ समितिको गठन

रूपचन्द्र विष्टका संवन्धमा यही श्रावण ७ गते हेटौँडामा आयोजित दिनभर लामो छलफल कार्यक्रमले आन्तरिक सेसनद्वारा- एउटा ४ सदस्यीय "रुपचन्द्र विष्ट स्मारक तदर्थ समिति" को गठन गरेको छ । समितिका संयोजक रामनारायण विंडारी रहनु भएको छ भने सदस्यहरुमा अजेय सुमार्गी, श्याम श्रेष्ठ, र सरोज खनाल रहनु भएको छ ।

पालुङ शिखरकोटको "विकास घर" मा यही श्रावण २५ गते आयोजित छलफल कार्यक्रमले १५ सदस्यीय स्थानीय स्मारक समिति गठन गर्नुका साथसाथै मूल तदर्थ समितिमा दामन/ पालुङबाट प्रतिनिधित्व गर्नका लागि ४ जनाको नाम चयन गऱ्यो । उहाँहरु विमल विष्ट- संयोजक, पदेन सदस्यहरु- अरुण राममाभ्री, गोविन्द कार्की, र लवशेर बिष्ट हुनुहन्छ ।

दुवै ठाउँको छलफलले स्थानीय रुपमा थुप्रै मानिसहरुलाई सल्लाहकारमा चयन गरेकोछ । मूल तदर्थ समितिको सल्लाहकारमा स्वामी कृष्णानन्द भारती चुनिनु भएको छ, जो रुपचन्द्रका सहोदर कान्छा भाइ हुनुहुन्छ ।

यही भाद्र १७ गते काठमाण्डौमा छलफल कार्यक्रमको आयोजना गरिँदैछ । काठमाण्डौबाट पनि मूल तदर्थ समितिमा रहने व्यक्तिको चयन भएपछि तदर्थ समितिले पूर्ण आकार ग्रहण गर्नेछ र विधिवत् काम थाल्नेछ ।

तदर्थ समितिको पहिलो बैठकले हाललाई रुपचन्द्र विष्टका संकलित रचनाहरु र स्मृति ग्रन्थ प्रकाशित गर्नमा पहिलो प्राथमिकता दिने निर्णय गरेको छ । रुपचन्द्र विष्टका संवन्धमा जो सँग जे जति पर्चा, कविता, वा अन्य सामग्री छन्, ती सामाग्रीहरु तदर्थ समितिलाई यथासंभव छिटो निम्न ठेगानाहरुमध्ये कुनै एकमा उपलब्ध गराईदिन समितिले सवैसित अनुरोध गरेको छ ।

राम नारायण बिँडारी
जनमुखी वकीलको कार्यालय
हेटौँडा, फोन ०५७-२०८३२

श्याम श्रेष्ठ
मूल्यांकन मासिकको कार्यालय
पोष्ट बक्स नं. ७०५०, काठमाडौं
फोनः ४२२७६९, फ्याक्सः ४२३५४९
इमेलः mulyankan@hons.com.np

विश्व कम्युनिष्ट आन्दोलन

**कोलम्बिया**

# वामपन्थी छापामारहरुले आधा देश कब्जा गरे



ल्याटिन अमेरिकी देश कोलम्बियाका बामपन्थी छापामारहरुले गत केही महिना अगाडिदेखि चलाइरहेको भीषण आक्रमणको सिलसिलामा देशको करीव आधाजसो भूभागलाई मुक्त गरेका छन् । बुहसंख्यक उत्पीडित किसान र मजदुरहरुको पक्षमा, मुक्त समाजवादी कोलम्बियाको निर्माणका लागि बिगत ३५ वर्ष अगाडिदेखि सशस्त्र संघर्ष गरिरहेको छापामार समूह 'रिभोल्यूशनरी आर्म्ड फोर्सेज अफ कोलम्बिया' (FARC) को जनसेनाले अब राजधानी बोगोटाभित्रका बस्तीहरुमा पनि छापामार कारवाही गर्न थालेको छ ।

FARC का जनसैनिकहरुले असार २४ देखि २८ सम्म देशभरिका प्रहरी चौकीहरु र सैनिक ब्यारेकहरु ध्वस्त गर्ने नयाँ सैनिक अभियान चलाउने क्रममा राजधानी बोगोटाभित्रै पाँचजना सैनिकहरुलाई गोलीले भुटेका छन् । जन सैनिकहरुले सरकारको प्रहरी चौकी र सैनिक ब्यारेकहरु लगायत सरकारी भवनहरु, बैंकहरु, एवं स्टोरहरुमाथि भीषण आक्रमण गरेपछि सरकारले देशका अधिकांश भागमा कर्फ्यू लागू गरेको छ ।

कोलम्बिया सरकारले FARC सँग केही समयअगाडिसम्म भइरहेको शान्तिवार्ता भंग गरी छापामारहरुमाथि बमबारी गर्ने तथा अमेरिकासँग थप सैनिक र आर्थिक सहायता मागेपछि जन सैनिकहरुले आफ्नो सैनिक अभियानलाई तेज र घनीभूत पारेका हुन् । स्मरणीय छ, अमेरिकाको आर्थिक र सैनिक सहायता सबैभन्दा बेसी पाउने राष्ट्रहरुमा तेस्रो स्थानमा परेको कोलम्बियाको सरकारलाई जनसैनिकहरुको आक्रमणबाट बचाउन अमेरिकी सरकारले यसपटक आर्थिक सहयोगलाई दोब्बर पारेको छ । लागू औषधीको तश्करीविरुद्ध लड्ने नाममा कोलम्बियाली सरकारलाई आर्थिक र सैनिक सहयोग थुपार्दै आएको अमेरिकी साम्राज्यवादले जनसैनिकहरुको बढ्दो आक्रमणलाई ख्याल गरेर प्रत्यक्ष सैनिक हस्तक्षेप गर्ने संकेत दिन थालेको छ ।

१९९७ मै कोलम्बियाली सैनिकहरुको शक्तिको हाराहारीमा पुगिसकेका कोलम्बियाली जनसैनिकहरुको जनयुद्धमाथि दमन गर्न अमेरिकाले सैनिक हस्तक्षेप गर्ने संभावना बढिरहेको सन्दर्भमा बिश्वभरि एउटा प्रश्न उठिरहेको छ- के कोलम्बिया ल्याटिन अमेरिकाको अर्को भियतनाम बन्दैछ ? बिश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र अमेरिकी साम्राज्यवादले कोलम्बियाली सरकार बचाउने नाममा आफ्नै चिहान त खनिरहेको छैन ? ❑

# कुर्द नेतालाई मृत्युदण्डको सजायँ सुनाइएपछि

टर्कीभित्र उत्पीडत अल्पसंख्यक कुर्द जातिका जनताको मुक्तिका लागि सशस्त्र संघर्ष गरिरहेको कुर्दिस्तान वर्कर्स पार्टी (PKK)का संस्थापक नेता क. अब्दुल्ला ओकालान (कुर्दहरुको उच्चारण अनुसार ओजलान)लाई टर्कीको तथाकथित बामपन्थी सरकार अन्तर्गत रहेको न्यायालयले मृत्यूदण्डको सजायँ दिने



फैसला गरेको छ । PKK का छापामारहरुसँग युद्धरत टर्कीका सैनिक जनरलहरुलाई समेत न्यायाधीशको रुपमा राखिएको सो तथाकथित न्यायालयले क. ओजालनलाई 'देशद्रोह गरेको र पृथकतावादलाई टेवा पुऱ्याएको' आरोपमा यति कठोर सजायँ दिने फैसला दिएको हो ।

अमेरिकी र इजरायली गुप्तचरहरुको सहयोगमा केन्याको राजधानी नैरोबीबाट गिरफ्तार गरिएका क. ओजलानलाई अहिले इस्तानबुलको नजीकै रहेको टापु- इमरालीको मध्ययुगीन जेलमा कैद गरिराखिएको छ ।

मृत्युदण्डको सजायँ पाउनुभन्दा अगाडि र पछाडि क. ओजलानले सरकारसँग कुर्द समस्याको शान्तिपूर्ण समाधानका लागि शान्ति वार्ता गर्ने, PKK ले एकपक्षीय रुपमा युद्धविराम गर्ने र टर्कीबाट आफ्ना छापामाहरु सुरक्षित स्थानमा हटाउने प्रस्ताव राखेका थिए ।

जेलमा बन्द आफ्ना सर्वोच्च नेता क. ओजलानको प्रस्तावको समर्थनमा PKK को सैनिक शाखा 'कुर्दिस्तान पिपुल्स लिवरेशन आर्मी' (ARGK) ले हालै युद्धविराम गर्ने र आफ्ना छापामारहरुलाई टर्कीबाट हटाउने घोषणा गरेको छ ।

PKK का नेता क. ओजलान र ARGK को यो प्रस्तावले गर्दा टर्कीको सरकार अर्को फाँसीको फन्दामा परेको छ । टर्की सरकारले कुर्द समस्याको शान्तिपूर्ण र प्रजातान्त्रिक समाधान नगर्ने हो भने फेरि पनि कुर्द छापामारहरुको आक्रमण तीब्र हुने चेतावनी ARGK ले दिइसकेको छ । अर्कोतिर टर्की सरकारको 'धर्मपिता'- अमेरिका र युरोपले पनि कुर्द समस्याको शान्तिपूर्ण समाधानका लागि केही दवाब दिन थालेको संकेत पनि देखिन थालेको छ ।

यो स्थितिमा, एकातिर क. ओजलानको जीवनरक्षाको लागि बिश्वभरि चलिरहेको संघर्षलाई अझ तेज गर्नु जरुरी छ भने अर्कोतिर, टर्की सरकारमाथि कुर्द समस्याको न्यायोचित समाधानका लागि पनि बिश्वब्यापी दवाब दिइनु आवश्यक देखिन्छ । ❑

*कुर्द नेता ओजलान*




**तपाईंले पढ्नु भो ?**

नेपाली साहित्यको संस्मरण विधामा एउटा सशक्त कृतिको रुपमा आएकाले चर्चित भएको पुस्तक :

**शोकमग्न यात्रीहरू**

साहित्यकार नारायण ढकालको नयाँ पुस्तक : सचेत पाठकहरूका निम्ति एउटा अनिवार्य पुस्तक !



# पाठकको कुरा

## सरम लाग्नुपर्ने हो

पूर्णाङ्क ६८ मा रूपचन्द्र बिष्ट संबन्धी आवरण लेख सारै राम्रो लाग्यो । जीवनभर गरीब र भुप्रोको राजनीति गरी मकवानपुर जिल्लाको साथै, देशभरि निरंकुशताको बिरूद्धमा जनतालाई गोलवन्द गर्ने काममा उहाँको ठूलो योगदान रहेको छ । अभ्र मकवानपुर जिल्लालाई वामपन्थीहरूको जिल्लाको रूपमा उभ्याउन बिष्ट अथक प्रयासरत थिए । जस्तोसुकै कठीन घडीमा पनि निडर भएर आफूलाई लागेको कुरो बोल्ने उहाँको स्वभाव हेर्दा आजभोलिका नेता भनाउदाहरूलाई सरम लाग्नु पर्ने हो ।

"कता जादै छन्, माले र एमालेहरू" भन्ने लेखमा क. नारायण ढकालले पार्टीहरूप्रति बढ्दै गएको चिन्तनको खडेरी, ब्यक्तिवादिताप्रति चिन्ता पोख्दै राम्रो लेख लेख्नु भएको छ ।

*-बि.एन. पौडेल, बसन्तचौक, भ.न.पा. चितवन*

## सरकारी कामकाजमा स्थानीय भाषा ?

पत्रिका हात पर्ने बित्तिकै सरासर मेरो आतुर आँखाहरू रूपचन्द्रकैबारेमा लेखिएको लेखमा पर्न गए । रूपचन्द्रजस्तो संघर्षशील, दार्शनिक र एक किसिमले हामीबाट ओभेल परिसकेका ब्यक्तित्वलाई मूल्याङ्कन मार्फत हामीबीच ल्याइदिनु भएकोमा श्याम श्रेष्ठलाई धन्यवाद । वास्तवमा रूपचन्द्रको 'थाहा' दर्शन पंचायत कालमाभन्दा आजभोलिको राजनैतिक फोहोरीखेलमा अभ्र आवश्यक भएको मैले ठहर गरें । उनका बारेमा श्याम श्रेष्ठले सकेसम्म समेट्ने कोशिश गर्नुभएको छ । आउदा अंकहरूमा उहाँको बारेमा अभ्र थप जानकारीहरू पढ्न पाए साह्रै खुसीलाग्ने थियो । ठाउँ ठाउँमा रूपचन्द्रको उपनामको रूपमा 'रूदाने' जसरू 'स्वरूपे' जस्ता नामहरू प्रयोग भएका पाइयो, त्यसको अर्थ छर्लङ्ग नहुदा साह्रै खुल्दुली लागिरहेको छ ।

अन्य सबै लेखरचनाहरू ज्ञानबर्द्धक र रोचक लागे । भाषा आन्दोलन र विवादवारे मूल्यांकनमार्फत् नै मैले थाहा पाएं । जहासम्म स्थानीय तहमा राष्ट्रियभाषाको सम्बर्धनको कुरा छ, त्यो त हुनैपर्छ । मुलुकभित्रका भाषाभाषिकालाई पनि सरकारीस्तरबाट रक्षा र प्रोत्साहन गरिनुपर्छ भन्ने मेरो पनि मान्यता छ तर सरकारी कामकाजमा नै स्थानीय भाषा प्रयोग गरिनु पर्छ भन्ने मान्यताको म घोर विरोधी छु । त्यसो गर्ने हो भने त त्यस्ता भाषाभाषिकाहरू प्रत्येक जिल्ला र गाउँगाउँ मै छन्, प्रत्येक गा.वि.स.मा नैं फरकफरक भाषाहरू बोलिने हुनजान्छ र सम्पूर्ण नेपालीलाई एउटै सूत्रमा बाँध्ने राष्ट्रभाषाको अस्तित्वमाथि नै प्रश्नचिन्ह खडा हुनजान्छ ।

*- गणेश गौतम, वीरेन्द्र नगर-७ ईत्राम, सुर्खेत*

## रूपचन्द्र र भाषा आन्दोलनबारे

पूर्णाङ्क ६८ हात पर्‍यो । सरसर्ति हेरियो । तर केही कुरामा चित्त बुझेन ।

जस्तो, घरमा बरू लुटेर खाने, चोरेर नखाने थाहाको संस्मरण (निर्मल लामाको)को शीर्षकमा 'रूपचन्द्रले आधाबोरा खाद्यान्न घरबाट चोरेर लिएर आए' लेखिएको अलि मिलेन कि ?

'आ-आफ्नै भाषा प्रयोग गर्ने हो भने आ-आफ्नै लिपीमा गर' भन्ने हो भने रिट आदेशको बिरोधमा लेख्ने सम्पादक महोदय आफैं र अन्य विरोधकर्ता समेत भाषा आन्दोलनमा मौन हुन के बेर । मूल्याङ्कनले गरेको विरोध, विरोधकर्ताको अन्तरर्वार्ता र बिरोधको ब्यानर किन खस (नेपाली) भाषामा नै ? उसैको बिरोधमा उसैको भाषा (उसै भन्नाले नेपाली भाषा) ? मैथिल समाजको बुलेटिन नेपाली भाषा (डेवनागरी लिपि) मै ? जुन लिपी जुनभाषा नभै सम्प्रेषण गर्न सकिदैन, त्यसैको विरोध ?

ऐनमा धारा हुँदैन, दफा उप-दफा हुन्छ । दफालाई पनि धारा भन्न मिल्ने हो कि, मेरो अज्ञानता भए क्षमा दिनु होला । मूल्याङ्कनको उत्तरोउत्तर प्रगतिको शुभकामना ।

*- जयकुमार सापकोटा, सौभाग्य श्री कानूनी सेवा केन्द्र, सिन्धुली माडी बजार*

## कतारबाट चिठ्ठी

मूल्यांकनको ६८ पूर्णाकमा रूपचन्द्र बिष्टको बारेको लेख अध्ययन गरेपछि मलाई के लाग्यो भने, हामी नेपालका नेपाली सबै अभ्रसम्म अन्योल, अन्धकार खाडलमा नै रहेको रहछौं । किनकि निष्पक्ष भई जनताका लागि काम गर्ने र नेपालीको लागि नभई नहुने ब्यक्तिलाई छोडेर हामी फगत मञ्च, सडकहरूमा भुट्टो आश्वासन दिएर हिंड्नेहरूको पछाडि दौडिरहेका रहेछौं । त्यसैले आज आएर हामीले या नेपालीहरूले यसरी मजदूर भएर विदेशमा प्रवासी भएर भाँडा माभेर दिन विताउन परेको छ र त्यस्तो समस्याको समाधानको लागि हामीलाई रूपचन्द्र जस्तो निश्वार्थ भावको मानिसको आवश्यकता छ ।

MR. AIT RAJ<br>
TUMAROK (SUBBA)<br>
OR-( BASANTA KUMAR)<br>
Post Box No. 3695,<br>
TEI-804697,437045, DOHA QATAR

## शब्द र श्रद्धाञ्जली

नेपालको साम्यवादी इतिहासका एक संस्था भैसकेका स्व. रूपचन्द्र बिष्टको जीवनका निस्वार्थ सेवा र दृढ बिश्वास र अविरल निरन्तरता योगदानबारे उल्लेख गरिएका रचनाहरू महत्वपूर्ण छन् । कम्युनिष्टमा हुनुपर्ने गुण वहाँमा रहेको कुरा यस मासिकमार्फत् थाहा पाउने अवसर मिल्यो । लोभ-लालच र धम्कीको भरमा नहिंड्ने राष्ट्रवादी योद्धा रूपचन्द्रप्रति शब्द श्रद्धाञ्जली अर्पण गर्दछु ।

विमल निभाको व्यंग्य सान्दर्भिक छ, भर्खरै शुरू गरिएको कथाकार इस्मालीको स्तम्भको पहिलो चरण राम्रो छ । अनि, नीति संस्कृति स्तम्भमा तीतो आत्मकथाले निरन्तरता पाइनै रहोस् । स्तम्भहरूमा क. लामाको आत्मकथा र यसका सहप्रकाशन नवयुवामा प्रकाशित साहित्यकार खगेन्द्र संग्रौलाको आत्मकथालाई मूल्यांकनकै पहलमा पुस्तकाकारको रूप दिइयोस् । अन्त्यमा, कोसोभोकोबारेमा यथार्थ जानकारी पाइयो । पाठकवर्गको लागि पुनः विचारमंच स्तम्भ दिइयोस् ।

*- होम थाहा, बेगाँडावर-८, धनुषा हाल-चरिकोट*

## दुःख पनि लाग्यो

रूपचन्द्र बिष्टका बारेमा जानकारी पाउँदा खुशी लाग्यो । तर सादाजीवन र उच्च विचारका धनी रूदानेलाई प्रजातन्त्र पुर्नस्थापनाका लागि उहाँले खेल्नु भएको मुख्य भूमिकालाई भुलेर उहाँकै मित्र भनाउँदाहरूले प्रजातन्त्र प्राप्तिपश्चात् समेत तिरस्कृत गरेको कुरा थाहा पाउँदा दुःख पनि लाग्यो, साथै उहाँको निधनले जनताको पक्षमा निडर भएर बुलन्दआवाज उठाउने एक जुभारू नेताको अभाव खट्किएको महसूस भएको छ ।

*-मनोज राई 'अदीप्त', आँखिसल्ला-६, धनकुटा ।*

## जिउँदै छँदा .....

रूपचन्द्र विष्टबारे 'मूल्यांकन' ले जिउँदै छँदा चाहिं सामग्री नदिएको देख्दा छक्क लागेको छ ।

*-जीवन थापा, महाराजगञ्ज, काठमाडौं*

*(रूपचन्द्र जिउँदै हुनुहुँदा नै पनि हामीले 'थाहा' साहित्यिक आन्दोलनबार एउटा लेख प्रकाशित गरेका थियौं । पछि उहाँसँग लामो कुराकानी गर्ने समय माग गरेका थियौं । उहाँले समय दिने कुरा गर्दै हुनुहुन्थ्यो । तर उहाँ अचानकजस्तै बित्नुभयो । -मूल्यांकन)*

## भन्न मिल्छ र ?

म यस मूल्यांकन मासिक पत्रिकाको अंक १ देखिको नियमति पाठक हुँ । अरूअरू अंक जस्तै अंक ६७ पनि बेलैमा हात पर्‍यो । यसभित्रका सबै लेखहरू चाख लिएर पढें । साथै सम्पादकीय पनि चाख लिएर पढें । सम्पादकीयमा लेखिएका कुरासँग म पूरा रूपमा सहमत हुन सकिनँ । किनभने सम्पादकीयमा नेकपा एमालेलाई पनि बामपन्थी पार्टीको रूपमा लिएको पाएँ । तपाईहरूसँग एउटा प्रश्न राख्न मनलाग्यो, के कम्युनिष्ट पार्टीको भ्रण्डा र बिश्व सर्बहारा वर्ग नेताको नाम पार्टीको नामसँग जोड्दैमा त्यो पार्टी कम्यूनिष्ट पार्टी हुनसक्छ ? के तपाईहरू कांग्रेसले पनि कम्यूनिष्ट पार्टीको भ्रण्डा र कुनै बिश्व सर्बहारा वर्गको नेताको नाम राखेर आयो भने त्यसलाई पनि कम्यूनिष्ट पार्टी, बामपन्थीहरू भन्नु हुन्छ कि ? त्यसैगरी, राप्रपाले, सद्भावनाले र अरू दक्षिणपन्थी पार्टीले पनि गरे भने, के ती पनि कम्यूनिष्ट पार्टी, बामपन्थी हुन्छन् कि ?

बामपन्थी पार्टी सिद्धान्त, ब्यवहार, आचरणबारे मलाई भन्दा तपाईहरूलाई धेरै भन्दा धेरै थाहा छ । के अब २०५१ सालपछिको र छैठौं महाधिवेशन पछिका दस्तावेज र ब्यवहारको आधारमा नेकपा एमालेलाई अभै कम्यूनिष्ट पार्टी भन्न मिल्छ र ?

*-युगपवन हुमागाई, बलथली-३ काभ्रेपलाञ्चोक हाल बानेश्वर, काठमाण्डौं*

## नाम अनुरूपको काम

मूल्यांकनको पूर्णाङ्क ६८ मा छापिएको 'थाहा'को आवरणकथा अत्यन्तै पठनीय र उत्साहबर्द्धक जीवनदर्शनको रूपमा छ । जीवनको भ्रांकी, उत्पीडित चौतारी, नीति/संस्कृति, दर्शन आदि जस्ता स्तम्भहरू मार्मिक छन् । साम्यवादी र सर्वहारा चिन्तनका अनुयायी कम्युनिष्टहरूको अवसरवादी नग्नताविरूद्ध विमल निभाले राम्रो व्यंग्य गर्नु भएको छ । नेटो, कोसोभो र सर्वोच्चका फैसलाहरू समसामयिक र यथार्थवादी छन् । अभ्र यस मासिकले नाम मुताबिक काम गरेर निष्पक्षता, निस्वार्थता र यथार्थपरक विचार समेटेर अघि बढोस् ।

*- रामप्रसाद प्रसाञी, कालीखोला-२ (तेम्बोक) ताप्लेजुंग, मेची*

# HONS

**Himalayan Online Service Pvt. Ltd.**

*Your Gateway to the Information Superhighway*

PO Box : 9285, Bag Bazar, Kathmandu, Nepal
Phone : 977 1 220848, 223914
E-mail : info@hons.com.np

**SPECIAL OFFER !**

Sign Up Now & Get FREE 24 hours internet access

A Full Internet Service Provider and network consultant, provides services to all interested business and individuals all over Nepal. HONS is connected to the Internet via VSAT link.


## Our Services:

- Full Internet Access
- E-Fax
- Web Site Design & Hosting
- Network Consultant for LINUX, WIN NT, WINDOWS
- E-mail
- Fax2Fax
- Domain Registration

सार्थक पत्रकारिताका निम्ति समर्पित
एउटा बौद्धिक-वैचारिक अभियानः नव युवा

**मूल्यांकन मासिकको सहकर्मी**

# नव युवा
मासिक



युवाहरूको मासिक खुराक तपाईं निम्ति पनि उपयोगी !
तपाईंका छोराछोरीहरू, भाइबहिनीहरूको निम्ति पनि उपयोगी !!
समस्त युवाहरूको निम्ति उपयोगी !!!



**स्वस्थ, सार्थक, रोचक, ज्ञानबर्द्धक र प्रगतिमुखी, सामग्रीहरूको संगालो !**

❑ के तपाईंले किनेर पढ्नु भयो ? ❑ के तपाईंले किनेर घर लगिदिनुभयो ? ❑ तपाईंले नै लामो समयअघिदेखि खोजिरहनु भएको, प्रतीक्षा गरिरहनु भएको प्रकाशन ❑ नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!



◆ नव युवा सार्थक पत्रकारिताका निम्ति समर्पित एउटा बौद्धिक- वैचारिक अभियान हो । ❑ नेपालमा पत्रपत्रिकाहरू पुग्ने सबै जिल्लाहरू र गाउँहरूसम्म पनि नव युवा पुग्छ । ◆ सिलुगढी, दार्जिलिंग, सिक्किम, कलकत्ता, नयाँ दिल्ली, गोरखपुर, मद्रास लगायत भारतका विभिन्न स्थानहरू एवं अरब मुलुकहरू, जापान, कोरिया, अमेरिका, हंगकंग, बेलायत, क्यानडा आदि देशहरूमा समेत यो नियमित रूपमा पुग्छ । ❑ नव युवा रूपी यस अभियानलाई तपाईं पनि सघाउनु होस् -
-नियमित किनेर पढिदिएर । यसका विशेषताहरू बताएर अरूलाई पनि यो किनेर पढ्न प्रेरित गरेर र प्रतिक्रिया एवं सुझावहरू पठाएर ।

**नव युवा**

-लेख-रचनाहरू पठाएर । *(अप्रामाणिक र भरपर्न नसकिने मनगढन्त सूचना-स्रोतहरूका आधारमा लेखिएका रचनाहरूको कुनै विश्वसनीयता नहुने हुनाले ज्ञानबर्द्धक लेख-रचनाहरू पठाउँदा विश्वसनीय स्रोतका आधारमा लेखी सो स्रोतहरू पनि खुलाई पठाउन हुन अनुरोध छ ।)* ◆ नव युवामा विज्ञापन दिनु भनेको आफ्नो उत्पादन वा सेवाका लक्षित समूहहरूमा व्यापक रूपले सजिलै पुग्नु हो । यसमा विज्ञापन दिनुहोस् र आफ्नो व्यवसायमा अभिबृद्धि गर्नुहोस् । ❑ स्मरणीय छ, हामी चुरोट, खैनी, सूर्ति, जुवा र रक्सीको विज्ञापन भने प्रकाशित गर्दैनौं ।

अन्तर्क्रिया प्रकाशन प्रा. लि.



MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०    म.क्षे.हु.द.नं. १२/०५१/५२

